# लैनसिंह बाङ्देलका उपन्यासमा समाजशास्त्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित
दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९
र ६१० को प्रयोजनका लागि
प्रस्तुत

## शोधप्रबन्ध


**शोधार्थी**
**दीपक थापा**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौँ, नेपाल ।**


**२०७९**

लैनसिंह बाङ्देलका उपन्यासमा समाजशास्त्र - दीपक थापा २०७९

# लैनसिंह बाङ्देलका उपन्यासमा समाजशास्त्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित
दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९
र ६१० को प्रयोजनका लागि
प्रस्तुत

**शोधप्रबन्ध**

शोधार्थी
दीपक थापा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ, नेपाल ।
२०७९

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहको विद्यार्थी श्री दीपक थापाले दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि तयार पार्नुभएको *लैनसिंह बाङ्गदेलका उपन्यासमा समाजशास्त्र* शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँले गरेको शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७९/१२/२७ ........................................

सहप्रा.डा. दुर्गाबहादुर घर्ती
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग,
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ, नेपाल ।

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य (एम. फिल.) कार्यक्रम**
**कीर्तिपुर, काठमाडौँ, नेपाल**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि शोधार्थी श्री दीपक थापाले प्रस्तुत गर्नुभएको *लैनसिंह बाङ्गदेलका उपन्यासमा समाजशास्त्र* शीर्षकको शोधप्रबन्ध मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

**नाम** **हस्ताक्षर**

प्रा. डा. कृष्णप्रसाद न्यौपाने ..............................
(विभागीय प्रमुख)

सहप्रा.डा. दुर्गाबहादुर घर्ती
................................
(शोधनिर्देशक)

प्रा.डा. लक्ष्मणप्रसाद गौतम ...............................

(आन्तरिक शोधविशेषज्ञ)

प्रा.डा. खग्रेन्द्रप्रसाद लुइटेल ................................

(बाह्य शोधबिशेषज्ञ)
मिति : २०८१/३/२६

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि *लैनसिंह बाङ्गदेलका उपन्यासमा समाजशास्त्र* शीर्षकको शोधप्रबन्ध मैले मेरो ज्ञानबुद्धिका आधारमा तयार पारेको हो । मैले यस शोध प्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तीप्रति कृतज्ञ पनि छु । यस शोध प्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कही पनि उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोध प्रबन्धको कुनै पाठ अंश पुस्तक वा पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे गराएको छैन । यसमा प्रयोग गरेका सामाग्रीका स्रोत स्पष्टसँग लेखिएको छ । कसैले सन्धयलाएमा म प्रमाण देखाइ दिने छु । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णन जिम्मेबार हुनेछ । अन्त्यमा, प्रस्तुत शोधप्रबन्धको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा मूल्याङ्कन समिति समक्ष पेश गरिएको व्यहोरा अनुरोध छ ।

...............

दीपक थापा

मिति : २०७९/१२/२७

# कृतज्ञताज्ञापन

*लैनसिंह बाङ्गदेलका उपन्यासमा समाजशास्त्र* शीर्षकको शोधप्रबन्ध आदरणीय गुरु सहप्रा. डा. दुर्गाबहादुर घर्तीको निर्देशनमा तयार पारिएको हो । शोधको मर्मलाई नजिकबाट पहिचान गराई शोधपरक ढाँचामा मार्ग निर्देशन, आवश्यक सुझाव एवं सल्लाह प्रदान गर्नुहुने आदरणीय गुरु तथा शोधनिर्देशक सहप्रा.डा. दुर्गाबहादुर घर्तीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने प्रति विशेष हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत शोधप्रबन्धलाई गुणस्तरीय र व्यावहारिक बनाउन प्राज्ञिक निर्देशन गर्नुका आदरणीय गुरु प्रा.डा. लक्ष्मणप्रसाद गौतमप्रति विशेष अभारी छु । आवश्यक मार्ग निदेशन गरी शोधका मर्मलाई बुझाइ आवश्यक सल्लाह सुझाब दिने प्रा.डा. खग्रेन्द्रप्रसाद लुइटेल प्रति विशेष आभारी छु । त्यसैगरी अनुसन्धान समितिका गुरुहरूप्रति पनि कृतज्ञता जाहेर गर्दछु ।

प्रस्तुत शीर्षकमा शोधकार्य गर्न सहयोग र अवसर प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका दर्शनाचार्य तहका सम्पूर्ण गुरुवर्गप्रति पनि उत्तिकै आभार प्रकट गर्दछु । यस कार्यमा हौसला प्रदान गरी आवश्यक सल्लाहसुझाव दिने, पुस्तक, पत्रपत्रिका उपलब्ध गराई सहयोग गर्ने मेरा गुरु, मित्र, सम्पूर्ण सहपाठी साथीहरूप्रति पनि म कृतज्ञ छु ।

आफ्ना इच्छा र आकाक्षाँहरूलाई थाती राखि आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने माता काली थापा र पिता जीतबहादुर थापामा आजीवन ऋणी छु । यसका साथै मेरो छोरीहरू दर्शना थापा र दिया थापाका साथै शोधपत्र तयार गर्ने क्रममा विविध प्रसङ्गमा सहयोग गर्ने मेरो श्रीमती अञ्जु दाहाललाई पनि स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली विभाग, त्रिभुवन विश्वविद्यालय समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७९/१२/२७

.............

दीपक थापा

त्रि.वि.दर्ता नं. : ६–१-४०–१४०- ९६

क्रमाङ्क : ७/२०७६

दर्शनाचार्य तेस्रो सत्र

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ नेपाल ।

# विषयसूची


शोधनिर्देशकको सिफारिसपत्र ख

स्वीकृतिपत्र ग

प्रतिबद्धता घ

कृतज्ञताज्ञापन ङ

**पहिलो परिच्छेद : शोध परिचय** १–१५

१.१ विषयपरिचय १

१.२ शोधसमस्या २

१.३ शोधको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य र महत्त्व ११

१.६ शोधको सीमाङ्कन ११

१.७ शोधविधि ११

१.७.१ सामग्री सङ्कलन विधि ११

१.७.२ विश्लेषणको विधि र सैद्धान्तिक ढाँचा ११

१.८ शोधको रूपरेखा १५

**दोस्रो परिच्छेद : लैनसिंह बाङ्गदेलका उपन्यासमा अनुभूतिको संरचना** **१६**

२.१ विषयपरिचय १६

२.२ अनुभूतिको संरचनाको सैद्धान्तिक परिचय १६

२.२.१ दबाब र तनाब २०

२.२.२ प्रभुत्वशाली पिँढी २०

२.२.३ वैबल्पिक पिँढी २०

२.२.४ उदयमान पिँढी २७

२.३ *मुलुकबाहिर* उपन्यासमा अनुभूतिको संरचना २९

२.३.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना २९

२.३.२ वर्ग, समुदाय या पिँढी ३५

२.४ *माइतघर* उपन्यासमा अनुभूतिको संरचना ३९

२.३.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना ४०

२.३.२ वर्ग, समुदाय या पिँढी ४४
२.५ *लङ्गडाको साथी* उपन्यासमा अनुभूतिको संरचना ४९
२.३.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना ४९
२.३.२ वर्ग, समुदाय या पिँढी ५५
२.६ *रेम्ब्रान्ट* उपन्यासमा अनुभूतिको संरचना ५७
२.३.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना ५७
२.३.२ वर्ग, समुदाय या पिँढी ६२
२.७ निष्कर्ष ६४
**तेस्रो परिच्छेद : लैनसिंह बाङ्गदेलका उपन्यासमा विश्वदृष्टि ६७**
३.१ विषयपरिचय ६७
३.२ विश्वदृष्टिको सैद्धान्तिक अवधारणा ६७
३.२.१ वर्ग ६९
३.२.२ जाति ७०
३.२.३ लिङ्ग ७२
३.२.४ समानधर्मिता ७२
३.३ *मुलुकबाहिर* उपन्यासमा विश्वदृष्टि ७५
३.३.१ वर्ग ७६
३.३.२ जाति ७८
३.३.३ लिङ्ग ७९
३.३.४ समानधर्मिता ८१
३.४ *माइतघर* उपन्यासमा विश्वदृष्टि ८२
३.४.१ वर्ग ८२
३.४.२ जाति ८४
३.४.३ लिङ्ग ८५
३.४.४ समानधर्मिता ८७
३.५ *लङ्गडाको साथी* उपन्यासमा विश्वदृष्टि ८९
३.५.१ वर्ग ८९
३.५.२ जाति ९०

३.५.३ लिङ्ग ९२

३.५.४ समानधर्मिता ९३

३.६ *रेम्ब्रान्ट* उपन्यासमा विश्वदृष्टि ९४

३.६.१ वर्ग ९५

३.६.२ जाति ९६

३.६.३ लिङ्ग ९७

३.६.४ समानधर्मिता ९८

३.७ निष्कर्ष ९९

**चौथो परिच्छेद : सारांश र निष्कर्ष १००**

४.१ निष्कर्ष १००

४.२ निष्कर्ष १०१

# सन्दर्भ सामग्रीसूची


आचार्य, सुषमा (२०५८), *लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन,* काठमाडौँ : पदमकुमार आचार्य केन्द्र ।

उपाध्यय, केशवप्रसाद (२०५९) *साहित्य प्रकाश* छैठौँ सस्करण ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, उदय (२०६४) *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, कृष्ण (२०५६) *रचनाको रोमाञ्च,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

घर्ती, दुर्गाबहादुर (सन् २०११), *पर्स्पेक्टिभ अन हाइर एजुकेसन* जर्नल भोलुम ६ "साहित्यको समाज शास्त्रका प्रमुख मान्यता" त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घर्ती, दुर्गाबहादुर (२०७९) *केही दृष्टिकोण केही विश्लेषण* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन ।

घिमिरे, विदुला (२०७६), *वाङ्मय* पूर्णाङ्क १७ "अनावृत्त उपन्यासमा पिँढीगत संस्कृति" नेपाली केन्द्रीय विभाग मानविकी तथा सामाजिक शास्त्र सङ्काय त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जोशी, रत्नध्वज (२०२१), *आधुनिक नेपाली साहित्यको झलक,* लालितपुर : साझा प्रकाशन ।

जैन, निर्मला (सन् १९८६) *साहित्यका समाजशास्त्रीय चिंतन,* दिल्ली विश्वविद्यालय : हिन्दी विभाग ।

थापा, मोहनहिमांशु (२०६६) *साहित्यको परिचय,* पाँचौँ संस्करण ललितपुर : साझा प्रकाशन ।

दाहाल, खेम (२०५८) *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

न्यौपाने टङ्कप्रसाद (२०३८) *साहित्यको रूपरेखा* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ज्ञानू (२०६८) ले *रत्न बृहत् नेपाली समालोचनाको प्रायोगिक* खण्डमा "नेपाली उपन्यासमा अस्तित्ववाद" काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशस्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६) *साहित्य के समाज शास्त्र की भूमिका,* पंचकूला : हरियाणा साहित्य अकादमी ।

पौडेल, विष्णुप्रसाद (२०६८) *उपन्यास समालोचना,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५८) *साझा समालोचना* पाँचौ सस्करण लालितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्ण चन्द (२०५२), नेपाली उपन्यास र उपन्यासकार(तेस्रो संस्करण ललितपुर : साझा प्रकाशन ।

प्रधान,  कृष्णचन्द (२०६०), *नेपाली उपन्यास शतवार्षिकी* स्मारिका ग्रन्थ काठमाडौँ : प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्ण चन्द्र (२०५०), *नेपाली उपन्यास साझा समालोचना,* दोस्रो संस्करण ललितपुर : साझा प्रकाशन ।

प्रधान, सुरेन्द्र (२०७२), *लैनसिंह बाङ्देलको उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९) *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान,  ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : लालितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५२), *मार्क्सवाद र उत्तरआधुनिकतावाद* विराटनगर : सविता बराल, त्रिभुवनटोल ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दोस्रो संस्करण ललितपुर  : साझा प्रकाशन ।

बाङ्देल, लैनसिंह (२०७६), *लङ्गडाको साथी,* सत्रौ संस्करण काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बाङ्देल, लैनसिंह (२०७६), *माइत घर,* तेत्तीसौँ संस्करण काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बाङ्देल, लैनसिंह  (२०७७) *मुलुकबाहिर* अठारौँ संस्करण काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बाङ्देल, लैनसिंह (२०२३), *रेम्ब्रान्ट,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, घटराज (२०५१) प्रतिभै प्रतिभा र नेपाली साहित्य  दोस्रो संस्करण काठमाडौँ : एकता प्रकाशन ।

रेग्मी, मुरारिप्रसाद (२०५०), *मनोविश्लेषणात्मक समालोचना,* दोस्रो संस्करण ललितपुर : साझा  प्रकाशन ।

राई इन्द्रबहार (२०५०) *नेपाली उपन्यासका आधारहरू* दोस्रो संस्करण  ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७६), *पूर्वीर्य र पाश्चात्यसाहित्य सिद्धान्त* पाचौँ संस्करण काठमाडौँ : विद्यार्थी प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६३), *नेपाली साहित्यका केही पृष्ठ,* पाचौँ संस्करण ललितपुर : साझा प्रकाशन ।

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

लैनसिंह बाङ्देल नेपाली साहित्यका कथा, कविता, उपन्यास, जीवनी, यात्रासंस्मरण विभिन्न विधामा कलम चलाउने बहुमुखी स्रष्टा हुन् । उनको जन्म सन् १९२४ डिसेम्बर २१ तारिखका दिन भारतको पश्चिम बङ्गाल प्रान्त दार्जिलिङ जिल्ला अन्तर्गत तकभर चियाकमानमा बुबा रङ्गलाल बाङ्देल र माता चन्द्रदेवी बाङ्देलका कान्छा छोराका रूपमा जन्म भएको थियो । उनले दार्जिलिङको सरकारी हाई स्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी कलकत्ता विश्वविद्यालयबाट स्नातक तहसम्म उत्तीर्ण गरेका थिए । उनले स्वदेश तथा विदेशमा गई अध्ययन र अनुसन्धानबाट प्राप्त गरेको ज्ञान आफ्नो कला र साहित्यका माध्यमबाट अभिव्यक्त गर्दै नेपाली उपन्यासको क्षेत्रमा नवीन प्रवृत्ति भित्र्याउन र नेपाली चित्रकलालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन उनको महत्त्वपूर्ण योगदान रहेको छ ।

लैनसिंह बाङ्देलले विद्यार्थी जीवनकालमै सन् १९९४ मा प्रकाशित 'भग्नजीवन' नामक कथा लेखेका थिए । त्यसै कथाबाट उनको साहित्य लेखको कार्य सुरु भएको हो । उनको *मुलुकबाहिर* (२००४), *माइतघर* (२००६), *लङ्गडाको साथी* (२००८) र *रेम्ब्रान्ट* २०२३) गरी चारओटा उपन्यासहरू प्रकाशित छन् । उनका चारओटै उपन्यासले नेपाली साहित्यमा छुट्टाछुट्टै वैशिष्ट्य स्थात ओगटेको छ । बाङ्देल साहित्यका अन्य विधा कलम चलाएपनि उपन्यास विधामा उनको विशेष ख्याति रहेको छ ।

उनको पहिलो उपन्यस *मुलुकबाहिर*मा देश छोडेर विदेशमा जान बाध्य श्रमजीवी नेपालीका जीवन वितान्तः सुख-दुःख, प्रेम-प्रणय, रहन-सहन, रीति-परम्परा, भेष-भूषा, भाषा-संस्कृति, रूढीवादी अन्धविश्वास जस्ता जीवनका विविध यथार्थ चित्रण मर्मस्पर्शी रूपले गरेका छन् । पहिलो चरणमा रनबहादुर म्याउची प्रमुख पात्रका रूपमा रहेका छन् भने दोस्रो चरणमा माइला भुजेल र मसिनीका जीवन वृत्तन्त उल्लेख भएको छ । सोझा सिधा नेपालीहरू नेपालमा मात्र होइन विदेशी भूमिमा पनि दुःख, पीडा, गरिबी, बेरोजगारी भोगाइ भोगन बाध्य थिए । उनीहरू विदेशी भूमिमा पनि अरुले नगर्ने तल्लो स्तरको जायनको जोखिम हुने गाह्रा र अप्ठयाराकाम गर्ने बाध्य थिए । त्यसमा पनि श्रमको उचित मूल्य नपाउँदा अनेकौं दुःख र पीडामा बाँच्नु परेका विभिन्न प्रसङ्गहरू उपन्यासका पात्रमार्फत् अभिव्यक्त भएका छन् ।

*माइतघर* उपन्यासमा प्रमुखपत्र हरि र सानीको जीवनका घटनालाई विषय बनाइएको छ । हरि र सानीका दुवै परिवार नेपालबाट भरतमा बसेका प्रवासी नेपालीहरू हुन् । उपन्यसमा नेपाली पितृसत्तात्मक पारिवारिक सामाजिक संरचनाका कारण नारीहरूले अनेकौं दबाब र तनाबमा सहनुपरेको छ । परम्परागत सामाजिक संस्कृतिका कारण हरि र सानीका बिचको प्रेम सम्बन्ध हुन सकेको छैन । उनीहरू एउटै घरमा बस्ने दाजु बहिनीको अर्थात् माइतीको सम्बन्ध बनेको छ ।

*लङ्गडाको साथी* उपन्यासमा बढ्दै गएको कृतिम आधुनिकीकरणले हराउँदै गएको मानवता र मानवका विविध कुरुप पक्षको उद्घाटन गरिएको छ । एउटा अशक्त र शारीरिक कमजोरी भएको मानवले बढ्दो सहरीकरण र सभ्य भनिने समाजमा कसरी उपेक्षित भएर बाँच्नुपर्छ । उसले यहाँ पशु कुकुरको जति सहानुभूति पनि मानिसबाट पाउन सक्दैन भन्ने कुरालाई उपन्यासमा विषयवस्तु बनाइएको छ ।

*रेम्ब्रान्ट* उपन्यास महान् कलाकार रेम्ब्रान्टको जीवनकालका घटनाहरूलाई विषय बनाइएको लेखिएको उपन्यास हो । उपन्यास केवल रेम्ब्रान्टको जीवनमात्र नभएर सामाजिक इतिहासलाई कलात्म रूपमा प्रस्तुत भएको । रेम्ब्रान्ट एउटा चित्रकार भएर समाजमा बाच्न कति सङ्घर्ष गर्नु परेको थियो । तत्काली समयमा मानिसको चित्रकला र चित्रकारप्रति कस्तो धारण थियो भन्ने कुरा प्रस्तुत गरिको छ ।

*बाङ्गदेलका मुलुकबाहिर, माइतघर* र *लङ्गडाको साथी* तीनओटा उपन्यास नेपाल देश छोडेर विदेशी भूमि खास गरेर भारत देशको दार्जिलिरूङ सहरमा बस्ने नेपालीहरूका विषयमा केन्द्रीत छ । सामाजिक वास्तविक घटनाहरू उपन्यासका विषय बनाएर उपन्यास लेख्ने उनी प्रथम नेपाली सामाजिक उपन्यासकारका रूपमा चिन्निछन् । नेपाल देश छोडेर विदेशी भूमिमा बसे पनि नेपालीहरूले आफ्नो समाजको रहनसहन, चालचलन, वेशभूषा, रीतिरिवाज, भाषा, धर्म छोडेका छैनन् । परम्परागत रूपमा चल्दै आएका यस्ता धार्मिक, सांस्कृतिक रूढीका चलका कारण समाजमा केकस्तो प्रभाव परेको छ भन्ने कुरा उपन्यसमा प्रयोग भएका पात्रका माध्यमद्वारा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक पारिवारिक सामाजिक संरचनाका कारण पुरुषलाई आदरपूर्वक ठूलो ठान्ने र नारीलाई तुच्छे ठान्ने प्रवृत्तिले पुरुषबाट नारीहरूले केकस्ता दबाब र तनाब भोग्नु पऱ्यो उपन्यासहरूमा अभिव्यक्त छ । तत्कालीन समाजका सामाजिक मान्यता, विश्वासहरू उपन्यासमा विभिन्न पात्रका माध्यमबाट अभिव्यक्त भएको छ । बाङ्गदेलका उपन्यासका पात्रहरूले अनुभूति गरेको दबाब र तनाबजन्य पीडाहरूलाई समाजशास्त्रको अनुभूतिको सिद्धान्त अन्तर्गत अध्ययन र कृतिको काल्पनिक समाज र तत्काली वास्तविक समाजका बारेमा समाजशास्त्रका सिद्धान्त अन्तर्गत विश्वदृष्टिका आधारमा प्रस्तुत शोधमा अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

उपन्यासकार लैनसिंह बाङ्देलका उपन्यासमा नेपालबाहिर बस्ने नेपालीहरूका वास्तविक जीवनका घटना प्रस्तुत भएका छन् । उनका उपन्यासमा नेपाली समाजको रहनसहन, चालचलन, वेशभूषा, रीतिरिवाज, भाषा, धर्म समेटेका हुन्छन् । तत्कालीन समाजको अवश्था र उपन्यासमा पात्रका माध्यबाट चित्रित अवश्था र पितृसत्तात्मक पारिवारिक सामाजिक संरचनाका कारण पुरुषबाट नारी भोग्नु परेको दबाब र तनाबलाई समाजशास्त्रीय सिद्धान्त अनुसार शोधको मुख्य समस्या बनाइएको छ ।

(१) लैनसिंह बाङ्देलका उपन्यासमा अनुभूतिको संरचना कस्तो छ ?

(२) लैनसिंह बाङ्देलका उपन्यासमा विश्वदृष्टि कस्तो छ ?

## १.३ शोधको उद्देश्य

साहित्यको समाजशास्त्रीय दृष्टिमा लैनसिंह बाङ्देलका उपन्यासको विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । लैनसिंह बाङ्गदेलका उपन्यासमा प्रयोगभएका पात्रहरूले केकस्ता दबाब र तनाब भोग्नुपरेका छ त्यसबाट सिर्जित पीडाजन्य अनुभूति कस्तो रहेको छ । उपन्यासका पात्रहरूले प्रतिकार गर्ने सकेको या नसकेको कस्तो अवस्थाका पिँढी रहेका छन् र उपन्यासहरूमा प्रस्तुत मुल विचार र समाजका विचारसँग कति मिल्छ भन्ने कुरा विश्वदृष्टिका सर्न्दभमा शोधप्रबन्धको मुल उद्देश्य बनाइएको छ । शोधलाई व्यवस्थित गर्ने मुलतः तलका मुख्य दुई उद्देश्यहरू केन्द्रीत भएर शोधकार्य गरिएको छ । शोधका मुख्य उद्देश्यहरू :

(१) लैनसिंह बाङ्देलका उपन्यासमा अनुभूतिको संरचनाको विवेचना गर्नु,

(२) लैनसिंह बाङ्देलका उपन्यासमा विश्वदृष्टिको विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लैनसिंह बाङ्देलको पहिलो उपन्यास *मुलुकबाहिर* उपन्यास प्रकाशित भएपछि नै उनको उपन्यासकारिताका विविध पक्षहरूका बारेमा समीक्षात्मक विश्लेषणहरू हुन् थालेको पाइन्छ । यसपछि *माइतघर, लङ्गडाको साथी* र *रेम्ब्रान्ट* प्रकाशित भएपछि तिनका समीक्षात्मक कार्यले अझ विस्तारमा निरन्तरता पाइरहेको पाइन्छ । उनका उपन्यासका सम्बन्धमा विभिन्न अध्येता, लेखक एवम् समालोचकहरूद्वारा विभिन्न समयमा आफ्ना विचार, धारणा, समीक्षा, विश्लेषण र टिप्पणीहरू व्यक्त गरेका छन् । उनका उपन्यासहरूमा लेख रचना, ग्रन्थ प्रकाशनदेखि लिएर विद्यावारिधि स्तरसम्मका अनुसन्धान कार्यहरू भएका छन् । प्रस्तुत शोधका लागि सान्दर्भिक रहेका त्यस्तकार्यका सङ्क्षेपमा कालक्रमिक रूपमा समीक्षा गरिएको छ ।

रत्नध्वज जोशी (२०२१) ले *आधुनिक नेपाली साहित्यको झलक* नामक पुस्तकमा “केही उपन्यास र तिनका लेखक” शीर्षकमा बाङ्देलका उपन्यासका बारेमा चर्चा गरेका छन् । बाङ्देलका उपन्यासमा प्रशस्त यथार्थ प्रस्तुत भएका छन् । उनका तीनओटै उपन्यासमा प्रवासमा रहेका नेपालीका चर्चा गर्ने क्रममा उनीहरूका दुख, पीडा, निराशा देखिन्छ । *मुलुकबाहिर* उपन्यासका पात्र नेपालमा गरीबिका मारले देश छोडे पनि प्रवाशमा पनि अनेकौ दुःख भोग्नु परेका उल्लेख छ । मानवीय कमजोरिका कारण म्याउची, रने, भुजेल अकालमा मृत्यु भएको छ । मानिसले कुकुर भन्दा पनि नराम्रो व्यवहार लङ्गडोलाई तत्कालीन समाजका मानिसले गरेका कुरा *लङ्गडाको साथी* उपन्यासमा प्रस्तुत छ । *माइतघर* उपन्यासमा सांस्कृतिक परम्परा र सानीको वैयक्तिक इच्छामा मेल नहुँदा आइपर्ने समस्यालाई निकै धैर्यपूर्वक अङ्कित गरिएको धारणा प्रस्तुत गरेका छन् । उनले *रेम्ब्रान्ट* उपन्यासमा एउटा कलाकारको वैयत्तिक जीवन र तत्काली समाजले कलालाई हेर्ने दृष्टिको चर्चा गरेको छ । प्रस्तुत पुस्तक अध्ययनबाट यस शोधप्रबन्धमा उपन्यासको अनुभूतिको संरचना र विश्वदृष्टि आधार मुलपाठमा व्याख्याका क्रममा सहयोग पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०२५) ले *साभ्का समालोचना* मा सङ्ग्रहीत पुस्तकको "नेपाली उपन्यास" शीर्षकमा लैनसिंह बाङ्देलको *मुलुक बाहिर* उपन्यासको ऐतिहासिक भूमिका र सामाजिक पक्षका बारेमा चर्चा गरेका छन् । उनले यस उपन्यासले आधुनिक नेपाली उपन्यासको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गर्दै यसै उपन्यासबाट यथार्थवादको प्रारम्भ भएको टिप्पणी गरेका छन् । यस उपन्यासमा सामान्य मजदुरी गर्ने निम्न वर्गलाई प्राथमिकता दिइएको, अर्थ उपार्जनका लागि प्रवासिने नेपालीहरूको विवश जीवन, कठोर परिश्रम, बाँच्नलाई गरिएको प्रयास र सङ्घर्षको जिउँदो रूपलाई प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । प्रधानको यस भनाइमा बाङ्देलका उपन्यासको ऐतिहासिक योगदानलाई मूल्याङ्कन गरिएको छ र उनका उपन्यासमा आर्थिक समस्याले प्रताडित भएर प्रवासिन बाध्य भएका नेपालीहरूको कठिन जीवन भोगाइलाई यथार्थ परिवेशमा चित्रण गरिएको कुरा उल्लेख गरिएको छ । प्रस्तुत पुस्तक बाङ्देलका उपन्यासमा अनुभूतिको संरचना र विश्वदृष्टिका सन्दर्भमा व्याख्याका क्रममा लागि उपयोगी रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०२५) ले *नेपाली उपन्यास र उपन्यासकार* नामक पुस्तकमा "लैनसिंह बाङ्देल" शीर्षकमा उनका उपन्यासका विविध पक्षका बारेमा विश्लेषण गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूमा दुःखी तथा गरिबहरूको समाजलाई प्रमुख विषय बनाइएको कुरा उल्लेख गर्दै *मुलुकबाहिर*लाई सर्वोत्तम कृतिका रूपमा चर्चा गरेका छन् । यसमा *माइतघर* र *लङ्गडाको साथी*का तुलनामा जीवनको बिस्तृति, विशदता र विविधतालाई प्रस्तुत गरिएको धारणा राखेका छन् । उनले *लङ्गडाको साथी*मा अतियथार्थवादको प्रयोग भएको तथा आडम्बरी समाजप्रति व्यङ्ग्य प्रहार गरिएको कुरा उल्लेख गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूको पृष्ठभूमि समाज रहेको कुरा उल्लेख गर्दै *माइतघर* गृहस्थ समाजको पारिवारिक जीवनमा केन्द्रित रहेको, *लङ्गडाको साथी* विषम समाजको अनैतिकतामा आधारित रहेको र *मुलुक बाहिर* हिउँदभरि कामको खोजीमा भारत लाग्ने श्रमजीवी नेपालीहरूको सामाजिक जीवनको दिग्दर्शनमा केन्द्रित रहेको कुरा उल्लेख गरेका छन् । प्रधानको यस भनाइमा बाङ्देलका उपन्यासको प्रमुख विषय समाज र सामाजिक जनजीवनको चित्रण रहेको कुरा उल्लेख हुनुका साथै नेपाली उपन्यास परम्परामा अतियथार्थवादलाई प्रवेश गराउने काम उनकै उपन्यासबाट भएको कुरा स्पष्ट भएको छ । विश्वदृष्टिका आधारमा लैनसिंह बाङ्गदेका उपन्यासका व्याख्या गर्ने सर्न्दभमा यो पुस्तक उपयोग गरिएको छ ।

केशवप्रसाद उपाध्याय (२०३०) को *साहित्यप्रकाश* नाम पुस्तकमा बाङ्गदेल पाश्चात्य उपन्यासकारहरूको प्रभावलाई नेपाली साहित्यमा *मुलुकबाहिर* उपन्यास मार्फत गरेको कुरा अभिव्यक्त गरेका छन् । बाङ्देलका बारेमा र उनका उपन्यसका विविध प्रसङ्ग पुस्तकामा चर्चा गरेको हुँदा विश्वदृष्टिका सन्दर्भमा व्याख्याका क्रममा सहयोगी बनेको छ ।

दयाराम श्रेष्ठ (२०३२) को *नेपाली साहित्यका केही पृष्ठ* नाम पुस्तकमा "बाङ्देलको *मुलुकबाहिर* अध्ययन र मूल्याङ्कन" शीर्षकमा नेपाली उपन्यासको विकासक्रमकमा मुलुकबाहिर उपन्यासको महत्त्वपूर्ण स्थान रहेको कुरा चर्चा गरिएको छ । उनले नेपाली उपन्यास परम्परामा पहिलो पटक सामाजिक यथार्थवादको प्रवेश यसै उपन्यासबाट भएको हो भन्ने कुरा उल्लेख गरेका छन् । यसमा प्रवासमा रहेको जनजीवनको हाँसो-रोदन,

दुःख-पीडाहरूलाई व्यक्त भएका कुरा उल्लेख गरेका छन् । उपन्यासमा नेपाली समाजका परम्परा, रीतिरिवाज, धर्म, संस्कृति, अन्धविश्वास, चाडपर्व आदिको चित्रण गरिएको विचार व्यक्त गरेको छ । उनको उपन्यासले सामाजिक यर्थाथको सुरुवात गर्ने महत्त्वपूर्ण भूमिका खेलेको छ। उनको यो पुस्तक विश्वदृष्टिका सर्न्दभमा उपयोगी गरिएको छ ।

मोहनहिमांशु थापा (२०३६) ले *साहित्यको परिचय* नाम पुस्तकमा साहित्यका विभिन्न परिभाषा दिने क्रममा साहित्य र समाज चर्चा गरिएको छ। साहित्य समालोचनाका चर्चा गर्ने क्रममा पूर्वीय तथा विभिन्न अन्य समालोचनाको चर्चा गरिएको छ । प्रस्तुत पुस्तक साहित्यका सिद्धान्त लेखनमा उपयोग गएिको छ ।

टङ्कप्रसाद न्यौपाने (२०३८) ले *साहित्यको रूपरेखा* नामक पुस्तकमा नेपाली साहित्यका विभिन्न पक्षका बारेमा चर्चा गर्ने क्रममा साहित्य र समाजको चर्चा गरेका छन् । साहित्य के हो र समाज के हो । साहित्य र समाजको सम्बन्ध केलाइएको छ । प्रस्तुत अध्ययन सामाजिक अध्ययनको सैद्धान्तिक ज्ञान लागि सामान्य सहयोगी रहेको छ । उनले *मुलुकबाहिर* उपन्यासका सन्दर्भमा जीवनको वास्तविक रूपको चित्र प्रस्तुत गरिएको वस्तुजगत्को प्रतिच्छाया उतारिएको यथार्थवादी पहिलो सामाजिक उपन्यास *मुलुकबाहिर* हो भन्ने चार्चा गरेका छन् । प्रस्तुत पुस्तक *मुलुकबाहिर*को अनुभूतिको संरचना र विश्वदृष्टिको सर्न्दभमा मुलपाठ व्याख्या गर्ने क्रममा उपयोग गरिएको छ ।

घटराज भट्टराई (२०४०) को *प्रतिभैं प्रतिभा र नेपाली साहित्य* नामक पुस्तकमा बाङ्देलका उपन्यासहरूको समीक्षात्मक चर्चा गरेका छन् । उनले बाङ्देल प्राकृतिक छाँगा छहरा, हिमाली चुचुरा र वनैया दृश्यबाट मुग्ध हुने, एउटा चित्रकारका नाताले प्रकृतिलाई आत्मसात गर्दै उपन्यासमा त्यसलाई उतार्ने कलाकार भएको धारणा व्यक्त गरेका छन् । उनले बाङ्देलको *मुलुकबाहिर* सम्भाव्यता र मौलिकताका दृष्टिले सफल रहेको, *माइतघर*मा समाज व्यक्तिमाथि समस्या भएर खडा भएको, *लङ्गडाको साथी* नेपाली उपन्यास परम्परामा नवीन प्रयोग भएको र *रेम्ब्रान्ट* जीवनीमूलक उपन्यासका रूपमा रहेको कुरा उल्लेख गरेका छन् । भट्टराईको भनाइबाट बाङ्देलका उपन्यासमा मौलिकता, नवीन प्रयोग, सामाजिक समस्या, जीवनीमूलक उपन्यासको प्रयोग जस्ता विशेषताहरू रहेको छ । यो पुस्तक अनुभूतिको संरचना र विश्वदृष्टिको व्याख्याका क्रममा उपयोग गएिको छ ।

मुरारीप्रसाद रेग्मी (२०४०) ले *मनोविश्लेषणात्मक समालोचना* नामक पुस्तकमा लैनसिंह बाङ्देलको माइतघर उपन्यासमा एउटी आश्रयहीन नारीको करुण जीवनचित्रलाई सामाजिक, सांस्कृतिक, प्राकृतिक र कलात्मक परिप्रेक्ष्यमा भव्यतासाथ प्रस्तुत भएको कुरा उल्लेख गरेका छन् । प्रस्तुत पुस्तक माइतघर उपन्यासको अनुभूतिको संरचना व्याख्या गर्ने क्रममा उपयोग गरिएको छ ।

निर्मला जैन (सन् १९८६) ले *साहित्यका समाजशास्त्रीय चिंतन* नाम पुस्तकमा समाजशास्त्रका बारेमा विभिन्न लेखकका विभिन्न शीर्षकका लेखहरू सङ्कन गरिको छ । समाजशास्त्र र साहित्य ऐलन स्विंगवुडको लेख छ । साहित्यको समाजशास्त्रीय सिद्धान्त ऐलन स्विंगवुडको उनकै लेख छ । उपन्यासका समाजशास्त्र स्वरूप र समस्या शीर्षकमा ल्यूसिएँ गोल्डमनको लेख छ । मार्क्सवादी साहित्य समीक्षा टेरी ईगलटनको लेख छ । यसैले

प्रस्तुत पुस्तक समाजशास्त्रका सिद्धान्तका अर्न्तगत अनुभूतिको संरचना र विश्वदृष्टि सिद्धान्तका लागि उपयोगि छ ।

इन्द्रबहादुर राई (२०५०) *नेपाली उपन्यासका आधारहरू* नाम पुस्तक लैनसिंह बाङ्गदेलका उपन्यासमा तथ्य घटनामा आधारित छ । उनका उपन्यास दार्जिलिङ सहर र त्यहाँका परिवेशमा केन्द्रीत छ । उनले उपन्याका सर्न्दभमा चर्चा गर्दा पात्र र तिनका परिवेशगत घटनाको चर्चा छ । प्रस्तुत पुस्तकको विश्वदृष्टिका आधारमा उपन्यासको व्याख्याक्रमा उपयोग गरिएको छ ।

ऋषिराज बराल (२०५२) ले *मार्क्सवाद र उत्तर आधुनिकतावाद* नामक पुस्तकमा उपन्यास र समाजशास्त्रीय चिन्तन बीचको सम्बन्धको व्याख्या गरेका छन् । उनले उपन्यास विश्लेषणको समाजशास्त्रीय पद्धतिको चर्चा गर्दै रेमन्ड विलियम्स, लियो लावेन्थल, लुसिएँ गोल्डमानको योगदानको उल्लेख गरेका छन् । प्रस्तुत पुस्तक समाजशास्तको सिद्धान्तका लागि उपयोग गरिएको छ ।

कृष्ण गौतम (२०५६) ले *रचनाको रोमाञ्च* पुस्तकमा समाजशास्त्री दृष्टिकोणबाट कथाको विश्लेषण गरेको छ । यसै समालोचना सङ्ग्रहमा प्रेमा शाहका कथाहरू, श्याम दाहालका कथा, गीताकेशरी, इन्द्रबहादुर राई लगाएतका २४ भन्दा बढी आख्यान विश्लषण गरेको छ । लैनसिंह बाङ्देल उपन्यासकारको रूपमा नामक शीर्षकमा *मुलुकबाहिर* उपन्यसमा दुई चार पैसा कमाउन नेपालबाहिर जाने गरिब नेपालीको चित्र छ । *माइतघर* उपन्यासमा माइतीले सानीलाई बारम्बार विवाहित छोरीले लोग्नेको घर जनुपर्छ भन्नु घरमा लोग्नेको हेला सहनुपर्ने नारीको दयनीय अवस्था चित्रण गरेको छ । *लङ्गडाको साथी* उपन्यासमा असाय लङ्गडालाई समाजले हेर्ने दृष्टिकोणको प्रस्तुत भएको छ । *रेम्ब्रान्ट* उपन्यासमा महान् कलाको सिर्जनामा रेम्ब्रान्ट कसरी अटल रहे त्यसको सजीवन वर्णन उपन्यासमा भएको भन्ने समीक्षात्मक टिप्पणी गरेको छ । अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययनका लागि प्रस्तुत पुस्तक उपयोग गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* शीर्षकको समालोचनात्मक ग्रन्थमा उपन्यासकार लैनसिंह बाङ्देल र *मुलुकबाहिर* उपन्यास शीर्षकमा बाङ्देलका उपन्यासका सम्बन्धमा चर्चा गरेका छन् । मुलुकबाहिरमा निम्न वर्गीय सामाजिक जीवनका आर्थिक प्रश्न उठाइएको, प्रवासी नेपालीको जनजीवनलाई चित्रण गरिएको, पात्रहरूका ईर्ष्या, शङ्का, पश्चात्ताप, अपराधबोध जस्ता कुराको उद्घाटन गरिएको धारणा राखेका छन् । त्यस्तै *माइतघर*मा सामाजिक यथार्थको चित्रण गरिएको, दुःखद जीवन व्यथा, आन्तरिक प्रेम, हार्दिकताभित्र उम्लिएको प्रेमको चित्रण गरिएको, नैसर्गिक प्रेम प्रणयलाई रोक्ने समाजका कारण पात्रहरूमा उत्पन्न मनोद्वन्द्वलाई उल्लेख गरिएको धारणा व्यक्त गरेका छन् । *लङ्गडाको साथी*मा द्वितीय विश्वयुद्धपछिको विश्व परिवेशलाई देखाइएको, सभ्य र सम्भ्रान्त मानिएका मानिसप्रति व्यङ्ग्य गर्दै आधुनिक समाजको खिल्ली उडाइएको र विघटनतर्फ उन्मुख भइरहेको मानवतावादप्रति गम्भीर चासो व्यक्त गरिएको कुरा उल्लेख गरेका छन् । *रेम्ब्रान्ट* हल्यान्डका महान् चित्रकारको जीवनका आरोह अवरोहहरूमा आधारित रहेको विचार प्रस्तुत गरेका छन् । प्रस्तुत किताबमा समाजिक विविध पक्षका बारेमा चर्चा भएकाले आवश्यक अनुसार प्रस्तुत अध्ययनमा

उपयोग गर्न सकिन्छ । प्रस्तुत पुस्तकलाई सामाजिक अध्ययन अन्तर्गत अनुभूतिको संरचना र विश्वदृष्टिका सन्दर्भमा व्याख्याका क्रममा उपयोग गरिएको छ ।

खेम दाहाल (२०५८) को *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र* नामक शोधप्रबन्धमा आधुनिक नेपाली उपन्यासहरूलाई समाजशास्त्रीय अन्तरर्गत प्रजाति, परिवेश र युग, सामाजिक संस्कृति, विश्वदृष्टि, अनुभूतिको संरचना, भाषा जस्ता समाजशास्त्रीय आधारहरूमा विश्लेषण गरेका छन् । यस क्रममा उनले बाङ्देलका *मुलुकबाहिर, माइतघर* र *लङ्गडाको साथी* उपन्यासमा निहित समाजशास्त्रीय पक्षहरूको उद्घाटन गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूमा प्रवासी नेपालीहरूका सामाजिक, आर्थिक लगायतका समस्याहरूको चित्रण गरिएको धारणा प्रस्तुत गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूमा आफ्नै जातका मानिसहरूमात्र नभएर भारतमा बसोबास गर्ने विभिन्न जातका नेपालीहरूलाई पात्रका रूपमा प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । उनले बाङ्देलले आफ्ना कृतिमा भारतीय नेपाली समाजलाई प्रस्तुत गरेको टिप्पणी गरेका छन् । मुलुक बाहिरमा भारतीय भूमिमा बसोबास गर्ने नेपालीले काम र मामका लागि गर्नुपरेको सङ्घर्षलाई देखाइएको र दार्जिलिङको भौगोलिक पर्यावरण तथा युगलाई समेटिएको कुरा उल्लेख गरेका छन् । उनले बाङ्देललाई विश्वदृष्टिको विकास प्रस्तुत गर्नमा सफल उपन्यासकारका रूपमा चित्रण गरेका छन् । उनले बाङ्देलका उपन्यासमा गरिएको प्रवासी जनजीवनको चित्रणमा नेपालीहरूले स्वदेशको माया गर्दै नेपाल फर्किनु पर्ने र त्यो भूमिमा गरिने श्रमको उपयोग नेपाली भूमिमा नै गरिनुपर्ने युगान्तकारी विचार प्रस्तुत गरिएको धारणा राखेका छन् । दाहालको अध्ययन उपन्यासको समाजशास्त्रमा केन्द्रीत रहेको छ । अनुभूतिको संरचना र विश्वदृष्टिका अध्ययन सन्दर्भका लागि प्रस्तुत पुस्तक उपयोग गरिएको छ ।

सुष्मा आचार्य (२०५८) ले *लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन* नामक पुस्तकमा बाङ्देलका उपन्यासहरूका सम्बन्धमा चर्चा गरेकी छन् । उनले आदर्शवादी उपन्यासको परम्परालाई त्याग्दै प्रवासी नेपाली जीवनको यथार्थ चित्रण गर्ने पहिलो यथार्थवादी उपन्यास *मुलुकबाहिर* बन्न पुगेको तथ्यलाई प्रकाश पारेकी छन् । उनले यस उपन्यासको सम्पूर्ण परिवेश दार्जिलिङ, बर्मा र आसाम रहेको हुनाले यसमा त्यहींको चालचलन, रीतिरिवाज, धर्म संस्कृति र प्रवासी जीवनको चित्र भएको कुरा उल्लेख गरेकी छन् । त्यस्तै *रेम्ब्रान्ट* उपन्यास रेम्ब्रान्ट नामक महान् कलाकारको जीवनीमूलकमा लेखेको उपन्यास हो भने समीक्षा गरिएको छ । यस पुस्तकबाट भाषा तथा सामाजिक अध्ययनका विविध पक्षमा अध्ययन गर्न उपयोगी हुने छ । प्रस्तुत पुस्तक अनुभूतिको संरचना र विश्वदृष्टिका मुलपाठको व्याख्या गर्ने क्रममा  प्रयोग गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०६०) ले *नेपाली उपन्यास शतवार्षिकी स्मारिका ग्रन्थ* मा “साहित्यको समाजशास्त्र समकालिक बोध र नेपाली उपन्यास” शीर्षकको लेखमा पश्चिमा समाजशास्त्रीय चिन्तन र समाजशास्त्रीहरूको योगदानको चर्चा गर्दै केही नेपाली उपन्यासको विवेचना समाजशास्त्रीय कोणबाट गरेका छन् । यो सिद्धान्त लेखनका लागि उपयोगी भएको छ ।

मैनेजर पाण्डेय (सन् २००६) *साहित्य के समाज शास्त्र की भूमिका* नामक ग्रन्थमा समाजशास्त्रका बारेमा विकाशक्र परिचय र प्रयोगका सन्दर्भमा चर्चा गरिएको छ । साहित्यको समाजशास्त्रका स्वरूप, साहित्यानुशील र सामाजिक दृष्टि अन्तगर्त भारतीय परम्परा, प्रमुख साहित्यिक समाजशास्त्र, साहित्यिक रूप र उपन्यास, लोकप्रिय साहित्यका समाजशास्त्र जस्ता शीर्षकमा समाजशास्त्रका विविध विषयको चर्चा गरिको छ । यस पुस्तकलाई समाजशास्त्रको सिद्धान्त लेखनका लागि शोधकार्यमा उपयोगि गएिको छ ।

उदय क्षेत्री (२०६४) को *समाजशास्त्रीय दृष्टिमा इन्दबहादुर राईका आख्यानको अध्ययन* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा इन्द्रबहादुर राईका कथा र उपन्यासको अध्ययन समाजशास्त्रीय कोणबाट गरेको छ । उनले साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा इपिली तेन, एलन स्विङ्गउड, क्रिस्टोफर कडवेल, लियोलावेन्थेल, रेमन्ड विलियम्स र लुसियो गोल्डमान आदि विद्वान्हरूको सैद्धान्तिक अभिमतको प्रयोग गरी राईका आख्यानको विश्लेषण गरेर निष्कर्ष निकाल्ने काम गरेका छन् । प्रस्तुत शोधप्रबन्धलाई सैद्धान्तिक अध्ययनका लागि उपयोग गरिएको छ ।

ज्ञानू पाण्डे (२०६८) ले *रत्न बृहत् नेपाली समालोचनाको प्रायोगिक* खण्डमा “नेपाली उपन्यासमा अस्तित्ववाद” शीर्षक लेखमा वि. सं. १९९१ सालमा शारदा प्रकाशसँगै आधुनिक युगको सुरु भएको रुद्रराज पाण्डेको रूपमती प्रकाशसँगै आधुनिक नेपाली उपन्यासको सुरुवात भएको हो । त्यसपछिका लैनसिंह वाङ्देलका *मुलुकबाहिर* (२००५), *माइतघर* (२००६), *लङ्गडाको साथी* (२००८) र *रेम्ब्रान्ट* (२०२३) उपन्यासहरूमा आधुनिकता भित्राउन थप सहयोग गरेको उल्लेख गरेकी छिन् । समाजशास्त्रीय अन्तर्गत विश्वदृष्टि अध्ययनका सन्र्दभमा उपयोग गरिएको छ ।

दुर्गाबहादुर घर्ती (सन् २०११) को *पर्स्पेक्टिभ अन हाइर एजुकेसन जर्नल भोलुम* ६ मा “साहित्यको समाज शास्त्रका प्रमुख मान्यता” नामक शीर्षकको लेखमा साहित्यको समाजशास्त्रका प्रमुख सिद्धान्तहरूको संक्षिप्त रूपमा चर्चा गरेको छ । हिप्पोलिट टेनको प्रत्यक्षवाद, उनका जाति, क्षण र पर्यावरण सम्बन्धी मान्यताका चर्चा गएिको छ । आलोचनात्मक समाज शास्त्रमा लिओ लवेन्थल उनको मान्यताको चर्चा गएिको छ । उत्पत्तिमूलक संरचनावाद अन्तर्गत लुसियन गोल्डमान र उनको विश्वदृष्टि र समानधर्मिताका बारेमा चर्चा गरिएको छ । अनुभूतिको संरचना अन्तर्गत रेमन्ड विलियम्सका अनुभूतिको संरचना र पिँढी गरेको छ । यो लेखलाई समाजशास्त्रको सैद्धान्तिक अध्ययनका लागि प्रस्तुत अध्ययनको उपयोग गरिएको छ ।

विष्णुप्रसाद पौडेल (२०६८) *उपन्यास समालोचना,* शीर्षकको समालोचनात्मक पुस्तकमा लैनसिंह बाङ्देलका उपन्यासहरूमा निहित सामाजिक यथार्थवादलाई विश्लेषण गरेका छन् । उनले बाङ्देलका तीन उपन्यासहरूका कथावस्तुमा, चरित्रमा, परिवेशमा, भाषामा निहित सामाजिक यथार्थका विभिन्न सन्दर्भहरूलाई प्रस्तुत गरेका छन् । उनले *मुलुकबाहिर*मा लेखकले देखे भोगेको सामाजिक विषयवस्तुलाई चित्रण गर्दै आर्थिक विपन्नताको कारण हरेक हिउँदमा आफ्नो मुलुक नेपालबाट भारतका दार्जिलिङ, आसाम, बर्मा आदि स्थानमा गएका अशिक्षित श्रमिक नेपालीहरूको सामाजिक, आर्थिक र पारिवारिक तनावलाई चित्रण गरिएको धारणा प्रस्तुत गरेका छन् । *माइत घर*मा विपन्नता र

प्रणयसम्बन्धी जटिलतालाई मूल समस्याका रूपमा चित्रण गरिएको, दार्जिलिङको राजबाडीको एउटा निम्नमध्यम वर्गीय परिवारको दु:खद कथालाई समेटिएको, राजबाडीमा रहेको हरिको घरलाई मुख्य प्राकृतिक परिवेशका रूपमा देखाइएको कुरा उल्लेख गरिएको धारणा उनले प्रस्तुत गरेका छन् । त्यस्तै पौडेलले *लङ्गडाको साथी* उपन्यासमा शारीरिक रूपमा अशक्त तथा विपन्न लङ्गडाका विवशता, बाध्यता र विद्रूपतालाई चित्रण गरिएको, उपन्यासमा सहरी तथा प्राकृत वातावरणको चित्रण भएको विचार व्यक्त गरेका छन् । यसरी पौडेलले बाङ्देलका उपन्यासहरूमा निहित सामाजिक यथार्थवादका विभिन्न सन्दर्भहरूलाई चित्रण गर्दै गहन समीक्षा गरेका छन् । प्रस्तुत पुस्तक अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययनका लागि प्रस्तुत पुस्तकहरू उपयोग गएिको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* नाम ग्रन्थमा लैनसिंह बाङ्गदेलले उपन्यास मार्फत तत्कालीन समाजको चित्र प्रस्तुत गरेका छन । विषयवस्तुका दृष्टिले प्रचलित परम्परा भन्दा भिन्न खाले नयाँ उपन्यास लेख्ने बाङ्देल सामाजिक यथार्थवादी उपन्यासकार हुन् र यिनीबाटै उपन्यास सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित छन् भने पछिल्लो उपन्यास जीवनीमूल विषयवस्तुमा आधारित छ । बाङ्गदेल नै सामाजिक यर्थाथवादमा उपन्यास लेखनका सुरुवात कता हुन् । उनका उपन्यसमा समाजका वास्वीक यर्थाथ प्रस्तुत भएका सर्न्दभहरू प्रस्तुत गरेको हुदाँ प्रस्तुत पुस्तकलाई विश्वदृष्टि र अनुभूतिका र्चचा गर्ने क्रमा उपयोग गरिएको छ ।

दीपकप्रसाद गौतम (२०७०) ले *लीलबहादुर क्षत्रीका उपन्यासको समाजशास्त्र* नामक विद्यावारिधि शोधप्रबन्धमा लीलबहादुर क्षत्रीका उपन्यासहरूलाई समाजशास्त्रीय अध्ययन गरेका छन् । ती उपन्यासहरूको अध्ययनमा प्रत्यक्षवादी विधेयवादी सिद्धान्तलाई मूल आधार बनाइएको छ । साहित्यको समाजशास्त्र सिद्धान्त अन्तर्गत प्रजाति, क्षण तथा वातावरण, समजिक संरचना तथा समाविक इतिहास, सामाजिक संस्कृति तथा आर्थिक अवस्था, सामाजिक मनोविज्ञान तथा अनुभूतिको संरचना र विश्वदृष्टि सिद्धान्तका आधारबाट पनि उपन्यासको अध्ययन गरिएको छ । प्रस्तुत शोधप्रबन्ध समाजशास्त्रको सिद्धान्तको अध्ययनका लागि उपयोग गरिएको छ ।

सुरेन्द्र प्रधान (२०७२) ले *लैनसिंह बाङ्देलको उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन* शीर्षकको पुस्तकमा बाङ्देलको जीवनवृत्त, औपन्यासिक यात्रा र उनका उपन्यासका प्रमुख प्रवृत्तिहरूको विश्लेषण गरेका छन् । उनले *मुलुकबाहिर* उपन्यासमा नेपाल छाडेर प्रवासमा पुगेका नेपालीले आफ्नो पुर्ख्यौली भूमिको, जातिको, संस्कृतिको सुख दु:ख विविध पक्षहरू आएका छन् । उनले *माइतघर* उपन्यासको समाज घोर परम्परावादी, अन्धविश्वासी र अत्यन्त सङ्कीर्ण मनोवृत्तिमा रुमलिएको कुरा उल्लेख गरेका छन् । उनले *लङ्गडाको साथी* उपन्यासमा लङ्गडाले भोग्नु परेका सामाजिक तिरस्कारहरूबाट पिल्सिएको जीवनको चित्र प्रस्तुत गरेका छन् । महान् कलाकारको जीवनीमा आधारित *रेम्ब्रान्ट*का जीवनीका कारुणी पक्ष कालक्रमगत प्रस्तुत गरेका छन् । प्रधानको प्रस्तुत पुस्तक शोधप्रबन्धका मुख्य पाठ व्याख्या गर्ने क्रममा विभिन्न प्रसङ्गहरूमा उपयोग गरिएको छ ।

ताराकान्त पाण्डेय (२०७३) ले *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा विश्वदृष्टिका परिप्रेक्ष्यमा 'छापामारको छोरो' कथाको

समाजशास्त्रीय अध्ययन गरेका छन् । समाजशास्त्रीय अध्ययनका विभिन्न आधारहरूमध्ये लुसिएँ गोल्डमानको विश्वदृष्टिलाई मूल आधार बनाएर उक्त कथाको अध्ययन गर्दा सामाजिक संरचनाको समेत चर्चा गरेका छन् । अनुभूतिको संरचनाको परिप्रेक्ष्यमा 'बसाइँ' उपन्यासको समाजशास्त्र नामक अर्को लेखमा लीलबहादुर क्षेत्रीको बसाइँ उपन्यासको समाजशास्त्रीय कोणबाट विश्लेषण गरिएको छ । अनुभूतिको संरचनालाई आधार बनाएर गरिएको उक्त विश्लेषणमा उनले उपन्यासका पात्र धनेले भोगेको दबाब र तनावजन्य जीवन दशा र उसका विशिष्ट अनुभूतिलाई पिँढीगत संरचनाको रूपमा चर्चा गर्दै उपन्यासमा प्रभुत्वशाली पिँढीकै आधिपत्य रहेको र विकल्पमा नयाँ संस्कृतिको निर्माण भइनसकेको निष्कर्ष निकालेका छन् । यस पुस्तक समाजशास्त्रको सैद्धान्तिक अध्ययनका लागि प्रस्तुत अध्ययनको उपयोग गरिएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०७६) ले *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* नामक ग्रन्थमा समाजपरक समालोचनाको विवेचना गरेका छन् । यस पुस्तकमा तेनको समाजशास्त्रीय स्थापनाको व्याख्या गर्नुका साथै मार्क्सको समाज विकासका ऐतिहासिक चरणको विवेचना समेत गरिएको छ । यस पुस्तकलाई समाजशास्त्रको सैद्धान्तिक अध्ययनका लागि प्रस्तुत शोधप्रबन्धमा उपयोग गरिएको छ ।

विदुला घिमिरे (२०७६) *वाङ्मय* पूर्णाङ्क १७ "अनावृत्त उपन्यासमा पिँढीगत संस्कृति" नाम समालोचनात्म लेखमा पिँढीगत संस्कृतिको व्याख्या विश्लेण गरिएको छ । उक्त लेख प्रस्तुत शोध कार्यमा समाजशास्त्रको सैद्धान्तिक मान्यता अर्न्तगत पिँढीगत संस्कृतिका अध्ययनका लागि सैद्धान्तिक पक्षका लागि उपयोग गरिएको छ ।

दुर्गाबहादुर घर्ती (२०७९) *केही दृष्टिकोण केही विश्लेषण* नाम पुस्तकमा साहित्यको समाजशास्त्रका पद्धति र मान्यता नामक शीर्षकको लेखमा साहित्यको समाजशास्त्रका प्रमुख सिद्धान्तहरूको संक्षिप्त रूपमा चर्चा गरेको छ । साहित्यको समाजशास्त्रका प्रमुख विचारक हिप्पोलिट टेनको प्रत्यक्षवाद, उनका जाति, क्षण र पर्यावरण सम्बन्धी मान्यताका चर्चा गएिको छ । आलोचनात्मक समाज शास्त्रमा लिओ लवेन्थल उनको मान्यताको चर्चा गएिको छ । लुसिएँ गोल्डमान र उनको विश्वदृष्टि र समानधर्मिताका बारेमा चर्चा गरिएको छ । रेमन्ड विलियम्सका अनुभूतिको संरचना र पिँढी गरेका छन् । यो लेखलाई समाजशास्त्रको सैद्धान्तिक अध्ययनका लागि प्रस्तुत अध्ययनको उपयोग गरिएको छ ।

उपर्युक्त प्रकारका पूर्व अध्ययनबाट लैनसिंह बाङ्देलको उपन्यासका विषयमा समय समयमा समालोचक, अनुसन्धानकर्ताद्वारा तथा पुस्तककार रूपमा चर्चा गरिएको पाइन्छ । यी सबै अध्ययन आ-आफ्ना ठाउँमा उत्तिकै महत्त्वपूर्ण छन् तापनि तुलनात्मक दृष्टिले यिनीहरूलाई केलाउनु आवश्यक देखिन्छ । यीमध्ये उनका उपन्यासका बारेमा कतिपयले सामान्य ढङ्गले आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् भने कतिपयले सूक्ष्म विश्लेषण गरेका छन् । यसरी लैनसिंह बाङ्देलको उपन्यासलाई लिएर समय समयमा विभिन्न विद्वान्हरूले अध्ययन अनुसन्धान गरेको भएतापनि लैनसिंह बाङ्देलको उपन्यासका साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा हालसम्म कुनै अध्ययन नभएकाले वर्तमान परिप्रेक्ष्यमा यसको शोधप्रबन्ध सान्दर्भिक रहेको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

लैनसिंह बाङ्देलका उपन्यासहरूको अध्ययन विभिन्न दृष्टिकोणबाट समय समयमा पुस्तक लेखन, अध्ययन, अनुसन्धान र शोधप्रबन्ध लेखन कार्य भएका छन् । साहित्यको समाजशास्त्रीय सिद्धान्त अन्तर्गत अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा भने अहिलेसम्म खोज गहन ध्ययन र अनुसन्धान भएको पाइँदैन । तसर्थ यो अध्ययन नवीन र प्राज्ञिक विषय भएकाले औचित्यपूर्ण छ । यस विषयमा जान्न चाहने शिक्षक, विद्यार्थी, शोधार्थी तथा सर्वसाधारण पाठकलाई पनि यो उपयोगी हुने छ ।

## १.६ शोधको सीमाङ्कन

लैनसिंह बाङ्देलका *मुलुकबाहिर, माइतघर, लङ्गडाको साथी* र *रेम्ब्रान्ट* गरी चारओटा उपन्यासहरू प्रकाशित छन् । यिनै चार उपन्यामा केन्द्रीत भएर खोज र विश्लेषण गएिको छ । बाङ्गदेलका उपन्यासहरूलाई उपन्यासका विभिन्न सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ तापनि यस अध्ययन साहित्यको समाजशास्त्रीय सिद्धान्त अन्तर्गत अनुभूतिको संरचना र विश्वदृष्टि आधारमा मात्र अध्ययन विश्लेषण गरिएको छ । यही नै यस अध्ययनको प्रमुख सीमा हो ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् । ती विधिका बारेमा तल चर्चा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन पुस्तकालय कार्यद्वारा गरिएको छ । त्यस क्रममा आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा लैनसिंह बाङ्देलका उपन्यासहरू *मुलुकबाहिर, माइतघर, लङ्गडाको साथी* र *रेम्ब्रान्ट* रहेका छन् । द्वितीय स्रोतका रूपमा बाङ्देलका उपन्यासमा गरिएका पूर्व अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तक, लेख, रचना र शोधपत्रहरू तथा साहित्यको समाजशास्त्र सिद्धान्तसँग सम्बन्धित पुस्तकहरू रहेका छन् ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधकार्यमा सामग्रीको विश्लेषण गुणात्मक पद्धतिमा गरिएको छ । सामग्रीको व्याख्या, विश्लेषण गर्दै निष्कर्षमा पुग्ने काम भएको छ । त्यसका लागि विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । विश्लेषणको सैद्धान्तिक आधार साहित्यको समाजशास्त्रको सिद्धान्तलाई बनाइएको छ । साहित्यको समाजशास्त्रका आधारभूत सैद्धान्तिक मान्यताहरू अन्तर्गत विलियम्सको अनुभूतिको संरचना, गोल्डमानको विश्वदृष्टि र भाषाका आधारमा लैनसिंह बाङ्देलका उपन्यासमा अध्ययन विश्लेषण गरिएको छ । निर्धारित कृतिको विश्लेषण गरिने आगमनात्मक विधिमा आधारित भएकाले यो

गुणात्मक प्रकृतिको छ । यस शोधमा सिद्धान्तका आधारमा कृतिमा प्राप्त मिल्दा तथ्यहरूलाई व्याख्या र विश्लेषण गरिएको हुँदा यसमा मूलतः समस्यासँग सम्बन्धित भई व्याख्या विश्लेषणात्मक अध्ययन विधिलाई अँगालिएको छ ।

प्रस्तुत शोधकार्यका निमित्त सङ्कलन गरिएका सामाग्रीको विश्लेषण गर्ने प्रमुख सैद्धान्तिक आधार साहित्यको समाजशास्त्रीय सिद्धान्त अन्तर्गत अनुभूतिको संरचना र विश्वदृष्टि आधारमा हो । मानिस सामाजिक प्राणी हो । ऊ समाजमा बस्छ । समाज भौतिक जगतको उच्चतम अवस्था हो । सामाजिक संरचनाका आधारहरूमा पारिवारिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा भौतिक आदि विषयहरू पर्दछन् । यी सम्पूर्ण कुरा एकीकृत भएपछि समाजको निर्माण हुन्छ । यसरी एउटै रहनसहन, धर्म आदि कुरा अँगाल्ने, एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । समाजको शास्त्र नै समाजशास्त्र हो । समाजशास्त्रले मानिसका बारेमा अध्ययन गर्दछ । समाजको अध्ययन गर्ने कार्य निकै पहिलेदेखि भएको पाइए तापनि सन् १८३८ मा फ्रान्सेली चिन्तक अगस्त कोम्तेले समाजका घटनाहरूको अध्ययन गर्ने विज्ञानको आरम्भ गरेका हुन् (घर्ती, सन् २०११ : २) । उनले यसलाई समाजशास्त्र भन्ने नाम पनि दिएका छन् । यही कारणले कोम्तेलाई समाजशास्त्रका प्रवर्तक मानिन्छ । यसर्थ उनलाई समाजशास्त्रका पिता पनि भनिन्छ । समाजलाई सामाजिक सम्बन्धको जालोको रूपमा हेरिएको छ । परिवारिक, शैक्षिक, आर्थिक, धार्मिक, राजनैतिक, कानुनी जस्ता सस्थाहरूमा व्यक्तिको सम्बन्ध र व्यवहारको अध्ययन गर्ने विषय समाजशास्त्र हो (पोखेल, २०७१ : ३७) । मानिसका विभिन्न क्रियाकलाप र सामाजिक संरचनाका विभिन्न शाखाहरूसँग समाजशास्त्रको घनिष्ट सम्बन्ध रहेको हुन्छ यसैले समाजशास्त्र व्यापक सन्दर्भमा समाज व्यवस्थाको अध्ययन हो अथवा अध्ययन गर्ने विज्ञान हो । साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरू निम्न छन् ।

## (अ) अनुभूतिको संरचना

विलियम्सले विचारलाई अनुभूतिको संरचना मान्दै लेखकले कृतिमा प्रस्तुत गरेको समाज र पाठकले हेर्ने त्यस समाजको अनुभवमा दृष्टिकोणको विचारान्तर हुने र त्यसले नै अनुभूतिको संरचना निर्माण गर्ने बताएका छन् । उनले अनुभूतिको संरचनालाई कुनै एक काल विशेषको संस्कृति पनि मात्र सकिने धारणा प्रस्तुत गरेको पाइन्छ । उनले कुनै एक कालको कला साहित्यको अध्ययनबाट त्यस कालको भौतिक जीवन, सामाजिक सङ्गठन र निश्चित सीमासम्म प्रमुख विचारहरूको बोध गर्न सकिने वताएका छन् । समाज र साहित्यको सम्बन्ध खोज्ने क्रममा त्यहाँ यस्तो कुरा बाँकी रहन्छ, जसको कुनै बाह्य वस्तुसित सम्बन्ध जोड्न मुस्किल पर्छ । त्यसलाई विलियम्स एक कालको कुनै बाह्य वस्तुसित सम्बन्ध जोड्न कलाकृतिको समग्रतामा अनुभव गरेर बोध गर्न सकिन्छ (पाण्डे, सन् २००६ : १८९) । उनले कृतिमा प्रस्तुत कुनै काल खण्डको समाजमा रहेका पिँढीहरूका बिचको अर्न्तसम्बन्ध, त्यसमा हुने दबाब र तनाब, त्यस दबाब र तनाबले जन्माउने विशिष्ट अनुभूतिका साथै त्यस दबाब र तनाबको समाधानका रूपमा देखा पर्ने प्रयास

स्वरूप जन्मने अर्को अनुभूति आदिको समग्रताको अध्ययन गर्न सकिने विलियम्सको मान्यता रहेको छ ।

रेमन्ड विलियम्स समाजशास्त्रअन्तर्गतको अनुभूतिको संरचाभित्र दुईओटा पक्षलाई जोड दिएका छन् । उनले कृतिमा अभिव्यक्ति पिँढीगत समुदाय र समुदायमा उत्पन्न दबाब र तनाबका परिप्रेक्ष्यमा अनुभूतिको संरचना उल्लेख गरेका छन् । उनी वर्गभन्दा बढी समुदायलाई महत्त्व दिएका छन् । उनको वर्ग आर्थिक पक्षसँग सम्बन्धित रहेको हुन्छ । त्यसैले आर्थिक सङ्कुचनवादका रूपमा वर्ग देखिन्छ (पाण्डेय, सन् २००६ : १८२) । मार्क्सवादीहरू अर्थलाई नै निर्धारक तत्त्व मान्दछन् । यही मार्क्सवादीहरूको कुरामा नवमार्क्सवादीहरूको विमती रहेको छ । रेमण्ड नवमार्क्सवादी हुन् । उनले समुदायलाई तीन पिँढीसँग जोडेर हेरको पाइन्छ ।

उनले अनुभूतिको संरचना निश्चित ऐतिहासिक क्षणको अभिव्यक्ति हो । उनले वर्गभन्दा पिँढी वा समुदायलाई महत्त्व दिँदै समाजमा पहिलो, दोस्रो र तेस्रो गरी क्रमशः प्रभुत्वशाली, अधीनस्थ र उदीयमान पिँढी वा पुस्ता रहने र यी पुस्ताका बीच क्रियाप्रतिक्रिया हुँदा दबाब र तनाब उत्पन्न भई नयाँ संस्कृति वा विचार निर्माण हुन्छ र त्यही नै अनुभूति हो भन्ने धारणा प्रस्तुत गरेका छन् (लुइटेल, २०७६ : ३३) ।

विलियम्सले अनुभूतिको संरचनाको व्याख्या गर्ने क्रममा तीनवटा पिँढीको चर्चा गरेका छन् । उनी भन्छन्, 'प्रभुत्त्वशाली पिँढी पहिलो पिँढी हो, जो पुस्ताको अभिप्रायका सन्दर्भमा नभई सांस्कृतिक शक्तिका रूपमा रहेको हुन्छ ।' यस्तो प्रभुत्वशाली पिँढी वा समुदायको सांस्कृतिक प्रभाव शासकतुल्य हुन्छ भनेका छन् । उनका अनुसार यही सांस्कृतिक पिँढी वा समुदायले दोस्रो पिँढीलाई साँस्कृतिक रूपमै आफ्नो अनुकूल बनाउन मानसिक रूपमा तयार पार्ने काम गर्दछ । उनको यो अवधारणा ग्राम्सीको प्रभुत्वशाली धारणाबाट हिजो प्रभावित छ । एन्टोनियो ग्राम्सीले हेजेमनीमा चाँही शासकले शोषितको "म शोषित हुन तयार छु" भन्ने स्वीकारोक्ति निर्माण गर्दछ । त्यस्तो किसिमको स्वीकारोक्ति आफै आउँदैन । त्यसलाई शासकले विभिन्न किसिमका वैचारिक (आइडियोलजी) तथा सङ्कथन (डिस्कोर्स) मार्फत सिर्जना गरेका हुन्छन् (पाण्डेय, २००६:७) । उनले तीन पिँढीको व्याख्या गर्दै तिनीहरू एउटै नभएर विभिन्न चरणमा सिर्जना हुन्छ ।

ग्राम्सीको प्रभुत्त्व सम्बन्धी अवधारणा औपनिवेशिक देशहरूको सांस्कृतिक अध्ययनमा केन्द्रित थियो । उनले त्यस्ता औपनिवेशिक देशका नागरिक हीनभावनाले ग्रस्त नागरिकका बुझाइमा पश्चिमी सभ्यता र संस्कृति हाम्रा संस्कृति भन्दा उच्च हुन् भन्ने स्वीकारोक्ति निर्माण भएको थियो । यस भनाइबाट ती मानिसहरू 'हेजामोनाइज्ड' भएका थिए भन्ने तथ्य प्रस्तुत गरेका थिए विलियम्सको पिँढीसम्बन्धी वा सांस्कृतिक समुदायगत अवधारणासँगै ग्राम्सीको हेजोमोनी सम्बन्धी धारणामा समानता भए तापनि विलियम्सले ग्राम्सी भन्दा गहन ढङ्गबाट सांस्कृतिक समूहहरूको व्याख्या गरेको पाइन्छ । ग्राम्सीको सांस्कृतिक समूहको चर्चा गर्ने क्रममा प्रभुत्त्वशाली पिँढी र शोषित हुन स्वीकार गर्ने पिँढीको मात्र विश्लेषण गरेका छन् । तर विलियम्सले यस्तो अवस्था सदैव विद्यमान हुँदैन भन्ने निष्कर्ष निकालेको पाइन्छ । विलियम्सले प्रभुत्वशाली सांस्कृतिक समूहको अधिनिस्थता स्वीकार नगरी त्यसका विकल्पमा नयाँ संस्कृति निमण गर्ने समुदायलाई तेस्रो पिँढी मानेका छुन् । जसले नयाँ

किसिमको अनभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसको समाधानका रूपमा तेस्रो पिँढीले अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । उनले यसलाई समाधानतर्फ उन्मुख संस्कृतिका रूपमा व्याख्या गरेका छन् (पाण्डेय, २००६:७) । यस किसिमको सांस्कृतिक समूहलाई नव उदीयमान वा वैकल्पिक पिँढीका रूपमा व्याख्या गरेका छन् । समय परिवर्तन सँगै पहिलो पिँढी प्रभुत्त्वशाली पिँढी, दोस्रो वैकल्पिक पिँढी र तेस्रो उदयमान पिँढीहरूको सिर्जना भइरेको हुन्छन् ।

## (आ) विश्वदृष्टि

साहित्यको समाजशास्त्रको अध्ययन गर्ने सिद्धान्तमध्य विश्वदृष्टि पनि एक हो । यो सिद्धान्तको सैद्धान्तिक मापदण्डका रूपमा विकसित गर्ने व्यक्ति लुसिए गोल्डमान हुन् । उनका कृतिहरूमध्ये साहित्यको समाज शास्त्रका दृष्टिले आधुनिक युगमा सांस्कृति सृजन ( १९१६) र साहित्यको समाज शास्त्र पद्धति (१९८०) महत्त्वपूर्ण छन् । दर्शन, समाज शास्त्र अनि मनोविज्ञानको विवेक यात्रा गर्दै साहित्य चिन्तनतर्फ आएकाले उनको चिन्तनमा व्यापकता पाइन्छ । मार्क्सवादको भूमिमा खडा भएर उनले आफ्नो मान्यता अभिव्यक्त गरेका छन् (घर्ती, सन् २०११ : १३५) । उनी मार्क्सवादबाट प्रभावित चिन्तकका रूपमा चिनिन्छन् । मार्क्सवादबाट प्रभावित भए पनि उनले मार्क्सवादको वर्गसङ्घर्ष र वर्ग चेतना सम्बन्धी मान्यतामा फरक दृष्टि राखेका छन् र आफ्नो साहित्य सम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । समाजशास्त्र सम्बन्धी उनको सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । यसभित्र साहित्य अध्ययनका विभिन्न आधारहरू पनि छन् । ती मध्ये विश्वदृष्टि उनको सबैभन्दा प्रमुख मान्यता हो (पाण्डेय, २०७३:१७-१८) । गोल्डमान के भन्छन्. भने साहित्यिक कृतिले सामूहिक चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्दछ । त्यसैले त्यो लेखकको निजी निर्मिति हुँदैन । त्यसमा त्यस वर्ग वा समुदायका अन्य व्यक्ति पनि सहभागी हुन्छन् । उनी साहित्यमा व्यक्त विचारको स्वरूपलाई लेखकको वर्ग वा समूह तथा लेखकको समाजका अन्य व्यक्तिहरूको विचार अनि भावनासँग जोडेर बुझ्नु पर्दछ भन्ने मान्दछन् ।

एक समूहको आचरण आफ्ना सदस्यहरूका चेतनामा यस्तो मानसिक संरचनाहरूको जन्म दिन्छ । जसले व्यक्तिको गतिविधिलाई नियन्त्रित गर्दछ । मानसिक संरचनाहरू वैयक्तिक नभएर सामाजिक घटना हुन् । यी संरचनाहरूको जन्म सामाजिक गतिविधिहरूद्वारा हुन्छ । त्यसैले तिनको स्थिति व्यक्तिगत चेतनामा हुँदैन बरु परावैयक्तिक विषयहरूमा हुन्छ (घर्ती, २०७९ : ३५) । साहित्यक कृतिमा कुनै न कुनै विचार प्रस्तुत भएको हुन्छ । कृतिमा प्रस्तुत भएको विचार र समाजको विचारसँग कति मिल्छ भन्ने कुरा विश्वदृष्टिमा समानधर्मिता हेरिन्छ ।

गोल्डमानका अनुसार कुनै कलाकृतिको व्याख्या व्यक्तिगत भावको सन्दर्भमा नभएर केवल समूहचेतनाको संरचनाको सन्दर्भमा हुन्छ (जैन, १९८६ : ५५) । एउटा साहित्यकारले आफ्नो साहित्य तथा कलाको माध्यमबाट कुनै पनि वर्ग वा समूहको विश्वदृष्टिको विकास गरेको हुन्छ । समूहको चेतना नै विश्वदृष्टि हो । यो वर्गीय र जातीय रूपमा अभिव्यक्त भएको हुन्छ (घर्ती, सन् २०११ : २३५) । साहित्यमा पनि जाति र वर्गको उपस्थिति हुने भएकाले यसलाई साहित्य विश्लेषणको आधारका रूपमा स्वीकार गरिएको हो । गोल्डमान कृतिको विश्वदृष्टि अनि वर्गको विश्वदृष्टिको संरचनाको बिच समानधर्मिताको खोज गर्दछन् । त्यसका लागि उनले उत्पत्तिमूलक संरचनावादी पद्धतिको विकास गरेका छन् । साहित्यलाई सृर्जनात्मक प्रक्रिया मान्ने हुँदा उनको मान्यतालाई उत्पत्तिमूलक संरचनावाद भनिएको छ ।

प्रत्येक साहित्यिक रचना अन्तरङ्ग र बहिरङ्ग दुवै स्तरहरूमा लेखकका सामाजिक स्थिति र उसका समूह तथा वर्गका मूल्यहरूका सङ्गमद्वारा जन्म लिन्छ । लेखक साहित्यिक रचनाका माध्यमद्वारा आफ्नो समूहका महत्त्वपूर्ण संरचनाहरूलाई प्रस्तुत गर्दछ (घर्ती, २०७९ : ३५) । लेखकले लेख्ने समाजिक परिवेश र लेखकको मानसिक दुवै कुराले साहित्य लेखनमा प्रभाव परेको हुन्छ ।

कुनै समयमा कुनै वर्ग, जाति, लिङ्गका विचार फरक फरक हुन्सक्छन् । ती विभिन्न वर्ग, जाति, लिङ्गका विचार साहित्यकारले आफ्नो साहित्य कृतिका माध्यमबाट अभिव्यक्ति गर्ने भएकाले कृतिमा व्यक्त भएका विचार र वास्तविक समाजका विचारमा तुलना गरेर समानधर्मिता खोजी गरिन्छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

लैनसिंह बाङ्देलका उपन्यासमा समाजशास्त्र शीर्षकको शोधप्रबन्धलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नको लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : लैनसिंह बाङ्देलका उपन्यासमा अनुभूतिको संरचना

तेस्रो परिच्छेद : लैनसिंह बाङ्देलका उपन्यासमा विश्वदृष्टि

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

माथि उल्लेख गरिएका परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधकार्यका क्रममा प्रयोग गरिएका विभिन्न पुस्तक, ग्रन्थ, पत्रपत्रिका, अप्रकाशित शोधपत्र आदि सामग्रीहरूलाई सन्दर्भ सामग्री खण्ड अन्तर्गत वर्णानुक्रम सूचीबद्ध गरिएको छ ।

## दोस्रो परिच्छेद

# लैनसिंह बाङ्गदेलका उपन्यासमा अनुभूतिको संरचना

## २.१ विषयपरिचय

साहित्य र समाजको सम्बन्ध जोडिएको हुन्छ । साहित्य समाजको उत्पादन हो । साहित्य समाजबाट निरपेक्ष रहन सक्दैन । समाजको स्थापना भएपछि त्यही समाजको सदस्य लेखकले साहित्यको सिर्जना गर्दछ । उसको जीवन भोगाइ समाजमा जुन प्रकारले हुन्छ त्यही भोगाइलाई उसले व्यक्त गर्दछ । त्यस क्रममा उसले समाजका असल तथा खराब पक्षहरूको अभिव्यक्ति आफ्ना रचनाहरूमा गर्दछ । समाज परिवर्तन हुँदै जाँदा साहित्यमा पनि त्यसका विविध पक्षहरू प्रतिबिम्बित हुँदै जान्छन् । यसैले साहित्यमा समाजको इतिहास भेटिन्छ । साहित्यको विकाससँगसँग साहित्यलाई अध्ययन गर्न नयाँनयाँ पद्धतिहरूका पनि विकास भएका पाइन्छ । त्यस क्रममा साहित्यमा समाज शास्त्र पनि साहित्यका अध्ययन गर्न एउटा नवीन सिद्धान्तका रूपमा आएका सिद्धान्त हो । साहित्यमा समाजसितका सम्बन्धबार खोजी गर्ने र त्यसका व्याख्या विश्लषण गर्ने शास्त्र साहित्यमा समाज शास्त्र हो । साहित्य, समाज र साहित्यमा समाज शास्त्र एक अर्कामा अन्तनिहित विषयहरू हुन् । त्यसले साहित्यमा समाज शास्त्रलाई बुझ्नको लागि सवप्रथम समाज, साहित्य, समाज शास्त्र र साहित्यका समाज शास्त्रको बारेमा सामान्य परिचित हन आवश्यक हुन्छ ।

## २.२ साहित्यको समाजशास्त्रको सैद्धान्तिक परिचय

साहित्य र समाजबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यही समाजसितको मानिसको सम्बन्ध तथा विभिन्न सामाजिक क्रियाकलाप जस्तो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सम्बन्धको वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । साहित्यमा लेखकले आफू बाचेको समाजको चित्रण कृतिमा उल्लेख भएको हुन्छ । साहित्य लेखन व्यक्तिको काल्पनिक उपज मात्र नभए सामाजको प्रभावबाट सिर्जित हुने गर्दछ । लेखकद्वारा सिर्जित कृति समाजमा वितरण हुन्छ र समाजका अन्य सदस्य त्यसका पाठक हुन्छन् । साहित्य र पाठक बीच घनिष्ठ सम्बन्ध हुन्छ । समाज, साहित्य, साहित्यकार र पाठक बीचको अर्न्तसम्बन्धको अध्ययन साहित्यको समाजशास्त्रमा गरिन्छ । समाज, साहित्य र समाजशास्त्र पृथक रहन सक्दैन ।

समाजशास्त्रले समाजको वैज्ञानिक अध्ययन गर्ने गर्दछ । त्यही समाजको मानव जीवनको अध्ययन गर्ने शास्त्रको काम साहित्यले गर्दछ, त्यही समाजको मानव जीवनको अध्ययन गर्ने शास्त्रको काम साहित्यले गर्दछ, त्यही समाजको मानव जीवनको अध्ययन गर्ने शास्त्र काम साहित्यले गर्दछ । दुवैको अन्तः सम्बन्धलाई बुझाउँछ साहित्यको समाजशास्त्रले । यस कारण समाजमा स्थित मनुष्यको सामाजिक जगत्को अध्ययन साथै त्यस जगत्काप्रति आफ्नो अनुकूलन र परिवर्तन गर्ने मनुष्यको इच्छासित साहित्यको सरोकार हुन्छ (प्रधान २०६० : ३८) ।

सामाजशास्त्र र साहित्य दुई भिन्न भन्नै विधा भएपनि अर्न्तसम्बन्ध रहेको हुन्छ । ल्याटिन शब्द 'सोसाइटस' र 'लोगोस'को अन्वय गरी 'सोसियोलोजी' शब्द बनेको छ । 'सोसियोलोजी'को अर्थ 'समाज' र 'लोगोस'को अर्थ 'विज्ञान' भन्ने हुन्छ । 'सोसियोलोजी'को रूपान्तर 'समाजशास्त्र' हो (पोखेल, २०७१ : ३७) । समाजको वैज्ञानिक अध्ययन नै समाजशास्त्र हो । व्यक्ति व्यक्तिको मेलबाट परिवार र परिवार परिवारको समूहबाट समाज र राज्य स्तरसम्म निर्माण भएको हुन्छ । समाज एउटा बृहत् अवधारणा हो । समाज संरचनाका आधारहरूमा पारिवारिक, आर्थिक, राजनैतिक, संस्कृतिक तथा भौतिक आदि विषयहरू पर्दछन् । यी सम्पूर्ण कुरा एकीकृत भएपछि समाजको निर्माण हुन्छ (जैन, १९८६ : १-२) । यसरी एउटै रहनसहन, धर्म, सस्कृति आदि कुरा अँगाल्ने, एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ ।

साहित्य : नेपाली भाषामा प्रचलित साहित्य शब्द संस्कृतबाट आएको तत्सम शब्द हो । यसको व्युत्पत्ति यसरी गरिएको छ - "हितेन सह सहितः तस्य भावः साहित्यम्" यस व्युत्पत्तिजन्य अर्थले साहित्यद्वारा जीवनको कल्याण चाहिको छ । ऐतिहासिक भौतिकवादीकोणाबाट हेर्दा अधिरचनाको एउटा ध्यय साहित्य हो । साहित्य सामाजिक चेतनाको विशिष्ट रूप हो । साहित्य भौतिक जगत्को कलात्मक पुनः सिर्जना हो । साहित्य सत्यम्, शिवम्, सुन्दरम्को समष्टि रूप हो । अङ्ग्रेजी साहित्यलाई 'लिट्रेचर' भनिन्छ । लिटरेचर अन्तर्गत इतिहास साहित्य, भूगोल साहित्य, दर्शन साहित्य, अर्थ साहित्य, गणित साहित्य अर्थमा प्रयोग भएको छ (न्यौपाने, २०३८ : ७) । साहित्यलाई विभिन्न अर्थमा अर्थाय पनि साहित्य साहित्यकारको अनुपम उपहार हो ।

साहित्यमा शब्द र अर्थको योग हुन्छ र त्यसैमा उदात्त भावनाको संयोग हुन्छ । जीवन र जगतमा प्राप्तमा विभिन्न भावना र अनुभूतिको अभिव्यक्ति हुन्छ । साहित्य रागात्मक भाषामा अभिव्यक्त गरिन अनुभव र अनुभूति, भाव र विचारका समष्टि हो (थापा, २०६६ : २) । पद्य र गद्य गरी दुई प्रमुख भागमा विभाजन गरिएको पाइन्छ । गद्य अन्तगर्त उपन्यास लिइन्छ । उपन्यासमा जीवन जगतको व्यापक पक्षहरू समेटेका हुन्छन् ।

साहित्यको समाजशास्त्र : साहित्यको समाजशास्त्रमा साहित्यलाई समाजशास्त्रीय दृष्टिबाट अध्ययन गरिन्छ । समाजको शास्त्र नै समाजशास्त्र हो । पदावली तहमा साहित्य र समाजशास्त्र शब्दको संयोजनबाट बनेको साहित्यको समाजशास्त्र छ । साहित्यको समाजशास्त्रको मूल आधार समाजशास्त्र हो । समाजशास्त्रका विविध शाखाहरूमध्ये साहित्यको समाजशास्त्र पनि एउटा शाखा हो । अर्थात् साहित्यको समाजशास्त्र समाजशास्त्रकै एउटा अंश हो (बराल, २०५६ : १०१) । साहित्यको समाजशास्त्र एक स्वतन्त्र विधा हो ।

साहित्यका माध्यमबाट समाज प्रतिविम्बित हुन्छ । समाज संस्कृति, धर्म, कानुन, रीतिरिवाज एवं व्यवहार आदिको संश्लिष्ट रूप भएकाले सामाजिक संस्थाका रूपमा हेर्ने गरिन्छ । साजशास्त्रमा मानिसका बारेमा गरिने वैज्ञानिक अध्ययन गरिन्छ । कुनै स्रष्टाले आफ्ना अनुभूति, कला र कल्पनाका आधारमा साहित्य कृति सिर्जना गरेपनि उसले आवश्यका पनि साहित्य सामग्री समाजबाट लिएका हुने भएकाले साहित्य कृतिमा समाज

प्रतिविम्वत भएको हुन्छ । साहित्य समाजको ऐनाका जस्तो भएकाले साहित्यलाई समाजको दर्पण भनिन्छ । समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विधा अथवा मानव समाज र संस्कृतिको उत्पति, विकास आदिको विवेचना गरिएको शास्त्रलाई समाजशास्त्र भनिन्छ ।

समाजशास्त्रले मानवीय समाजको मात्र अध्ययन गर्दछ । यसले अनिवार्य रूपमा समाजमा अवस्थित मान्छेको वैज्ञानिक, वस्तुगत अध्ययनका साथै सामाजिक संस्था र प्रक्रियाको अध्ययन पनि गर्दछ (जैन, १९८६ : १) । त्यो सार्वभौम स्वरूप विशेष गुणका माध्यमबाट नै प्रकट हुन्छ किनभने कलाको स्रष्टा विशेष समाज र संस्कृति सम्बन्ध हुन्छ । साहित्यको समाजशास्त्रले मानिसको मनोरचना समाजका विशेष यथार्थ घटना, जीवनचर्या, रीतिरिवाजजस्ता विषयको सामाजिक यथार्थसित सम्बद्ध बनाएर विवेचना गर्छ (पाण्डेय, २००६ : १५६) । साहित्यलाई परम्परा, रीतिरिवाज, संस्कृति इतिहास तथा व्यवहार र पद्धतिहरूको समष्टिगत सामाजिक संस्थाको रूपमा लिने गरिन्छ ।

समाज र साहित्य एक अर्कामा अर्न्तसम्बन्धित हुन्छन् । समाजलाई बुझ्ने सम्बन्धमा समाज र साहित्य एक अर्कामा परिपूरकको रूपमा रहेका हुन्छन् (जैन, १९८६ : ३) । साहित्य विनाको समाज हुन सक्ला तर समाज विनाको साहित्य हुन सक्दैन । कुनै पनि कृति शून्यमा रचना हुन सक्दैन । हरेक साहित्यिक कृतिको रचना हुनुका पछाडि समाज भूमिका रहेको हुन्छ । साहित्यको विषयवस्तु समाज हुन्छ भने समाजलाई दिशा निर्देश गर्ने काम पनि साहित्यले गर्दछ । साहित्यले तत्कालीन समाजको अस्तित्वलाई जोगाइरहने काम समेत गरेको हुन्छ । समाजका आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षहरू तथा समाजका विभिन्न जातजाति, धर्म, लिङ्ग, वर्ग आदिका क्रियाकलापहरू उनीहरूको अवस्था तथा स्थितिलाई साहित्यिक कृतिमा खोजी गर्दै साहित्य र समाजको सम्बन्ध स्थापित गर्नु र साहित्यलाई उजागर गर्नु साहित्यको समाजशास्त्रीय अध्ययन हो ।

अनुभूतिको संरचना अङ्ग्रेजीमा प्रयुक्त 'स्टक्चर अफ फिलिङ' पदावलीको नेपाली रूपान्तरण हो । यस पदावलीमा अनुभूति र संरचना गरी दुईवटा पदहरूको प्रयोग भएको छ । यी दुवै पदहरूको संयोजन गर्दा अनुभूतिको संरचनाको पदावलीगत अर्थ अनुभवको बनोट, पूर्ण ज्ञानको बनोट वा ढाँचा, मनस्थितिको सीमामा घुसिसकेको मानसिक अनुभव भन्ने अर्थ हुन्छ । अनुभूतिको संरचना बेलायती समाजशास्त्री रेमन्ड विलियम्स (सन् १९२१-१९८८) द्वारा साहित्यको समाजशास्त्रीय व्याख्याका क्रममा आएको अवधारणा हो । उनले सन् १९५४ मा प्रिफेस टु फिल्म एण्ड ड्रामाटिक्स ट्रेडिसन्स लेख मार्फत यस मान्यतालाई प्रथम पटक सार्वजनिक गरेका हुन् । विश्वास, व्यवस्था, संस्था, व्यक्त सामान्य सम्बन्ध अर्थात् विचारबाट पर जो चेतनामा हुन्छ त्यही अनुभूतिको संरचना हो (पाण्डेय, २००६ : १८४) । लेखनमा समाजसँग संस्कृतिको जीवन्त सिर्जनात्मक सम्बन्धको व्याख्यामा मद्दत गर्ने केन्द्रीय धारणा अनुभूतिको संरचना हो । उनले अनुभूतिको संरचना पदावली प्रचलित मार्क्सवादी साहित्यिक तथा सांस्कृतिक व्याख्याको पद्धतिलाई चुनौती दिन त्यसको विकल्पको रूपमा प्रयोग गरेका हुन् । उनले अनुभूति शब्दको प्रयोग विचारधारा जस्ता स्थापित अवधारणाबाट भाग्नका लागि गरेका हुन् । अनुभूतिहरू अनियमित नभएर अन्तः सम्बन्धित ढाँचामा बनेको हुँदा विलियम्सले संरचनामा जोड दिएका हुन् । अनुभूति विचारको

विरोधीका रूपमा नभएर विचार अनुभूतिका रूपमा र अनुभूति विचारका रूपमा उपस्थित हुन्छन् । अनुभूति भन्ने मानसीक पक्षासँग सम्बन्धित हुन्छ । मानिसहरूले धारणा र अनुभव बेगलाबेगलै हुन्छ । अनुभूति व्यक्तिगत र सामूहिक जुनसुकै हुन सक्छ ।

अनुभूतिको संरचना सम्बन्धी मान्यता रेमण्ड विलियम्स (१९२१-१९८८) ले सर्वप्रथम सन् १९५४ मा *प्रिफेस टु फिल्म एण्ड ड्रामाटिक ट्रेडिसन्स* नामक लेख प्रकाशित गरी प्रस्तुत गरेका हुन् । संस्कृति, साहित्य र समाजको अन्तर्सम्बन्धको अध्ययन गर्ने विलियम्स बेलायतका महत्त्वपूर्ण साहित्यका समाजशास्त्री मानिन्छन् । उनले वेल्सको श्रमिक जनजीवन र त्यहाँको संस्कृतिको गहिरो ज्ञान आर्जन गरेका थिए । रेमन्डले मजदुरहरूको जीवन र उनीहरूको आन्दोलनलाई नजिकबाट हेर्ने र अध्ययन गर्ने अवसर पाएका थिए । उनले वेल्सको श्रमिक जनजीवन र त्यहाँको सांस्कृतिक चतनासँग गहिरो सम्बन्ध राख्नुका साथै त्यसको सजीव अभिव्यक्ति पनि गरेका थिए । यसै क्रममा उनले बेलायतको प्रभुत्वशाली अभिजात संस्कृति र विचारधारासँग गर्दै आफ्नो ठाउँ बनाएका हुन् र सँगसँगै संस्कृति र साहित्य तथा समाजसम्बन्धी आफ्ना मान्यताको विकास पनि गरेका हुन् (पाण्डे, २०७३ : २८) । उनले समाजमा विभिन्न वर्ग र समुहहरू हुन्छ । उनीहरूका मूल्यमान्यता र सांस्कृति अलग अलग हुने कुरा अभिव्यक्त गरे ।

उनले प्रभुत्वशाली अभिजात संस्कृति र विचारधारासँग सङ्घर्ष गरी सङ्घर्ष गरी संस्कृति, साहित्य र समाजसम्बन्धी मान्यताको विकास गरेका हुन् । उनको अध्ययन विशेष संस्कृतिकेन्द्र छ । संस्कृति जीवन्त अनुभूतिका रूपमा कृतिमा व्यक्त हुन र त्यही साहि त्यका अध्येताको विषय बन्ने उनको धारणा छ । एउटै समयमा तीन तहको अनुभूतिको संरचना देखिने र त्यसलाई तीन पिँढीका क्रिया प्रतिक्रिया एवम् अनुभूतिबाट व्यक्त गर्न सकिने धारणा बिलियम्सले राखेका छन् । अनुभूतिको संरचनालाई सैद्धान्तिककरण गर्ने सक्यो ।

विलियम्सको अध्ययनमा संस्कृति, साहित्य र समाजलाई जोड्ने एउटा प्रमुख धारणा हो । उनका अनुसार परम्परा सामाजिक अभिप्रायबाट मुत्त हुन सक्दैन । सरम्पराको बोधमा सधैँ चयन, सङ्ग्रह र त्यागको दृष्टि सक्रिय रहन्छ जो मूलतः सामाजिक दृष्टिसँग जोडिएको हुन्छ । उनले ग्राम्सीको प्रभुत्वको अवधारणाको सहयोग लिएर उनले संस्कृति र साहित्यमा परम्पराका विभिन्न भूमिकाको विवेचना गरेका छन् । कुनै समाजमा एउटा कालविशेषमा व्यवहारहरू, मूल्यहरू र अभिप्रायहरूको एउटा वैकल्पिक व्यवहार हुन्छ जसले अर्को परम्पराहरूका लागि स्थान बनाउँछ । उनले प्रभुत्वशाली र वैकल्पिक परम्पराहरूका साथै परम्पराको पुरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराहरूको पनि चर्चा गर्छन् । समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहारहरू, नयाँ अनुभव र नयाँ सार्थकताहरू निरन्तर निमित हुँदै जान्छन् । तिनलाई आफूभित्र समाहित गर्ने प्रयास प्रभुत्वशाली परम्पराका तर्फबाट पनि हुन्छ र विरोधको वैकल्पिक परम्पराका तर्फबाट पनि हुन्छ (पाण्डे, २०७३ : २८) । यसरी विलियम्सले परम्पराका विभिन्न रूप र पक्षका व्याख्या साहित्यको समाजशास्त्रलाई स्थापित गर्ने काम गरेका छन् ।

कुनै पनि वस्तु तथा घटनालाई देखेर त्यस वस्तु तथा घटनाप्रति सम्बेदनशील भएर त्यसैमा लीन भएको अवस्थामा प्राप्त अनुभूतिबाट साहित्यको सिर्जना हुन्छ । साहित्य यथार्थ समाजको प्रभावमा कल्पनात्मक पुर्निर्माणको कार्य हो जसमा वस्तुजगतका आधारमा

स्रष्टाको रहस्पूर्ण अवचेतनका भावको तृप्तिका निम्ति नवीन सृष्टि हुन्छ । यस्तो सिर्जना एक रहस्यमय आन्तरिक शक्तिद्वारा सम्पन्न हुन्छ जसलाई कुनै वस्तु तथा मावन जीवनप्रतिको संवेदना तथा भावना भनिन्छ । साहित्यलाई ज्ञान विज्ञानका विभिन्न क्षेत्रबाट पृथक् रूपमा स्वरूप स्थापित गर्ने तत्व नै अनुभूति हो जसलाई वस्तुकलाको संयोजन तत्व पनि भनिन्छ । अनुभूति एउटा यन्त्र हो जसले कलाकारको अन्तर्दृष्टिको शक्तिलाई सक्रिय बनाउँछ । विलियम्सका मतमा सामाजिक प्रक्रियामा जुन कुरा व्यवस्थावद्ध तथा सुनिश्चित हुँदैन त्यसबाट कला साहित्यको अर्न्तवस्तुको निर्माण हुन्छ । उनका अनुसार विश्वास, व्यवस्था, संस्था, विचारधारा आदिको सम्बन्धबाट मानिसमा जुन कुराको अनुभव हुन्छ त्यसैबाट अनुभूतिको संरचना बन्दछ (घर्ती, सन् २०११ : २३६) । उनले यस प्रकारको संरचनालाई संवेदनाको संरचना पनि भनेका छन् । वास्तवमा कलाकारले कुनै पनि विषयलाई संवेदनशील भई हेर्दछ, अनुभूति गर्दछ र मानिसमा एक किसिमको भावना पैदा हुन्छ । यही भावनाले मूर्त रूप प्राप्त गर्दा कला साहित्यको जन्म हुन्छ । त्यो नै कृतिमा व्यक्त अनुभूतिको संरचना हो जसलाई बाहिरका कुनै वस्तु वा पक्षसँग सम्बन्ध जोड्न कठिन हुन्छ ।

विलियम्सले पिँढीगत परिप्रेक्ष्यमा प्रभुत्वशाली पिँढी र अधीनस्थ वा वैकल्पिक पिँढीका आ-आफ्नो संस्कृति र अनुभूतिलाई अधीनस्थ पिँढीमाथि नजानिँदो ढङ्गले विस्तार गर्ने प्रयास गरेका छन् । उनले विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएका छन् (पाण्डे, २०७३ : ३३) । पिँढीमा पनि वैकल्पिक पिँढीलाई महत्त्व दिएका छन् लामो सङ्घर्षबाट मात्र वैकल्पिक पिँढीको उदय हुन्छ ।

विलियम्सले अनुभूतिको संरचना सिद्धान्तको व्याख्याका सन्दर्भमा मूलतः विश्लेषणका दुई आधारहरू प्रस्तुत गरेका छन् जसमा दबाव र तनाबका परिप्रेक्ष्यमा एकै कालखण्डमा पिँढीगत अनुभूतिको अवस्थाल खोजी गर्नु र कृतिमा अभिव्यक्त पिँढीगत समुदाय, तिनका प्रकार, चरित्र र तिनीहरूका बिचको अन्तर्सम्बन्धको खोजी नै रेमन्ड विलियम्सको समाजशास्त्रीय विश्लेषणको आधार मान्न सकिन्छ ।

## २.२.१ दबाब र तनाब

अनुभूतिको संरचनाका सम्बन्ध मानव संस्कृतिसँग जोडिएको छ । यो समाजशास्त्रीय अध्ययनको अन्तर्निहित धारणा हो । समाजशास्त्रमा अनुभूतिको संरचनालाई मूल्य र व्यवहारको एउटा वैकल्पिक र समाज वा समुदायको विरोधी तत्त्वका रूपमा लिइन्छ । समाजमा अवस्थित मूल्य मान्यतालाई विपरीत समुदायका सम्प्रदायले वहिस्कार गरिरहेका हुन्छन् । तसर्थ अनुभूतिको संरचना उपसंस्कृतिको एउटा फराकिलो अवधारणासँग सम्बन्धित छ तर यो मूलधारको संस्कृति भन्दा पुरै विपरित छ भन्ने होइन विपरीत संस्कृतिले राजनैतिक आयामलाई समावेश गरेको हुन्छ भने अनुभूतिको संरचना गैर राजनैतिक पनि हुन्छ । यसको उद्देश्य प्रभुत्वशाली सामाजिक मूल्य मान्यतालाई प्रत्यक्ष रूपमा अफ्नो जीवन शैली र कार्यले चुनौती दिने हुन्छ ।

विलियम्स प्रस्तुत गरेको अनुभूतिको संरचना व्यावहारिक अनुभव र सैद्धान्तिक उपहरण हो । अहिलेको वा हिजोको कुनै पनि समाजको साहित्य सामाजिक अवस्थाबाट

बाहिर हुँदैन । समग्र मानिसहरूको अनुभूतिको संरचना वरिपरि नै साहित्य घुम्छ । अनुभूतिको संरचनाका माध्यमबाट त्यो कुनै कालखण्डविशेषको समाजका समुदायहरूका बीचको अन्तर्सम्बन्ध, त्यस क्रममा सिर्जना हुने दबाब र तनाब अनि त्यसले जन्माउने विशिष्ट अनुभूतिसँगै त्यस दबाब र तनाबको समाधान स्वरूप देखापर्ने प्रयासले जन्माउने अर्को अनुभूति आदिका समग्रताको अध्ययन गर्न सकिन्छ (पाण्डेय, २०७३:३४) । समाजमा कुन वर्ग रहेका कृतिका माध्यमबाट पनि थाहा पाउँन सिक्छ ।

विलियम्सले दबाब र तनाबका सन्दर्भबाट देखा पर्ने भिन्न-भिन्न अनुभूतिको संरचनाको स्वरूपलाई पुष्टि गर्ने काम गरेका छन् । उनले सामाजिक चरित्रलाई नैतिकता वा आदर्श मानेका छन् । यसैबाट जन्मिने अनुभूतिको उच्चारण नगरी वा प्रत्यक्ष नभई कुनै स्पष्ट वा मूर्त किसिमको दबाव जन्माउन सक्छ । समाधानका रूपमा यसमा प्रभुत्वशाली संस्कृतिलाई पछाडि छोड्न र नयाँ संस्कति विकास गर्ने तत्त्व हुन्छ (पाण्डेय, २००६:४) । यसै आधारमा विलियम्सले समाधानतर्फ उन्मुख सामाजिक अनुभवको संज्ञा दिन्छन् । उनका विचारमा सुरुमा यो वैयक्तिक रूपमा व्यक्त हुन्छ र पछि संस्थाबाट वा सामाजिक आकार, रूप वा हैसियत ग्रहण गर्दछ । यसमा विषयगत र वस्तुगत दुवै हुन्छन् । अनुभूति विषयगत पक्ष हो भने रचना वस्तुगत पक्ष हो । यसको ढाँचा विचारधारा जस्तो मूर्त र दृश्य हुँदैन । बरु सामाजिक जीवनका अनुभवका तहमा देखिने मूल्यहरूको अर्मुत संरचनाका रूपमा लिन सकिन्छ भन्ने उनको धारणा रहेको छ ।

साहित्यका समालोचकहरूले यसको सम्बन्ध जर्ज लुकाचको 'सम्भावित चेतना' र गोल्डमानको विश्वदृष्टिसँग देखाउने प्रयास गरेका छन् । कुनै वर्ग र समुदायहरू बीचका सम्बन्ध र गतिविधिहरूमा परिवर्तन भइरहने दबावका सीमाभित्र यसले सोझै शासक वर्गको स्वार्थलाई यसले व्यक्त गर्दैन तर शासितहरूले प्रभुत्वशाली वर्ग वा समुदायका संस्कृति अनुभूति वा चेतनालाई सामान्य चेतना र सामान्य यथार्थका रूपमा अथवा आफ्नै वस्तुका रूपमा ग्रहण गरिरहेको हुन्छन् । यसरी प्रभुत्वले समाजको भिन्न तहमा प्रवेश गरिरहेको हुन्छ । यस किसिमको प्रवेश कुनै मूर्त किसिमको नभई संस्कृति किसिमको हुन्छ ।

विलियम्सले ग्राम्सीको प्रभुत्वसम्बन्धी धारणालाई आत्मसात् गरेर संस्कृतिको राजनैतिक दृष्टिकोणलाई मूल्याङ्कन गरेको पाइन्छ । 'प्रभुत्व' प्राथमिक रूपले प्रधान्य र अधीनस्थतासँग सम्बन्धित छ र यसले अनुभूतिको संरचनालाई प्रभाव पर्दछ । यद्यपि विलियम्सले यी दुबै समान होइन भन्ने कुरा गरेका छन् । अनुभूतिको संरचनालाई पिँढीगत परिप्रेक्ष्यमा हेर्न सकिने र त्यस क्रममा प्रभुत्वशाली पिँढी र अधीनस्थ वा वैकल्पिक पिँढीका आ-आफ्नै अनुभूतिका संरचना हुने र प्रभुत्वशाली पिँढीले आफ्नो संस्कृति एवम् तत्जन्म अनुभूतिलाई अधीनस्थ पिँढीमाथि नजानिँदो किसिमले विस्तार गर्ने प्रयास गर्दछ । तसर्थ एकै कालखण्डमा पनि व्यक्तिगत वा आत्मगत स्तर तथा समुदायको अनुभूतिको एकै किसिमको नभई भिन्न-भिन्न हुन्छ । यो सर्वत्र एक समान हुँदैन । यो सबै प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि सिर्जना गर्ने दबाब र तनाबले पिँढी बिचको संस्कृतिजन्य अनुभूति भिन्न-भिन्न हुनु स्वाभाविक हो ।

विलियम्सका अनुसार यो एक प्रकारले व्यक्तिगत र सार्वजनिक दुवैलाई जोडेर हेर्ने समग्रतावादी पद्धति हो । अहिले वा हिजोको कुनै पनि समाजको साहित्य सामाजिक

अवस्थाबाट बाहिर रहदैन । समग्र मानिसहरूको अनुभूतिको संरचना वरिपरी नै साहित्य हुन्छ । अनुभूतिको माध्यमबाट त्यो कुनै कालखण्ड विशेषका समाजका समुदायहरूका बिचको अन्तर्सम्बन्ध, त्यस क्रममा सृजना हुने दबाव र तनाव अनि त्यसले जन्माउने विशिष्ट अनुभूतिसँग त्यस दबाव र तनावको समाधानका रूपमा देखा पर्ने प्रयासले जन्माउने अर्को अनुभूति आदिका समग्रताको अध्ययन गर्न सकिन्छ ।

अनुभूतिको संरचना व्यवहारिक अनुभव र सैद्धान्तिक उपकरण दुबै हो । यो इतिहासलाई मूल्याङ्कन गर्ने साधन पनि हो । यसबाट साहित्यको विकास प्रक्रिया र त्यसको सामाजिक परिवर्तनको ढाँचासँगको सम्बन्धलाई हेर्न सकिन्छ । यसले विभिन्न सांस्कृतिक उत्पादक समूह पिँढी वा समुदायबीच रहने अन्तर्सम्बन्ध के कस्तो छ भन्ने कुराको विश्लेषणको आधार प्रदान गर्दछ ।

विलियम्सले कला समीक्षाका क्रममा आत्मपरक पक्षलाई बढी महत्त्व दिदै मार्क्सवादी आलोचनामा आत्मपरक र वैयक्तिक पक्षको उपेक्षा हुने कुरा औंल्याएर त्यस प्रकृतिको आलोचना पनि गरेका छन् । उनी के भन्दछन् भने जब विश्वदृष्टिको, विचारधारा अथवा वर्गदृष्टिको कुरा गरिन्छ तब रचनाको अनुभव पक्षको उपेक्षा हुन पुग्छ । कुनै कुनै रचनामा सचेत विचारधारा र नयाँ अनुभूतिका बिच तनाब पनि पाइन्छ । अनुभूतिको संरचनाको सहयोगबाट तनाबको व्याख्या गर्न सकिन्छ (पाण्डेय, २००६:१८१) । अनुभूतिको संरचना सामूहीक चेतना भन्दा पनि व्यक्तिले गर्ने अनुभूति हो ।

विलियम्सको अवधारण माथि सङ्केत गरिएजस्तै पिँढीसँग सम्बन्धित छ र उनी कम्तीमा तिन पिँढीको कुरा गर्छन् । उनका विचारमा समाजमा प्रायः पहिलो पिँढी शासक तुल्य वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो पिँढीले अघिल्लो पिँढीको प्रभुत्वका विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ । यस क्रममा दबाब र तनाबको सिर्जना हुन्छ । दोस्रो पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ र नयाँ अनुभूतिको संरचना जन्माउँछ । यसै कारण विलियम्स यस पिँढी वा समुदायलाई प्रभुत्वशाली सांस्कृतिक उत्पादक समूहको संज्ञा दिन्छन् । यसरी प्रत्येक कालखण्डका समाजमा यी पिँढी वा समुदायका आफ्ना अनुभूति हुन्छन् र हरेक कलाकृति यही अनुभूतिको संरचनाकै उपज हुन्छ भन्ने धारणा उनको छ (पाण्डेय, २०७३:३५) ।

अनुभूतिको संरचनाका आधारमा साहित्यको अध्ययन गर्दा कृतिमा विद्यमान पिँढी तथा त्यस्ता पिँढी वा सांस्कृतिक समूहको अन्तर्सम्बन्धको खोजी विभिन्न पिँढी समुदायको अनुभूतिलाई बुझ्न समाजमा विद्यमान संस्कृति र दबाब तथा तनाबको अन्तर्सम्बन्धको ज्ञान हुनु पर्दछ । अनुभूतिको संरचनाको व्याख्या गर्दा दबाब र तनाबका सन्दर्भमा घटित हुने दोहोरो प्रक्रियाको अनुभवलाई कलाकृतिको व्याख्याको क्रममा अलग्याएर हेर्न सकिदैन । तसर्थ सांस्कृतिक समूहको प्रभुत्व र अधीनस्थता तथा प्रतिरोधी चेतना नै अनुभूतिको संरचनाको मूल आधार हो ।

अनुभूति गरेको सामाजिक वा वैयक्तिक जीवन जगत्सम्बन्धी मान्यता बाह्य रूपमा प्रकट गर्न कृतिका माध्यमबाट लेखकले आफ्नो सिर्जनशीलतालाई प्रकटीकरण गर्छ । लेखकले देखेको सत्य जो विचारका रूपमा समाजमा स्थापित नभई अनुभूतिका रूपमा रहेको हुन्छ, त्यसलाई विचारका रूपमा स्थापित गर्ने परोक्ष रूप साहित्यमा पाइन्छ । यसरी

लेखकले गर्ने अनुभूति कृतिमार्फत् पाठकले गर्ने अनुभूति समाजमा र पुनः समाजले गर्ने अनुभूति लेखकमा प्रवाहित भइरहने भएका कारण कुन समयको अनुभूतिको संरचना के थियो भन्ने जानकारी लिएर समाज, संस्कृति, रीतिरिवाज, परम्परा, सभ्यता आदिको अध्ययन गर्ने सकिने भएकाले साहित्यको समाजशास्त्रको अध्ययनका लागि अनुभूतिको संरचना महत्त्वपूर्ण मापदण्डका रूपमा देखिन आउँछ ।

समाजको प्रभुत्वशाली संस्कृतिको दबाबमा अर्को पिँढीले गरेको विशिष्ट अनुभूतिको संरचना नै दबाब र तनाबको परिप्रेक्ष्य हो । विलियम्सको अवधारणा पिँढी सम्बद्ध छ । उनले कम्तीमा तिन पिँढीलाई लिइने बताएका छन् । पहिलो पिँढी प्रभुत्वशाली हुने, दोस्रो र तेस्रो पिँढीले पिहलो पिँढीको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्ने कुरा उनले बताएका छन् । कुनै एक काल विशेषमा समुदायमा तिन पिँढी अस्तित्वमा रहने र तिनीहरूमा प्रभुत्वका लागि दबाब र तनाब निरन्तर भइरहने कुरा उनले बताएका छन् । प्रभुत्वशाली पिँढीमाथि आफ्नो प्रभुत्व स्थापित गर्न खोज्दा दबाब र तनाबको स्थिति सिर्जना हुन्छ र त्यसैबाट नयाँ संस्कृतिको जन्म हुन्छ भन्ने मान्यता उनले उल्लेख गरे । समाजको अघिल्लो वा प्रभुत्वशाली पिँढीका विरुद्ध उभिएर दबाब र तनाबका विचबाट नयाँ सस्कृतिको उत्पादन गर्ने पिँढीलाई उनले संस्कृतिको उत्पादक पिँढी मानेका छन् । अनुभूतिको संरचनाको खोजी यही उत्पादक पिँढीका माध्यमबाट गर्न सकिने उनको धारणा रहेको देखिन्छ (पाण्डेय, २००६ : १८०) । उनले पिँढीलाई नै बढी जोड् दिएको पाइन्छ । लोमो समयको सङ्घर्ष पछि उदीयमान पिँढीको जन्म हुन्छ । उदीयमान पिँढीको जन्म उपज प्रभुत्वशाली पिँढी प्रमुख कारण हो ।

अनुभूतिको संरचनाले कृतिमा व्यक्त व्यक्तिगत संवेदनाको अध्ययनलाई सांस्कृतिक समूहको दबाब र तनाबबाट सिर्जना हुने अनुभवको अध्ययन गर्दछ । समाजमा विद्यमान तीनवटा पिँढी वा सांस्कृतिक समूहको कृतिमा खोजी गर्नुपर्ने तिनै सांस्कृतिक समूहको अन्तर्सम्बन्धले नै अनुभूतिको संरचनालाई जन्म दिने कुरा विलियम्सको धारणा हो । विलियम्सले दबाब र तनाबका सन्दर्भबाट देखा पर्ने भिन्न-भिन्न अनुभूतिको संरचनाको स्वरूपलाई पुष्टि गर्ने काम गरेका छन् । उनले सामाजिक चरित्रलाई नैतिकता वा आदर्श मानेका छन् । यसैबाट जन्मिने अनुभूतिको उच्चारण नगरी वा प्रत्यक्ष नभई कुनै स्पष्ट वा मूर्त किसिमको दबाब जन्माउन सक्छ । समाधानका रूपमा यसमा प्रभुत्वशाली संस्कृतिलाई पछाडि छोड्न र नयाँ संस्कति विकास गर्ने तत्त्व हुन्छ (पाण्डेय, २००६ : १८२) । यसै आधारमा विलियम्सले समाधानतर्फ उन्मुख सामाजिक अनुभवको संज्ञा दिन्छन् । उनका विचारमा सुरुमा यो वैयक्तिक रूपमा व्यक्त हुन्छ र पछि संस्थाबाट वा सामाजिक आकार, रूप वा हैसियत ग्रहण गर्दछ । यसमा विषयगत र वस्तुगत दुबै हुन्छन् । अनुभूति विषयगत पक्ष हो भने रचना वस्तुगत पक्ष हो । यसको ढाँचा विचारधारा जस्तो मूर्त र दृश्य हुँदैन । बरु सामाजिक जीवनका अनुभवका तहमा देखिने मूल्यहरूको अर्मुत संरचनाका रूपमा लिन सकिन्छ भन्ने उनको धारणा रहेको छ ।

साहित्यका समालोचकहरूले यसको सम्बन्ध जर्ज लुकाचको 'सम्भावित चेतना' र गोल्डमानको विश्वदृष्टिसँग देखाउने प्रयास गरेका छन् । कुनै वर्ग र समुदायहरू बीचका सम्बन्ध र गतिविधिहरूमा परिवर्तन भइरहने दबाबका सीमाभित्र यसले सोझै शासक वर्गको

स्वार्थलाई यसले व्यक्त गर्दैन तर शासितहरूले प्रभुत्वशाली वर्ग वा समुदायका संस्कृति अनुभूति वा चेतनालाई सामान्य चेतना र सामान्य यथार्थका रूपमा अथवा आङ्वनै वस्तुका रूपमा ग्रहण गरिरहेको हुन्छन् । यसरी प्रभुत्वले समाजको भिन्न तहमा प्रवेश गरिरहेको हुन्छ । यस किसिमको प्रवेश कुनै मूर्त किसिमको नभई संस्कृति किसिमको हुन्छ ।

अनुभूतिको संरचनाका आधारमा साहित्यको अध्ययन गर्दा कृतिमा विद्यमान समूह या पिँढी तथा त्यस्ता पिँढी वा सांस्कृतिक समूहको अन्तर्सम्बन्धको खोजी विभिन्न पिँढी समुदायको अनुभूतिलाई बुझ्न समाजमा विद्यमान संस्कृति र दबाब तथा तनाबको अन्तरसम्बन्धको ज्ञान हुनु पर्दछ । तसर्थ अनुभूतिको संरचनाको व्याख्या गर्दा दबाब र तनाबका सन्दर्भमा घटित हुने दोहोरो प्रक्रियाको अनुभवलाई कलाकृतिको व्याख्याको क्रममा अलग्याएर हेर्न सकिँदैन । तसर्थ सांस्कृतिक समूहको प्रभुत्व र अधीनस्थता तथा प्रतिरोधी चेतना नै अनुभूतिको संरचनाको मूल आधार हो ।

रेमन्ड विलियम्सले अनुभूतिको संरचना व्याख्याका क्रममा विचारभन्दा अनुभूति र वर्गभन्दा समुदाय/पिँढीलाई बढी महत्त्व दिएका छन् । रेमन्ड विलियमसले वर्गभन्दा समुदाय पिँढीलाई जोड दिने मान्यता पूर्ववत् साहित्यका समाजशास्त्रीय चिन्तकहरूभन्दा भिन्न पाइन्छ । विलियम्सले साहित्यको समाजशास्त्रीय विश्लेषणमा वर्ग भन्दा समुदाय/पिँढीलाई जोड दिंदै यस बारे आफ्ना मान्यताहरू अघि सारेको पाइन्छ । कतिपय विद्वान्हरूले उनको यस मान्यतालाई अमूर्त र जटिल धारणाको रूपमा व्याख्या गरे तापनि उनले प्रस्तुत गरेको समुदाय/पिँढीगत धारणा अनुभूतिको संरचनाका सन्दर्भमा महत्त्वपूर्ण रूपमा रहेको पाइन्छ ।

साहित्यको समाजशास्त्रीय मान्यता मार्क्सवादी र गैरमार्क्सवादी धारामा विभाजित छ । अतः वर्गसम्बन्धी मान्यता पनि यिनै विचार धाराका आधारमा भिन्न भिन्न देखा पर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययनका सन्दर्भमा वर्गसम्बन्धी अवधारणालाई एउटा महत्त्वपूर्ण पक्ष मानिन्छ । सबभन्दा पहिले वर्गसम्बन्धी अवधारणा र यसको सैद्धान्तिक व्याख्या कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनको साहित्यिक संस्करणमा देखा परेको हो ।

वर्ग शब्दको अर्थ मानिसहरूको समूहको हो । त्यसैले मानिसहरूका ठुला-ठुला समूहरू जसमा मानव समाज विभाजित रहेको हुन्छ । तिनलाई 'वर्ग' भन्ने शब्दको प्रयोग गरिन्छ । तर मानिसहरूको जुनसुकै ठूलो समूहलाई वर्गको प्रयोग गर्न सकिदैन (श्रेष्ठ, २०६३:१३५) । तथर्स मार्क्सवादी दृष्टिमा जुनसुकै समूहलाई वर्ग मानिदैन भन्ने कुरा यस भनाइबाट स्पष्ट हुन्छ । मार्क्सवादी विचारधारा अनुसार वर्गलाई आर्थिक आधारमा परिभाषित गरिन्छ । मार्क्सका अनुसार वर्ग भनेको आम्दानी र आम्दानीका स्रोतहरूको समानता भएका मानिसहरूको समूह हो । यस भनाइबाट वर्गहरूलाई छुट्याउने एउटा प्रमुख आधार तत्व आम्दानी र आम्दानीका स्रोतहरूको समानता हो । अर्को शब्दमा सामाजिक वर्ग भनेको त्यस्तो मानिसहरूको समूह हो जसले उत्पादन प्रक्रियामा अन्य मानिसहरूसँग समान सम्बन्ध कायम गरेर उत्पादनमा उस्तै भूमिका खेल्छन् । उपजहरूको वितरणको स्थिति उत्पादनको स्थितिबाट निर्धारित हुने भएकाले वितरण प्रक्रियामा प्रत्येक वर्गको साझा तत्व एकै किसिमको आम्दानीको स्रोत हो । यस दृष्टिबाट कारखानामा काम गर्ने मजदुरहरू एउटै वर्ग हुन् किनभने उनीहरूको एउटै खालको आम्दानीको स्रोत छ र पूँजीपतिहसँग उनीहरूको सम्वन्ध एउटै खालको रहन्छ । समाजमा वर्ग पङ्तिबद्धताको

आधार उत्पादन सम्बन्ध हो (श्रेष्ठ, २०६३:१३६) । वर्गले मानिसहरूको ठूलो समूहलाई जनाउँछ । तर मानिसहरूको जस्तोसुकै ठुलो समुहलाई मार्क्सवादी धारणामा वर्ग भन्न मिल्दैन भन्ने कुरा प्रस्तुत तथ्यबाट पनि प्रमाणित हुन्छ ।

गोल्डमानले वर्गलाई आर्थिक उत्पादका आधारमा नभई पेसागत आधारमा वर्गीकरण गरेको पाइन्छ । उनले आफ्नो समाजशास्त्रीय सिद्धान्त उत्पत्तिमूलक संरचनावादी सिद्धान्तभित्र प्रस्तुत गरेका विभिन्न विश्लेषणका आधारमध्ये विश्वदृष्टिकोण सम्बन्धी मान्यतामा वर्ग सम्बन्धी मौलिक व्याख्या गरेको पाइन्छ । उनी वर्गलाई आर्थिक वर्गका रूपमा होइन सामाजिक वर्गका रूपमा लिइन्छन् (पाण्डेय, २००६:१४९) । भिन्न भिन्न पेशा, समूहहरू समुदायबाट निर्माण हुन्छ भन्ने मान्यता गोल्डमानको रहेको पाइन्छ । कुनै एउटा वर्ग वा समूहले अर्को वर्ग वा समूहसँग विभिन्न प्रकारको सम्बन्ध बनाउने क्रममा कुनै भावना वा विचारको एउटा व्यवस्था वा संरचना निर्माण गर्दछन् । यही सन्दर्भिकता राख्ने चिन्तनका आधारमा नै वर्गको निर्माण हुन पुग्दछ । यसैलाई गोल्डमानले एउटा वर्ग विशेषको दृष्टिकोणका रूपमा अर्थ्याएका हुन् । यसको निर्माण कुनै एक व्यक्तिबाट नभएर कुनै एउटा वर्ग वा समुदायबाट भएको हुन्छ । समाजको चेतना तथा विश्व दृष्टिकोण त्यस समाजमा रहेका गर्न वा समूहका कर्म, चिन्तन तथा भावनामा प्रकट हुन्छ । तसर्थ एउटा वर्गले राख्ने सामूहिक चेतनाको समानधर्मिताको संरचनालाई उनले विश्वदृष्टि भनेका हुन् । विश्वदृष्टि दर्शन, कला र साहित्यमा भिन्न भिन्न रूपमा फरक भए तापनि यसको मूल रूप एउटै हुन्छ । यो एउटा निश्चित कालखण्डमा एउटा वर्गका विचार अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ (पाण्डेय, २००६:१४९) ।

विश्वदृष्टि समाजको वर्गमा निहित हुने भए तापनि यो दर्शन, कला र साहित्यमा संरचित भई व्यक्त हुन्छ । तसर्थ विश्वदृष्टिको खोजी साहित्यिक कृतिबाट गर्न सकिन्छ । कुनै पनि वर्ग वा समूहको विश्वदृष्टिको संरचना र कृतिमा रचित संसारको संरचनाबीच समानधर्मिता हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनले कृति र समूहबीचको समधर्मिताको खोजी गर्दछ । जुन कृतिमा वर्ग वा समूह तथा साहित्यबीच सुसङ्गत रूपमा समधर्मिता प्रकट भएको हुन्छ त्यही कृति नै महान् हुने दृष्टिकोण गोल्डमानको रहेको छ । वर्गसम्बन्धी दृष्टिकोण मार्क्सवादी विचारधारा र गैरमार्क्सवादी धारणमा विभाजित भएको पाइन्छ । मार्क्सवादमा वर्गको वर्गीकरणको मूल अधार आर्थिक अवस्थालाई मानिन्छ भने गैरमार्क्सवादी चिन्तकहरूले सामाजिक संरचनाका आधारमा वर्गलाई वर्गीकरण गरेको पाइन्छ । सामाजिक वर्गका आधारमा नै निश्चित वर्ग, समूहको साझा विश्वदृष्टिकोण रहेको हुन्छ । त्यसको अभिव्यक्ति कृतिका माध्यमबाट हुन्छ । साहित्यको अध्ययनमा यिनै पक्षको खोजी गरिनु पर्छ भन्ने दृष्टिकोण गोल्डमानको हो ।

गोल्डमानपछि रेमन्ड विलियम्सले साहित्यको समाजशास्त्रीय व्याख्यामा सांस्कृतिक समहूको अध्ययन माथि जोड दिएका छन् । उनले सांस्कृतिक समूहलाई वर्गका रूपमा नभई समुदाय वा पिंढीका रूपमा चित्रण गरेको पाइन्छ । विलियम्सको संस्कृति सम्बन्धी धारणालाई कतिपय आलोचकहरूले गोल्डमानको विश्वदृष्टिभन्दा भिन्न नभएको कुरा उल्लेख गरेका छन् । तर विलिमसको समुदाय सम्बन्धी मान्तया संस्कृतिमा आधारित छ ।

उनले विचार भन्दा कृतिमा लेखक वा वैयक्तिक अनुभव र संवेदना पक्षलाई विशेष जोड दिइएको पाइन्छ । उनको समुदाय वा पिँढी सम्बन्धी धारणालाई यहाँ स्पष्ट पारिएको छ ।

रेमन्ड विलियम्स समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएका छन् । उनी साहित्यको समाजशास्त्रीय अध्ययनमा समुदायलाई जोड दिन्छन् र त्यसभित्रको अर्न्तसम्वन्धको विश्लेषण गर्न खोज्दछन् । अनभूतिको संरचनालाई पिँढीगत परिप्रेक्ष्यमा हेर्न सकिने र त्यस क्रममा प्रभुत्वशाली पिँढी, अधीनस्थ वा वैकल्पिक पिँढीका आ-आफ्नै अनुभूतिको संरचना हुन्छ भन्ने उनको धारणा रहेको छ । पिँढीगत सन्दर्भलाई प्रष्ट पार्ने क्रममा उनी कम्तीमा तीन ओटा पिँढीको कुरा गर्दछन् (पाण्डेय, २००६:३) । उनको विचारमा समाजमा प्रायः पहिलो पिँढी शासक तुल्य वा प्रभुत्वशालीको हैसियतमा रहेको हुन्छ र दोस्रो पिँढी प्रभुत्वशाली पिँढीको सांस्कृतिक अधीनस्थता स्विकार गर्न बाध्य हुन्छ । दोस्रो पिँढीले प्रभुत्वशाली पिँढीको विकल्पमा आङ्ग्नो अनुभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसले समाधाने स्वरूप तेस्रो पिँढी वा समुदायले वैकल्पिक बाटो लिन्छ र अनुभूतिको संरचनालाई जन्म दिन्छ । साहित्यको समाजशास्त्रीय कृतिको अध्ययन गर्दा यिनै पक्षहरूको अध्ययन गर्नु पर्दछ भन्ने धारणा विलियम्सले अघि सारेका छन् ।

रेमन्ड विलियम्सले संस्कृति र समाजशास्त्रको विकास लङ् रिभोल्युसन (सन् १९६८) नाम पुस्तकमा उनी भन्छन् संस्कृति जीवनको सम्रग पद्वति हो । त्यसका विभिन्न तत्त्वहरूको पारस्परिक सम्बन्धको अध्ययन गरिनु पर्दछ । कुनै कृति या संस्थाको अध्ययन गर्दा अर्को कृति या संस्थासँग त्यसको सम्बन्धको विवेचना महत्त्वपूर्ण हुन्छ भन्ने धारणा राख्दै उनी विभिन्न प्रकारका सांस्कृतिक ढाँचाको आपसी सम्वन्धको खोजीबाट पूरै संस्कृतिको रूप अगाडि आउने धारणा राख्दछन् । यस क्रममा उनले संस्कृतिका तीन रूप र स्तरको चर्चा गरको छन् । पहिलो संस्कृति जीवन्त अनुभवका रूपमा रहन्छ । दोस्रो यसको रूप दस्तावेजी हुन्छ । कलाकृतिदेखि अन्य वस्तुका रूपमा प्रकट हुन्छ तथा तेस्रो रूप भनेको यी दुवै सम्वन्धबाट बन्छ जसलाई खास परम्पराको संस्कृति भनिन्छ । उनका विचारमा संस्कृतिको जुन दस्तावेजी रूप दार्शनिक र सिर्जनात्मक कृतिमा पाइन्छ त्यसमा मानवीय चिन्तन र अनुभवको अभिव्यक्ति हुन्छ । संस्कृति लेखिका दस्ताबाट ग्रहण गरिने विषयमात्र होइन यो समाजमा रहेको जीवन्त अनुभव हो (छेत्री, २०६४:४३) । विलियम्सले प्रभुत्वशाली र वैकल्पिक पिँढीका परम्पराहरूका साथै परम्पराको पुरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराको व्याख्या गरेका छन् ।

विलियम्सले बारम्बार अनुभूतिको समग्रतामा जोड दिएको छन् । टेरी गल्टनले विलिमसले अनभूतिको संस्कृतिको व्याख्याका क्रममा व्यक्त गरेका विचार र वर्डस्वर्थको संवेदनशीलयता र लोक उन्मूता सम्बन्धी संस्कृतिको व्याख्यामा धेरै हदसम्म समानता भएको तथ्यलाई औउल्याएका छन् । तसर्थ विलियम्सको अनभूतिको संरचनालाई अर्को शब्दमा संवदेनाको संरचनाभन्दा पनि फरक नपर्ने देखिन्छ । यसै गरी 'कल्चर एन्ड सोइसाइटी' नामक पुस्तकमा विलियम्सले आङ्ग्नो समुदाय पिँढीगत मान्यताको औचित्यलाई सिद्ध गर्न संस्कृति सम्बन्धी मार्क्सवादी सिद्धान्तको आलोचना पनि गरेका छन् । सविलियम्सले समुदायगत वा पिँढीगत पक्षलाई स्पष्ट पार्ने क्रममा तिनीहरूका बीचको

अर्न्तसम्वन्ध र तिनले एकै कालखण्डमा गर्ने भिन्न भिन्न अनुभूतिको संरचनामाथि जोड दिएका छन् । प्रकारान्तले यो समाज तथा संस्कृति सम्बन्धी सिद्धान्तको अवयको दोस्रो रूप हो ।

विलियम्सको अनभूतिको संरचना स्कुटानी समुदायको अनुभाववादवाट पनि प्रभावित छ । कुनै घटना वा तथ्यलाई लेखले कृतिमा अनुभववद्ध गरेका गरेका हुन्छत् । लेखको चेतना र प्रतिभा कृतिमा समावेश भएको हुन्छ । साहित्यकारले सामाजिक जीवनबाट घटना वा तथ्यहरू लिने भए तापनि घटना वा तथ्यहरूलाई यथावत नगरी वस्तु यथार्थलाई मानवीय संवेदना तथा अनुभूतिलाई पनि समायोजन गरेको हुन्छ (पाण्डेय, २००६:१७७) । साहित्यकारले प्रस्तुत गर्ने अनुभूतिको स्वरूप समाजको अनूभितबाट हुन्छ । यो मानिसको अचेतनको गतिशील प्रक्रिया हो । मानिसका एक काल विशेषको जीवन अनुभव पनि हो । यस्तो जीवन अनुभव समुदाय वा पिँढीगत अवस्थाबाट जन्मिन्छ ।

## २.२.२ प्रभुत्वशाली

पिँढी कुनै पनि समाजमा एक कालविशेषमा व्यवहार, मूल्य, अभिप्रायको प्रधान सांस्कृति स्वरूपको एक केन्दीय पद्धति सक्रिय हुन्छ जुन प्रमुख हुन्छ, प्रभुत्वशाली हुन्छ र प्रभावकारी हुन्छ । यो मूर्त, सङ्गठित हुन्छ र सामाजिक जीवनको प्रमुख हिस्साका रूपमा रहन्छ (विलियम्स्, सन् १९७३ : ९, घिमिरे, २०७६ : ४३) । प्रत्येक कालखण्डको समाजमा विद्यमान विभिन्न संस्कृतिको अवस्था रहन्छ । त्यसमा पनि पहिलो सर्वाधिक अस्तित्वशाली हुने भएको प्रभुत्वशाली पिँढीको संस्कृति रहेको हुन्छ । मूलधारको संस्कृतिगत अधिपत्यको पहिचानका निमित ग्राम्सीको प्रभुत्वसम्बन्धी अवधारणासँग धेरै नजिक छ ।

विलियम्सले समाजमा प्रभुत्वशाली पिँढीले आफ्नो संस्कृति, विचार अधीनस्त पिँढीमाथि दबाब दिएका हुन्छ । अधीनस्थ पिँढीले पनि प्रभुत्वशाली पिँढीको यो संस्कृतिलाई नजानिँदो किसिमले आफ्नो संस्कृति भनी ग्रहण गरिरहेको हुन्छ । विलियम्सले ग्राम्सीको प्रभुत्वको अवधारणाको सहयोग लिएर संस्कृति र साहित्यमा परम्पराका विभिन्न भूमिकाको विवेचना गरेका छन् । उनले समाजमा प्रभुत्वशालीसँगै उदयमान परम्परा पनि जोडिएर आउने कुराको चर्चा गरेका छन् (पाण्डेय, २०७३ : ३५) । प्रभुत्वशाली पिँढी समाजमा शासक समुदायका रूपमा रहन्छ । जसको संस्कृति समाजमा मुलधारका रूपमा रहेको हुन्छ । यसले आफ्नो मुल्य मान्यतालाई नै समाजमा स्थापित गराइरहन पहल गर्दछ । प्रभुत्वशाली पिँढी समाजमा आफ्नो प्रभुत्व देखाउँदा समाजमा दबाब र तनाबको अवस्था सिर्जना हुन्छ । समाजमा त्यसको प्रतिक्रिया स्वरूप विभिन्न क्रिया प्रतिक्रि उत्पन्न हुन्छ । जसका कारण उदीयमान पिँढी जन्म हुन सक्छ ।

## २.२.३ वैकल्पिक पिँढी

कुनै पनि जटिल सामाजिक व्यवस्थाभित्र मूल धारको संस्कृतिसँगै अर्थ र मूल्यको, विचार र प्रवृत्तिको, व्यवहार र अनुभवको अनि जगत्‌बोधको एउटा स्पष्ट विकल्प रहेको हुन्छ । पहिलो प्रधान स्वरूपको संस्कृतिको विकल्प बनेर रहेको त्यस दोस्रो प्रकारको

संस्कृतिलाई वैकल्पिक पिँढीले अवलम्ब गर्दछ । प्रधान संस्कृतिलाई सहन गर्ने र त्यसैमा समायोजन हुने त्यस पिँढीको मूल प्रवृत्ति हुन्छ तर पनि जुनसुकै यथार्थ समाजका सम्पूर्ण व्यवहारका क्षेत्र तथा विचारका प्रक्रियाका सम्बन्धमा वैकल्पिक पिँढीले आन्तरिक विरोध र परिवर्तनको चाहना भने सँगालिरहेको हुन्छ, यद्यपि मूल धारको सीमाभन्दा बाहिर ती अभिव्यक्त हुन पाउँदैनन् (विलियम्स्, सन् १९७३ : १०, घिमिरे २०७६ : ४४) यो दोस्रो प्रकारको वैकल्पित संस्कृति अधीनस्त स्वरूपको हुन्छ ।

एक कालको समुदाय विशेषको एक पिँढीको वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो (अझ तेस्रो) पिँढीको अघिल्लो पिँढीको प्रभुत्वका विकल्पमा आफ्नो अनूतिको संरचना निर्माण गर्छ । यस क्रममा दबाब र तनाबको सिर्जना हुन्छ र त्यसको समाधान स्वरूप दोस्रो (तेस्रो) पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । त्यहले नयाँ अनुभूतिको संरचना जन्माउँछ (पाण्डेय, २०७३ : ३५) । यो परम्परागत मान्यता भन्दा फरक नयाँ मान्यताका साथ आफ्नो उपस्थिति देखाउन खोज्दछन् । नयाँ अर्थ, नयाँ मूल्य, नयाँ व्यवहार, नयाँ सार्थकताको निरन्तर निर्मित तेस्रो प्रकारको उदीयमान पिँढीको समाधानतर्फ उन्मुखताको विशिष्टतालाई विरोधी पिँढी पछ्याउने प्रयासमै रहन्छ । पिँढीगत अन्तर्विरोधमा प्रकट हुने पारस्परिक प्रतिरोध चेत पनि अनुभूतिको संरचना निर्माणका आधार हुन सक्छ । वैकल्पिक पिँढीको लामो अन्तर विरोध र अनुभूतिका कारण उदीयमान पिंढी निर्माण हुन सहयोगि भूमिका खेलेको हुन्छ ।

## २.२.४ उदीयमान पिँढी

उदीयमान पिँढी भन्नाले मूर्त नभई सकेको पिँढीलाई बुझिन्छ । रेमण्डले समाज र मानवीय क्रियाकलापहरू आज जस्तो छ भोलि पनि त्यस्तै रहदैन । समाजमा भएको मानवीय क्रियाकलाप बीचको अन्तर सम्बन्ध ऐतिहासिक काल खण्डमा परिवर्तन हुँदै जान्छ । उनले प्रभुत्वशाली सांस्कृतिक समूहको अधिनस्थता स्वीकार नगरी त्यसका विकल्पमा नयाँ संस्कृति निमण गर्ने समुदायलाई तेस्रो पिँढी मानेका हुन् । जसले नयाँ किसिमको अनभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसको समाधानका रूपमा तेस्रो पिँढीले अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । उनले यसलाई समाधानतर्फ उन्मुख संस्कृतिका रूपमा व्याख्या गरेका छन् (पाण्डेय, २००६ : १८६) । यस किसिमको सांस्कृतिक समूहलाई नव उदीयमान वा वैकल्पिक पिँढीका रूपमा व्याख्या गरेका छन् । प्रभुत्वशाली पिँढीले आफ्नो प्रभुत्व देखाउन खोज्दा दबाब र तनाब उत्पन्न हुन्छ । त्यसको प्रतिक्रिस्वरूप विभिन्न रूपमा प्रतिक्रियाहरू उत्पन्न हुन्छ । पीडक र पीडा पाउने बीच निरन्तर सङ्घर्ष हुन्छ । यो विभिन्न रूपमा रहेको हुन्छ । सामाजिक बनोट, धर्म आस्था र विश्वास, संस्कृति र पम्पराका कारण तत्कालीन अवस्थामा विरोध गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । तरपनि निरन्तर सङ्घर्ष भई रहको हुन्छ । देखिने गरी विराध गर्न सक्ने उदीयमान पिँढी हुन्छ । उदीयमान पिँढी लासो समयको सङ्घर्षबाट निर्माण भएको हुन्छ ।

## २.३ मुलुकबाहिर उपन्यासमा अनुभूतिको संरचना

मुलुक बाहिर लैनसिंह बाङ्देलको सर्वप्रथम (२००४) सालमा प्रकाशित पहिलो उपन्यास हो । नेपालमा तत्कालीन समयमा एक तन्त्रीय प्रभुत्वशाली वर्गको जहानिया राणा शासन थियो । देशमा आर्थिक क्रियाकलाप नहुँदा नेपालीहरू काम र मामको खोजीमा भारत लगाएत अन्य मुलुकमा जान बाध्य थिए । नेपालीलाई नेपालमा मात्र नभएर नेपाल बाहिर पनि जीवन सहज थिएन । भारतका दार्जिलिङ, आसाम, टिस्टा, सिलुगडी लगायतका स्थानमा आरा चिर्ने, काठ ओसार्ने, कुल्ली र दरबानी गर्ने जस्ता काम गरेर जीवन गुजार्ने अवस्था थियो । जीवन धानकै लागि विश्व युद्धमा पनि नेपाली सामेल हुन पर्ने अवस्था थियो । उपन्यासमा दुई-चार पैसा कमाउन नेपालबाहिर जाने गरिब नेपालीहरूको चित्र छ ( गौतम, २०५६ : २००) । व्यक्तिगत जीवन भोगा र हासो खुसी भन्दा बाध्यतामा जीवन भोगनु पर्ने नेपालीहरू अनेकौं दबाव र तनावमा जीवन विताउन बाध्य थिए । भारतमा अङ्ग्रेजको उपनिवेश र पछि स्वतन्त्रको अवस्था थियो । भारत स्वतन्त्रपछि विकासका लहरहरू देखिएपनि नेपालमा कुनै प्रभाव परेको पाइदैन । भारतको राजनीतिक परिवरतले नेपालमा कुनै प्रभाव परेको देखिदैन । उनीहरूमा कुनै राजनैतिक, सामाजिक, आर्थिक चेतान देखिदैन । त्यसैले नेपालीहरू आफनो देश छोडेर अन्यत्र देशमा जान बाध्यता थियो । नेपाली जातिले नेपालमा मात्र होइन । नेपालवाहिर विदेशी भूमिमा पनि दुःखत जीवन विताउन बाध्य थिए । यिनै वास्तविक घटनालाई विषय बनाएर बाङ्देलले आफ्ना उपन्यासहरू लेखेका छन् । तिनै उपन्यासमा पात्रका भोगेका तबाव र तनाव जन्य अनुभूतिको अवस्थाको विश्लेषण गरिएको छ ।

### २.३.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना

*मुलुकबाहिर* उपन्यास वि.सं. २००४ सालमा प्रकाशित बाङ्गदेलको पहिलो उपन्यास हो । यो उपन्यासमा २००४ सालदेखि पूर्व लगभग ३०-३१ वर्ष अघिदेखिका घटना र विषयवस्तु समेटिएको छ । नेपालमा राणा शासनको अन्त्यतिरको नेपाली समाज र सन् १९१४ तिरको दार्जिलिङको समाजको यथार्थ चित्रण गरिएको छ । उपन्यासको समग्र समय भनेको नेपालमा चन्द्र, भीम, जुद्धशमसेरको शासनकाल (सन् १९०१-४५) तथा भारतमा अङ्ग्रेज शासनकालको पछिल्लो समय भएकाले उपन्यासका सामाजिक सन्दर्भहरू पनि त्यही समयको चेतनामा आधारित रहेका छन् (पौडेल, २०६८:१०८) । उपन्यासमा मूलतः दार्जिलिङ र अंशतः बर्मेली समाजको निम्नवर्गीय यथार्थलाई चित्रण गरिएको छ ।

तत्कालीन नेपालको राजनैतिक व्यवस्था एकतन्त्रीय जहानिया राणा शासकहरूको अधिनमा थियो । उनीहरूको अनुदार र निरङ्कुश राजनैतिक व्यवस्थाको रापले छटपटाएको तत्कालीन नेपाली समाज सुखी र सम्पन्न थिएन (प्रधान, २०७२ : २०२) । अशिक्षा, गरिबी, बेरोजगारी, जातीय विभेद, वर्गीय उत्पीडन, सामाजिक अन्धविश्वास र कुसंस्कारले समाज आक्रान्त भइरहेको थियो । त्यसैले, नेपालको तुलनामा केही विकसित र उद्योगधन्दा स्थापनातिर उन्मुख दार्जिलिङ क्षेत्रभित्र जीविकोपार्जन केही सहज र सरल हुने अनुमानका साथ आफ्नो जन्मस्थान र मुलुक छाडेर प्रवासिनु नेपालीका लागि एक किसिमको बाध्यताजस्तै थियो ।

मुलुकबाहिर उपन्यासमा तत्कालीन समाजका वास्तवीक घटनाहरू लेखनले आधुनिक नेपाली उपन्यासको विकासमा महत्त्वपूर्ण खेलेको छ । उपन्यासमा सामान्य मजदुरी गर्ने निम्न वर्गलाई प्राथमिकता दिइएको, अर्थ उपार्जनका लागि प्रवासिने नेपालीहरूको विवश जीवन, कठोर परिश्रम, बाँच्नलाई गरिएको प्रयास र सङ्घर्षको जिउँदो रूपलाई प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् (प्रधान, २०२५ : ३९४) । नेपालीहरूमा शिक्षा, दक्षता, ज्ञान, शीपको अभावमा ती ठाउँमा पनि कढा प्ररिश्रमका गाह्राका गर्नु पर्द थियो । नेपालीका श्रमको उचित मूल्याङ्कन हुदैन थियो । नेपालीहरू उपेक्षित भएर दोस्रो दर्जाका नागरिकका रूपमा बस्न पर्ने बाध्यता थियो ।

उपन्यासमा नेपालको पूर्वी पहाडबाट रोजगारीका लागि भारतका दार्जिलिङ, बर्मा, आसाम, टिस्टा आदि भूभागमा प्रवासिएका जाने वाध्यता थियो । हिउँद लागेपछि कति पहाड खण्डका मानिसहरू, कति तरुण-तरुनीहरू रमाउँदै हातेमालो गरी सिमाना काटेर मुगलान पस्थे (बाङ्देल, २०७७ : १) । आफ्ना बारीमा फलेका अन्नले वर्ष दिन खान नपुग्ने, र पहाडमा हिउँदमा काम नहुने भएकाले नुन, भुटुन, लुगाफाटाका लागि आर्थिक अभावले नेपालीहरू मुगलान पस्न बाध्य थियो ।

सोझासाझा र अशिक्षित विशेषतः ग्रार्मीण नेपालीहरू अदक्ष कामदारका रूपमा विदेशमा तल्लो स्तरको काम मात्र गर्ने अबसर पाएका छन् । खासगरी उनीहरूले रूख ढाल्ने, आरा चिर्ने, तख्ता ओसार्ने, दरबान बस्ने, भारी बोक्ने, खलाँसी बन्ने, कोइलाखानीमा काम गर्ने जस्ता कठोर शारीरिक परिश्रम पर्ने र थोरै बेतन पाइने निम्नस्तरका काममा संलग्न हुनु पर्ने बाध्यता छ । उनीहरूले आर्थिक संवृद्धि हासिल गर्न सकेका छैनन् । उनीहरूको जीवन दैनिक खान र लाउनका लागिमात्र कमाइ भएको छ । नेपालीहरू प्रवासमा बढो कठिनाइ पूर्वक जीवन विताउन परेको छ । उनीहरू मानसिक र शारीरिक दुबै रूपमा प्रताडी छन् । अशिक्षा, ज्ञान र चेतनाका अभावमा उपन्यासका बहुसंख्यक पात्रहरू इर्ष्या, संशय र पश्चातापी मानसिकताका कारण करूणीक जीवन विताउन बध्य छन् । वास्तवमा उपन्यासका घटनाहरूलाई अघिबढाउन पात्रको मानसिक धरातलले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस उपन्यासमा पनि उनीहरू काम र सामाजिक, संस्कृतिक जस्ता कुराले दवाब र तनावमा रहेका छन् ।

नेपाल र नेपाल बाहिर सङ्घर्षमय निम्नमध्यम वर्गिय जीवन बाँचेका नेपालीहरूका जीवन चित्र बाङ्देलले आफ्ना उपन्यासका माध्यबाट प्रस्तुत गरेका छन् । *मुलुकबाहिर* उपन्यासमा आर्थिक समस्याका कारण विदेशिन बाध्य प्रवासी नेपालीहरूले भोगेको जीवन, झेल्नुपरेका समस्या र त्यसभित्र पाइने सहयोग, सद्भावना, दया, माया एवं यदाकदा उब्जने मानवीय आवेगले गर्दा शिकार हुन पुगेका निरीह व्यक्तिको झलक प्रस्तुत गरेका छन् । निम्नवर्गका जनताहरू हातमुख जोर्ने समस्या बोकी मुलुक बाहिरिन्थे । यही समस्याहरूको चित्रण यस मुलुक बाहिर उपन्यासमा प्रस्तुत गरिएको छ । प्रत्येक वर्षको दशैंको हिउँद लागेपछि ४/५ महिना उत्पादनमूलक केही काम नहुने हुनाले र हिउँदभरि खाली नै बस्नु पर्ने हुनाले नेपालीहरू काम र मामको खोजीमा मुगलान जाने गरिन्थ्ये । मुगलानतिर नै परदेशिएका युवा युवतीहरू उतै जोडी बाँधिएर सानोतिनो ज्यालादारी, ठेक्कापट्टाको काम गरी गुजारा गर्ने गर्दछन् । यसै सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : टिस्टा-

पुलको अलि वर जङ्गलपट्टि दुई-तीनवटा डेराहरू छन् । जूनको घुमैलो टक ती डेराको धुरी-धुरीमा लागेको देखिन्छ । हावाले धुरीबाट निस्केको धूवाँलाई तेछ्र्याएर उतै मधेसतिर लाँदैछ (बाङ्देल, २०७७ : १८) ।

नेपालका खासगरी पहाडी भूमिमा बस्ने नेपालीहरूलाई आफ्नो खेतीबाट दुई छाक खान धौउधौउ पर्ने भएकाले उनीहरू कामका अन्यत्र काम खोज्न बाध्य छन् । नेपालमा रोजगारी नभएकाले उनीहरू नेपाल छोडेर विदेशी भूमिमा जानु परेको र विदेशमा पनि राम्रो काम नपाएको नेपालीको दुःखतपूर्ण अवस्थाको चित्र माथिको सन्दर्भ उल्लेख भएको छ ।

उपन्यासमा नेपालीहरू नेपालमा हिउँदमा फूसर्त हुदाँ काम र मामको खोजिमा भारतलगाएत अन्य देशमा जाने प्रचन अनुसार उपन्यासमा रनेको सन्दर्भमा एक हिउँद रने पनि आफ्ना तरुण-तरुनी साथीहरूका साथ टिस्टातिर गयो । रनेसँगै  म्याउची पनि गएकी थिइ । रने बढी गफ गर्न सक्ने अरुलाई हँसाउन सक्ने स्वभावको थिए । ऊ त्यहाँ जङ्गलमा ठूला-ठूला रूख छानेर ढाल, आरा धरान बनाऊ, आरा काट, तख्ता झिक, बिम बटम तयार पार, तिनलाई ओसार जस्ता काम गर्द थियो । रने र म्याउची नेपाल देश छोडेर विदेशी भूमिमा काम गर्ने जार्ने प्रतिनिधि पात्र हुन् । उनीहरूले विदेशी भूमिमा रूख काट्ने, भारी बोक्ने जस्ता गह्रा र कठिन काम गर्नु पर्ने बाध्यता प्रस्तुत गरिएको छ । नेपालीहरू नेपालमा मात्र नभएर विदेशमा पनि दुःख र पीडामा वस्नु पर्ने बाध्यता प्रस्तुत भएको छ ।

म्याउचीका बारे उपन्यासमा म्याउची भर्खर अठार वर्ष पुगेकी थिई । त्यसको लाम्चो अनुहार, भरिलो छाती, गम्भीर आँखा र राता-राता दुई लाञ्चो ओठले नारी-यौवनको सम्पूर्ण विकास भएको बुझाउँथे । त्यसको जीउडाल पनि खूब मिलेको थियो । अति राम्री पनि थिई । मुगलान आएर दोरलिङ हेर्ने त्यसलाई कत्रो ठूलो रहर ! पहाडदेखि मुगलानसम्म वनैवन हिँडेर आउनुपर्ने, त्यतिका दिनको बाटो त्यसलाई केही जस्तो लागेन । थकान र हिँडाइले पनि त्यसलाई गालेन । कति पहाड, वन र जँघार तर्दै उनीहरू सुकेबजार, त्यसपछि घूम स्टेसन भएर दार्जिलिङ्ग आइपुगे । मुगलानका ठूला-ठूला घर र चिल्ला सडकहरू देख्ता म्याउची आनन्दले गद्गद भई । जीवनमा आफूले नदेखेका कुराहरू- रेल र मोटर देख्ता त्यो छक्कै गरी । रनेले पनि आफूले जाने-सुनेका सबै ठाउँ त्यसलाई डुलायो - दार्जिलिङ्ग सहर देखायो, रमितामा लग्यो- गुन्द्रीबजारको कुनाकाप्चा सकै चहाऱ्यो । म्याउची, अरुण खोलाको वारिपारि पातलको जङ्गलमा गाईवस्तु चराउँदै गोठमा गोठाला-गोठाल्नीहरूका संसर्गमा जीवन बिताउने, अब मुगलान पसेर दार्जिलिङका रेल, मोटर, घर, देख्ता बरा छक्कै पर्नु स्वभाविक कुरो हो । राति सहरमा चारैतिर बिजुली बत्ती बलेको देख्ता म्याउचीले आफूले इन्द्रपुरीको विषयमा सुनेका कुरा सम्झी (बाङ्देल, २०७७ : ४) ।

माथिको प्रशंगमा नेपालमा विकासको लहर नछाएको अविकसित अवस्तामा रहेको भारतमा भने विकासका काम सुरु भएको प्रशंग प्रस्तुत भएको छ । नेपालमा कुनै विकास नभएको र विकासका लागि एकतन्त्रीय राणा शासन भएकाले कुनै सम्भावन थिएन । नेपालीहरू शिक्षा, स्वास्थ्य सुविधा पाउनुत कताहो कता खान बस्नको सुविधा पनि नभएको दुःखपूर्ण अवस्था प्रस्तुत भएको छ ।

म्याउची किशोरावस्थामा विपरित लिङ्गीप्रति आकर्षण हुनु स्वभाविकै हो । रनेलाई उसले विचारै नगरी सम्पूर्ण जिउज्यान अर्पण गरेकी छ । रनेसँग तीन रात मेलामा हराएर अन्त्यमा विवाह गरेकी छ । रनेका दुर्गुणहरूको वास्ता नगरी र रनेसँगको सम्बन्धले भविष्यमा आउन सक्ने सम्भावित चुनौतीहरूलाई आँकलन नगरी सम्बन्ध गाँस्नुलाई उमेरजन्य कमजोरीका रूपमा मात्रै हेर्न मिल्दैन । यसलाई उसले प्राप्त गरेको घरेलु वातावरण, उसको शिक्षा र चेतनाको स्तरसँग जोडेर हेर्नु उपयुक्त हुन्छ । ऊ अशिक्षित भएकाले यौन, प्रेम र वैवाहिक सम्बन्ध जस्ता विषयहरूको गाम्भीर्यका बारेमा उसलाई खासै जानकारी छैन । यसरी एकातिर अपरिपक्व उमेर र अर्कातिर अशिक्षा तथा न्यून चेतनास्तरका चापमा परेर उसले गरेको निर्णयले ऊ आफैको जीवनलाई गम्भीर मोडमा पुऱ्याइ दिएको छ । अन्त्यमा उसले रनेको सन्काहा र आवेगीपनको सिकार बनेर दुःखत मृत्युवरण गरेकी छ ।

रने पनि चौबीस-पच्चीस वर्ष पुगेको, न अग्लो न अग्लो न पुड्को गहुँगोरो वर्णको थियो । त्यसका काला-काला आँखामा सबैलाई मन पर्ने ज्योति थियो । त्यसका अघिल्तिर दुइटा दाँत भने खप्टिएकाक थिए- तर हाँस्दाखेरि भने त्यसका खप्टिएका सेता दाँत एक प्रकारले राम्रै देखिन्थे । गीत गाउनु, गफ गर्नु, हाँस्नु यिनैद्वारा त्यसको जीवन परिपूर्ण थियो । मान्छे अरूसित मिल्न सक्ने थियो, त्यसैले सबै साथीहरूसित मिल्थ्यो । रने अलि रिसाहा-रिसाहा पनि थियो । रिस उठेको बेलामा झडङग रिसाइहाले तापनि फेरि एक छिनपछि राम्रै बोल्थ्यो, राम्रै हाँस्थ्यो, स्वास्नीमानिसहरूका अघिल्तिर नानावलीका कुरा गरेर उनीहरूलाई छक्क पार्थ्यो । सबै त्यसलाई मन पराउँथे । तन्नेरी थियो- त्यसका नसामा नवयौवनको उष्ण रगत बग्थ्यो (बाङ्देल, २०७७ : ६) । त्यसका यिनै गुणमा मुग्ध भएर म्याउची रनेलाई मनपराउँथी, माया गर्थी । ती दुई सँगै हिँड्थे, सँगै काम गर्थे । साथीहरूका आँखा छलेर ती दुई एकान्तमा गएर गुनगुन गरिरहन्थे । त्यो तरुनी नारीको रूप माधुर्य र नारी हृदयको स्नेह रनेले पनि थाहा पाउँदै गयो । त्यसको तरुण हृदयलाई विस्तार-विस्तार नारीको कोमल स्नेहले तान्दै लग्यो । ती दुईका हृदयमा जतिजति प्रेमले गहिरो जरा हाल्दै लग्यो उति प्रेमले दुवैलाई मुग्ध पादै लग्यो (बाङ्देल, २०७७ : ७) । रेन र म्याउची विवाह गरे । रने र म्याउचीको सम्बन्ध राम्रैसँग चलिरहेको थियो । एक रात रेन डेराबाट निस्केर जङ्गलतिर लाग्यो । रने पछिपछि म्याउची पनि हिडी जुनेली रात थियो । रातको गम्भीर निस्तब्धता त्यो वन शून्य-चकमन्न थियो । रातको शून्यतामा केवल टिस्टा नदी मात्रै अविश्रान्त गतिले बगिरहेको थियो । लामो समयसम्म बोलचाल नभएको म्याउचीसँग रनेले -"आज तँ के भनेर वर डेरामा आइस ? मैले ता केही नराम्रो कुरा गरेको थिएन । सानो कुरामा तँ ता कक्कासि रिसाएर डेरादेखि निस्केर आइछस् (बाङ्देल, २०७७ : २४) म्याउचीले केही जवाफ नदिइ हिडिरहिन । प्रस्तुत सन्दर्भमा चढ्दो उमेरको रने शिक्षा ज्ञानको कम भएको व्यक्तिगत चरित्रको पात्रका रूपमा उपन्यासमा उल्लेख गरिएको छ । परम्परित नेपाली समाजमा पुरुषले आफ्नो प्रभाव देखान खोज्दछन् । रनेमा पनि त्यस्तो प्रवृत्ति देखिन्छ । जस्का कारण म्याउचीले पीडा भोग्नु परेको छ ।

रनेले म्याउचीमाथि अनआवश्यक शङ्का गर्नु गल्ती थियो । उसको कुराले म्याउचीलाई आघात पुराएको थियो । उपन्यासको सर्न्दभमा रनेले आफ्नो पुरुषोत्व देखाउँदै अझै- होइन... उई ठट्टा हो, साँच्ची हो... माहिला भूजेलको कुराले पो तँ ता एक्कसि

त्यसरी रिसाएकी होलिस् ! पर डेरामा पनि तँ ता माहिला भुजेलसितै टाँसिएर बसेकी थिइस् ! ... कि माहिला भुजेलसित...(बाङ्देल, २०७७ : २३) रनेको यस कुराले म्याउची साह्रै रिसाइन । आफूलाई रनेले अनआवश्यक यसरी दोष लगाउँदा हिँडनै छोडिन । रनेले अनेकतरले सम्झायो, फकायो उनी अटेर गरेर बसिरहिन । रने पनि जवान रिसाहा थियो । त्यहाँ उनीहरूलाई सम्झाउने अन्य कोही थिएनन् । म्याउचीलाई परपुरुषसँगको बात आफ्नै श्रीमान रनेले लगाउँदा खपि नस्कुको पीडा भएको छ ।

यसै सन्दर्भमा उपन्यसमा रेनले अनेकौ तरिकाले फकाएर या धमकाएर म्याउचीलाई डेरामा लान कोसिस गर्छ । उनले आफ्नो पुरुष हैकम देखाउँदै भन्छन् -"हिँड् छिटो, नत्र पानीमुनि फालिदिउँला अनि थाहा पाउलिस... ।" (बाङ्देल, २०७७ : २३) रनेले मानसिकरूपमा र शरीरिक रूपमा म्याउचीलाई अनेकौं दबाब दियो । म्याउची उसका कुराले डर र भयले रनेसगँ केहि भन्न सकिन्न । केवल चुपलागेर बाटोको छेउमा एउटा रूखमा समाइ उभिरहिन । उनको आँखामा असङ्ख्य विषाद र विमर्षका छायाहरू दगुर्न थाल्यो । रातिको समयमा डरलाग्दो जङ्गल एकलै रहदा उनमा डर र भयले चुप लागेर केबल उनी उभिरहिन । रने झन म्याउचीदेखि रिसायो । रने रिस र आवेगमा थियो । उस समालिन सक्ने अवस्थामा थिएन । रनेले तत्कालीन आवेग रोक्न सकेन (जोशी ,२०२१ : २७) चढ्दो उमेरको रने रिस पनि कडा थियो । परदेशको ठाउँ त्यसमा पनि राति जङ्गलमा म्याउचीको मानसिक र शारीरिक अवस्था कस्तो थियो होला ? नायिका पात्र म्याउचीको चरम पीडाका अवस्था प्रस्तुत भएको छ ।

रने सामान्य नेपालीहरूको प्रतिधि पात्र भएपनि प्रस्तुत अवस्थामा असामान्य रूपमा प्रस्तुत भएको छ । एक अवला नारीमाथि आफ्नो पुरुषत्व प्रभुत्व देखाएको छ । ऊ सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुगेको छ र उसले -"रिसको आवेगमा त्यसले आफ्नै ओठ टोकिरहेको थियो । हठात् त्यसको मनमा के आयो । त्यसले आफ्नो पटुकामा घुसारेर राखेको उही सेतो रुमाल झिक्यो र बलजफ्ती त्यसका दुवै हात बाँधिदियो । म्याउचीले रुमाल फुकाउन अनेक चेष्टा गरी- छटपटाई-चिच्याई, तर पुरुषको बलियो हातको अधिल्तिर त्यसको केही लागेन...। रनेले म्याउचीलाई जुरुक्क उठायो अनि यताउति हेरेर डिलमुन्तिर सऱ्यो र तलतिर हेरेर म्याउचीलाई तल पानीमा फ्याँकिदियो !!" (बाङ्देल, २०७७ : २५) । रने बलियो बाङ्गो, रिसाह स्वभावको थियो । उसले निरपराध म्याउचीमाथि गरिम्भर अपराधको छ (गौतम, २०५६ : २००) । यो उसले गरेको गम्भीर अपराध हो । सामान्यतः मिलनसार तर चौपट्टै झोक्की स्वभाव र आवेग प्रधान जनजातीय स्वभाव रनेको महत्त्वपूर्ण विशेषता बनेको छ (आचार्य, २०५८ : १०३) । यसरी आफ्नै दुर्गुणहरूका कारण उसले आफ्नो सुन्दर पारिवारिक जीवन समाप्त गरेको छ र यसका साथै आफूलाई पनि आत्महत्याको भयानक सिकार बनाएको छ । उसका धेरै राम्रा र सकारात्मक गुणहरू भएर पनि तिनलाई थोरै दुर्गुणहरूले ओझेलमा पारि दिएकाले उसको समग्र व्यक्तित्व नकारात्मक देखिन पुगेको छ । जीवनभर म्याउचीमाथि गरेको अपराधले उसको जीवन सुखद बन्न सकेको छैन । ऊ अनेकौं किसिमका पीडाजन्य अनुभूतिमा जीवन विताउन बाध्य भएको छ । जीवनको अन्त्यतिर आएर उसले आफ्नो गल्तीलाई स्वीकारी पश्चात्ताप महसुस गर्दै आत्मालोचित भएको छ ।

प्रस्तुत उपन्यासमा सामान्य मजदुरी गर्ने निम्न वर्गलाई प्राथमिकता दिइएको छ । प्रवासिने नेपालीहरूको विवश जीवन, कठोर परिश्रम, बाँच्नलाई गरिएको प्रयास सङ्घर्षको जिउँदो रूपलाई प्रस्तुत गरिएको छ (प्रधान,२०२५ : ५६) । नेपाली बाध्यता र विवस्ताले सन् १९१४ सालमा विदेशी मुलुकमा सिपाहीका रूपमा काम गर्न गएका थिए । युद्धमा जाने कयौं नेपालीहरूको मृत्यु भयो । कर्णबहादुर राना र कुलवीर थापा जस्ताले भिक्टोरिया क्रस पाए (बाङ्देल, २०७७ : ३०) । नेपालीहरू कति घाइते भए घाइते मध्ये दलबहादुर पनि घाइते भयो । रनेले दलबहादुरलाई खोज्दै आयो । दलबहादुर खुशी हुदै भने -"ईः म ता यस्तो विपत्मा पो परेँ... अभागीलाई जहाँ गए पनि... उही रहेछ, होइन त ? साँच्ची... दाइ, आज यति दिनपछि तिमीलाई देख्दा साह्रै खुसी लाग्यो, साह्रै खुसी लाग्यो, साह्रै.." ( बाङ्देल, २०७७ : ३३) । दलबहादुर र रनबहादुर चार वर्षपछि दार्जिलिङ् फर्केर दलबहादुर चार वर्षपछि फर्के आएकोमा सबैलाई खुशी लाग्यो । दलबहादुरलाई आमाले भेट भएपछि - "चार वर्षपछि ! आमाले माया मारेको छोरालाई पाइन् र छोराले पनि मृत्युको मुखदेखि बाँचेर आएपछि आज आमासित फेरि भेट गर्न पायो । तर बूढी आमाको मातृ-हृदयमा कति वात्सल्य प्रेम थियो - हृदयको अव्यक्त रोदनमा छोराका निम्ति कति स्नेह, कति ममता थियो ।" (बाङ्देल, २०७७ : ४०) गाउँमा दलबहादुरको मृत्यु भैसकेको खबरले मर्माहीत भएकी आमाले छोरोलाई चार वर्षपछि भेटदा धेरै खुशी भइन । रनबहादुर पनि दलबहादुरका घरमै बस्यो ।

माइला भुजेलले मसिनीसँग विवाह गरेर दार्जिलिङ् आएका थिए । उनीहरूले रनबहादुरलाई भेटे उनीहरू पनि दलबहादुरकै घरमा बस्न थाले । एक दिन मसिनीले दिदीको सम्झना गर्दै के दिदी एकै दिनको मुटुको व्यथाले भन्दा रनबहादुरको अनुहार कालो निलो भयो । उसले आफूले गरेको गलतिको महशुस गऱ्यो । माइला भुजेलले रनबहादुर र म्याउची लामो समयसम्म कसैलाई थानभएकाले गाउँलेहरूले अनेकौ शङ्का गरेका कुरा रनबहादुरलाई बताए । माइला भुजेलले पनि म्याउचीका विभिन्न कुराहरू गर्दा उनलाई झनै चोट पऱ्यो । उनी आफू भित्रको पीढा खप्न गाह्रो भएर एक दिन कटुसको रूखमा झुडी मरे । मसिनीले भनि- "उः हेर ! दिदीको खाँडीको पटुका ! त्यही पटुकाले भिनाज्यूले पासो लाएछन् - बबुरा !" (बाङ्देल, २०७७ : ६७) रने हत्याको पीडा र आत्मा गल्यानीले आफनै जीवनपनि सकेको छ । रनेको मृत्युले रनेलाई मात्र होइन उसका परिवारमा पनि पीडा भएको छ । परदेशको ठाउँमा गरिबीका चक्रमा फसेका आफन्त  अर्को कष्टमा पर्ने बाध्य भएका छन् ।

माइला भुजेल र मसिनीको जीवन दलबहादुरका घरमा गाईवस्तुपाले दुध बेचेर राम्रौ चलेको हुन्छ । माइला भुजेलले सेर्पा बुढाले दुःख पाएभनेर घरमा दुध बेचने काममा लगाउँछ । काछा राईलाई पनि काम नपाएकाले घरमा राख्छ । एक दिन सेर्पा बुढाले माइला भुजेललाई काछा राईसँग मसिनी नराम्रो सम्बन्ध भएको कुरा लगाएपछि उनीहरूका बीच झगडा हुन्छ । नेपाली समाजमा पुरुषले महिलालाई दबावमा राख्ने, महिलाको कुरा नसुन्ने पुरुषको हैक प्रवृत्ति यहाँ प्रस्तुत भएको छ । त्यसै कारण मसिनीले दुःख पाउनु परेको छ । माइला भुजेलले दुःख दिने नियत नभएपनि उनको सोझोपन र आफूले पुरुषत्वको घमण्डले गर्दा आफूले र श्रीमती मसिनीले दुःख पाउनु परेको छ ।

माइला भुजे परिदेशको ठाउँ भएपनि आफ्नो पुरुषत्वको उसमा घमण्ड देखिन्छ । ऊले रिसले चुरमा आफ्नो श्रीमतीसँग सानो कुरामा पनि आफ्नो हैकम नारीप्रति देखाउँछ ऊ भन्दछ -"के कुरा हो, तैले बुझिनस् ? तिमी दुई जनाको गाउँ-छिमेकमा त हल्ला चलिसकेको छ ....?" (बाङ्देल, २०७७ : १११) ऊ रिसले थरथर कामिरहेको थियो । उसले लामो लामो सास तान्दै अझै मुठी बाँधेर मसिनीलाई गाली गऱ्यो । ऊ घर छोडेर गऱ्यो । उसको पछिसम्म केही पत्तो लागेन । मसिनीले चिन्ता गरिन तर माइला भुजेल घर सम्झेर आएन । माइला भुजेल आफ्नो गल्ती महशुस गरी पीडा र छट्पटिका कारण घर छोडेर दुःखपूर्ण जीवन विताएको छ । ऊ त्यो ठाउँ छोडी सिलिगुडी, कलकत्ता हुँदै बर्मा पुग्दछ । पहिले जाँड रक्सी र जुवा तासदेखि नखेल्ने र नखाने माहिला भुजेल बर्मा पुगेपछि खेल्ने र खाने गलत लतमा पर्छ । माइला भुजेल दाजर्लीङ पुनः फकेर छोरी रूपा भेटछ । छोरी रूपाबाट मसिनीको बारेमा थाहाँ पाउँ आफूले छोरी भनेर चिने पनि रूपालाई भन्दैन । माइला भुजेल पश्यतापमा पर्छ । उसमा मानसिक पीडा हुन्छ । ऊ अन्तमा छोरी रूपालाई पनि नभनी आत्महत्या गर्दछ । माहिला भुजेलको मृत्यु भएबाट उपन्यासको कथानकको अन्त्य हुन्छ । उपन्यासको कथान सबै पात्रको दुःखत अवस्था चित्र गरिएको छ ।

*मुलुकबाहिर* उपन्यासमा पहिलो पटक सामाजिक यथार्थवादको प्रवेश गरेको छ । नेपालीहरू दालभातको निम्ति सङ्घर्ष गर्नेहरूको सजीव चित्रण गरिएको कुरा उल्लेख गरेका छन् । उनले यसमा स्थानीय रङको प्रयोग गरिएको प्राकृतिक दृश्यावलीहरूको सुन्दर चित्रण गरिएको समाजका तल्लो वर्गका बहु-सङ्ख्यक नेपालीहरूको हाँसो-रोदन, दुःख-सुख र उकाली ओरालीहरूलाई प्रयोग गरिएको जीवनको व्यापक निराशालाई प्रस्तुत गरिएको नेपाली समाजका परमारा, रीतिरिवाज, धर्म, संस्कृति, अन्धविश्वास चाडवाड आदिको चित्रण छ (श्रेष्ठ,२०६३ : १७२) ।

प्रस्तुत उपन्यासमा मुलुकबाहिर बस्ने प्रवासी नेपालीका सामाजिक, आर्थिक, संस्कृतिक, भाषा जस्ता समग्र पक्षका चित्रात्मक प्रस्तुति छ । वास्तविक घटना र विषयवस्तुले जोकोही पाठक वा श्रोतालाई आफै उपन्यासका पात्रका रूपमा आफूलाई ठानेर अनुभूत गर्ने सक्छन् । लेखकले पात्रप्रति पूर्ण न्याय गरेर भाषा प्रस्तुतिलाई जीवन्त दिएका छन् । विलियम्सको धारण अनुसार उपन्यासका पात्रले गरेको मानसिक हाँसो-रोदन, दुःख-सुख र जीवनका आरोह-अवरोह सजीव चित्रण प्रस्तुति भएको छ । उपन्यसका सबै प्रात्रहरूका आफ्नै किसिमका अनुभूति र अनुभव रहेको छ । ती कुराहरू श्रोता पाठकहरूले अनुभूत गर्न सक्छन् ।

### २.३.२ वर्ग, समुदाय या पिँढी

मुलुक बाहिर उपन्यासमा प्रवासी सामाजिक जीवनका विभिन्न क्षेत्रमा सङ्घर्षरत नेपाली जातिका जीवन भोगाइका विविध पक्षहरूलाई चित्रण गरिएको छ । यी सबै पात्रहरू निम्न वर्गीय परिवेशका छन् । उपन्यासका पात्रहरूको बौद्धिक स्तर निकै निम्न छ । तिनीहरूको विवेकशक्ति प्रगतिमूलक विचारतत्वद्वाराभन्दा समाजको परम्परागत संस्कारद्वारा सञ्चालित भएको छ (श्रेष्ठ, २०६३ : १८०) । यो उपन्यास नेपालका पूर्वी पहाडका विभिन्न ठाउँबाट हिउँदको समयमा भारतका विभिन्न सहरहरूमा गएका पात्रहरूको जीवनलाई

विषय बनाएको छ । उपन्यासका पात्रहरू रिस, राग, अहम्, गरिबी, जटिलता र जीवनका अन्त्यसँग विशेष सम्बन्ध राख्ने कृति यथार्थवादबाट अनुप्राणित छ । नेपालीहरू प्रवासमा बसोबास गर्ने ज्यामी, कुल्ली, गोठाला र सेनामा भर्ती हुने पात्रहरूको जीवनको यथार्थ वक्ताबाट प्रस्तुत भएको छ (दाहाल, २०५८ : १४४) । यस उपन्यासका प्रमुख पात्रहरूमा रने, म्याउची, माइला भुजेल र मसिनी रहेका छन् भने दलबहादुर सहायक पात्रका रूपमा उपस्थित भएको छ । कान्छा राई, सेर्बा बूढा लगायतका अन्य पात्रहरू गौण भूमिकामा रहेका छन् । रनेजस्तो मिलनसार तर रिसाहा, माहिला भुजेलजस्तो परिश्रमी तर अविवेकी, सेर्वा बूढाजस्तो ईष्यालु, खालिङ बूढाजस्तो परिपक्क, बूढी आमा र दलबाहादुरजस्तो आदर्श, म्याउचीजस्ती मुखाली र हठी अनि मसिनीजस्ती हसिली र सोझी सबै पात्रपात्राहरू स्वभाविक छन् ।

रने उपन्यासमा नायक हो । उपन्यासमा ‘रने नामले पनि चिनाइएको गहुँगोरो, ठिक्कको शरीर र चौबीस-पच्चीस वर्ष पुगेको गीत गाउनु, हाँस्नु, अरूसित सजिलै मिल्न सक्ने गुण थियो । ऊ ठटचौलो र सहयोगी अनि फरासिलो र टाठोबाठो भएकाले भएकाले प्रत्येक वर्ष उसका पछि लागेर धेरै युवाहरू मुग्लान झर्छन् (बराल र एटम २०५८ : १८३) । ऊ मन परेका बेला सबैसँग मिल्न सक्ने तर मन नमिल्दा सामान्य कुरामा पनि निहुँ खोज्ने स्वभावको थियो रने अलि रिसाहा-रिसाहा पनि थियो । रिस उठेको बेलामा झङङ्ग रिसाइहाले तापनि फेरि एक छिनपछि राम्रै बोल्थ्यो, राम्रै हाँस्थ्यो” (बाङ्देल, २०७७ : ६) । उसको त्यही रिसाहा स्वभावका कारण उपन्यासका घटना र उपघटनाहरू अगाडि बढी उपन्यास उत्कर्षमा पुगेको छ । ऊ म्याउचीसँग प्रमे गरेर पछि उसैसित विवाह गरेको छ । म्याउची अरुसँग बोल्दा र हाँस्दा पनि ऊ नचाहिदो शङ्का गर्दछ । यही शङ्काका कारण म्याउचीलाई टिष्टा खोलामा घचेडेर मारेको छ । यस सन्दर्भमा “रनेले म्याउचीलाई जुरूक्क उठायो अनि यताउति हेरेर डिलमुन्तिर सऱ्यो र तलतिर हेरेर म्याउचीलाई तल पानीमा फ्याँकिदियो !! (बाङ्देल, २०७७ : २५) ” । उसले यो कुरा कसैलाई पनि नभने पनि ऊ आफै अपराध बोध गरी आन्तरिक र बाहिरी दुबै किसिमको दबाव र तनावमा छ । आफूले हत्या गरेका ग्लयानी भएको रने सन् १९१४ को प्रथम विश्वयुद्धमा सामेल भए छ ।

गरीबी र मानसिक समस्यामा परेको रनेले कसैलाई दोष दिन सकेको छैन । म्याउचीका अगाडि पुरुषत्व देखाएपनि ऊ प्रभुत्वशाली वर्गमा पर्दैन । ऊ केवल आफ्ना रिस, वाध्यता परिवेशका कारण दोष बनेको छ । देशमा प्रभुत्वशाली राणा शासक र सामन्ती शासन व्यवस्थाको विरोध गर्ने सकेको छैन । गरिबी र अभावका कारण देश छोडको छ । प्रवासमा पनि दैनिक समस्या टार्न कठिनाइ पूर्वक काम गर्ने परेको छ । काम गरे पनि कामको उचित मूल्यको पाएको छैन । थोरै पारिश्रमीकमा पनि गाह्रा र अप्ठयारा काम गर्ने ऊ विवस छ । स्वदेश तथा विदेशमा प्रभुत्वशाली समुदायको पिँढामा परेको नेपालीहरूको प्रतिनिधि पात्र हो । समग्रमा ऊ अन्याय र अत्याचारको विरोध गर्न नसक्ने, परम्परा रीति-संस्कृति अपनाउने पुरुष सत्ताका प्रतिनिधि मुलुकबाहिर रहेका नेपालीहरूका प्रतिनिधि पात्र हो ।

म्याउची उपन्यासकी नायिका हो । ऊ रनेसँगै पूर्वी पहाडबाट कामको खोजीमा मुगलान पसेकी छ । त्यही उसको विवाह रनबहादुरसँग हुन्छ । म्याउची अत्यन्त सिधासाधा,

अपठित, निश्छल, निष्कलङ्क र पवित्र स्वभाव भएकी स्त्री पात्र हो । यी सकारात्मक गुणहरू हुँदाहुँदै पनि उसमा रिसाहापन, घमण्डी, विवेकहीन, अशिक्षा र चेतनाको न्यूनता जस्ता दुर्गुणहरू रहेका छन् । जसका कारण उसले रनेको सन्काहा र आवेगीपनको सिकार बनेर असामयिक र अप्रत्यासित दुखत मृत्युवरण गर्नु परेको देखिन्छ । म्याउची सरल, सोझी, इमानदार, अशिक्षित, दृढ इच्छाशक्ति भएकी, आफ्नो प्रेममा विश्वास गर्ने निश्छल, निष्कपट, चरित्र भएकी नेपाली जातिकी नारी पात्रका रूपमा रहेकी छ । स्वदेशमा राणकालीन प्रभुत्वशाली पिँढीको शासन भएकाले देशमा परिवर्त र सुखद भविष्य नदेखिपछि ऊ पनि नेपाल छोडेर भारतमा पुगेकी छ । भारतमा पनि उनले राम्रो काम गर्न पाएकी छैन । ऊ रनेका रूप सौन्दर्य र स्वभावका कारण सहज रूपमा रनेको प्रेममा परेकी छ । उसमा पनि रनेको जस्तै रिस र आवेग जस्ता वैगुनता छ । रनेको पुरुषत्वको हटि स्वभावका कारण उसका कुरा नमादा रनेले टिष्टा खोलामा घचेडेर मारको छ । ऊ नेपाली धर्म, संस्कृतिमा हुर्के नारी पात्र भएकाले आफ्नो श्रीमानको विरोध गर्ने सकेकि छैन । म्याउची सोझी सिधा नेपाली मध्यवर्गीय परिवारको अधीनस्थ समुदायको प्रतिनिधि गर्ने पात्र हो ।

माइला भुजेल रनेजस्तै पूर्वी पहाडबाट काम र मामको खोजीमा मुगलान पसेको प्रवासी नेपाली हो । ऊ अत्यन्तै मिहिनेती, परिश्रमी र आफ्नै पाखुराका भरमा बाँच्न चाहने स्वाभिमानी नेपाली हो । ऊ उत्साही, जोसजाँगर र दृढ विचार भएको पात्र हो । उसमा रनबहादुरका जस्तै चारित्रिक कमजोरीहरू पाइन्छन् । रनेमा जस्तै उसलाई पनि ईर्ष्या, शङ्का र क्रोध जस्ता दुर्गुणहरूले गाँजेको छ । ऊ अर्काको भनाइलाई विचार नगरी तुरुन्तै विश्वास गरिहाल्ने चरित्रका रूपमा देखा पर्दछ । उसमा वास्तविकतालाई बुझ्ने र कोसिस गर्ने विवेकको कमी छ । सेर्बा बूढाले भनेकै भरमा र एकान्तमा कान्छा राईसित कुराकानी गरेको देखेकै भरमा उसले मसिनीजस्ती इमानदार स्वास्नीलाई पिटेर घरबाट निकाल्छ, जसबाट ऊ समझको कमी भएको पात्रका रूपमा देखिन्छ । बर्मामा पुगेर रक्सीको लतमा चुर्लुम्म डुबेर उसले आफ्नो पहिलेको इमानदार चरित्रलाई क्रमशः स्खलित बनाउँदै लगेको छ । ऊ घर छाडेपछि सिलुगढी, कलकत्ता हुँदै बर्मा पुगेको छ तापनि उसको मानसिकतामा आफ्नो घर परिवार र जन्मस्थलकाप्रतिको माया ममता र स्मरण कायमै देखिन्छ । यही स्मरणका खातिर ऊ सिलुगढीको स्टेसनसम्म आइ पुगेको छ र छोरी रूपाको अगाध स्नेहबाट आह्लादित बनेको छ । छोरीका कुराबाट आफ्नो गल्ती भएको थाहा पाएपछि दबाब र तनावमा छ । उसले अन्त्यमो आफ्नो अपराधलाई स्वीकार्दै मृत्युवरण गरेको छ । माइला भुजेल नेपाली परम्परा धर्म-संस्कृति मान्ने पुरुष पात्र हो । उसले आफ्नो श्रीमतीका लागि प्रभुत्वशाली पिँढी हो । तर अरूका लागि मध्यवर्गीय निर्या केही प्रतिवाद गर्न नसक्ने अधीनस्थ समुदायको प्रतिनिधि गर्ने पात्र हो ।

मसिनी यस उपन्यासकी अर्की प्रमुख नारी चरित्र हो । सोझी, सरल र पवित्र हृदय भएकी नारी पात्रका रूपमा मसिनीलाई उभ्याइएको छ । उपन्यासमा उसलाई म्याउचीकी बहिनी र माइला भुजेलकी एक विवाहिता पत्नीका रूपमा प्रस्तुत गरिएको छ (बराल र एटम २०५८ : १८५) । उसको शारीरिक रूपरेखा दिदी म्याउचीका जस्तै छ । उसको विवाहा माहिला भुजेलसँग हुन्छ । माहिला भुजेलले अर्काको कुरा सुनेर रिसको झोँकमा पिटेर घर छोडेर हिँडेदेखि मसिनीको जीवनमा दुःखका बादलहरूले घेर्न थालेको पाइन्छ ।

मसिनीको स्वभाव सबैसँग मिल्ने र सहनशील रहेको छ । आफ्नो पतिले त्यसरी छोडेर हिँड्दा पनि ऊ दलबहादुर, उसकी पत्नी र आमासँग मिलेर बसेकी छ । यसबाट पनि मसिनी साह्रै सहनशील र धीर थिई भन्ने कुरा पुष्टि हुन्छ । मसिनी मध्यवर्गीय परिवारको अधीनस्थ समुदायको प्रतिनिधि गर्ने पात्र हो ।

दलबहादुर मुलुकबाहिर उपन्यासका दुई भिन्न कथानकलाई जोड्ने सेतुका रूपमा आएको पात्र हो । ऊ सहयोगी र अर्काको दुःख बुझेर काम गर्ने उपन्यासको आदर्श पात्रका रूपमा देखिन्छ । नेपाली दार्जिलिङ पशुपालन गरेर बसेको व्यक्ति हो । ऊ पछि पनि रनेसँगै सन् १९१४ को प्रथम विश्वयुद्धमा सामेल भएको छ । ऊ गोर्खा राइफलको तर्फबाट बगदादको मोर्चामा लड्दा घाइते बन्छ । यस क्रममा उसलाई रनबहादुरले ठूलो सहयोग पुऱ्याएको छ । ऊ रनबहादुरले घाइते हुँदा गरेको सहयोगबाट कृतज्ञ भएर रनेलाई आफ्नो घरमा आश्रय दिन्छ । आफू आर्थिक विपन्नताले पिँढामा भएपनि अरूलाई सहयोग गर्दछ ( बराल र एटम २०५८ : १८५) । ऊ परिस्थिति र आर्थिक अवस्थाका कारण केही गर्न सकेको छैन । बरु हातमुख जोडनाकै लागि पशुपालन व्यवसायदेखि सेनामा भर्ना समेत भएको छ । त्यसैले ऊ अधीनस्थ समुदायको प्रतिनिधित्व गदर्छ ।

काछा राई पनि काम र मामको खोजीमा नेपालको पूर्वी पहाडबाट मुगलान भासिएको नेपाली हो । ऊ भर्खरको जवान र अविवाहित रहेको छ । कान्छा राई जवान र अविवाहित मात्र होइन, स्त्रीलम्पट पनि भएको कुरा उपन्यासमा देखाइएको छ । ऊ माइला भुजेलकी स्वास्नी मसिनीसँग मसकेर घन्टौ कुरा गर्ने खराब बानीले ऊ काम बाट निकालिनु परेको छ । उसले सेर्पा बूढाले लगाएको आरोप झुटा हो भन्न सकेको छैन । ऊ गरिबी र आर्थिक अभावले निर्यपात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ । उसैका कारण भुजेलको सुन्दर दाम्पत्य पारिवारिक जीवन एकाएक तहसनहस भएको छ ।

सेर्बा बूढा नेपाली प्रवासि नेपाली हो । यसरी सेर्बामा छुल्याहापन, ईर्ष्या गर्ने, घमण्ड र अस्थिर स्वभाव रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । यिनै अवगुणहरूका कारण उसको आर्थिक अवस्था पनि कमजोर रहेको देखिन्छ । पेसाको नाममा मुलतः एक हल गोरुको गाडा चलाउनुबाहेक उसको अन्य स्थायी पेसा देखिँदैन । उसको जाँडरक्सी खाने खराब आदत पनि रहेको छ । ऊ रक्सी खाएर मातेपछि झगडा गर्ने, होहल्ला गरेर छिमेकीलाई सताउँछ : “बूढाले आजकल औंधी जाँडरक्सी खान्छ भनेर धेरैले कुरा गर्छन् ... यो उमेरसम्म बूढाले गाउँ-घर डुल्ने तास खेल्ने बानी छाडेको छैन । रक्सी खाएरमातेकाबेलामाबूढो झगडागर्नअघि सर्छ” (बाङदेल; २०७७ : ९५) । यसरी ऊ उमेरले अस्वभाविक देखिने काममा पनि संलग्न देखिन्छ । उसले जाँडरक्सी खाने, जुवातास खेल्ने, चुक्ली लगाउने, ईर्ष्या गर्ने, उद्योग नगर्ने जस्ता दुर्गुणहरूलाई आत्मसात गर्नाले बुढेसकालमा अत्यन्त कष्टकर जीवन बिताउनु परेको छ । सामाजिक इज्जत र प्रतिष्ठाको कत्ति पनि ख्याल नगर्ने सेर्बाले आफूलाई मात्र होइन; स्वास्नीलाई समेत दुःख दिएको छ । आफूनै खराव स्वभावको र गरिबीको दुशचक्रमा गरेको पात्र हो ।

मुलुक बाहिर उपन्यासका यी प्रमुख भूमिकामा देखिएका पात्रहरू बाहेक रूपा, बूढी आमै, कर्णबहादुर, दलबहादुरकी स्वास्नी, दलबहादुरको छोरा लगायतका गौण भूमिकामा देखिएका पात्रहरू रहेका छन् । यी सबैजसो पात्रहरू नेपाली प्रजातीय पृष्ठभूमिकै रहेका छन्

। भारतका विभिन्न क्षेत्रहरूमा कर्मशील जीवन बिताइरहेका यी पात्रहरूले नेपाली परम्परा, रीतिरिवाज, वेषभूषा, बोलीचाली र संस्कारलाई कुनै न कुनै रूपले अवलम्बन गरिरहेका छन् । फरक परिवेशमा बाँचेका भए तापनि यिनीहरूले वंशानुक्रमका रूपमा प्राप्त गरेका नेपाली जातिका पुर्ख्यौली गुणहरू प्रदर्शन गरि रहेका छन् ।

मुलुक बाहिर उपन्यासका यी प्रमुख भूमिकामा देखिएका पात्रहरू बाहेक दलबहादुर, कान्छा राई, सेर्बा बूढा, रूपा, बूढी आमै, कर्णबहादुर, दलबहादुरकी स्वास्नी, दलबहादुरको छोरा लगायतका पात्रहरू रहेका छन् । बाङ्गदेलले *मुलुक बाहिर*बाट नेपाली उपन्यास यथार्थवादमा सुरुवात भएको हो । बाङ्देलले प्रस्तुत गरेको यथार्थवादको आधार श्रमजीवी र निम्न वर्गीय प्रवासी नेपालीहरूको जनजीवनको चित्रण रहेको विचार व्यक्त गरेका छन् ( राई, २०३१ : ६४) । उनीहरू प्रवासमा राम्रो काम पाएका छैनन् । उनीहरूको आर्थिक अवस्था कम्जोर छ । आर्थिक र सामाजिक दुबै कारण उनीहरू दबाव र तनावमा बाचेका छन् । यी सबैजसो पात्रहरू तत्कालीन प्रभुत्वशाली शासक वर्गको विरोध गर्न सकेका छैन । परिस्थिति र बाध्यताको शिकार बन्न पुगेका छन् । उनीहरूले कुनै प्रतिवाद गर्न सकेका छैनन् । अन्याय सहने बरु आफ्नो जीवन समाप्त गर्ने स्वपीडक पात्रहरू छन् । उनीहरूमा उदयमान पिँढी लक्षण देखिदैन । बहुसख्यक पात्र अधीनस्थ समुदायका प्रतिनिधि गर्दछन् ।

## २.४ माइतघर उपन्यासमा अनुभूतिको संरचना

माइतघर लैनसिंह बाङ्देलको वि.सं २००८ सालमा प्रकाशित दोस्रो औपन्यासिक कृति हो । विश्वयुद्धकालीन समयमा प्रबासिएका नेपालीहरू फौजमा भर्ती भई युद्धमा जाने र युद्धको समाप्तिसँगै दाजिलिङ् र यसको आसपासका क्षेत्रमा बस्ने गरेको यथार्थलाई यस उपन्यासले प्रस्तुतत गरेको छ । हिन्दू धर्म र संस्कारलाई अङ्गीकार गर्ने यी पात्रहरू आर्थिक रूपमा जर्जर नदेखिए पनि निम्नमध्यम आर्थिक अवस्थाका देखिन्छन् । रूढिग्रस्त सामाजिक संस्कारले भित्रयाएको कारुणिक पक्षलाई यस उपन्यासका पात्रहरू सामाजिक लान्छनालाई नाघेर अगाडि बढ्न सक्दैनन् । कसरी सामाजिक संस्कारले व्यक्तिमा के-कस्तो अन्यौल र पीडा जन्माउँछ भन्ने तथ्यालाई यस उपन्यासमा प्रयोगका रूपमा हेरिएको छ ।

माइतघर उपन्यासको मुख्य समस्या नारी वेदना हो भने अन्य समस्याहरूमा रुढिपरम्परा, अन्धविश्वास, आर्थिक, बहुविवाह, मनोवैज्ञानिक समस्याजस्ता घटनाहरूलाई आफ्नो उपन्यासमा कच्चा पदार्थका रूपमा टिपेका छन् । यी वाङदेलले प्रस्तुत गरेका यी समस्याहरू नेपाली सामाजिक जीवनकै समस्याहरू हो । वाङ्देलको उपन्यास माइतघरमा यथार्थवादभित्र नारी संवेदनाका कुरालाई उत्खनन गरिएको छ । पुरुषप्रधान तथा रूढिग्रस्त अन्धविश्वासी समाजले नारीमाथि गरेको अप्रत्यक्ष अन्यायलाई यस उपन्यासले चित्रण गरेको छ । अशिक्षा र अन्धविश्वासका कारण नारीहरूले भोग्नुपर्ने दुःख-पिँढालाई केन्द्रीय कथ्य बनाई लेखिएको यो उपन्यासले कारुणिक वातावरणमा विश्राम लिएको छ । सामाजिक यथार्थलाई पूर्ण र विश्वासिलो रूपमा प्रस्तुत गर्नलाई उपन्यासका पात्रहरूको मानसिकतालाई पनि उद्घाटन गर्नुपर्ने हुन्छ त्यसैले माइघर उपन्यासका प्रमुख पात्रको मनोलोकको उद्घटन यहाँ गरिएको छ ।

### २.४.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना

सामाजिक विषयलाई विषयवस्तु बनाइएको माइतघर उपन्यास सामाजिक यर्थाथवादी उपन्यास हो । उपन्यासका प्रमुख र केन्द्रीय पात्र पुरुष पात्र हरि र महिला पात्र सानी हुन् । हरि र सानीका बाबा आमा काम र मामको खोजीमा नेपाल देश छोडेर भारत राजवाडी गाउँमा छिमेकीका रूपमा जीवन विताएका हुन्छन् । उपन्यासमा नारीजीवनको व्यथा र करुण आदर्शलाई सफलतापूर्वक चित्रिण गरेको सानी नेपाली छोरीबेटीहरूको प्रतिनिधित्व गर्छे । ती नेपाली बहिनीहरूको जुन अशिक्षा र सामाजिक क्रुर परम्पराको दाह्राले उनलाई पिल्सिएको छ । मातघर चेलीका लागि होइन छोडेर जानुपर्छ (रेग्मी, २०५०:१४५) । नेपाली समाजिक परम्परा, धर्म, संस्कृतिक, चालचलका कारणमा उपन्यसका पात्रले विरोध गर्न नसक्नाले दुःखद जीवन विताउन वाध्य छन् ।

उपन्यासको सुरुवात बिहानको कलिलो घाममा सुवेदार बलवीर खड्का हिन्दी उपन्यास पढ्न लाएको प्रसङ्गबाट सुरु हुन्छ । हरि र सानी परेवालाई जिस्काइरहेका हुन्छन् । उनीहरू सानै भएकाले परेवा हिर्काउँदा परेवा घाइते या मोर्छ भन्ने कुरा बुझ्दैनन् । हरिले परेवालाई ताकेर हान्यो । परेवाको शिरमा लागेछ, त्यो फटफटाउन थाल्यो ।" हरि सानी जस्ता साना बालबालीकाले परेवासँग जिस्कदा परेवालाई चोटलाग्छ भन्ने थाहाहुदैन उनीहरू परेवासँग जिस्कदा जिस्कदै परेवालाई चोट लागेपछि सुवेदारबलवीरलाई असयभै पुस्तकबाट आफ्नो ध्यान हटाएर गाह्रो मान्दै सुवेदारले हपारे -'के चलन गर्दै छस् हरि ।' अनि फेरि आँगनमा फटफटाइरहेको सेतो परेवालाई देखेर -'आहो ! त्यो के गरेको हँ ? कस्तो उपद्रो ! लौ, हेर लौ ! त्यसले त परेवालाई ... !' (बाङ्देल, २०७७:२) सुविदारले हरिलाई कुट्न झम्टे तर हरि भागे सानीलाई समातेर - "सानी ! अबदेखि परेवा हान्छेस् कि हान्दिनस् ।" सानी बोलिन हेर्दाहेर्दै सानीका आँखा आँसुले डबडब भए । पुरुष र ठूलाका आगडि सानी केही बोल्न सक्दीनन् । नेपाली समाजमा ठूलो उमेरकाले सानालाई हेप्ने प्रवृत्ति छ । त्यसमाथि सुवेदार पुरुष पात्र त्यसको हेपाइ सानीले सानै उमेरमा खप्नु परेको छ ।

उनी हरिको लैलैमा लागेर मात्र परेवालाई धपान सहयोग गरेकि थिइन । हरिका बुबा सुबेदार बलवीर खड्काले सानीलाई कान समादा सानीले निकै पीढाको महशुस गरेकी थिइ । उनलाई सुबेदार्नीले सोधा -"हरि दाज्यूले फित्कौली बनाएर परेवा हान्न लागेको थियो अनि बडा आएर... मेरो कान ... ।" सानीमा सुबेदारको भयले भन्न सकेकी थिइन । यतिमात्र भन्दा पनि पुनः सुबेदारले -"के रे के ? बडाले के गऱ्यो रे ? पोल लाउँछेस् बाठी ! अब आफ्नो घर जा अनि तेरी आमालाई पनि त्यसै भन् र पोल हाल् त बाठी...(बाङ्देल, २०७७:४) उपन्यासमा सुरुबाट नै पुरुष वर्ग हैकम देखिन्छ । सानीले सानै उमेरदेखि नै अनेकौं तडपाइ र पीडामा बस्नु परेको पाइन्छ ।

सुबेदार्नी नेपाली परम्परागत नेपाली महिलाको प्रतिधित्व गर्दछिन् । उनीले छोरीको चाहा थियो उनले छोरी पाउने ठूलो रहर थियो । उनले छोरी पाउन -"महाकाल बाबालाई छोरीका निम्ति भाकल गरिन, सूर्य देवतालाई छोरीकै निम्ति भाकल गरिन्, सूर्य देवतालाई छोरीकै निम्ति भाकल गरी आइतबारे व्रत लिइन् । तर नारी-अन्तरभित्र लुकेको मातृत्वमा

जुन ठूलो तृष्णा थियो यो नमेटिँदा जिन्दगीको तहमा आकाङ्क्षा र तृष्णाले अझ झन् हाहाकार मच्चाए । अनि दिन, महिना, वर्ष जति-जति बित्दै गयो, आशाको चर्खामा उमेरको डोरो पनि झन्-झन् खिरिलो बाटिँदै गयो, अनि झन् तृष्णाले अन्तर सुक्दै गयो ।" (बाङ्देल, २०७७:७) त्यसैले उनले सानीलाई छोरी जस्तै माया गर्द थिइन । छोरीको इच्छा पुरा गर्ने उनले सानीलाई छोरीका रूपमा हेरिन र सानीलाई हुँकाइन । सुबेदार्नी पनि सुबेदारको पुरुषत्वको हैकमवादी प्रवृत्तिको विरोध गर्ने सकेकी थिइनन् । सानीलाई सुबेदारले गाली गर्दा पनि कुनै प्रतिवाद गर्ने सकिनन् । उनले नै परिवार समाजका अगाडि बुढो सुबेदारसँग विवाह गरेकी छिन् । उपन्यासमा प्रस्तुत गरिएको समाज पितृसत्तात्मक देखिन्छ ।

उपन्यसमा नेपाली धार्मीक र सामाजिक संस्कृति प्रस्तुत गर्ने क्रममा वजयादशमी, तिहार, तिज जस्ता भिन्न चार्डपर्वको चित्रण गरिएको छ । वजयादशमीमा आफूभन्दा ठूलाबाट टीका र आर्शिवाद थाप्ने चलन अनुसार सानी सुबेदारले आफूप्रति नराम्रो वचन लाएपनि सानी विजयादशमीका दिन टीका लाउन सुबेदार्नी काहाँ जान्छिन् । सानीलाई सुबेदा र सुबेदार्नीले टीका लगाइ हुन्छ । सानीलाई छोरीलाई जस्तै माया गरेर सुबेदानीले हुकाएकी थिइन । हरि र सानी पनि बालसखाका रूपमा उनीहरूका जीवन चलिरहेको थियो । सुबेदारको पनि कठा स्वभाव भएपनि सानीलाई माया गर्नु हुन्थ्यो । परदेशका ठाउँमा हरि र सानीका दुई परिवार छिमेकी भएपनि एउटै परिवार जस्तो थियो । समय विदै गए एक दिन अकास्मात सानी र सानीकी आमा रत्ना हरिका घरमा विदा माग्न आए । उनीहरू अब नेपालको इलाममा नै बस्ने सानूका बाबाले व्यस्था गरेकाले त्यही जाने भन्दा सुबेदानीका हृद्य शुन्य उनलाई नरमाइलो गाग्यो । दुबै परिवार एकै परिवार जस्तो भएर बसेको छोडेर जान गाह्रो भयो । तरपनि सानीका परिवार बसाई सरेर नेपाल आए । नेपालमा बसेको केही समयमा सानीको बुबाको मृत्युपछि सानीको परिवार ठूलो आर्थिक सङ्कटमा पर्छ । सानी र आमा रत्ना बरु पुनः हरिकै घरमा आश्रय लिने विचार गरि १३ वर्षपछि राजवाडी गाउँमा आउँछन् । उनीहरू हरिकै घरमा बस्छन् । एक दिन सानीले माटाको प्याला राख्दा भाचिए । आमाले उनलाई गालि गर्दा सानीलाई नराम्रोसँग चोट लाग्यो । उनी रातभरि रोइन । आमा रत्नाले फकाउन खोज्दा सानी - "किन आमा ? मेरो भाग्य नफुटेको भए म टुहुरी हुने थिएँ ? त्यसैले त म अभागिनी भइनँ र आमा ? सानैमा बाबुलाई नहराएको भए आज मेरो के यही अपस्था हुने थियो ?" सानीले आमाको कुराबाट चित दुखाई यो बचन भनेका सुनेर आमाको कलेजोमा तीखो काँडा रोपेजस्तो भयो । उनी सारै पीडामा परिन । यसरी सानो कुरामा पनि सानी चित दुखाउँथिन् । सानी सानो सानो कुरामा पनि चित्त दुःखाउने बानी थियो ।

सानी हुर्की बढेकीले आफ्नो जीउ छदैमा सानीको विवाह सुबेदार्नी गरि दिन मन लाग्छ । सुबेदार्नीले सानीको आमा रत्नसँग सल्लाह गर्द छिन् । हरिले सानी विवाह गर्नलाई साध्दा सानीले - "हरि दाज्यू, मैले केही बिराएँ त ? यो घरमा मैले केही बिराम गरजस्तो ता लाग्दैन । मैले केही बिराम गरेको भए पनि, मेरो केही दोष भए पनि मलाई माफी दिनुपर्छ, तर बिहा भने गर्दिनँ । हरि दाज्यू, मलाई बिहे गर्ने इच्छा छैन । अर्काको घरमा, नचिनेको जहानमा गएर म बस्न सक्दिनै । म यहीँ बस्छु, जन्मभर म यही घरमा बस्छु...।" (बाङ्देल, २०७७:४०) सानीमा विवाह गरेर पराइ गर जान मन छैन । उनी हरिसँग नै

विवाह गर्ने चाहन्छिन् । हाम्रो सामाजिक परम्परा र बनोटले गर्दा उनीहरू एक आफसमा विवाह गर्ने सक्दैनन् । परम्परा समाज, धर्म संस्कृति भन्दा भन्दै दुबै आफ्ना चाहलाई त्यागन पर्ने परिवन्धमा हरि र सानी दुबै परेका छन् । सानीको विवाहका कुराले सानीलाई मात्र होइन हरिलाई पनि आघत पारेको छ । हरि -“सानू, किन रुन्छचौ ? आफ्नो भाग्यमा जस्तो छ उस्तै हुनुपर्छ, सबैले भोग्नैपर्छ ...।” (बाङ्देल, २०७७:३९) हरिले पनि सामाजको विद्रो गर्न नसकेर स्वपीढनमा तडपिनु परेको छ ।

सानी हरिलाई आफ्नो पीडा अभिव्यक्त गदै भदछिन्- “यो जन्ममा तपाईको छेउमा बस्न पाएँ, ऊ जन्ममा पनि तपाईको छेउमा बस्न पाऊँ । हरि दाज्यू, आजैसम्म तपाईको छेउमा बस्न पाउँछु, भोलिपर्सिदेखि ता अर्को घरमा ! आहो, को-को नचिनेको मान्छेसित बोल्नपर्छ, बस्नुपर्छ, खानुपर्छ । छिः, मलाई ता सम्झँदा पनि नराम्रो लागेर आउँछ (बाङ्देल, २०७७:३९) । सानीले आफ्नो प्रेम भाव र हरिप्रतिको माया प्रकट गर्दा पनि हरिले स्वीकार गर्न नसकेकाले सानी ठूलो पीडामा परेकी छिन् । सानी अझ भन्छिन्- “हरि दाज्यू, मेरो चौरासी लाखो जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस्... अर्को जन्ममा तपाईसित मेरो भेट हुन्छ कि हुन्न ? अर्को जन्ममा पनि तपाईले मलाई उही सानी हो भनेर चिन्न सक्नुन्छ...?” (बाङ्देल, २०७७:४८) सानीका कुराले हरिको मुटुमा गाँठो पऱ्यो । उनी सिकार भाग्दाभाग्दै सिकारीको बाण लागेर आघात भएजस्तो मनैमन असह्य व्यथा अनुभव गरिरह्यो उनले आफ्नो बुरबलता थाहापाए तरपनि उनी केही गर्न नसक्ने निर्य भएर दाजु बहिनीको सम्बन्ध तोडन सकेन्न । यसरी हरि र सानी पीढामा रहेपनि परम्परा र समाजका अघि उनीहरू घुडा टेक्न बाध्य भएका छन् ।

सानीको विवाहपछिको घरमा राम्रो सम्बन्ध भएन । सानीलाई घरपरिवारले हेला र तृरष्कार सहनु पऱ्यो । विवाह भएपछिको पहिलो दशैंमा पनि सानीको श्रीमान आएनन् । केही समयपछि सानीकी आमा विरामी परिन । सानीले आमालाई हेर्न आउँदा पनि उनका श्रीमान आएनन् । सानीको जीउ सुकेर सिन्कोजस्तो भइसकेको, नाकको डडाँलो र गालागालामा चायासमेत बसिसकेको अनि जीउमा पनि मैलो, फेरुवा गुनिउँचोली र मजेत्रो पनि झोम्रो थियो । सानी जीवन बाच्नु र मर्नुको दोसाधमा बाच्नु पर्ने बाध्यता थियो । पोइले सौता हालेपछि स्वास्नीमानिसको जीवन कस्तो हुन्छ ? पोइले सौता हालेपछि विवाहिता आइमाईको जीवनमा दूध पनि विष हुन्छ, औषधी पनि मृत्यु हुन्छ । यसैले त्यसलाई आजन्म रुवाएर आँसुको सागरमा डुबाउँछ, अनि कसैलाई छिटै मृत्युको मुखमा पनि पुऱ्याउँछ (बाङ्देल, २०७७:६५) । सानीको जीवन मोरनुकी बाँच्नुको दोधार बाढो कठीपूर्ण जीवन विताउन बाध्य भएकी छिन् ।

सानीलाई माइतघरमा सधै बसेर साध्य हुँदैन । घर पाठाइदिने कुरा गर्दा सानी - “आमा ! अहिले यो भुइँ फाटेर ठूलो चिरा हुन सक्ने भए त म पनि यही पृथिवीभित्र पसेर विलीन हुने थिएँ, म पनि तिम्रै काखमा फेरि आश्रय लिने थिएँ... ।” सानीलाई स्वानीमानिस भएर जन्मनु उनलाई धिकार लाग्यो । सानी -“हे धरती आमा ! अब अर्को जन्ममा त म लोग्नेमानिस भएर जन्मूँ । मलाई आइमाईको जन्म लिएर फेरि आउनु नपरोस ।” (बाङ्देल, २०७७:८०) सानीलाई संसारमा बाच्नै मन लागेन उनी घरबाट जूनेलीरात बाहिर हिडी अनेकौं सोची पुनः घर आएर उनी आफ्नो विवाह गरेको घर जाने निर्णय गरिन । उनले-“

के त संसारमा आफूलाई कतै आश्रय मिलेन ? आफू समाजका निम्ति कलङ्किनी, दुनियाँका निम्ति आँखाको कसिँगर, धर्मका निम्ति पनि पापिनी अनि पृथिवीका निम्ति पनि ठूलो भार भई । अनि आफ्ना निम्ति पनि बाँचिरहन कष्टमय भयो ।" (बाङ्देल, २०७७:८३) उनलाई आफ्नो जीवन कष्टमय लाग्यो । उनी संघर्ष गरेर बाच्ने र आफ्नो घरमा जानी निर्णय गरिन पुरुष प्रधान नेपाली समाजमा उनले पुरुषत्वको विरोध गर्ने सकिन्न । उनी आफु पुरुष भएर जन्मन नपाएकोले पश्याता गर्दै रुँदै पुनः नारी भएर जन्मन नपरोस् भन्दै माइतघरबाट बिदा भई आफ्नो विवाह गरको घर गइन ।

प्रस्तुत सन्दर्भमा नेपाली समाजमा पुरुषको भूमिका देखाएको छ । सानीले अर्को जुनि हुने भए आफू पुरुष भए जन्मन चाहेकी छिन् । नेपाली पुरुषप्रधान समाजमा हरिले पनि आफ्नो पुरुषत्व देखाएको समाज, धर्म, संस्कृति र परम्पराको विरोध गर्ने सकेको छैन । बरु सानीलाई साथ नदिई आफ्नो पुरुषत्वको शक्ति देखाएको छ । यहाँ हरि परम्पराको विरोध गर्ने उदीयमान पिँढीका रूपमा उदाउन सकेको छैन । त्यसैले ऊ पनि बाबु सुबेदार जस्तै सानीका लागि प्रभुत्वशाली पिँढीका रूपमा प्रस्तुत भएको छ ।

अनुभूतिको संरचनाले कृतिभित्र प्रयुक्त सामाजिक अवस्थिति एवम् कृतिकारले प्रयोग गरेका पात्रहरू तथा ती पात्रहरूको मनोविज्ञानलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको हुन्छ । लेखकले समाजमा देखेका घटनालाई प्रस्तुत गर्ने क्रममा आएका पात्रहरूको यथास्थिति एवम् ती पात्रहरूको मनोविज्ञान र अन्तर्द्वन्द्वजस्ता विषयलाई अनुभूतिको संरचनाभित्र खोजिएको हुन्छ । उपन्यासमा तत्कालीन समयका सामाजिक बनोट, सामाजिक संस्कार, रीति, परम्परालाई छाडेर विद्रह गर्न सकेका छैन्न । परिस्थिति जन्य अवस्थाको दास भएका छन् ।

थोरै पात्र र सानो विषय र घटनालाई उपन्यसमा प्रस्तुत भएपनि पात्रको आन्तरिक पक्षलाई केलाउन सफल भएको छ । एकातिर परम्परागत नेपाली समाज र ती समाजले परम्परा देखि अपनाउँदै आएका रीति, संस्कृति, चालचलन जुन आम नेपाली अभिन्न अङ्ग बनेको छ । त्यस्ता परम्परालाई नेपालीहरूले जस्ताका तस्तै अपनाउँदै आएका छन् । तिनलाई छोडना सकेका छैनन् । हरि र सानीका परिवारले पनि त्यसै अनुसार चल्नाले उनीहरूको जीवन दुःखमय भइएको छ । हरिले सानी अपनाउन नसक्नुले उनीहरू दुबै घरजम राम्रो हुन सकेको छन् । हरि सानीलाई दुःख पर्दा साथ दिन सकेको छैन । सानीले आफूप्रति सौता हल्दा पनि केही प्रतिकार गर्न सकेकि छनै । उपन्यासका दुबै नायक-नायिक पात्र अर्थात् हरि र सानी शारीरिक र मानसिक दुबै रूपमा पीडामा छन् । यसो हुनुमा उनीहरूका आन्तरिक पक्ष मात्र नभएर वाह्य सामाजिक पक्ष पनि प्रमुख रहेको छ । दुबैले परम्पराग नेपाली समाजको विरोध गर्ने सकेका छैनन् । हरिले आफूले मन पराकी सानीसँग विवाह गर्न सकेका छैनन् । बाबुका मृत्यु पछि आफ्नो र सानीको परिवार पाले समाजको अनेकौं दबाव र तनावमा हरि बाच्न बाध्य छन् । अर्को तिर समाजको विरोध गर्ने नसक्ने हरि परम्परागत समाज अनुसार हिडेकाले उनी सानीलाई विवाह गर्ने बाध्य गराउने व्यक्ति बानेका छन् । सानीलाई घरमा श्रीमानले सौताहाल्दा माइतघर समझेर हरिका घरमा आउँदा पनि उनलाई आश्रय दिन नसकेकाले उनी प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्दछन् । हरिकै कारण सानी दबाव र तनावमा पर्नु परेको छ ।

### २.३.२ वर्ग, समुदाय या पिँढी

माइतघर उपन्यासमा प्रवासमा रहेका नेपालीहरूका सामाजिक जीवनको यथार्थ चित्रण गरिएको छ । दार्जिलिङको राजवाडी गाउँमा बस्ने हरि र सानीका परिवारका मार्फत सिङ्गो नेपाली समाजको सामाजिक परिवेशको चित्रण प्रस्तुत भएको छ । उनीहरू नेपाली संस्कार, धर्म, संस्कृति, रूढीवादी परम्परा मान्ने सोझा सिधा नेपालीका प्रतिनिधि पात्र हुन् (दाहाल, २०५८:२६२) । उपन्यासमा केवल वाह्य सामाजिक वातावरणको मात्र चित्रण नभएर हरि र सानीका मनोलाकको रहस्य उद्घाटन गरिएको छ ।

हरि र सानी राजवाडी गाउँमा सुरुमा एउटा असल छिमेकीका रूपमा प्रस्तुत भएका हुन्छन् । सानी हरिका घरमा आउने सँगै खेल्ने उनीहरूमा प्रस्तत बालशुलभताहरू देखिन्छ । बालककालमा परेवालाई हिकाउन हुन्न भन्ने थाहाँ नहुँदा हरिलाई परेवालाई हान्न ढुङ्गा दिएको र हरिले परेवालाई हानेको प्रसङ्ग उपन्यासमा उल्लेख भएको पाइन्छ । हरिले - एउटा सेतो परेवा अर्को छिरबिरे रङ्गको परेवावरिपरि घुम्दै नाच देखाइरहेथ्यो । हरिले त्यही परेवालाई ताकेर हान्यो । परेवाको शिरमा लागेछ, त्यो फटफटाउन थाल्यो (बाङ्देल, २०७७:२) । हरि र सानी दुबैलाई बचपनका कारण परेवालाई फित्कौलीले चोट लाग्छ भन्ने कुरा बेभ्रेका छैन्न । उनीहरू सानै उमेरदेखि नै आत्मीय प्रगाढ प्रेम रहेको छ । सानीका परिवार इलाम गरएपछि उनीहरूका बिच १३ वर्षसम्म भेटघाट नभएको प्रसङ्ग उल्लेख भएको छ । नेपालमा सानीका बुबा वितेपछि सानी र सानीकी आमा रत्ना पृनः राजवाडी गाउँमा आएर हरिकै घरमा बसेका छन् । हरि र सानी दुबै युवा अवस्थामा प्रवेश गरेका छन् । हरिको बुबाको पनि मृत्यु भएकाले घर परिवारको जिम्मा हरिकै काधमा अएको छ । ऊ आफ्नो पढाइ पुरा गर्ने चाहे पनि उसले पुरा गर्न सहेको छैन । ऊ जीवन चलाउनका लागि जागिर खानु पर्ने बध्यता उसलाई छ ।

सानी हरिको घरमा बस्ता उनीहरूका बिचमा प्रेम स्फुरण हुँदै जान्छ । एक दिन सानी बिरामी हुन्छे । हरिले डाक्टर बोलाउँछ, बिरामी सानीको सेवा गर्छ । सानीलाई हरपल नछोडी कुनै अपठ्यारो परिस्थिति आउन दिदैन । सानीलाई सन्चो भएपछि लक्ष्मीपूजाको दिन उनीहरू दार्जिलिङ सहरको झिलिमिली हेर्न जान्छन् । उनीहरू भित्रभित्रै एक-अर्काप्रति समर्पित हुँदै जान्छन्, तर उनीहरूको यो समर्पण, सद्भाव र प्रेमको विरूद्ध समाजको आडम्बरी रीतिरिवाज बाधक बन्दछ । उनीहरू यो सामाजिक परम्परा तोडन सक्दैन्न ।

सुबेदार्नीले एक दिन सानीको विवाह गरिदिने कुरा गरिन । सानीकी आमा रत्नले पनि सहमति भइन । हरिले आफ्नो अन्तसकरणमा सजाएर राखेको सानीलाई विवाह गरेर पठाउने भन्ने हरिका लागि अपरिकर्पनाको कुरा थियो । नेपाली सामाजिक परम्परा आमाहरूका कुराका अघि हरिले आफनो निर्णय हरिले गर्न सकेन । सानीको विवाह निश्चित भएपछि हरि र सानीका "दुवैका आँखा जुधे, अनि दुवैका आँखाको बीचमा हजारौं मानवीय प्रश्नका फिलिङ्गाहरू उडे, अनि स्नेहका हजारौं पराग त्यहाँ बर्सिरहे, अनि ताण्डवनृत्यले दुवैका आँखा फेरि तिरिमिरी पारिदियो (बाङ्देल, २०७७:३९) । दुवैलाई यस कुराले मार्माहीत पाऱ्यो ।

हरिसँग सानीले विवाह नगरि दिन अनेकौ सानीले आग्रह गरिन । "सानीको अबोध, सरल र मर्मस्पर्शी अनुरोधले हरिको कठोरता, दृढता पग्लेर पानीजस्तो भयो । दुःखले, व्यथाले, अभिमानले, दर्पले खसेको सानीको आँसु हरिका गोडामा पनि पऱ्यो, अनि त्यो तातो आँसुको स्पर्शले पृथिवीबाट उठेर आएको प्रचण्ड तातो बाफ भएर हरिको छातीसम्म पुग्यो ।" (बाङ्देल, २०७७:४०) सानी र हरि दुवैमा छुटिनुका पीढा भएपनि सामाजिक बन्धनका अगाडि झुक्न बाध्य हुन्छन् । हरिलाई सानीका विवाहको कुराले मानसिक आघत पाऱ्यो । "हरिलाई मुटुमा हठात् कसैले आघात गरेजस्तो लाग्यो । ...जूनको शीतल किरण पनि हरिको दग्ध छातीभित्रपस्न सकेन- घामको न्यानो तातोले पनि हरिको सित्त हृदय ओबानो पार्न सकेन ।" (बाङ्देल, २०७७:४४) सामाजिक मर्यादाका अगाडि हरिको प्रेम झुक्न बाध्य हुन पऱ्यो ।

हरि एकातिर आफ्नो इच्छालाई साकार बनाउन आवश्यक पहल गर्न नसक्ने काँतर स्वभावको पात्रका रूपमा देखिएको छ भने अर्कातिर सामाजिक मर्यादाभित्र बस्ने एक आदर्श, नैतिकवान र कर्तव्यपरायण व्यक्तित्वका रूपमा उपस्थित भएको छ । हरिमा तीव्र द्वन्द्व छ । प्रेम रोज्ने कि सामाजिक मर्यादा भन्नेमा द्वन्द्व छ । हरि मानसिक द्वन्द्वले ग्रस्त पात्र हो । उसले सानीलाई प्रेम पनि गर्ने र बहिनीका रूपमा आडम्बरी कर्तव्य पनि निर्वाह गर्ने दोहोरो चरित्र प्रस्तुत गरेको छ । उसलाई सानीको विवाहको चर्चाले गम्भीर आघात पुऱ्याएको छ; तापनि सामाजिक मर्यादालाई चुनौती दिन नसक्दा बहिनीका रूपमा अर्काको घरमा पठाउन बाध्य भएको छ । सामाजिक परम्परा, धर्म, संस्कृति, समाज, आमा आदिका विरोधमा हरि अगाडि बढ्न सकेको छैन । त्यसैले हरि उदयमान पिँढी नभए र अधीनस्थ पिँढी हो । हरिले आफू पुरुष भएकै कारण सानीसँग विवाह नगर्ने र अर्को पुरुषसँग सानीको विवाह गर्ने महत्त्वपूर्ण भूमिका खेलेकोले ऊ प्रभुत्वशाली वर्गको पनि भूमिक खेलेको छ । सानीको विवाह पश्चयात उनका श्रीमानले सौता हाले पछि सानी मातीघरका रूपमा हरिकै घरमा बस्छु भन्दा पनि उसले सानीलाई घरबाट जान बाध्य गरेकाले ऊ प्रभुत्वशाली समूदायको प्रतिनिधित्व गरेको छ ।

सानी उपन्यासकी नायिका हो । उपन्यासमा सानी रत्नाकी छोरीका रूपमा रहेकी छ । ऊ रत्नाकी छोरी भए तापनि हरिकै घरमा उसको जीवनको धेरै समय बितेको छ । सानी घर व्यवहारका काममा पनि निपूण रहेकी छ । उसले हरिको घरमा पानी ल्याउने, खाना बनाउने, सरसफाई गर्ने लगायतका कामहरू कुशलतापूर्वक गरेकी छ । यसरी उपन्यासमा सानी एक कर्तव्यपरायण र असल प्रेमिकाको भूमिकामा देखिएकी छे । उसले हृदयदखि नै हरिलाई बाल्यकालदेखि नै प्रेम गरेकी छ । उसको प्रेम पवित्र र निश्छल देखिन्छ । आफ्नो पवित्र प्रेम प्राप्तिका लागि उसले हरिको भन्दा स्पष्ट देखिने खालको प्रयत्न पनि गरेकी छ । तर नेपाली परम्परागत सामाजिक बानेट र पुरुषको हैकवाजी सोचका कारण सानीका इच्छाले मात्र उनको प्रेम सफल हुन सकेको छनै ।

सानीले एकदिन हरिलाई ज्वरो आउँदा हरिको राम्रो स्यार सुसार गर्दछिन् । सानीले हातले हरिको परेला र गाला छोएपछिको उसको यौवनसुलभ आनन्दित र लजालु बनेको छ । यस प्रसङ्गमा "आज सानीको मुटु किन हो किन अपराधीको जस्तो ढुकढुक गरिरह्यो । धेरै बेरसम्म आफ्नो छाती उँधो र उँभो भइरहेको सानीले पनि थाहा पाई । आज एक्कासि

अज्ञात आनन्द अनि अज्ञात डर कताबाट अन्तरमा पस्यो, त्यो सानी आफैँले पनि बुझ्न सकिन । आधारातसम्म निद्रा लागेन, मनमा के-के कुराहरू खेलिरहे । आज त्यसलाई भित्र अन्तरमा कता-कता कुतकुती लागेजस्तो भइरह्यो ।" (बाङ्देल, २०७७:२५) सानीले आफुले बाह्य वातावरणले हरिप्रति प्रेम प्रस्फुरण गर्न नसके पनि उनमा अन्तर हृदमा प्रेम बिजारोपन भइसकेको हुन्छ । सानी प्रेम अभिव्यक्ति हुन सक्दैन ।

सानी ठूली भैसकेकीले सुबिधार्नीलाई उनको विवाहको चिन्ता लाग्छ । सानीको आमा रत्ना र आफ्नो आमाले सानीको विवाहका कुरो गर्दा त्यसको विरोध हरिले गर्न सक्दैन । उसले सानीलाई प्रेम गरेपनि अभिव्यक्त हुन नपाउँदै हरि नेपाली समाज र आफ्ना आमाका कुरा काट्न नक्दा सानीको विवाह अरू कसैसँग गराइदिन ऊ पनि राजी हुन्छ । सानीलाई विवाहको कुरा गर्दा सानीले भन -"हरि दाज्यू, मैले केही बिराम गरको भए पनि, मेरो केही दोष भए पनि मलाई माफी दिनुपर्छ, तर बिहा भने गर्दिनँ । हरि दाज्यू, मलाई बिहे गर्ने इच्छा छैन । अर्काको घरमा, नचिनेको जहानमा गएर म बस्न सक्दिनँ । म यही मेरो माइतघर । यहीँ बसेर आमा र बडीलाई हेर्छु, तपाईको पनि सेवा गर्छु, जन्मभर म यही घरमा बस्छु...।" (बाङ्देल, २०७७:४०) सानी अबोध, सरल र मर्मस्पर्शी अनुरोधले हरिको हृदयमा चोट लाग्यो । तरपनि हरिले सानीको विवाह राक्ने प्रयत्न गरनन् ।

हरि पुरुष भएकै कारण आफूलाई विवाह गर्ने बाध्य पारेको हो । सानी भनी -"हरि दाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस्... अर्को जन्ममा तपाईसित मेरो भेट हुन्छ कि हुन्न ? अर्को जन्ममा पनि तपाईले मलाई उही सानी हो भनेर चिन्न सक्नुहुन्छ...?" (बाङ्देल, २०७७:४८) हाम्रो नेपाली समाजमा पुरुषको निर्णयलाई महिलाले मानुपर्ने बाध्यताको विरोध गरेकी छिन् । तर पनि उनी प्रतिकारमा उत्रिन सकेकी छैनन् ।

सानीले नचादा नचादै विवाह गर्नु पर्ने भयो । विवाह भयो विवाह भएपनि उनलाई श्रीमानले राम्रो व्यवहार गर्न सकेन्न । पछि त उनी माथि सौता नै हाले । सौता हले पनि पुरुषै भएका कारण आफ्नो श्रीमानको विरोध गर्न सकिन । केवन उनी -"हे धरती आमा ! अब अर्को जन्ममा त म लोग्नेमानिस भएर जन्मूँ । मलाई आइमाईको जन्म लिएर फेरि आउनु नपरोस् ... ।" (बाङ्देल, २०७७:८०) यसरी सानी व्यक्ति इच्छाभन्दा समाजलाई ठूलो मान्ने परम्पराको सिकार बनेकी छ । उसलाई आफ्नो नारी हुनुमा ठूलो वितृष्णा उत्पन्न भएको छ र अर्को जन्ममा आइमाई भएर नजन्मने इच्छा व्यक्त गरेकी छ । यसले समाजको परम्परा र हरिको पुरुषत्वको विरोध गरेकी छ । सानी नव उदीयमान समुदायको संकेत देखिएपनि उनी प्रतिकार गर्न नसक्ने पिडा सहेर बस्नपर्ने बाध्य अधिनस्त वर्गको पात्र हो ।

सुबेदार्नी सुबेदार बलवीर खड्काकी श्रीमती हुन् । उनी कोमल र वेदनशील हृदय भएकी पात्र हुन् । उनी सानीलाई आफ्नो छोरी नभएकाले छोरी जस्तै माया गर्थिन । सुबिदानीले "महाकाल बाबालाई छोरीका निम्ति भाकल गरिन्, सूर्य देवतालाई छोरीकै निम्ति भाकल गरी आइतबारे व्रत लिइन् । तर नारी-अन्तरभित्र लुकेको मातृत्वमा जुन ठूलो तृष्णा थियो । यो नमेटिँदा जिन्दगीको तहमा आकाङ्क्षा र तृष्णाले अझ झन् हाहाकार मच्चाए । अनि दिन, महिना, वर्ष जति-जति बित्दै गयो, आशाको चर्खामा उमेरको डोरो

पनि झन्-झन् खिरिलो बाटिँदै गयो, अनि झन् तृष्णाले अन्तर सुक्दै गयो ।" (बाड्देल, २०७७:७) सुबिदानीले हिन्दू धर्म चाल चलन अनुसार चल्ने धर्मकर्म गर्ने गर्द थिइन ।

उनले रत्ना र सानीलाई उदारतापूर्वक र सम्मानजनक रूपमा सहयोग गरेकी छन् । उनले सानीलाई आफ्नै छोरीजस्तो गर्छिन् । उनले आफ्नो यो परम्पराको दायराभन्दा बाहिर गएर कुनै काम गरेकी छैनन् । उनको यो दायरा कतिपय अवस्थामा जड र यथास्थितिको सिकार पनि बनेको छ; जसका कारण सानीले आफ्नो उद्देश्यमा सफलता प्राप्त गरेकी छैन । सुबेदारको परिवारमा उनको कुरालाई कसैले काट्न सक्ने हैसियत राख्दैनन् । हरि पनि उनकै निर्देशनअनुरूप नै चलेको देखिन्छ । सुबेदार्नीमा प्रगतिशील सोच र चेतनाको अभाव देखिन्छ । उनले सानीका इच्छा आकांक्षहरूलाई बुझ्ने कोशिस नगरेकी पाइन्छ । केवल छोरीका रूपमा हेरेकी र व्यवहार गरेको पाइन्छ । उनले छोरीका रूपमा सानीको विवाह गरे आमाको भूमिका पूरा गरेकी छिन । उनले सानीको परिवार राम्रो होस् भन्ने कामना गरेकी छिन् । उनले सानीलाई माइती भन्दा पनि विवाहित महिलाका लागि श्रीमानको घर र श्रीमान नै ठूलो हो भनेर सम्झाउँछिन् । नेपाली पुरुषप्रधान समाजमा पुरुषलाई महत्त्वपूर्ण स्थान उनी पनि दिन्छिन । उनी आफ्नो श्रीमानको विराधमा पनि कुनै प्रतिकार गरेकी छैन्न । सानीका श्रीमानले सौता हाल्दा पनि उनले त्यसको प्रतिकार गर्न सकेकी छैन । उनले पुरुष प्रधान समाजमा पुरुष हैकमलाई स्वीकारेकी छन् । उनले सानीलाई श्रीमानले घरमा सौता हल्दापनि उल्टो आश्रय नदिएर उनकै घर जान सानीलाई बाध्य बनाएकी छिन । त्यसैले उनीले परम्परा मूल्यमान्यतालाई पछ्याउने परम्परागत प्रभुत्वशाली महिला समुदायको प्रतिनिधित्व गरेकी छन् ।

उपन्यासमा अर्की नारी पात्र रत्ना हुन् । उनी सानीकी आमा हुन् । सानी र उनको आमा पहिलो हरिकै छिमेकीका रूपमा दार्जिलिङ्कै राजवाडी गाउँमा बस्द थिए । पछि रत्नाका परिवार नेपालको इलाममा बस्छन् । आफ्नो श्रीमानको मृत्यु पश्याता उनी र सानी पुनः हरिका घरमा गएर बस्छन् । उनी उपन्यासमा अत्यन्त सहनशील, सुशील र रुग्ण शरीर भएकी पात्रको रूपमा उपस्थित भएकी छन् । उनी कमजोर मानसिकता भएकी पात्र हुन् भन्ने कुरा उनले काम गरेपछि पश्चात्ताप व्यक्त गरेको प्रसङ्गले स्पष्ट पारेको छ : "मेरी छोरीलाई किन यसरी वचन लगाएछु नि, किन तीखो वचन सुनाएँछु" (बाङ्देल; २०७६:४) । रत्ना पनि सामाजिक परम्परालाई पूर्णतः आत्मसात गर्ने र हिन्दू धर्म तथा संस्कृतिलाई अवलम्बन गर्ने नारी पात्रका रूपमा उपन्यासमा उपस्थित भएकी छन् । आफ्नो श्रीमानको मृत्युपछि आर्थिक अवस्था कमजोर भएकाले उनी र सानी दुबै हरिकै घरमा आश्रय लिएर बस्ना बाध्य भएका छन् । उनी आफ्नो छोरीमाथि सौता हल्दा पनि बोल्न सकेकी छैन । न उनी हरिका परिवारलाई केही भन्न सक्छिन । न आफ्ना ज्वाइलाई केभन्न सक्छिन । केवल आफ्ना बाध्यता र पिढा र छोरीको बाध्यता र पिढा केबल टुलुटुलु हेर्न बाध्य भएकी छन् । त्यौले उनी अधीनस्थ समुदायको प्रतितिधित्व गर्ने पात्र हुन् ।

सुबेदार बलवीर खत्री हरिका बाबु हुन् । उनी भारतीय सेनाका सेवानिवृत्त सैनिक हुन् । उनको व्यवहार र चरित्रमा उनको सैनिक पेसाको स्पष्ट प्रभाव देखिन्छ । उनी अनुशासन र नियमलाई कडाइपूर्वक पालना गर्ने र गराउने प्रवृत्तिका देखिन्छन् । उनी स्वभावमा कडाजस्ता देखिए पनि आवश्यकता अनुसार दयालु पनि छन् । आफू पढि रहेको

बेलामा हरि र सानीले परेवालाई हान्दै उपद्रव गरेको देखेर रिसाउँछन् र उनीहरूलाई हप्काउँछन् । यसपछि सानी रुन्छे । सानी रोएपछि उनको मन पग्लन्छ र सानीलाई फकाउन थाल्छन् । उपन्यासमा उनी साधारण जीवनशैली भएका र केही शिक्षित व्यक्तित्वका रूपमा देखा परेका छन् । उनको फुर्सदका बेलामा पत्रपत्रिका पढ्ने आदत रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । उनले छोरा पाउनकै लागि बूढेसकालमा हरिको सुवेदार्नीसँग विवाह गरेको प्रसंग छ । सुबेदारको जीवित हुँदा सानीका बुबापनि जीवितै थिए । सानीको परिवार हरिका छिमेकीका रूपमा दार्जिलिङ्गमा बसेका थिए । पछि सानीका परिवार नेपाल गएपछि सानीका बुबाको मृत्यु नेपालमा भएको प्रसंग छ । सानीका बुबाको मृत्युपश्चात पृनः सानीको परिवार दार्जिलिङ्गमा र्फकछन् । सानी र सानीकी आमा दार्जिलिङ्गमा र्फकदा सुबेदारको मृत्यु भइसको हुन्छ । उनले सानीको विवाह र विवाहपछिका घटनामा उनी उपस्थित देखिदैन्न । उनी परम्परामाने पितृसतात्मक मान्यता चल्ने परपराबादी पात्र हुन् । उनले छोरा पाउन दोस्रो विवाह गरेका छन् । उनले सुविदार भएर केही पैसा कमाएका आफ्नो रवाफ देखाउन नकारात्मक पात्रभन्दा पनि उनी यस उपन्यासमा प्रभुत्वशाली समुदायको प्रतिनिधित्व गर्दछन् ।

उपन्यासमा हरि र सानी आ-आफ्नै आन्तरिक द्वन्द्वमा रुमलिएका छन् । सानीलाई बारम्बार विवाहिता छोरीले घर जानुपर्छ भन्नु, लोग्नेको हेलाले सानीलाई घर जान मन नलाग्नु भित्री मनमा हरिसँग प्रेम हुनु आदि मानसिक द्वन्द्वले पिल्सिएकी सानी सुकेर सिन्को जस्तो बन्दछे । हरि पनि सानीसँगको अज्ञात प्रेम र उसको दयनीय स्थितिले बेग्लै प्रकृतिको गम्भीर बन्दछ (गौतम, २०५६:२०१) । यस उपन्यासमा एकातिर मूल पात्रहरूको आन्तरिक द्वन्द्व छ भने अर्कातिर पात्र र समाजका बीचको द्वन्द्व झन् शक्तिशाली रूपमा प्रकट भएको छ । यही कारणले मानसिक अभिव्यञ्जनाका दृष्टिले यसलाई महत्त्वपूर्ण उपन्यासका रूपमा हेरिएको पाइन्छ । समालोचक तथा अनुसन्धाता सुरेन्द्र प्रधानले माइत घर उपन्यासमा फ्रायडीय सिद्धान्तअनुरूपको मनोविज्ञान नभएर सामाजिक चापमा निर्मित मानसिकताको अभिव्यञ्जना सशक्त रूपमा भएको धारणा प्रस्तुत गरेका छन् (प्रधान, २०७२:२४६) । यसरी माइतघर उपन्यासको मुख्य समस्या नारी वेदना हो भने अन्य समस्याहरूमा रुढिपरम्परा, अन्धविश्वास, आर्थिक, बहुविवाह, मनोवैज्ञानिक समस्याजस्ता घटनाहरूलाई आफ्नो उपन्यासमा कच्चा पदार्थका रूपमा टिपेका छन् । यी बाङदेलले प्रस्तुत गरेका यी समस्याहरू नेपाली सामाजिक जीवनकै समस्याहरू थिए ।

निष्कर्षमा वाङ्देलको उपन्यास माइतघरमा यथार्थवादभित्र नारी संवेदनाका कुरालाई उत्खनन गरिएको छ । पुरुषप्रधान तथा रूढिग्रस्त अन्धविश्वासी समाजले नारीमाथि गरेको अप्रत्यक्ष अन्यायलाई यस उपन्यासले चित्रण गरेको छ । अशिक्षा, अन्धविश्वास र पितृसक्ता समाजका कारण नारीहरूले भोग्नुपर्ने दुखान्त पिढामा केन्द्रीय छ । सानी र हरि सानीमा बालसखाका रूपमा हुर्किन्छन् । सानीको बुबाको मृत्यु पश्चात सानी हरिकै घरमा बस्ता समाजको नजरमा दाजु र बहिनीको सम्बन्धमा हेछन् । त्यही समाजका हेराइकै कारण हरि र सानीका बिचमा एउटै घरमा बसेर पलाएको प्रेम सम्बन्ध विकसित हुन सक्दैन । सानीलाई बहिनीका रूपमा हरिले विवाह गरे पठाइ दिन्छन् । समाजका र आफ्ना आफन्तका अगाडी आफ्ना इच्छा आकांक्षा त्याग्न बाध्य हुन्छन् । हरि र सानी आफ्ना

इच्छा चाहना मारेर छुटिएर बाध्य हुन्छन् । उनीहरूले आफन्त र समाजका विरोधमा निर्णय लिन नसक्नु ले जीवनभरी दु:ख भोग्न बाध्य हुन्छन् । हरिले अर्को कुनै केटीसँग विवाह गर्ने सके न सानीको वैवाहिक जीवन सुखपूर्ण भयो । अझ सानी माथि श्रीमानले सौता हाले पछि उनको जीवन झन् दु:खत हुन पुग्छ । यस्तो अवस्थामा हरिले समाज र आफन्तका कारण या आफू पुरुष भएका कारण सानीलाई केही सक्दैन । सानीलाई सहयोग गर्नुका सट्टा उनकै घरमा जान बाध्य बनाउँछन् । सानीलाई आफ्नो आमा, सुबेदार्नी, स्वंयम हरिले पनि साथ नदिन उनले नरकीय जीवन विताउन बाध्य हुन्छिन् । सानी हरिको पनि साथ नपाइ उल्टै श्रीमानले सौता हाल्दा मानसिक र शारीरिक दुबै पिढामा छिन । सानीको घरपरिवार विग्रेकोले सानीकी आमा रत्ना र सुविधार्नी पनि पिढामा छन् । उपन्यासमा बास्तविक नेपाली समाजका विषय प्रस्तुत गरेको छ । आडम्बरी, पितृसतात्मक परम्परागत समाजका कारण उपन्यासका पात्रहरू पिढा भोग्न बाध्य भएका छन् । हरि सानी जस्ता नवपात्रहरूले पनि परम्परागत समाजको विरोध गर्न नसक्दा उनीहरूको जीवन पिढामय भएको छ । लेखकले उपन्यासमा आन्तरिक र बाह्य दुबै पिढा दु:ख पात्रका माध्यमबाट प्रस्तुत गर्न सफल छन् ।

## २.५ लङ्गडाको साथी उपन्यासमा अनुभूतिको संरचना

लङ्गडाको उपन्यास वि.सं. २००८ सालमा प्रकाशित भएको बाङ्देलको तेस्रो उपन्यास हो । यस उपन्यासमा दार्जिलिङ वरिपरि मागेर खाने एक लङ्गडाको जीवनका आन्तरिक र बाह्य पक्षहरूको सशक्त र मार्मिक ढङ्गमा चित्रण गरिएको छ । सहरिया र सभ्य भन्ने मानव समाजमा दिनदिनै मानवीयता हराउदै गएको छ । मानिसले मानिसको साथ नपाएपछि कुकुरलाई साथी बनाएर मागीमागी खाने लङ्गडाको हृदयस्पर्शी मार्मिक कहानीलाई मुख्य विषय बनाइएको छ । यसमा मुख्य पात्रका रूपमा एउटा मानव पात्र लङ्गडो र मानवेतर पात्रका रूपमा काले कुकुरलाई प्रस्तुत गरिएको छ । कोइला बेच्ने युवक, बङ्गाली युवती, पसले साहू, पुलिस, स्कुलले केटाहरू, ड्राइभर बूढो लगायतका अन्य गौण पात्रहरू पनि उपन्यासका विभिन्न प्रसङ्गहरूमा प्रस्तुत गरिएको छ । उपन्यासमा सभ्य भनाउँदा समाजले मान्छेका रूपमा पनि हेर्ने नचाएको लङ्गडा बाचेका बाहिरी वातावरण र मनका भित्रतहका मनोलोकको विश्लेषण गरेको छ ।

### २.५.१ दबाब र तनाब जन्य अनुभूतिको संरचना

लङ्गडाको साथी उपन्यासमा सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक आधारमा दार्जिलिङ्गमा घटित विषय बनाइ लेखेको उपन्यास हो । लङ्गडा मागेर हिँड्ने, समाजबाट उपउक्षित व्यक्ति लङ्गडा मुख्य पात्र हो भने लङ्गडाको सहेक पल साथ दिने प्राणीका रूपमा मानवेतर पात्र कुकुर सहायक पात्र हो । पूर्वीय औपन्यासिक परम्परामा रहेको कुलीन धीरोत्तत्त गुणहरूले युक्त नायकप्रतिको विद्रोह गरी लङ्गडा जस्ता पनि मानव छन् भनेर चिनाउन खोजिएको व्यङ्ग्य हो (आचार्य,२०५८:२९९) । उपन्यासको कथानक झिनो छ ।

दार्जिलिङको चोक बजारमा घस्रेर हिँड्ने लङ्गडोको दिनचर्या नै उपन्यासको केन्द्रीय कथा हो ।

लङ्गडाको जन्म नेपालमा भएको हो । ऊ नेपालको पहाडको दुःखपूर्ण अवस्थाबाट काम र मामको खोजिमा भारतको दार्जिलिङ्ग आएको हो । लङ्गडालाई कसैले कहाँबाट र कसरी खुट्टा लङ्गडो भएको सोध्यो भने कसैलाई "हजुर, बरबटे कमान मेरो घर हो । जन्मै लङ्गडा भएर जन्मेको ... पछि दुवै घुँडा राम्ररी सोझो पार्न नसक्ने भए ... कुँजे भएपछि के गर्नु ... हजुर, परमेसुरले त्यस्तै लेखिदिएछ । ... मागीमागी पेट भर्छु ... ।" कसैलाई जबाफ दिने गर्दथ्यो । ऊ आफूलाई मनपरेको बेला सोध्ने मानिसलाई जीवनकहानी सुनाउँथ्यो । उसले भन्थ्यो - "घर नेपाल हो, हजुर ... नेपाल तीन लम्बरमा जग्गा छ, जमिन छ, खान लाउन राम्रो पुगे नेपाल छोडेर किन मुगलान पस्नुपदर्थ्यो ?" लङ्गडो नेपालमा दुःखपूर्ण जीवनबाट सुखी जीवनको आशामा दार्जिलिङ्ग आएको हो । ऊ नेपालको पूर्वी जिल्ला इलाममा जन्मिएको र १६ वर्षको उमेरमा दार्जिलिङ्गतिर प्रवासिएको प्रमुख पात्र हो । दार्जिलिङ्गमा कसैको घरमा काम गर्न बस्ता एक दिन रुखबाट खसी लङ्गडा बन्न पुगेको हो (श्रेष्ठ, २०७२:२३२) । लङ्गडा सबैलाई आफू कसरी लङ्गडा भएको कुराको सम्बन्धमा लङ्गडा - "...एक जना... मान्छेको घरमा गोठालो भएर बसेको थिए ... घाँस काट्थैं ... एक दिन पानी झरीको दिनमा ठूलो पहरानेर एउटा रूखमा चढी पात काट्न लाग्दा भनन रिँगटा लागेर खसैं । मन्तिर खोलामा पुगेछु ! के गर्नु, मरिहालेको भए त बेसै हुन्थ्यो हजुर ... नत्र यो पाप दुनियाँलाई देखाउनुपर्ने थिएन ।" (बाङ्देल, २०७६:२४) लङ्गडाले हीनता बोधले ऊ आफू लङ्गडा भएर बाच्नु परेकोमा पीढा व्यक्त गर्छ । उसलाई आफ्नो बारेमा कसैले नसोधिए दिए हुन्थ्यो जस्तो गर्द थियो । उसलाई मानवले गर्ने व्यवहारबाट दिक भएको थियो । उसले अरूबाट सहयोग भन्दा पनि बढी तरस्कार र गाली खाएकाले मानिसहरूलाई आफ्ना बारेमा भन्न रूचाउँदैन थियो । केवल मानिससँग हात पसारेर खाने कुरा र पैसा माग्द थियो ।

लाखौं मानिसहरू सडकमा आवतजावत गर्छन् । उनीहरूलाई हेरेर लङ्गडाले - "आज एउटा माग्ने खोरन्डो भएर पृथ्वीमा घस्रीघस्री बाँचिरहेका छ । इश्वर ! गरिब, अन्धा, लुला, लङ्गडा, खोरन्डाका निम्ति किन संसार बनायौ ? उनीहरूलाई यो संसारमा किन बाँच्न दियौ ? उनीहरूलाई किन यसरी यन्त्रणा भोग्न दिइरहेछौ ? मैले देख्दादेख्दै ती मानिसहरू हाँस्दै हिँडिरहेका छन्, उनीहरूले मजस्तो धस्रीघस्री पेट पाल्नुपदैन । मैले दिनप्रतिदिन अरूले दिएको भिक्षाले पेट भनुपर्छ । ती असल-असल घर र अट्टालिकामा बस्ने धनी अलमस्तहरू मोटरमा हाबा खान्छन् : रेस, सिनेमा, होटेल, नाचगानमा भुलिरहन्छन् (बाङ्देल, २०७६ : ५४) । लङ्गडा- "मैले जन्म लिएर संसारमा जो देखैं त्यति नै मेरो निम्ति पर्याप्त छ । अब अर्को जुनीमा फेरि माग्ने भएर नजन्मूँ ! म जस्ता माग्नेका निम्ति यो संसार होइन रहेछ । म अहिले संसारको भारले, मानव-अत्याचारले कसरी थिचिएको छु...अब यो संसारदेखि जति चाँडो बिदा लिन सकुँला उति मेरा निम्ति राम्रो छ ... जीवनको यो ठूलो यातना र कष्टबाट त म सधैंका निम्ति मुक्त हुन सक्ने छु ।" ( बाङ्देल, २०७६ : ५५) लङ्गडा आफ्नो जिएको जीवनप्रति पश्याता गर्दथ्यो गालामा आँसु बगाइरहेको हुन्थ्यो ।

लङ्गडाका खुट्टाले काम नगर्ने भएपछि साहुले पनि कुनै व्यवस्था नगरेपछि बाटोमा बसेर माग्न बाध्य भएको थियो । ऊ भारको दाजलिङ्गिको गडडीखानको छिँडी नजिक एउटा घर नभए साँघुरो झुप्रोमा वस्थ्यो । उपन्यासमा त्याहाँको अवस्थाको प्रसङ्गमा - "भित्ताको सहारामा एक दुई काठ गाडी टिनले बारेर एउटा मानिस सुत्नसम्म हुने सानो ठाउँ बनाइएको थियो त्यहाँ नबलियो ढोका थियो न भित्ता न त बिजुली ढोकाको नाउँमा दुई चार वटा मकिसकेका काठ जोरेर आग्लो लाउने सम्म बनाएको थियो । त्यहाँ आधुनिक फर्निचरको नाउँमा केवल फुको धूलोसरिको भुइँमा दुईचार वटा पुराना फल्याक मात्र ओछ्याइएका थिए । त्यही ठाउँमा एउटा कुकुर गुँडुल्किएर कुनापट्टि सुतिरहेको थियो । अनि त्यसैको छेउमा एक जना मानिस पनि आफ्नो बोरा थाङ्नामा गुटुमुटु भएर एक डल्लो परी निर्विकार अवस्थामा सुतिरहेको थियो (बाङ्देल, २०७६:३) । लङ्गडा वस्ने सुत्ने ठाउँ अति नै कष्ठप्रत ठाउँ थियो । मानव वस्ती भन्दापर मानवले साथ नदिएर एउटा कुकुरले साथ मानवीय हीन समाजको उल्लेख गरिएको छ ।

लङ्गडा विहान उठेर दिनभरी मानिसहरू आवतजावत गर्ने ठाउँमा मागि आफ्नो दिन चर्या विताउने गदथ्यो । ऊ बजारको सडक छेउ बसेर माग्ने गर्दथ्यो । उसले मागेको पैसाले उसलाई सधैँ खान पुग्दैनथ्यो । ऊ- "होटेलको अघिल्तिर वा चिया वा पुरी-मिठाईको पसल अघिल्तिर गएर टुक्रुक्क बसिरहन्थ्यो । केही खाने कुरा नपाए सम्म ऊ त्यहाँबाट जाँदैनथ्यो । यसरी घण्टौं त्यहाँ बसेपछि कहिले उसले रोटीको टुक्रा वा मिठाई पाउथ्यो कि त उघ्रेको भात, मासु र बासी तरकारी पाउँथ्योः खाने कुरा पाएपछि लङ्गडो बडो प्रसन्न भएर दुबै हातले थापीकन कृतज्ञताको स्वरले भन्थ्यो- लौ हजुर, गरिबगुरूवालाई दया गर्नुभो ! पोल्टाबाट फाटेको रूमाल झिकेर खाने कुरा पोको पारी कतै लगेर खान्थ्यो । लङ्गडाको खान कै लागि दैनिक माग्नु पर्ने र कहिले मागेको पैसाले खान नपुग्ने गदथ्यो । ऊ कही दुई तीन दिन सम्म पनि खान नपाई भोक भोकै पर्ने अवश्था हुन्थ्यो (बाङ्देल, २०७६:२६) । लङ्गडो भोक प्यासमा तडपिदै ऊ बूढो र चरी परको देखिन्थ्यो ।

लङ्गडा आफू के पापले गर्दा लङ्गडो भएको मलाई किन यास्तो भएको उसमा अनेक प्रश्न उठथ्यो । ऊ - "उ आकाशतिर उँभो टोउको उठाएर एकछिन हेर्दथ्यो । उसको हृदय उदास हुन्थ्यो । आत्मा दुःखित हुन्थ्यो, उसका आँखामा आँसु छल्कन लाग्थ्यो । त्यस बेला भने सृष्टि कर्ताको न्याय हो वा अन्याय उसले बुस्ने चेष्टा गर्थ्यो ।" (बाङ्देल, २०७६:१३) ऊ- "पूर्वजन्मको पापले मानिसलाई विधाताले लङ्गडा बनाई, अन्धाबनाई, कुँजो बनाई, शक्तिहीन बनाई संसारको यातना र कष्ट भोग्नु पठाएका होलान् भनी ऊ विचार गर्थ्यो ।" (बाङ्देल, २०७६:१३) जीवन धान्न मागी-मागी पेट पाल्नु पर्ने र अरूको घृणा र तृरष्कारमा वाच्नु पर्ने अवस्थामा ऊ विरक्त हुन्थ्यो । उसले मृत्युको याचना गर्दथ्यो । उसलाई केवल साथ दिने मान्छे नभएर केवल कुकुरमात्र थियो । उसलाई मानिसहरूले केही कुरामा पनि साथ नदिएकाले मानिसप्रतिनै उसको घृण भाव थियो । विशेष धनी भन्ने मानिसप्रति ऊ निकै आक्रोसित थियो । भगवानले पनि कोही कस्ता धनी बानाइदिएका कसैलाई कस्तो बनाएका आफ्नो रूप हेरेर आफूलाई थिर्का थियो । मानवले मानवीय दृष्टिले आफूलाई नहेरेपछि लङ्गडा सड्कमा मागेर खानु पर्ने अवस्थामा पुग्यो । यस्तो अवस्थामा पनि उसलाई कुनै राज्य प्रशासन या कुनै व्यत्तिले सहयोग गर्दैन्न । उल्टै पुलिसले उसमाथि

नराम्रो व्यवहार गर्दछन् । धनीका मानिस र विशेष गरेर स्कुले केटाकेटी उसलाई दुःख दिन्छन् । उसलाई साथ दिने केवल कुकुर मात्रा हुन्छ ।

लङ्गडाका बिग्रेका अङ्गहरू देखाएर मानिसहरू ठट्टा गर्थे, जिस्क्याउने गर्दथे । लङ्गडो आफूलाई उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलुमात्र हेरिरहन्थ्यो । तर लङ्गडाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिसाको ज्वाला अङ्कित भएको हुन्थ्यो । तर केटाहरू तथा बालकबालिकाहरूले उसलाई खिज्याए भने ऊ आगो हुन्थ्यो । सहरका बदमास केटाकेटीहरूको एक दल थियो । तिनीहरू उसलाई 'भूइँ भालु' भनी खिज्याउँथे । ऊ रिसले भुतुक्क भएर आफ्नो लौरो टिपी झटारो हान्न खोज्थ्यो ( बाङ्देल, २०७६:६) । लङ्गडोले उनीहरूलाई आफ्नो शत्रु र ठान्थ्यो । ऊ आफ्नो शारीरिक अङ्गका कारण आफूलाई जिस्काउने प्रति उसले धेरै रिस उठ्थ्यो । उलाई अन्तस्तलमा आघात लाग्थ्यो । उ सपनामा पनि एक्लै गुनगुन गरेर कराउथ्यो । उसको पिर व्यथा सुनाउने कुनै उसको साथी छैन । केवल एउटा अमानवीय पात्र कुकुर मात्र रहेको छ ।

लङ्गडा बाटमा मागेर वस्न पनि सजिलो थिएन कहिले जाडो कही गर्मी हुन्थ्यो । लङ्गडोले " लङ्गडाले आधा बिँडभाचिएको धेरै ठाउँ टालेको थोत्रो छाता उघारेर पसलको आडमा ओत लाग्दथ्यो तर दर्के पानीको बाछिटाले भने उसको जीउ जम्मै भिज्थ्यो । झन् हावा चल्न लागेपछि त उसको साह्रै दयनीय दशा हुन्थ्यो । ऊ जति छाताभित्र एक डल्लो परेर उसको छाता पल्टाउन खोज्थ्यो ।" (बाङ्देल, २०७६:१५) संसारका सबै सबल मानिस आरमले घरमा बसेको बेला ऊ सडकमा भिजेर चिसोले निदाउन सक्दैन थियो । ऊ पीडा र छटपटिमा दिन विताउन पर्ने बाध्यता लङ्गडोमा थियो । लङ्गडोलाई हिउँदका बेलामा पनि दिन रात काट्न उसलाई मुस्किल थियो । ऊसँग प्रशस्त लुगा थिएन । लङ्गडा - "हात खुट्टा कक्रिएर वस्नुपर्ने गर्मीमा तातो सहनु पर्ने लङ्गडाको वाध्यता थियो ।" (बाङ्देल, २०७६:१९) उसको जीवन कालिलाग्दो अकल्पनिय थियो ।

लङ्गडा आफू लङ्गडो हुनुमा भगवानसँग पनि प्रश्न गर्छ । ऊ भन्छ - "आज एउटा माग्ने लङ्गडाका लागि पृथ्वीको सृष्टि हैन रहेछ । लङ्गडालाई यो पृथ्वी सृष्टि नभए किन आफूलाई सृष्टि गरेको भनि सृष्टिकर्तालाई प्रश्न गर्छ । उत्तर खोज्न खोछ । उत्तर नपाएर उसको ... आँसु बगिरन्छ ...।" (बाङ्देल, २०७६:५५) यसरी आफू बाच्नको औचित्य र आफूलाई सृष्टि गर्ने प्रति पनि ऊ प्रश्न गर्दछ ।

लङ्गडा एकरात पानी धेरै परेको कारण आफ्नो बस्ने छाप्रोसम्म जान सकेन । ऊ सडकमै पऱ्यो । रात परेकाले सबै घर पसल बन्द भैसकेको थियो । ऊ मुसो भिजे जस्तो भइसकेको थियो । ऊ थरथर काम्दै प्रकृतिको त्यो क्रुर नृत्य हेरिरहेको थियो । आकाशमा बिजुली चम्कन्थ्यो, मेघको भीम गर्जन हुन्थ्यो । उसको लुगा भिजिसकेका थिए । उसका आँखा तिरिमिरी हुन्थे । फेरी अँध्यारो हुन्थ्यो । उसका मुटुकापेका थियो । ऊ आश्रयलिन कसैको घरको दलानमा पुग्छ । त्यहाँ राति छामछाम छुम्छुम्म गदै गर्दा एउटा मटितेलको टिन पल्टिएर तल खसेर आवज आयो । रातिको समयमा ठूलो आवाज आएकाले घरधनीले सुनी उसलाई लौरोले प्रहार गर्ने खोज्दछ । लङ्गडाको करूणा आवाजमा आफू माग्ने लङ्गडो भएको भनेपछि उसले लठ्ठी प्रहार गदैन (बाङ्देल, २०७६:६३) । लङ्गडा अध्यारोमा छामछामछुम गदै त्यहाँबाट जान लाग्दा उसलाई गालि गर्दै त्यस मानिसले

बलियो पाखुराले लङ्गडालाई हातबाट तानेर घसादै वरल्याएर सिँढीबाट खसालि दिन्छ । लङ्गडा सिँढीमा लड्दै तल खस्यो र बेहोस भएर लडिहऱ्यो (बाङ्देल, २०७६:६४) । ऊ हिलैहिलो भएको थियो । एउटा लङ्गडा हुँदैमा मानवले गरेको दुर व्यवहारले लङ्गडा मानव प्रति नै घृणा भाव उत्पन्न भएको छ । लङ्गडा मानवबाट तीरस्कृत र वहिष्कारबाट सड्कमै रात विताउन ऊ बाध्य भयो । सहरका सभ्य भनाउदा मानिसहरूमा हृदय शुन्य हुन्छ । उनीहरूलाई पैसाको उनमात लागेको हुन्छ । पैसाका कारण उनीहरूले दया-माया, पाप-पुण्य, देव-दानव छुटाउन सक्दैनन् । उनीहरूलाई धनले सबै चिज किन सकिन्छ र धनले सबै थोक हुन्छ । मानव धनको उन्मादले राक्षेश बन्दछ । त्यस्ता मानव रूपी राक्षशमध्ये एक लङ्गडालाई राती अध्याँरोमा पानी पर्दा आफ्नो घरमा ओतलाग्न नदिने सडकको हिलोमा लडाइ मृत्युको मुखमा पुराउने कारक बन्द छ ।

रातभरि सडकमै लडेको लङ्गडा भोलिपल्ट विहान भएपछि लङ्गडाले- उसले चारैतिर आँखा घुमाएर हेऱ्यो, आफूलाई चारैतिर मानिस र पुलिसले घेरेको पायो । उसको चेतनाशक्ति बिस्तारबिस्तार हराउँदै गयो । उसले उँभो आकाशतिर आँखा उठाएर हेर्दा मन्दिरको सेतो भित्ता र गजुर देख्यो जहाँ बिहानको रमाइलो घाम भर्खरै खेल्न पुगेको थियो । मन्दिरको वरिपरि धेरै परेवाहरू उडिरहेका थिए, धेरै परेवा बिहानको धाममा मन्दिरको अग्लो डिलनिर गुडगुडाउँदै नाचिरहेक थिए । त्यो देखेर लङ्गडो अनुहार अलि उज्यालो भयो । साह्रै कष्टसित उसले हात पसाऱ्यो र कुकुरलाई वर तानेर अँगालो हाल्यो । तर उसको निःश्वास क्षीण हुँदै गइरहेको थियो । उसले दुईचार पल्ट खोक्यो र बाहुलाले मुख छोपेर भुइँमा घोप्टियो (बाङ्देल, २०७६:६६) । सहरमा बस्ने धनी भनाउँदा मानवीय हराएका पशुमा कुकुर भन्दा पनि तलका घटिया सोच भएका अपराधी मानसिकता बोकेका मानिसहरूले गर्दा लङ्गडाले मृत्यु वरण गर्नु पऱ्यो ।

एक मानवले गर्ने अनुभूति अर्को मानवले गर्ने अनुभूति उस्तै हुनुपर्ने हो । तातो चिसो, जाडो गर्मी, भोक, तिर्खा, निन्द्रा सबैमा एउटै हुन्छ । कुनै शरीरका अङ्ग विग्रदैमा मान्छे अर्को हुने हुदैन । तर मानिसले यस्ता कुरा नबुझी नीच स्वार्थी व्यवहार देखाउँदा लङ्गडा जस्ताका लागि यो संसार होइन जस्तो भएको छ । धन र सम्पत्ती भएका सभ्य भन्ने मानव सहरमा दिनप्रति दिन मानवीयता हराउदै गएको छ । मानवले आफ्नो मानवीयता गुमाउदै गएको छ । मानिस केवल यात्र जस्तो बन पुगेको छ । लङ्गडालाई बल र उमेर हुँदा काम लाउने र आफैले काम लाएर लङ्गडा हुँदा व्यवस्था गर्ने प्रवाशमा नेपाली भएर बाँच्नुको पिढा हो ।

लङ्गडाले घाम, पानी, हावा हुरी आधीवेरी जस्ता प्रकृति विवमतको त सामाना गर्नु पर्ने त्यसमाथि मानवले खासगरी विद्यार्थी केटाकेटीले शरीरका अङ्ग विकृत हुँदैमा भूइ भालु भनेर चिस्काउने पिढा दिने बुझ्रूक भने भलाद्मी मानिस पुलिस प्रशासनले पिढा दिनले लङ्गडाको जीवन कष्टप्रत बनेको हो । लङ्गडाको आफ्नो इच्छा आकाक्षांलाई मनभीत्र मार्नु पर्ने विवस्ता छ । जस्ले जस्तो सुकै आफूमाथि अन्याय गर्दा पनि सहेर बस्नु पर्ने लङ्गडाको छ ।

मानिसमा मानवीय भावना नभएका यन्त्री मानव समाजमा बरू पशु कुकुरले साथ दिएर साथीको भूमिका निर्वाह गरको छ । कुकुर जनावर भएर पनि लङ्गडासँगै हिँड्ने, बस्ने

र सुत्ने गर्दछ । मानिसले लङ्गडाको दुःख नबुझेपनि कुकुरले बुझेको छ । मानव भए पशु कुकुरको जस्तो व्यवहार गर्ने नसक्ने मानवका कारण लङ्गडाको दुःखत निधन हुन पुग्दछ । लङ्गडाको निधन भएको केही समयपछि लङ्गडा र कुकुरको हडी एकै ठाउँमा भेटिनुले लङ्गडा र कुकुरको मित्रता प्रघाढ देखाइको छ ।

"अङ्भङ्ग भएको, हातखुट्टा टेकेर घस्रेर हिँड्ने पर्ने, अर्काले फ्याँकेको जूठोमा सन्तोष गर्ने, बाटबाटै जहाँ पायो उहीँ लडेर जीवन व्यतीत गर्ने त्यो लङ्गडा मान्छे - मान्छे जस्तो भएको हुनाले मात्र त्यसलाई मान्छे भेनेको हो, अरू थोक भन्न हुने भए मानिस निर्धक्क त्यसलाई अर्कै थोक भन्थे- सद्दे, बलियो, पेटभरि खाने, राम्रा लुगा लाउने मान्छेका दृष्टिमा पशु, ढुङ्गा, माटो, घस्रने जीव सरि एक थोक भए तापनि लैनसिंह बाङ्गदेलले त्यसको आत्मालाई खोजेर झिक्ने, त्यसलाई हेर्ने औ बुझ्ने जो प्रयत्न गर्नुभएको छ त्यो अति राम्रो तथा मन खुशी पार्ने काम छ ।" (बाङ्देल, २०७६:क) सूर्यविक्रम ज्ञवालीले लङ्गडाको साथी उपन्यासको भूमिकामा लङ्गडालाई मानिसहरूले मानव भन्दा पनि तल्लो दर्जामा हेरेको विश्लेषण गरेको छ ।

प्रवासी नेपालीका जीवका वास्तविक घटना र विषयका चित्रण गर्ने उपन्यासकार लनसिंह बाङ्गदेल लङ्गडाको साथी उपन्यासमा नेपाल बाहिर भारतको दार्जिलिङ्ग सहरको घटना लङ्गडा र कुकुर पात्रमार्फत प्रस्तुत गर्न सफल छन् । नेपालीहरू काम र मामको खोजीमा देश छोडेर विदेश जान बाध्यता थियो । त्यस मध्ये अधिकांश नेपाली भारतमा जाने चलन थियो । लङ्गडो पनि पहिले हातगोडा सध्य हुँदा नै ऊ भारत दार्जिलिङ्ग सहर काम गर्ने गएको थियो । नेपालीहरूले उहँ कठोर र गाह्रा प्रकृतिका काम गर्न पर्ने बाध्यता थियो । लङ्गडा पनि एक दिन पानी परेको बेलामा रूखमा चढेर गाईलाई घाँस काट्न खोज्दा रूखबाट लडेर लङ्गडो भएको थियो । लङ्गडो नहुँजे साहुले काममा राख्यो काम गर्न नसके पछि घरबाट निकाली दियो । त्यसैले ऊ आफ्नो पटे पाल्न भएपनि माघेर खान बाध्य भएको थियो । सहरीकरणका विकासले मानवीय भावना हराउँदै गएकाले माग्दा पनि नदिने मानवका दानवीय स्वभाव विकास भएका थिए । माग्नेहरूलाई धनी भनिने सहरीया समाजले उपेक्षाका दृष्टिकोणले हेद थिए । लङ्गडा दिनभरी माग्दा पनि उसलाई खान पुग्दैन थियो । कहिले झरीबादल र प्रकृति विपतले ऊ कति दिनसम्म भोक भोकै बस्नु पर्ने बाध्यता हुन्थ्यो । मानिसको साथ चाहिने कठोर घडीमा उसलाई साथ दिने कोही हुँदैन थिए । उसलाई मानवले साथ नदिएपनि मानव वेतर पात्र कुकुरले मृत्युपरान्तसम्म साथ दिएको पाइन्छ ।

ऊ एक दिन सड्कमा माग्नेक्रमा पानी परेर आफ्नो झुपडी जान नभएर सडकैमा परेको थियो । धेरै समय सडकमा बस्ता बस्तै रात परेकाले एउटा कुनै घरमा ओतलागेर बस्ने उसले विचार गऱ्यो । ऊ जुन घरमा ओतलाग्न गएको थियो । त्यो घरको मान्छेले उसलाई लडाएर सडकको हिलोमा पुराई दिएकाले रातभरी सडकको हिलोमा लडेर लङ्गडाको अचेत अवस्थामा पुग्यो । मानवीय संवेदान हराएर मानवको राक्षेसी स्वभावका कारण लङ्गडाको मृत्यु भयो । आजका सभ्य विकसीत भनिएका मानिसमा संवेदनशीलता हराउँदै गएको छ । मानिस आफूलाई सभ्य र विकसित आधुनिक मानव भने पनि ऊ पशु भन्दा तल्लो दर्जाको बन्न पुगेको छ ।

## २.५.१ वर्ग, समुदाय या पिँढी

लङ्गडाको साथी उपन्यासको केन्द्रीय प्रमुख पात्र लङ्गडो हो । गरिबी र बेरोबजगारीका कारण ऊ जन्मभूमि छाडेर विदेशिएको छ । सोह्र वर्षको उमेरमा नै नेपाल छाडेर दार्जिलिङ बासेको थियो । त्यही ठाउँमा एक जना मालिकको घरमा गोठालो बस्ने गरेको र एक दिन घाँस काट्न जाँदा रूखबाट खसेर अपाङ्ग भएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । लङ्गडा भन्छ- "घर नेपाल हो, ... नेपाल तीन लम्बरमा जग्गा छ, जमिन छ, खानलाउन राम्रो पुगे नेपाल छोडेर किन मुगलान पस्नुपर्थ्यो ? आफू १६ वर्षको हुँदा दोरलिङ पसेको । तर दिनदशाले गर्दा पहाड फर्कन सकिनँ... यस्तै हालत भएर आज मागीमागी पेट भर्दै छु .. डुलिहिँड्छु ... एक मुठी सास छउन्जेल अब हजुरहरूकै आछापिछामा छु ... के गर्नु हजुर !" अपाङ्ग भएकोले ऊ काम गर्ने नसकी दार्जिलिङका सडक, गल्ली, चोक, बजारमा माग्ने काम गरे जीवन विताउने गरेको उल्लेख उपन्यासमा छ । मागेर जम्मा गरेको पैसाले आफ्नो र ककुरको भोक मेटाउनु उसको दैनिकी बनेको छ । ऊ पैसा पाउँदा खुसी बन्दछ भने पैसा नपाउँदा दुःखी बन्दछ । लङ्गडाले मागेका पैसाले कहिले खानपुग्दैन । कुनै दिन मौसम झरीबाद, रागले गर्दा माग्न नसक्दा भोकभोकै विताउनु पर्ने विवस्ता उसको छ । लङ्गडा मानवीय पक्षबाटमात्र ऊ प्रताडित छैन । प्रकृतिले पनि उसको अनुकुल देखिदैन छ । ऊ यसमा केवल निर्य भएर बस्न बाहेक केही गर्ने सक्दैन । लङ्गडा बस्ने ठाउँको सन्दर्भमा "गड्डीखानको छिँडीबाट जाँदा निकै तल्तिर भित्तापट्टि टिनले बारेको एउटा थोत्रे घरजस्तो खाली ठाउँ थियो । त्यसलाई घर नभनेर झुप्रो नै भने हुन्छ, किनभने त्यसको छानो पुरानो मट्टीतेलको टिनलाई सोझ्याएर बनाइएको थियो तथा हावाले उडाउला भनी त्यसलाई ढुङ्गाले थिचिराखेको थियो । त्यो एउटा उराठलाग्दो झुप्रो थियो भित्ताको सहारामा एकदुई काठ गाडी टिनले बारेर एउटा मानिस सुत्नसम्म हुने सानो ठाउँ बनाइएको थियो । त्यहाँ न बलियो ढोका थियो न भित्ता न त बिजुली । ढोकाको नाउँमा दुईचार वटा मक्किइसकेका काठ जोरेर आग्लो लाउनेसम्म बनाइएको थियो । त्याहाँ आधुनिक फर्निचरको नाउँमा केवल फुको धूलोसरिको भुइँमा दुईचार वटा पुराना फल्याक मात्र ओछ्याइएका थिए ।" (बाड्देल, २०७६:३) लङ्गडाले साहुले आश्रय नदिएपछि अन्य मानिसले पनि आश्रय नदिएपछि बाध्य भै एक्लै अतिनै कष्ठप्रत घर भन्नु वा छाप्रोमा जीवन काटन बाध्य थियो । यसबाट लङ्गडा साहाराविहिन एक्लो जीवन विताउन बाध्य भएको व्यक्ति हो । उसको संसार भन्नु नै त्यही एउटा झुप्रो हो जहाँ उसले सुख दुःखका कयौँ वसन्त पार गरेको छ । ऊसँग लौरो, कुम्लो र रुमालबाहेक सम्पत्तिको नाममा केही छैन; साथीको नाममा एउटा कुकुरबाहेक दुनियामा उसको कोही आफ्नो मान्छे नभएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ ।

मानिसहरूले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे, जिस्क्याउँथे । सहरमा बदमास केटाकेटीहरूको एक दल थियो । तिनीहरूले उसलाई 'भुइँ भालु' भनी खिज्याउँथे । ऊ रिसले भुतुक्क भएर आफ्नो लौरो टिपी झटारो हान्न खोज्थ्यो ( बाड्देल, २०७६:६) । ऊ आफू जिस्काउने प्रति केवल आफ्नो उपहास गर्नेको मुखमा

निःसहाय भएर भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अङ्कित भएको हुन्थ्यो । तर लङ्गडा केही गर्ने नसक्ने थियो ।

एक दिन लङ्गडा पानी परेकोले अबेरसम्म बजारमै बसिरहेको थियो । बितारै अध्यारो भयो । घर र पसलहरू पनि बन्द भए । लङ्गडा भिजेर मुसो भिजेजस्तो भइसकेको थियो । ऊ थरथर काम्दै प्रकृतिको त्यो ऋुर नृत्य हेरिरहेको थियो । आकाशमा बिजुली चम्कन्थ्यो, मेघको भीमगर्जन हुन्थ्यो । लङ्गडाका आँखा तिरिमिरी हुन्थे अनि फेरि अँध्यारो हुन्थ्यो । उसको लुगा भिजिसकेको थियो । यसरी धेरै बेर ऊ त्यहाँ बसिरह्यो । आधारात भइसकेको थियो । अब त पानी थामिएलाजस्तो भयो । जाडाले लङ्गडाको मुटु उत्तिकै कामिरहेको थियो (बाङ्देल, २०७६:६१) संसारका सबै मानिसहरू आफनो घरमा सुतिरहेका बेला लङ्गडा केवल एकलै बाच्नका लागि सङघर्ष गर्दै थियो । उस त्यस रात "त्यहाँबाट पर्तिर कसैको दलानमा गएर रात बिताउने विचारले अन्धकारमा घस्रँदै ऊ भित्ता छाम्न लाग्यो । एकदुई ढोका भेट्टायो । घरभित्रका मानिस निद्राबाट ब्युँझलान् भन्ने डरले चाल मारेर ऊ छामछामछुमछुम गरिरहेथ्यो । पर्तिर काठको ठूलो रित्तो बाकसजस्तो उसले भेट्टायो । त्यो बाकसको आड लिएर हावादेखि बाँच्ने विचारले बाकसमा अडेस लाग्यो । लामो निःश्वास लियो र आफ्नो पिठचूँको पोको भिक्यो । पानीले भिजेर त्यो पनि अहिले गह्रौं भइसकेको थियो । कुनापट्टि सरेर उसले बाकसको छेउमा भएको मट्टीतेलको टिनमा आफ्नो पोको राख्न खोज्यो । दुर्भाग्यवश त्यो टिन पल्टिएर तल खस्यो । रातको निःस्तब्ध वातावरणमा एउटा ठूलो आवाज भयो, अनि फेरि चकमन्न भयो । घरभित्रबाट एक जना अग्लो दाह्री भएको मानिस आयो । त्यसले हातको लौरो उचालेर के लङ्गडामाथि प्रहार गर्न आँटेको मात्र थियो, तल अन्धकारबाट एउटा करूण उद्धार आयो - 'हजुर ! म त एउटा माग्ने लङ्गडा पो हुँ !' भन्यो त्यसले आफ्नो बलियो पाखुराले लङ्गडालाई हातबाट तानेर घसादै वर ल्यायो र सिँढी ओरालो मुन्टचाइदियो ।" (बाङ्देल, २०७६:६२-६३) लङ्गडालाई बाटोमा लडे पछि ऊ वेहोस भएर बाटोमै रातभरि पऱ्यो । हृदयहीन सभ्य भनिएका सहरका मानिसले दुरव्यवहार गर्दा लङ्गडा मृत्युको मुखमा पुग्दछ । तर पनि ऊ कुनै प्रतिकार गर्ने सक्दैन । उसका लागिको सहायक कोहि छैनन् । ऊ यो मानव समाजमा मानवहरूकै बीचमा एक्लै भएको अनुभव गर्छ । रातभरि चोसो सडकमा वेहोस भएर लडेको लङ्गडा भोलि पल्ट विहान उसको मृत्यु हुन्छ ।

लङ्गडाले दार्जिलिङको वातावरणमा लङ्गडाले बाँच्नका लागि गरेको सङ्घर्षको जीवन्त चित्र प्रस्तुत गरेको छ । हरेक प्राणीले आफ्नो अवस्थाअनुसार वरिपरिको वातावरणलाई अनुकूल बनाएर बाँच्ने प्रयत्न गर्दछन् भन्ने जीवशास्त्रीय मान्यतालाई उसको यस व्यवहारले पुष्टि गरेको छ । त्यस्तै, उपन्यासमा लङ्गडाको दबाव र प्रभाव पनि सूक्ष्म ढङ्गमा केलाइएको छ । उसको गरिबी, मगन्ते जीवन, अपाङ्ग अवस्था, दार्जिलिङको प्राकृतिक अवस्था, सामाजिकीकरणको समस्या, कुकुरसँगको सम्बन्ध, मानवीय अत्याचार आदिका आधारमा उसको दबाब र प्रभाब भएको देखिन्छ । उसमा तीव्र मानसिक अन्तर्द्वन्द्व, बेचैनी र छटपटी छ जसका कारण उसको मानसिकता अस्थिर र चञ्चल भइरहेको छ । शारीरिक विकृति र सामाजिक अवहेलनाका कारण उसमा प्रतिशोधी भावनाको पनि विकास भएको देखिन्छ । उसमा कमजोर मनोबल र मृत्युन्मुखी प्रवृत्ति बढ्दै गएको देखिन्छ । कहिले

संसार राम्रो देख्ने, कहिले नराम्रो देख्ने, ईश्वरमा विश्वास गर्ने नगर्ने, पुलिस देख्दा डराउने तर स्कूले केटालाई लट्ठीले भगाउने, सपनामा गिद्ध देख्ने, कहिले जन्मँदा लङ्गडो भएको र कहिले पछि रूखबाट खसेर लङ्गडो भएको भन्ने जस्ता उसका व्यवहारलाई हेर्दा ऊ असामान्य मानसिकताबाट ग्रसित रहेको स्पष्ट हुन्छ । उसले पुलिस, विद्यार्थी केटाहरू तथा मानवीयता नभएका भद्रभलादमीको विरोध गर्न सकेको छैन । उसले उसलाई दुःख दिने कसैसँग पनि प्रतिकार गर्ने सकेको छैन । केवल निर्य पात्रको रूपमा उपन्यासमा उपस्थिति भएको छ । यसर्थ उसले अधीनस्थ समुदायको प्रतिनिधित्व गरेको छ ।

## २.६ रेम्ब्रन्ट उपन्यासमा अनुभूतिको संरचना

लैनसिंह बाङ्गदेल साहित्यक व्यत्तित्व बाहेक कलाकार पनि हुन् । कलाको सम्मन गर्दै लेखिएको रेम्ब्रन्ट उनको चौथो तथा अन्तिम उपन्यास हो । यो उपन्यास वि.सं. २०१९ देखि लेख्न थालिएको भएपनि वि.सं. २०२३ मा प्रकाशित भएको हो (प्रधान, २०७२:२५५) । यो उपन्यास १७ औं शताब्दीका महान् कलाकार रेम्ब्रन्ट भ्यान रीनको जीवनीलाई चित्रण गरेको जीवनीमुलक उपन्यास हो । नेपाली साहित्यमा जीवनी उपन्यासको पहिलो प्रयोग हो । एक नेपालीको कलमबाट लेखिएका युरोपियनहरूको जीवनका विषयमा आकर्षक उपन्यास पढ्न पाउनुले नेपालीहरूप्रतिको बाङ्देलको उल्लेखनीय ममता रहेको तथ्यलाई प्रमाणित गरेका छन् (जोशी,२०२१:२११) । यो उपन्यासको प्रमुख पात्र रेम्ब्रान्ट हुन् । उपन्यासमा रेम्बान्ट बाहेक शस्किया र हेन्ड्रिकीजस्ता प्रमुख पात्रहरू छन् भने अन्य पात्रहरूमा डा.भ्यानलुन र गिर्टी, हर्मेन, जकबम्यान, स्वेननवर्ग, पीटर लास्टम्मन, जान लिभेन्स, केप्टेन बेनिङगकोक, टाइटस लगायतका छन् । उपन्यासमा रेम्ब्रन्टको पारिवारिक, सामाजिक आर्थिक अवस्थाकको चित्रणमै केन्द्रीत छ । उनका जीवनका सुखद पक्ष भन्दा पनि दुख पक्षका प्रस्तुतिमा उपन्यास केन्द्रीत भएको देखिन्छ । रेम्ब्रान्टका आफ्नतहरूका मृत्यु र उनको कष्टप्रत जीवन कथाले उपन्यास रेम्ब्रान्टप्रति साहानूभूति भावन प्रकट हुन्छ । उपन्यासको अन्त्य दुःखान्तमा समाप्त हुन्छ ।

### २.६.१ दबाव र तनाव जन्य अनुभूतिको संरचना

*रेम्ब्रान्ट* उपन्यास १७ औं शताब्दीका महान् कलाकार रेम्ब्रान्ट भ्यान रीनको जीवनमा आधारित सामाजिक यर्थाथवादी उपन्यास हो । उनले *रेम्ब्रान्ट*लाई औपन्यासिक इतिहास हो (राई, २०३१ : ९३) । रेम्ब्रान्ट होल्याण्ड निवासी हुन् । रेम्ब्रान्ट हलेण्डको पश्चिमी लेइडनको सुन्दर प्रकृति सहरमा पिता हर्मेन गेरिसजन भ्यारीनटीन र माता विल्टीन विलिम भ्याने स्वीडब्रुका कान्छा छोराका १५ जुलाई १६०७ मा जन्म भएको हो । स्कूलको शिक्षापछि विशेष अध्ययनका लागि रेम्ब्रान्ट एकेडेमी अफ लेइडनमा भर्ना भए । रेम्ब्रान्ट बाल्यकालदेखि नै चित्रकलामा अभिरुचि राख्दथे । छोराको कलाप्रतिको अभिरुचि राखेकाले उनका बाबुले लेइडन निवासी जकब म्यान स्वेननवुर्गको चित्रशालामा तीन वर्षको अध्ययन गर्ने पठाए । त्यहाँपछि उनले अम्सटरडाममा जाने इच्छा राखे यो कुरा आमा बुबालाई मन परेन उनको बाबु र आमाका बीच यो कुराले विवाद ल्यायो । उनी घर छोडेर

गए । उनी पुनः भोलिपल्ट बिहान घर फकेर आए । छोराको यस्तो अवस्था देखेर अन्ततः हर्मेनले छोरालाई अम्सटरडाम गएर कला सिक्ने स्वीकृति दिए । यो निर्णय पछि रेम्ब्रान्ट । उनका आमा बुबा खुशी भए । आमा-बुबा उनको जन्ममा खुशी भएपनि दुनीया खुशी थिएन । जुन कलाकारको त्यत्रो दर्नाम फैलिएको थियो तथा जुन कलाकारलाई लम्पट र चरित्रहीन भनी दुनियाले अपचाइ लाएको थियो । आज उनैको नाउँ दुनियामा अमर छ । आज उनी रेम्ब्रान्ट नाउँले दुनियामा प्रसिद्ध छन् (बाङ्देल; २०२३ : १-२) । रेम्ब्रान्टलाई तत्कालीन समयमा उनको कला समाज र शासक व्यवस्थाका कसैले चिन्न सकेनन् । उनले कलालाई साधनले मूल्य नपाएकाले उनको जीवन आर्थिक अभावको सङ्कटमा पर्नु पऱ्यो । समाजको उपक्ष्या र आथिक सङ्कटका कारण उनको जीवन पीडामय देखिन्छ ।

उनको जन्म गलत समयमा भएको बाङ्गदेलको भनाइ छ । उपन्यासका दृष्टिमा यो त्यो युगको घटना हो जुन वेला सत्रौ शताब्दीले भर्खर भर्खर बामे सार्न लागेको थियो । हेर्दा हेर्दै हलेण्ड एउटा बढ्दो र शक्तिशाली देश भइ सकेको थियो । भर्खर पराधीनताको साङ्लोबाट फुक्का भएको यो देशमा जागृतिको नयाँ लहर फैलिएको थियो । स्पेनको मुट्ठीबाट मुक्तभएपछि स्वतन्त्रताको कसरी उपयोग गर्नुपर्छ । त्यो हलेण्ड निर्वासीलाई राम्ररी थाहा थियो । इतिहासमा यस्ता कैयन् उपमा छन् जहाँ स्वतन्त्रताको दुरुपयोग भएर देश धुजा धुजा भएको छ, स्वार्थ प्रलोभन र परस्परको ईष्या डाहाले देशको भविष्यलाई कुडाराघात गरेको छ । किन्तु स्वतन्त्रता प्राप्त गरेपछि देशमा अगाडि बढाउने र समृद्धिशाली बनाउने अनेक योग्य जाति पनि संसारमा जन्मेका छन् (बाङ्देल; २०२३ : १) । रेम्ब्रान्टको जन्म पनि त्यस्तै हो । रेम्ब्रान्टले देशको नाम राख्ने काम गरेपनि उनको उचित मूल्याक नहुँदा र आर्थिक संङ्कटका कारण उनको जीवन दुःखमय वित्यो ।

रेम्ब्रान्टको चरित्र अत्यन्त सोझो र सरल प्रकृतिको छ । उनी धेरै राम्रा र सुन्दर थिएनन् । उनको शारीरिक बनावटप्रति उपन्यासमा यसरी टिप्पणी गरिएको छ : रेम्ब्रान्ट त धेरै खस्रा र भद्दा देखिन्थे किनकि उनको ठूलो नाक, चौडा निधार, कामुक ओठ, फुकेको छाती र मजबुत शरीर थियो । यसबाट उनी त्यति उच्च र सम्पन्न कुलबाट आएका होइनन् कि भन्ने शङ्का हुन्थ्यो । तर सुन्दर चेहरा नभए पनि उनका आँखामा यस्तो एउटा टलक थियो, यस्तो एउटा दार्शनिक भावना थियो कि त्यसले मानिसलाई असर नगरी छोडदैनथ्यो (बाङ्देल; २०२३ : २५-२६) ।

रेम्ब्रान्ट अम्सटरडामका प्रसिद्ध चित्रकार पिटर लास्टमनको चेलो भई चित्रशालामा कला अध्ययन गरेका थिए । उनी परम्परावादी स्वेनेनबुर्गको चित्रशालामा भन्दा कलाजगत्मा केही नयाँ कुरा सिर्जना गर्न अभिप्रेणा प्राप्त गरेर । रेम्ब्रान्टले तेलचित्र प्रयोग गर्ने विधि र त्यसको परिणाम तथा चित्रमा अँध्यारो र उज्यालो देखाउने र रङमा पनि उही किसिमको लय हाल्ने शैली पिटर लास्टमनबाट सिके । उनले बुबा आमाकै साथै छिमेकीका चित्र बनाए । रेम्ब्रान्ट अम्सटरडाम बसेर चित्रकला बनाइ बसे । उनले परम्परावादी चित्रकलाको विरोध गरे । रेम्ब्रान्टको कला सम्बन्धी आफ्नै प्रकारको दृष्टिकोण थियो । कलाकारले कुनै पनि विषयको भित्री सौन्दर्यलाई पहिल्याउनु पर्दछ भन्ने उनको दृढ मान्यता छ । यस सम्बन्धमा उनी भन्छन् : रेम्ब्रान्टको के भनाइ थियो भने कलाकारको काम सृष्टि गर्नु हो तर कलाको सिर्जना गर्दा कुनै विषय होस् त्यसमा रहेको भित्री सौन्दर्यलाई खोजेर

निकाल्नुपर्छ र त्यही सौन्दर्यलाई तस्बिरमा कलात्मक ढङ्गमा सजाएर राख्नुपर्दछ । कलाकारको आत्मप्रकाशन त्यही हुन्छ, त्यही कलाकारको सृष्टि जीवित भएर रहन्छ । तर त्यस सौन्दर्यको कदर गर्ने संसारमा कोहि भएन भने पनि त्यो सुकेर मर्दछ (बाङ्देल; २०२३ : ६५) । उनी निरन्तर कलामा लागि रहनुपर्छ । अरुका भनाइमा लाग्ने र उनीहरूकै पछि दौडिन हुन्न भन्ने उनको मान्यता थियो ।

रेम्ब्रान्ट भावुक र संवेदनशील स्वभावका थिए । गोधुलीमा देखिने शून्य खेत, पराल, सुनसान जङ्गल, मैदान, घट्ट र रूखहरू तथा त्यहीँ गोधुलीको छायाँमा देखिने रङ्गहरू उनका हृदयमा प्रतिबिम्बित भई सधैंका निम्ति टाँस्सिए (बाङ्देल; २०६९:३) । प्रकृतिमा रम्ने भावुक स्वभावका थिए । उनी परिवार र समाजका विषय भन्दा उनी आफ्नो काममा लागि रहन्छन् । कलाकारले सम्मान पाउने तर उनी जस्ता अमर कलाका पक्षमा आजीवन समर्पित हुने कलाकारहरूले अपमान र तिरस्कार पाएको स्थितिलाई उपन्यासमा देखाइएको छ । उनीप्रति तत्कालीन समाज कतिसम्म अनुदार थियो भन्ने कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : समाजदेखि उनी दिन-दिन पर-पर हुँदै गए । समाजसितको बन्धन टुट्दै गयो । जिन्दगी एक्लो हुँदै गयो । ऋण लाग्दै गयो । हुँदाहुँदा मानिसको कटु आलोचनाको सिकार बन्नुपऱ्यो । नचाहिँदो-नचाहिँदो धेरै नराम्रा हल्ला फिँजाएर समाजले उनी समाजको आँखामा नमिल्ने र कसिङ्गर जस्तो ठानिए …कतिले फजुलका हल्ला फिँजाए । बदनियत भएको यो मानिस साह्रै गएगुज्रेको छ, यसले जसलाई पायो स्वास्नी बनाउन खोज्छ, नोकर्नीलाई समेत बाँकी राखेन, यहाँसम्मको निर्लज्ज कि स्वास्नीमान्छेलाई नाङ्गो तुल्याई तस्बिर लेख्ने यो लम्पट हो, बौलाहा हो भनी कैयन् आरोप लाएर समाजले उसको धुजो काढ्न खोज्यो (बाङ्देल; २०२३ : ८५) ।

हलेण्डले जतिसुकै आर्थिक प्रगति गरे पनि अम्सटरडाम र लेइडन लगायतका ठूला बस्तीहरूको सामाजिक जीवन अत्यन्त सङ्कुचित, परम्परावादी र अदुरदर्शी रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । त्यहाँको समाजले क्षणिक र बिकाउ कलालाई महत्त्व दिएको तर ऐतिहासिक र अमर कलालाई चिन्न नसकेको विषयलाई उपन्यासमा मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । भविष्यका लागि अमर कला रचना गर्ने रेम्ब्रान्टजस्ता महान् कलाकारहरूलाई तत्कालीन समाज र राज्यले उचित न्याय गर्न नसकेको विषयलाई उपन्यासमा गम्भीर रूपमा प्रस्तुत गरिएको छ । समाज र राज्यले रेम्ब्रान्टजस्ता कलाकारलाई सम्मान दिनुको सट्टा झन् अपमानित बनाउनुले तत्कालीन समाजको अदुरदर्शिता र राज्यको अनुत्तरदायी व्यवहार स्पष्ट भएको छ । उपन्यासमा हलेण्ड र स्पेनका बीचमा भएको युद्ध रोकिएको खुसीयालीमा राज्यले बुद्धिजीवी, कवि कलाकारहरूलाई आमन्त्रण गऱ्यो; तर रेम्ब्रान्टलाई कुनै वास्ता गरिएन । यसरी रेम्ब्रान्टको कलासम्बन्धी मौलिक धारणा रहेको छ । यही मौलिक धारणाका कारण उनी अरू कलाकारभन्दा भिन्न देखिएका छन् । उनमा कलाको राग तीव्र थियो । त्यसैले उनी लिभेन्ससँग अम्सरडाम गए तर स्वेननवुर्गको चित्रकला परम्परावादी थियो । रेम्ब्रान्ट परम्परा विरोधी थिए । उनले पिटर लास्टमनको चित्रशालामा स्वतन्त्र वातावरण भएकाले रेम्ब्रान्टलाई यसले अमर कलाको सिर्जना प्रेरणा दियो । उनले त्याहाँ एउटा चित्रशाला खोले । उनी त्यही हुँदा उनका बुबा हर्मेनको भऱ्याङबाट लडेर मृत्यु भयो ।

रेम्ब्रान्टका तस्वीर र एचिङ्को पहिले धेरै माथ बढेको थियो । जनसाधारणमा पनि रेम्ब्रान्टले लेखेका तस्वीरको खुव तारीफ हुन्थ्यो । तर केही समयदेखि खास गरेर केप्टन निङ्कोकको तस्वीर लेखेको समयदेखि काव्यको व्यापार शिथिलत आएउन थाल्यो । रेम्ब्रान्टका चित्रहरूमा जनताको रूचि घट्दै गयो । हुँदा हुँदै रेम्ब्रान्ट अब यस्तो अवस्थामा आइपुगे किन उनलाई जीवन धान्न पनि मुश्किल हुन थाल्यो (बाङ्देल; २०२३ : ९२) । रेम्ब्रान्ट कलालाई पूजा सम्झन्थे । उनी अन्यत्र ध्यान नदिइ केवल कला साधना लागि रहन्थे । जस्काकारण उनको पारिवारी जीवन र व्यक्तिगत जीवन सुखत हुन सकेन ।

उनले त्यहाँ चित्रकला सिकेपछि  त्यहाँबाट फर्केर अम्सटरडाममा पुगेर चित्रशाला खोली काम गर्न थाले । त्यही ठाउँमा शस्कियासँग विवाह भयो । शस्कियासँग विवाह गरे । विवाहपश्चात् रेम्ब्रान्ट निवी डोल्सट्रसमा एउटा घर बहालमा लिई बस्न थाले । उनले त्यहाँ अरूलाई चित्रकला सिकाउन पनि थाले । त्यही रहदा उनका माइला दाइ जेरिट तथा गुरु पटिर लास्टमनको मृत्यु हुनु, मृत्युको पीडाले रेम्ब्रान्ट  बहुलाहा जस्तो बन्न पुगे । रेम्ब्रान्ट परिवारसहित आफ्नै घर पर्किए । रेम्ब्रान्टको आमाको मृत्युले उनलाई ठूलो चोट पुरायो । उनलाई पीडामाथि पुनः उनको छोरी मृत्युले ठूलो चोट दियो । घरमा भएका सम्पत्ति अंशभवण्डा भएपछि रेम्ब्रान्टले सबै वेचेर उनले नयाँ ठाउँमा घर बनाएर बसे । त्यहाँ उनीहरूको एउटा छोरो टाइटास पनि जन्म भयो । उनले धेरै नाम र इज्जत कमाए । तर ई.सं. १६४१ म देखा परेको खराब मौसमले अम्सटरडाम नगरमा धेरै जना बिरामी परे शस्कया पनि विरामी परिन । उनलाई डा. ध्यान लुन्ले उपचार गरे तरपनि क्षयरोगका कारण उनको मृत्यु भयो (बाङ्देल; २०२३ : ८५) ।

शस्कियाको मृत्यु हुनुभन्दा एक वर्षअघि उनको जिन्दगीमा कस्तो रमाइलो घाम लागि दिएको थियो । त्यसबेला शस्किया बाँचको थिइन् । रेम्बान्टको तस्वीर चारैतिर उज्यालो छरिएको हुन्थ्यो । त्यो बेला अकै थियो । त्यो बेला जिन्दगी अकै थियो । उज्यालो नै अर्को थियो । शस्किया मरिन् । शस्कियाको मृत्युले उनको जिन्दगीमा कालो चूक जस्तो अँध्यारो पोखाइदियो । अब उनको जिन्दगीमा यस्तो नराम्रोसित कुठाराघात पऱ्यो । उनको मानसिक अवस्थासँगसगै उनलाई तस्तवीरका रङ्ग फेरिदै गऱ्यो । हुन त पहिलेदेखि उनका चित्रमा उज्यालो भन्दा अध्यारो बढ्ता हुन्थ्यो । जिन्दगीलाई एक्लोपन र निराशाले छोपेपछि त्यो झन् कम उज्यालो देखिन थाल्यो तर आश्चर्य के भने त्यति कम उज्यालोमा उनले कस्ता उदेकक लाग्दो कला सृष्टि गर्न थाले । त्यस किसिमको सौन्दर्य सिर्जन ागर्ने सक्ने कलाकार संसारमा अर्को जन्मन सकेन संक्षेपमा जति दुःख बढ्दै गयो । उनको तस्वीरमा त्यति मानवताका साथै भानुकला थपिदै गयो ।

रेम्ब्रान्टको जीवनमा कठिनाइका दिन सुरु भयो । उनले बनाएको सभाभवनको चित्रको चित्र कसैले चित्त बुझाएनन् । सोह्र हजार फ्लोरिन रकम दिने भनिएकामा कसैले पनि केही नदिने निर्णय गरे । उक्त चित्र त्यहाँबाट हटाएर उनका दुई चेलाले बनाएका चित्र राख्ने निर्णयले उनको चित्रकारीतामा ठूलो धक्का लाग्यो । उनको आत्माभिमानमा चोट लाग्यो । शस्कियालाई रोगले च्यापदै ल्यायो । एक दिन उनी सुतिरहेको अवश्थामा उनको मृत्यु भयो । शस्कियाको कारण पनि उनको चित्रकला राम्रो भएको थिए । उनको मृत्युले उनको एकातिर जीवन साथी गुमाउन पऱ्यो अर्कातर्फ उनको कलाले उचि स्थान पाउन

छोडयो । रेम्ब्रान्टलाई त्यस कुराले पनि पीडा उत्पन्न गऱ्यो तरपनि उनी चित्रकला सिर्जना गर्ने काम छोडेन्न ।

रेम्ब्रान्टले केप्टन बेनिङ्गकोक र उनका सोह्रजना अफिसरहरूको चित्रबनाए तर उनले बनाएको तस्विर बेनिङ्गकोक र उनका अफिसरहरूले मन पराएनन् (बाङ्देल; २०२३ : ७१) । उनीहरूले नकिनेपछि उनको परिश्रम, खर्च त्यसै गयो । उनी आफूले ती तस्विर बनाएर प्रसिद्ध हुने इच्छा पनि पुरा हुन सकेन । उनको इज्जतमा धक्का लाग्यो । उनलाई भाग्यको कस्तो विडम्बना यही तस्वीर लेखिएको दिनदेखि रम्बान्टको जिन्दगीमा कालो राक्षसी छायाँ आएर उनको जिन्दगी उज्वालोलाई क्रमशः ढाक्दै लाग्यो ...... (बाङ्देल; २०२३ : ७५) । उनले यस घटनाले ठूलो पीडा दियो । जन तस्वीर लेखेर संसारमा अमर हुछु भन्ने रेम्ब्रन्टको आशा थियो, त्यो आशाचकनाचुर भयो (बाङ्देल; २०२३ : ७१) । उनमा जीवन र कला क्षेत्रबाट निराश भएतरपनि आफूलाई समालेर कला क्षेत्रमा लागिरहे । आफ्ना पीडा र चोटहरूलाई लुकाएर आफ्ना काला साधनामा लागि रहे । उनको घरमा काम गर्ने राखेको गिर्टीले छोरा टाइटासले हेर्ने गरे पनि उनी पागल भएपछि पागल खाना लगियो । उनको मृत्यु त्यही भयो । रेम्ब्रान्ट त्यस घटनाबाट उनमा पीडा थप्यो । तरपनि उनी चित्रकारितालाई छाडेनन् ।

रेम्ब्रान्टले बाल्यकालदेखि नै आर्थिक सङ्कट बेहोर्नु परेको छ । पैसाका लागि कयौँ छाक भोकै बस्नुपरेको तीतो यथार्थलाई उनले राम्रोसँग बुझेका थिए । त्यही पारिवारिक भोगाइका कारण उनले अरूको दुःखलाई पनि आफ्नै जस्तो सम्झन्थे । मानिस जस्तो पारिवारिक परिवेशमा हुर्कन्छ; त्यही परिवेशको प्रभाव उसको जीवनभर रहन्छ भन्ने यथार्थलाई उनको यस्तो व्यवहारले पुष्टि गरेको छ । यसरी उनी सधैँ मानवतावादका पक्षमा उभिएका छन् । उनी सम्पत्ति, पद र शक्तिका पछाडि कहिल्यै दौडेनन् । उनले दुःखी र पीडितहरूको आँसु देख्न सक्दैनथ्ये । उनमा सहयोगी भावना थियो । दुःखी दरिद्रहरूलाई आवश्यकता पर्दा पैसासमेत दिएर सहयोग गर्थे । आफ्नै घरमा काम गर्ने गिर्टीलाई डा. भ्यानले कयौँ पटक घर निकालिदिन आग्रह गर्दा उनी ननिकाल्ने पक्षमा दृढताका साथ उभिएका छन् । गिर्टीका सम्बन्धमा उनको विचार यस्तो रहेको छ : गिर्टीमा त्यति दोष होला तर दोष त हरेक मान्छेमा केही न केही अवश्यै हुन्छ । दोष नभएको मानिस यस संसारमा कोहि छैन । फेरि गिर्टीलाई यो घरबाट निकालिदिएमा त्यस बिचरीले दुःख पाउँछे भन्ने रेम्ब्रान्टको हृदयमा यस्तै तर्क भइरहन्थ्यो (बाङ्देल; २०२३ : ७९) ।

उनी उदार दीलका थिए । जो मानिस पैसा माग्न आए पनि अथवा सापटी लिन आए पनि कसैलाई रित्तो हात उनी फर्काउँदैनथे । गरिबहरू पनि बराबर उनीकहाँ हात पसार्न पुग्थे । कलाकारको मन थियो, बडो उदार दिल थियो । गरिब र भीख माग्नेलाई मुट्ठीभर पैसा दिन्थे (बाङ्देल; २०२३ : ३९) । उनी सहयोगि भवनाका थिए ।

रेम्ब्रान्टको घरमा केही समयपछि काम गर्न टाइटसको धाइआमाका रूपमा हेन्ड्रिकी स्टोफेल्स आएपछि रेम्ब्रान्टलाई केही सहजमहसुस भयो । रेम्ब्रान्ट र हेन्ड्रिकीका बारेमा समाजले अनेकौं कुराकाटन थाले पनि उनी वास्ता नगरिकन चित्रकलामा लागि रहे पछि उनैसँग दोस्रो विवाह रेम्ब्रान्टले गरे । उनीबाट कोर्नेलिया नामको छोरीको जन्म भयो । उनीको कलाकारीताले उचित स्थानपाउन सकेन । आर्थिक समस्याले गर्दा उनको घरपनि

विक्री गर्नुपर्‍यो । घर नभएपछि उनी परिवारसहित डाक्टर भ्यानलुनका घरमा बस्न जानुपर्‍यो । हेन्ड्रिकी विरामी परिन । उनलाई डाक्टर भ्यानलुनले बचाउन धेरै कोसिस गरे, तर सम्भव भएन । आफ्नो जीवन साथी हेन्ड्रिकीको मृत्यु भयो । उनी यस घटनाबाट धेरै पीडा सहनु पर्‍यो । रेम्ब्रान्टले मानिससँग बोल्न, भेटघाट गर्ने छोडे, एकान्त बस्ने र एकोहोरो कलासधनामा लागि रहे । उनी आर्थिकदूरअवस्थाका कमजोर हुदै गयो । केही समयपछि उनको छोरो टाइटसको पनि मृत्यु हुन्छ । एकपछि अर्को पीडा सहनु रेम्ब्रान्टलाई पर्छ । उनी पीडा, रोगशोक, आर्थिक कमजोरीसँगै मानसीकता पनि कम्जोर हुदै गएको हुन्छ । उनी सबैबाट एक्लदै गएर एक्लो जीवन काट्नुपर्छ । उनमा पीडा र चिन्ता थपिदै जान्छ । उनी विस्तारै बुढो हुँदैजान्छन् । डाक्टर भ्यान लुनले उनको धेरै हेरविचार गर्दछन् । उनी अनेकौं रोगले थलिदैं जान्छन् । उनको सन् १६६९ मा मृत्यु हुन्छ । प्रमुख पात्र रेम्ब्राटको मृत्युसँगै उपन्यासको अन्त्य हुन्छ ।

रेम्ब्रान्ट जीवनकालमा सुख भन्दा धेरै दु:ख र पीडाको जीवन बिताउन बाध्य भए । उन आमा, दाजु जेरिटको मृत्युले चोट सहेका रेम्ब्रान्टका गुरु पटिर लास्टमनको मृत्यु हुनुले उनी बहुलाहा जस्तो बन्न पुगे । उनको जीवनमा छोरा टाएटस र छोरी कोनैलियाको मृत्युले आफ्ना जीवन साहारा गुमाउन पर्‍यो । उनको आफ्नै जीवनकालमा नै जेठी श्रीमती शस्किया र दोस्रो श्रीमती हेन्ड्रिकीको मृत्युले जीवन एक्लोपन र पीडादायक जीवन विताउन बाध्य भए । उनको जीवनमा कालकारीता गरेरपनि उनले मानसम्मान कमाउन सकेनन् यसबाट उनको जीवन पीडादायक, कष्टप्रत र अकल्पनीय रहेको पाइन्छ । उपन्यसका घटना रेम्ब्राटसँग सम्बन्ध भएकाले यो जीवनीमूलक उपन्यास हो (भट्टराई, २०४० : ३४१) ।

रेम्ब्राटका आफ्ना जीवनमा जेजस्ता घटनाहरू घटेपनि उनी कला क्षेत्रमा निरन्तर लागि रहे । उनको तत्काली समयका शासक, आम मानिसहरूले उनका कला साधनालाई नबुझेपनि उनी आफ्नै कलासाधनाले नै उनलाई अमर बनायो । तत्कालीन समाज र शासक वर्ग प्रभुत्वशाली बनेपछि तिनको रेम्ब्रान्ट एक्लैले विरोध गरेपनि उनी उदयमान शक्तिका रूपमा देखा पर्ने सकेनन् । उनका परिवारका सदस्यहरूका एकपछि अर्को मृत्यु, कला क्षेत्रमा उनको बेइजत, आर्थिक शङ्कट कारण उनी ठूलो पीडा परे उनमा सबै क्षेत्र समूदायबाट दबाव र तनावमा परे । उनको जीवन अत्यन्त कष्टपर रह्यो । लैनसिंह बाङ्गदेलको कलाप्रतिको सम्मन गर्ने कलाकार तथा लेखक भएकाले रेम्बान्टको जीवनीलाई चित्रात्मक रूपमा सरल शब्दहरूमा अभिव्यत गरेका छन् । उनको यो कलाप्रतिको सम्मान पनि हो । एउटा कलाकारले कलाको साधनामात्र गर्दा कस्तो जीवन कठिनाइ हुन्छ । कलालाई हेर्ने समाजको दृष्टिकोण फरकफरक हुन्छ । रेम्ब्रान्टको कला साधनालाई केहीले विरोध गरेपनि उनी पछि कलाकारीताकै माध्यमले उनी अमर बनेका थिए ।

## २.६.२ वर्ग, समुदाय या पिँढी

रेम्ब्रान्ट उपन्यासका नायक पात्र हुन् । उनी अत्यन्त भावुक र कलाप्रति अत्यधिक रुचि भएका पात्र हुन् । उनी क्षणीक आर्थिक लाभका लागि भन्दापनि भविष्यलाई हेरेर अमर चित्र बनाउन चाहन्थे । उनले परम्परागत कलागत मान्यताको विरोध गर्द थिए । उनको जन्म

भएको बेला हलेण्ड स्पेनको मुट्ठीबाट मुक्त भएको थियो । देशामा स्वतन्त्रताको लहर आएको थियो । तरपनि कला क्षेत्रमा कलालाई हेर्ने दृष्टिकोण परम्परावादी नै थियो । कललाई उच्च सम्मान गरिदैन थियो । कलालाई हेर्ने परम्परामान्यता विध्यमान थियो । परम्परागतमान्यताको विरोध उनले गरेकाले पनि रेम्ब्रान्ट आलोचित हुन पुगे । उनले त्यो कुराको वास्ता गरेनन् । उनले समय र परिस्थितलाई बुझेनन् । एकोहोरो कला साधनामा लागि रहे जसका कारण उनका विरोधीहरू पनि देखिए । आफ्नो विरोध भएपनि उनी एक्लै कला साधनामा लागिरहे । उनको यो स्वभावले उनको जीवनमा नराम्रसँग असफलता र आर्थिक अभाव झेल्नु पऱ्यो । पीटर लास्टमनको चित्रशालामा स्वतन्त्र वातावरण भएकाले रेम्ब्रान्टलाई यसले अमर कला सिर्जना गर्ने प्रेरणा दियो । यस चित्रशालामा केही अनुभव हासिल गरेपछि रेम्ब्रान्ट र जान लिभेन्स मिलेर लेइडनमा एउटा चित्रशाला खोले । उनी चित्रकलामा पनि अमर कलाका पक्षमा थिए । उनले कलालाई साधनका रूपमा भविष्यमा महत्त्व हुने सन्दर्भमा हेर्ने गरेको पाइन्छ ।

तत्कालीन शासक व्यवस्था प्रभुत्वशाली वर्गको थियो । समाजमा पनि सीमित व्यत्तिको प्रभुत्व थियो । उनीहरूका इच्छा र चाहना अनुसार मात्र सबै कुरा हुन्थ्यो । रेम्ब्रान्ट जस्ता उदयमान वर्गमा देखिन खोजेका आफ्ना कामलाई महत्त्व दिने इमान्दार मानिसको कुनै मतलब र भउ थिएन । त्यस्ता व्यक्तिहरू प्रभुत्वशाली वर्गको थिचो मिचोमा पर्नु पर्ने अवस्था थियो । रेम्ब्रान्ट त्यसैको शिकार बने जस्का कारण उनको जीवन सधै सङ्घर्ष र दु:खदायी बन्यो ।

उनी दिन रात कला क्षेत्रमा लागि रहे उनको कला क्षेत्रमा अथक साधना र उनको कला क्षेत्रमा उन्नती प्रगति जस्ता कुरा समेटेका उपन्यसको पहिलो भाग रहेको छ । उनले अमर चित्रकलाका खातिर जीवनका धेरै सुखद क्षणहरू गुमाएका छन् । उनले कला साधनामा सङ्घर्ष गर्दागर्दै परिवारमा ठूल्ठूला बज्रपात सामना गर्नुपरेको छ । त्यति बेला नै उनका बाबु हर्मेनको मृत्यु हुन्छ; साथै उनकी प्यारी जीवन सङ्गिनी शस्कियाको समेत निधन हुन्छ । यसपछि आफ्नो पारिवारिक जीवनरथलाई अगाडि बढाउनका लागि उनले हेन्ड्रिकीसँग विवाह गर्दछन् तर हेन्ड्रिकीले पनि छोरी जन्माएर संसार त्यागेपछि उनको पारिवारिक जीवन खण्डहर जस्तै बन्न पुगेको छ । रेम्ब्रान्टको पारिवारिक अवस्था दु:खद रहेपनि उनी चित्रकलामा लागि रहे कला सिर्जनामा लागेर कला क्षेत्रमै आफूला सर्मपण गरिरहे । तत्कालीन समयका मानिसले उनको कला बुझ्न सकेनन् । तत्कालीन प्रभुत्वशाली समुदाय प्रति निर्य बनेका उनी परम्पराको विरोध गरेपनि उनी उदयमान पिँडी होइनन् । उनी अधीनस्थ समुदायका सर्वसाधारणका आम मान्छेहरूको प्रतिनिधित्व गर्दछन् ।

शस्किया रेम्ब्रान्टकी धर्मपत्नी हो । ऊ सुन्दर चेहरा र आकर्षक व्यक्तित्व भएकी स्त्री पात्र हो । रेम्ब्रान्टसँग विवाह भएपछि शस्कियाले उनलाई धेरै सहयोग गर्दछे । रेम्ब्रान्ट दिनरात चित्रशालामा हराउँछन् । उनलाई घर व्यवहारको केही कुरा पनि थाहा छैन । यो सबै काममा शस्कियाले रेम्ब्रान्टलाई निकै ठूलो सहयोग गर्दछे । क्षयरोगका कीटाणुले ग्रस्त बनाउँदा पनि उसले रेम्ब्रान्टलाई एक वचन पनि लगाइन । उनी आफ्नो पति र समाजका मानिसका विरुद्धमा आवाज उठाउन नसक्ने उनी अधीनस्थ समुदायको प्रतिनिधि पात्र हो ।

हेन्ड्रिकी शस्कियाको मृत्यु भएको चार वर्षपछि रेम्ब्रान्टको घरमा टाइटसलाई स्याहार्ने धाईआमाका रूपमा प्रवेश गरेकी पात्र हो । ऊ यस उपन्यासकी सहायक चरित्र हो । उनी पनि शस्किया जस्तै उनी आफ्नो पति र समाजका मानिसका विरुद्धमा आवाज उठाउन नसक्ने उनी अधीनस्थ समुदायको प्रतिनिधि पात्र हो ।

डाक्टर भ्यान लुन अम्सटरडामका एक प्रसिद्ध डाक्टर हुन् । उनी शस्किया बिरामी परेपछि आफ्नै घरमा बसिरहेका बेलामा गिर्टीले ढोका ढकढक्याएपछि गिर्टीको पछि लागेर रेम्ब्रान्टको घरमा पुग्छन् र यहीँबाट यिनी रेम्ब्रान्ट परिवारसँग गहिरोसँग जोडिन पुगेका छन् । यसपछि उनी रेम्ब्रान्टका पारिवारिक डाक्टरका रूपमा रहन्छन् । डा. भ्यानको मनमा प्रथम भेटबाट नै रेम्ब्रान्टप्रति श्रद्धा र सम्मानको भाव पैदा भएको देखिन्छ । डा. भ्यानलुन अम्सटरडामका एक मानवतावादी भावना सहयोगी पत्रका रूपमा देखिका छन् । उनमा नवउदीयमान समुदायका कति गुणहरू भएपनि परम्पराले जगडिएको समाजमा उनी निर्य र एक्लो बनेका छन् । त्यसैले उनी परम्पराको विरोध गर्ने पूर्ण नवउदीयमान समुदायका प्रतिनित्व नगर्ने अधीनस्त समूदायका रूपमा प्रतिधित्व गरेका छन् ।

तत्काली हलेण्ड स्पेनको कब्जाबाट भर्खभर्खर स्वतन्त्र भएको थियो । देशमा पूर्ण स्वतन्त्रतको अवस्था थिएन । अझ कलालाई हेर्ने परम्परागत मान्यता थियो । रेम्ब्रान्ट त्यस परम्परागत मान्यताको विरोध गर्द थिए । त्यसैले उनलाई आम समाजका मानिसहरू र शासकहरूले राम्रो दृष्टिले हेरेनन् । कलाका बारेमा मानिसमा चेतना अभावका कारण पनि यसको महत्त्व थिएन । शासक र समाजको उपेक्ष्या भएपनि उनले कला साधनामा लागि रहे । समाजमा कलाप्रतिको धारण र रूचिमा परिवर्तन नहुँदा कलाको महत्त्व थिएन । कलाकारले कला सिर्जना गरेर जीविका चलाउन गह्रो थियो । त्यसैले उनको जीवन आर्थिक शङ्कटका कारण जीवन धान धैउधैउ परेको थियो । उनका परिवारका सदस्यहरूका अकालमा मृत्युका कारण पनि उनको जीवन कष्टप्रत बन्यो । तरपनि कला साधनामा लागि नै रहेका थिए । उनी पम्परागत समाज र शासकको विरोध गरेपनि उनी ती प्रभुत्वशाली समुदायका अगाडि निर्य देखिन्छन् । उनी यथास्थितिको विरोध गर्ने नवउदयमान समुदायका प्रतिनिधि पात्रका रूपमा रहेपनि उनको सशक्त विरोध हुन नसकेकाले प्रभुत्वशाली समुदायको थिचोमिचोमा परेकाले उनी अधीनस्थ समुदयको प्रतिनित्व गर्दछन् । उपन्यासका अधिकांश पात्रहरू अधीनस्थ समुदायको प्रतिनिधित्व गर्द छन् ।

## २.६.३ निष्कर्ष

लैनसिंह बाङ्देलका चारवटै उपन्यासहरूमा प्रथम विश्वयुद्ध (सन् १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९३९) को आयतन करीब २५-२६ वर्षको अन्तरालभित्र भित्र घटेका कथावस्तु समावेश भएका छन् । तत्कालीन समयमा नेपालमा जहानियाँ राणा शासनको व्यवस्था थियो । नेपालीहरूको आर्थिक दुरावस्थाको चित्रण उनका उपन्यासमा प्रस्तुत भएको पाइन्छ । देशमा बेरोजगारी, गरिबी, अभाव, अन्धविश्वासका कारण नेपाली नेपाल छोडेर प्रवाशमा जानी गरेका थिए । नेपालहरू देश छोडेर दार्जिलिङ, खर्साङ, कालेङपोङ अनि सिक्किम जस्ता भारतका विभिन्न ठाउँमा जाने गरेका थिए । मुलुकबाहिर, मातइघर र लङ्गडाको साथी तिनओटै उपन्यासमा आर्थिक विपन्नताले देश छोडेर विविदेशका विभिन्न

भूमिमा जानुपर्ने बाध्यता र विबस्तालाई उल्लेख गरिएको छ । नेपालीहरू देशमा मात्र नभएर विदेशमा पनि हेपिनुपर्ने, अनेकौं दुःख भोग्नु पर्ने, कठिन र अपठ्यारा काम गर्नु पनि विवस्ता नेपालीहरूको छ । त्यसमाथि पनि श्रमको उचित मूल्य नपाएर ठगिनी पर्ने अवस्था छ । नेपालीहरू स्वदेशमा मात्र नभएर विदेशी भूमिमा पनि कठिन र कठोर जीवन विताउन बाध्य छन् ।

अशिक्षित, गरिबीको दुसचक्रमा परेका नेपाली केवल बाचनका लागि मात्र बाचेका छन् । तरपनि आफ्नो भाषा संस्कृतिहरूलाई छोडेका छैनन् । पितृसतात्म नेपाली समाजमा पुरुषको स्थिन उच्च रहेको पाइन्छ । यसकार महिला पात्रहरू पुरुष पात्रका थिचोमिचोमा परका छन् । ती पुरुष पात्र प्रभुत्वशाली पिँढी नभएर परम्परावादी सोच भएका पात्रमात्र हुन् । उपन्यासमा परम्परा, धर्म, संस्कृति र मान्यजनका विरोधमा कोही बोल्न सक्ने पात्र छैनन् । यसैले उपन्यसमा कोही पनि उदीयमान पिँढीका रूपमा देखा पर्दैनन् । यसैले उपन्यासका सबै पात्रहरू अधीनस्त समुदायका पात्रका रूपमा रहेका छन् । सबै पात्रहरू आन्तरिक र बाह्य पीडा भोगेर बसेका छन् ।

बाङ्गदेलका सबै उपन्यासमा सामाजिक र आर्थिक समस्याहरू प्रमुख रूपमा प्रस्तुत भएका छन् । उपन्यासका सबै पात्रहरू कुनै न कुनै बाह्य र आन्तरिक पीडा भोग्न बाध्य छन् । नेपालीहरू जस्तै कठिन अवस्थामा पनि आफ्नो रीति र परम्परा छोड्दैनन भनेर प्रस्तुत गर्न खोजिएको छ । पात्रका माध्यबाट नेपाल र नेपालबाहिर बस्ने नेपालीका बास्तविक अवस्था प्रकट भएको छ । मुलुकबाहिर उपन्यासमा बहुल पात्रको प्रयोग गरएको छ । उपन्यासमा पहिलो भाग रनबाहदुर र म्याउचीसँग सम्बन्ध छ र दोस्रो भाग माइला भुजेल र मसिनीसँग सम्बन्ध छ । उपन्यासका अधिकांश पत्रहरू प्रवासमा दैनिक ज्यालामजदुरी गरेका जीवन पाल्ने पात्र छन् । सबै अन्तरिक र बाह्य दुबै पीडा भोग्न बाध्य पात्र भएकाले कुनैपनि पात्र प्रभुत्वशाली र उदीयमान पिँढी देखा पर्दैनन् ।

माइतघर उपन्यासमा हरि सानी प्रमुख पात्रका रूपमा रहेका छन् । सानको परिवार आर्थिक दुरअवस्थाले सानीका घरमा बस्नु परेको छ । हरिपनि बाबुको मृत्युपछि पढाई छाडेर जागिर खानुपर्ने बाध्यता छ । प्रवासको ठाउँमा हरिको कमाइले परिवारको आर्थिक अवस्था कमजोर भइएको छ । हरि र सानीलाई मन पराएपनि एउटै घरमा दाजु र बहिनीका रूपमा बसेका उनीहरूले आफ्नो प्रेम अभिव्यक्त गर्न सक्दैनन् । सानीको विवाह भएपनि श्रीमानले सौत हाले पछि पीडाको जीवन विताउन बाध्य हुन्छ । हरि विवाह गर्न सक्दैन । सानी पीडा पर्दा उसको लागि सहयोगि बन्न सक्दैन । समाज, परिवार र आन्तरिक दुषक्रमा सानी र हरि दुबै फस छन् । उनीहरूको समाज र परम्पराको विरोध गर्न सक्दैनन् । उनीहरू उदयमान या वैकल्पिक पिँढी बन्न सकेका छैनन् ।

लङ्गडाको साथी उपन्यासमा लङ्गडा प्रमुख पात्र हो । ऊ पनि काम र मामको खोजिमा भारतको दार्जिलिङ्ग गएको थियो । ऊ गाईवस्तुलाई स्याउला कट्ने क्रममा रूखबाट लडेर लङ्गडा भएको थियो । लङ्गडा भएपछि उसलाई घर साहूले घरबाट निकाले पछि सडकमा मागेर जीवन धानेको पाइन्छ । ऊ पुलिस, प्रशासन, कुनै व्यक्तिहरूसँग प्रतिकार गर्न सक्ने अवस्थाको छैन । लङ्गडा मागेर खानुपर्ने पीडा छ । ऊ कुनै उदीयमान, वैकल्पिक या प्रभुत्वशाली पिँढी नभएर समाजबाट अपहेलित दुःखपाएको व्यक्त हो ।

बाङ्गदेलको अन्तिम तथा चौथो उपन्यास रेम्ब्रान्ट उपन्यासमा पनि रेम्ब्रान्ट प्रमुख पात्रले आन्तरिक र बाह्य दुबै पिढा भग्नुपरेको छ । उनका एकपछि अर्को परिवारको सदस्यहरूका मृत्युले उनी जीवनबाट एक्लीदै गएका थिए । उनलाई अर्को तिर आर्थिक सङ्कटले घेरेको थियो । उनी तत्कालीन समाजको विरोध गर्न खोज्द थिए तरपनि सकेका थिएनन् । त्यसैले उनी उदीयमन पिँढी नभएर समाज र शासका अधिनमा रहेका निर्य पात्रका रूपमा रहेका छन् । रेम्ब्रान्ट उपन्यासमा प्रयोग भएका सबै पात्रहरू कुनै कुनै रूपमा दुःख पीडाको जीवन विताउन बाध्य थिए ।

समाग्रमा बाङ्गदेलका उपन्यासका पात्रहरू स्वदेश वा विदेशमा गरिब दुखी पात्रहरूको प्रतिनिधित्व गर्दछन् । उनीहरू कुनै उदीयमान, वैकल्पिक या प्रभुत्वशाली पिँढीहरू नभए समान्य जीवन विताउने पात्रहरू पर्दछन् । उनीहरू आन्तरिक र बाह्य कुनै न कुनै रूपमा पीडामा रहेका छन् ।

## तेस्रो परिच्छेद
# लैनसिंह बाङ्गदेलका उपन्यासमा विश्वदृष्टि

### ३.१ विषयप्रवेश

समाजमा विभिन्न वर्ग, समुदाय या पिँढी रहेको हुन्छ । ती वर्ग, समुदाय या पिँढी का सामुहिक विचारहरू या धारणहरूलाई विश्वदृष्टिका रूपमा लिइन्छ । हरेक काल खण्डमा यस्ता विचारहरू या धारणहरू फरक फरक हुनक्छ । यसैले विश्वदृष्टि एकै रहदैन यो कुनै निश्चित समयसम्मका लागि वर्ग, समुदाय या पिँढी अनुभव गरेको अनुभवजन्य कुरा हो । लेखक समाज समाजबाट नै आफ्ना कृतिमा पात्रहरू सिर्जना गरे साहित्य कृति लेखने भएकाले समाजका वर्ग, समुदाय या पिँढी का धारणहरू या विचारहरू उनीहरूका कृतिमा अभिव्यक्त हुने हुन्छ । यसैले साहित्यका हरेक कृतिहरूमा कुनै न कुनै रूपमा विश्वदृष्टि हुन्छ । लैनसिंह बाङ्देलका उपन्यासहरू सामाजिक यर्थाथवादी भएकाले उनका उपन्यासमा वर्ग, समुदाय या पिँढी का पात्रका विभिन्न किसिमका विश्वदृष्टि रहेका छन् । उनले उपन्यास कृतिका माध्यमबाट राखेको विचार या चिन्तन र वातविक घटना र परिवेशसँग धेरै मिल्छ । त्यसैले उनका उपन्यसमा समानधर्मिता छ । त्यही विश्वदृष्टि र समानधर्मिताको खोज्ने प्रयत्न प्रस्तुत शोधमा गरिएको छ ।

### ३.२ विश्वदृष्टिको सैद्धान्तिक अवधारण

लुसिए गोल्डमानले विकास गरेको विश्वदृष्टिको धारणालाई महत्त्वपूर्ण धारणा मानिन्छ । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका लागि  यसलाई प्रमुख मापदण्डका रूपमा लिएका छन् । उनले एक वर्ग वा समूहको जीवन जगतका बारेमा सुसङ्गत दृष्टिलाई नै विश्वदृष्टि भनेका छन् । उनले प्रत्येक कृति लेखकको सिर्जना हो र त्यसले लेखकका विचार तथा अनुभूतिलाई व्यक्त गर्छ तर लेखकको नितान्त आफ्नो हुँदैन । ऊ समाज तथा वर्गका अन्य व्यक्तिको चिन्तनबाट प्रभावित हुन्छ । तिनलाई लेखकले आफ्नो वर्ग, समुदाय, समुह र समाजका अन्य व्यक्तिहरूका विचार र भावसँग जोडेर प्रस्तुत गर्छ । साहित्यक कृतिले सामूहिक चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्छ । त्यो लेखकको निजी निर्मित होइन, अपितु त्यो वर्ग वा समुदायका अन्य व्यक्ति पनि त्यस विश्वदृष्टिमा सहभागी हुन्छन् र एउटा वर्ग या समुदायको पूर्णतम् सम्भावित चेतनाबाटै विश्वदृष्टिको निर्माण हुन्छ (पाण्डेय, २०७३:१८) । कुनै एक वर्ग या समुदायले कुनै विषय या पक्षमा आफ्ना धारण बनउँछन् । त्यही समाजकै विषयमा लेखकले आफ्नो कृति लेखकले लेख्ने भएकाले समाज र लेखले कृतिकामाध्यमबाट राखेको दृष्टि धेरै हदसम्म समानधर्मिता हुन्छ ।

गोल्डमानका विचारमा एउटा वर्ग वा समूहको जीवन जगत्का बारेको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यसको विकास कुनै समूह वा वर्गले सामाजिक ऐतिहासिक प्रक्रियमा गर्छ । कुनैवर्ग वा समूहले अन्य/अर्को समूह वा वर्गसँग विभिन्न किसिमका

सम्बन्ध बनाउँछन् । विश्वदृष्टि एउटा निश्चित कालखण्डमा एउटा वर्गका विचार, अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ ।

विश्वदृष्टिको अभिव्यक्ति दर्शन, कला र साहित्यमा हुन्छ । रचनाको स्तरमा धारणा तथा कल्पनाको माध्यमबाट त्यसको अभिव्यक्ति हुन्छ । विश्वदृष्टि वर्ग समाज एवम् इतिहाससँग सम्बद्ध हुन्छ र त्यसको अभिव्यक्ति साहित्य कला आदिमा नै सम्भव हुन्छ । साहित्यमा अभिव्यक्त विश्वदृष्टि र वास्तविक जीवनका तत्त्वहरू बीच समानता हुनु स्वाभाविक हुन्छ जसलाई गोल्डमान विश्वदृष्टिको समानधर्मिता भन्दछन् । विश्वदृष्टिले समाजका सदस्यहरूको विचार, इच्छा, आकांक्षाको र भावनाको अन्तर्सम्बन्ध प्रतिपादन गर्ने र तिनको मिश्रणबाट समाजका सदस्यहरूलाई एकअर्कामा सम्मिलित गराउने काम गरेको हुन्छ । यसैबाट विश्वदृष्टिको विकास हुन्छ (गोल्डमान १९६४:१७ उद्घृत क्षेत्री, २०६४:. ४५) । समाजमा विभिन्न इच्छा, आकांक्षा र भावना भएका मानिसहरू बसेपनि सामूहिक भावना र विचारका रूपमा विश्वदृष्टि रहेको हुन्छ ।

उनका मतमा साहित्यमा व्यक्त विश्वदृष्टि समाजका वर्ग तथा समूहको सम्भावित चेतनासँग सम्बन्धित हुन्छ त्यस्तो चेतना एउटा समाजमा सम्भावित चेतनाको विकास समाजमा रहेका वर्ग वा समूहबाट निर्माण भएको हुन्छ । उनको मतमा समूहको चेतना नै विश्वदृष्टि हो । सामाजिक चेतनाले समाजका व्यक्तिहरूलाई एउटा समूहमा आबद्ध गरेर उनीहरूको सामूहिक पहिचान स्थापित गरेको हुन्छ ।

साहित्यकार तथा कलाकारहरू समाजका सदस्य भएकाले समाजको इतिहास तथा राजनीतिक घटनाहरूबाट उनीहरू सदैव प्रभावित हुन्छन् । त्यसैले उनीहरूले आफ्नो साहित्यिक कृतिमा अभिव्यक्त गरेको विचारबाट समाजका वर्ग तथा समूहको विचार प्रकट गरिरहेका हुन्छन् । यसरी साहित्यमा व्यक्त विचार तथा सामूहिक चेतनालाई नै गोल्डमानले विश्वदृष्टिको संज्ञा दिएका हुन् (सेल्डन, सन् १९८९:९९ उद्घृत क्षेत्री, २०६४:४६) । प्रत्येक कृतिमा लेखकले आफ्ना विचार तथा चेतनाको अभिव्यक्ति गर्दछ । त्यस्ता विचार तथा चेतना लेखक बाँचेको समाज तथा र वर्ग तथा समुदायका अन्य व्यक्तिहरूको व्यवहार र चिन्तनबाट प्रभावित हुन्छ । यसरी लेखकले आफ्नो संस्कार निर्माण गरेको समाज, वर्ग/समुदायका विचार भावना, चेतना आदि कुराहरू लेखकको विचारसँग अन्वित भई विश्वदृष्टिका रूपमा विकसित भएको हुन्छ । विश्वदृष्टि त्यस समुदायको हुन्छ त्यो वास्तविक चेतना र सम्भाव्य चेतनाका रूपमा रहन्छ ।

कुनै पनि समाजमा त्यहाँका वर्ग समूहको अन्तर्वैयक्तिक सम्बन्धबाट एउटा विशेष प्रकारको विचार तथा चेतनाको विकास भएको हुन्छ । त्यस चेतनाले लेखकको मानसिकतालाई प्रभावित पारेको हुन्छ । त्यसैले साहित्यमा व्यक्त विचारको स्वरूपलाई लेखकको वर्ग, समुदाय तथा लेखकको समाजका अन्य व्यक्तिहरूको विचार अनि भावनासँग जोडेर बुझ्नु पर्छ । साहित्यकारले कृतिमा व्यक्त गरेको विश्वदृष्टिको संरचना लेखकको निजी निर्माण तथा सिर्जना मात्र नभएर लेखकका वर्गका अन्य सदस्यका विचारबाट विश्वदृष्टि प्रभावित भएको हुन्छ । लेखकले कृतिमा व्यक्त गरेको विश्वदृष्टिमा लेखकको समाजको वर्ग वा समूहको सहभागिता रहेको हुन्छ । एउटा वर्ग वा समूहको सम्भावित चेतनाले नै विश्वदृष्टिको निर्माण गर्दछ जसको अभिव्यक्ति धर्म, दर्शन, कला र साहित्यमा

व्यक्त भएको हुन्छ (गोल्डमान, सन् १९५२:१०२-१०३ उद्‌घृत क्षेत्री, २०६४:४९) । लेखकले कृतिमा निर्माण गरेको परिवेश र वास्तविक परिवेशसँग मेल खाने किसिमको हुन्छ ।

विश्वदृष्टिको विकासको सम्बन्ध समाजका वर्ग वा समूहको इतिहाससँग हुन्छ । एउटा ऐतिहासिक कालखण्डमा जुन विश्वदृष्टि प्रगतिशील हुन्छ, त्यही विश्वदृष्टिले समाजको बदलिँदो परिवेशमा प्रतिक्रियावादी भूमिका पनि निर्वाह गर्न सक्दछ । गोल्डमानको विश्वदृष्टिको धारणा समग्रताको धारणाबाट अनुप्राणित रहेको छ । समग्रताको आशय कृतिको बोधबाट व्यापक सामाजिक ऐतिहासिक प्रक्रियाको बोध गर्नु भन्ने हुन्छ । गोल्डमानले ऐतिहासिक प्रक्रियाबाट कृतिमा व्यक्त विश्वदृष्टिको सम्बन्धको व्याख्यामा जोड दिएका छन् । समाजको वर्गवा समूहको इतिहासको बोधबाट कृतिमा व्यक्त विश्वदृष्टिको बोध गर्न सकिन्छ भन्ने उनको धारणा रहेको देखिन्छ । कृतिमा विश्वदृष्टिको खोजी गर्ने सन्दर्भमा ऐतिहासिक प्रक्रियामा त्यसको सम्बन्धको पनि विवेचना गर्न सकिन्छ । गोल्डमानले कृतिका विभिन्न पक्षको वर्णन, त्यसको आन्तरिकताको बोध र इतिहास प्रक्रियासँग त्यसको सम्बन्धको व्याख्यालाई महत्त्व दिएका छन् ।

विश्वदृष्टि सम्बन्धमा हेरिने विभिन्न दृष्टिकाणबाट हेर्न र अध्ययन गर्ने सकिन्छ । प्रस्तुत शोधमा तल उल्लेखीत बुदाँका आधारमा लैनसिंह बाङ्‌गदेलका उपन्यासहरूलाई अध्ययन गरिएको छ ।

## ३.२.१ वर्ग

साहित्य समाजको दर्पण समाजमा विभिन्न वर्गका मानिसहरूका बसोबास हुन्छ । समाजकै मानिसलाई पात्र बनाएर लेखक आफ्ना कृतिहरू लेखेका हुन्छन् । त्यस्ता मान्छे कोही धनी, कोही गरिब, को महिला, कोही पुरुष, कोही बालक, कोही वृक्त जो कोही हुनसक्छ । त्यस्ता पात्रले  कृतिका माध्यमबाट आफ्नो वर्गको कतिहद सम्म प्रतिनिधि गर्दछन् । लेखको क्षमताका अधारमा हुन्छ । महान् लेखकका कृतिहरूमा भने धेरैहदसम्म प्रतिनिधत्व गरेका हुन्छन् । त्यसैले महान् लेखका कृतिका आधार तत्काल समाजमा कस्ता कस्ता वर्ग थिए । कस्तो अवस्था थियो । आम मानिसको धारण के थियो । विश्वदृष्टिका माध्यमाबाट बुझ्न र जान सकिन्छ ।

एउटा वर्ग वा समूहको जीवन जगत्‌का बारेमा साहित्यमा व्यक्त भएको लेखकको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यो रचनामा धारणा र कल्पनाका माध्यमबाट व्यक्त भएको हुन्छ । साहित्यमा व्यक्त विश्वदृष्टिको खोजीबाट कुनै पनि समाजका मानिसहरूको वर्गीय वा सामूहिक भावनालाई समग्ररूपमा बोध गर्न सकिन्छ । साहित्यकारले आफ्नो कृतिमा आफूलाई मात्र नभएर समाजको व्यवहार तथा प्रवृत्तिलाई पनि व्यक्त गरेको हुन्छ । त्यसो हुँदा कुनै पनि कला वा कृतिको व्याख्या व्यक्तिगत भावनाका आधारमा गर्न सकिँदैन । समाज तथा समूहको विषय व्यक्ति होइन यो त सामाजिक सम्पूर्णता हो । त्यसैले साहित्यलाई समूह चेतनाको संरचनाका सन्दर्भमा बुझ्नु पर्दछ । यो विश्वदृष्टि एउटा निश्चित काल खण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ । विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ । त्यो दर्शन, कला र साहित्यमा

अभिव्यक्त हुन्छ । त्यसैले यसको खोजको आरम्भ वर्गबाट नभई कृतिबाट हुन्छ भन्ने मत गोल्डमानको छ (गौतम, २०७०:३३४) । कृतिबाट कृतिलेखनको समय, परिवेस, संस्कृति जस्ता कुराहरू बुझ्न सकिन्छ । महान् लेखक कृतिमा अझ अझ विश्वदृष्टि प्रस्तुत भएको हुन्छ ।

समाजमा शक्ति, धनसम्पत्ति, प्रभावका आधारमा कुनै व्यक्ति या समूदायले वर्चस्व कायम गरेको हुन्छ । त्यस्त व्यक्ति या समुहले कुनै पनि समाजमा एक कालविशेषमा व्यवहार, मूल्य, अभिप्रायको प्रधान सांस्कृति स्वरूपको एक केन्दीय पद्धति सक्रिय हुन्छ जुन प्रमुख हुन्छ, प्रभुत्वशाली हुन्छ र प्रभावकारी हुन्छ । यो मूर्त, सङ्गठित हुन्छ र सामाजिक जीवनको प्रमुख हिस्साका रूपमा रहन्छ (विलियम्स्, सन् १९७३:९, घिमिरे, २०७६:४३) । प्रभुत्वशालीले अरूलाई आफ्नो दबाव र प्रभावमा राखेको हुन्छ । प्रभुत्वशालीको दाबव र प्रभावमा पर्ने व्यत्ति या समुहले त्यसको विरोध गरिरहेको हुन्छ । यो पिँढी स्थापित परम्पराका विकल्पमा देखा परेको पिँढी हो । जसले स्थापित परम्पराका विकल्पमा अर्को परम्परालाई समाजमा स्थापित गराउन पहल गरेको हुन्छ । एक कालको समुदाय विशेषको एक पिँढीको वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो (अझ तेस्रो) पिँढीको अघिल्लो पिँढीको प्रभुत्वका विकल्पमा आफ्नो अनूतिको संरचना निर्माण गर्छ । यस क्रममा दबाव र तनावको सिर्जना हुन्छ र त्यसको समाधान स्वरूप दोस्रो (तेस्रो) पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । त्यहले नयाँ अनुभूतिको संरचना जन्माउँछ (पाण्डेय, २०७३:३५) । यो परम्परागत मान्यता भन्दा फरक नयाँ मान्यताका साथ आफ्नो उपस्थिति देखाउन खोज्दछन् । जसले नयाँ किसिमको अनभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसको समाधानका रूपमा तेस्रो पिँढीले अथवा समुदायले वैकल्पिक बाटो लिन्छ । उनले यसलाई समाधानतर्फ उन्मुख संस्कृतिका रूपमा व्याख्या गरेका छन् (पाण्डेय, २००६:१८६) । यस किसिमको सांस्कृतिक समूहलाई नव उदीयमान वा वैकल्पिक पिँढीका रूपमा व्याख्या गरेका छन् ।

## ३.२.२ जाति

हिप्पोलाइट एडल्फ टेन आफ्नो ग्रन्थ हिस्ट्री अफ इङ्लिस लिट्रेचरमा साहित्यको विश्लेषण र मूल्याङ्कनका क्रममा प्रजाति, क्षण र परिवेशको त्रिसूत्रीय सिद्धान्त स्थापित गरेका छन् । प्रजाति मूलतः समाजशास्त्रीय अध्ययनको विषय हो । यो उन्नाइसौं शताब्दीमा अत्यधिक प्रचलित र व्यापक रूपमा प्रयोग भएको शब्द हो (जैन, सन् १९८६ : २३) । तेनको साहित्यको समाजशास्त्र सम्बन्धी त्रिसूत्रीय सिद्धान्तमध्ये जाति पनि एक हो ।

टेनले जातिअन्तर्गत व्यक्तिको वंशाणुगत गुण शारीरिक बनावट मानसिक संरचना जातजातिका प्रतिभा स्वभाव विशेषता आदिको चर्चा गरेका छन् (पाण्डेय, सन् २००६ : १२४) । वंशाणुगत गुण भन्नाले कुनै जातिमा परम्परादेखि सर्दै आएका विशेषता भन्ने बुझिन्छ । वंशाणुगत गुणको निर्माण रज र वीर्यको संयोगबाट भएको हुन्छ । यी दुईको सम्मिलनबाट सन्तान पैदा हुन्छन् । जसमा आमा र बाबुका वंशाणुक्रम रहेका हुन्छन् । यिनै वंशाणुगत गुणले नै वंश परम्परादेखि प्राणीको शारीरिक र मानसिक संरचनाको निर्माण गरेका हुन्छन् ।

टेनको जातिसम्बन्धी सिद्धान्तको निर्माणमा विकासवादी सिद्धान्तका प्रवर्तक चार्ल्स डार्बिनबाट प्रभाव ग्रहण गरेका छन् (पाण्डेय, सन् २००६ : १२९) । डार्बिनका अनुसार विषम परिस्थितिमा कुनै प्राणीले विषम परिस्थितिको सामना गर्न सक्षम हुन्छन् र कुनै हुँदैनन्, जुन प्राणीले विषम परिस्थितिमा आफूलाई प्रकृतिसँग अनुकूलित बनाउँदैनन् ती स्वतः नष्ट भएर जान्छन् भने जसले अनुकूलित बनाउँछन् ती मात्र बाँच्दछन् । डार्बिनको सर्भाइभल अफ द फिटेस्टमा यस सम्बन्धी धारणा प्रस्तुत गरिएको छ । यसरी प्रकृतिको अनुकूल बनाउँदा प्राणीको वंशाणुगत गुणले नयाँ गुणको प्रभाव पारेपछि त्यसको कारणले नयाँ प्रजातिको चरित्र निर्माण हुन्छ ।

टेनले वंश परम्पराबाहेक जातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई लिएका छन् । शारीरिक बनावट भन्नाले मान्छेको आकार प्रकार भन्ने बुझिन्छ । टेनका विचारमा शारीरिक बनावटको सम्बन्ध वंशाणुगत गुणसँग मात्र हुँदैन त्यसमा पौष्टिक भोजन तथा जलवायुले पनि प्रभाव पारेको हुन्छ । उनले आर्यहरूको उदाहरण दिँदै एउटा प्रजाति विभिन्न देशमा फैलिएर पनि ती प्रजातिका मौलिक विशेषता तथा पदचिन्ह कायम रहने कुरा बताएका छन् (पाण्डे, सन् २००६ : १२४) । उनका दृष्टिमा सिन्धुघाटीको सभ्यतासँग सम्बन्धित कतिपय आर्यहरूको स्वभाव चिसो मौसममा पनि सधैं स्नान गर्ने खालको पाइन्छ । आर्य तथा चिनियाँहरूको शारीरिक बनावटमा भिन्नता देखिन्छ किनभने आर्यहरूको तुलनामा चिनियाहरूको सानो नाक चिम्से आँखा होचो कद र प्राय अनुहारमा दाह्रीजुँगा नभएका हुन्छन् । टेनले अङ्ग्रेजहरू युद्ध कौशल तथा औद्योगिक प्रतिभा सम्पन्न भएकाले विश्वभर आफ्नो व्यापार फैलाउन सफल रहेको कुरा उल्लेख गर्दै हरेक जातिमा एउटा विशेष प्रतिभा हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । उनले अङ्ग्रेजहरूको विद्रोही चरित्र प्राकृतिक तथा शारीरिक सुन्दरताप्रतिको मोह स्वेच्छाचारी जीवनप्रतिको रुचि र मादक पदार्थबाट आनन्दित हुने विशेषता रहेको कुरा उल्लेख गरेका छन् । टेनले कुनै प्रजातिको चारित्रिक विशेषता जलवायु माटो तथा इतिहासको महान् घटनाको उपजका रूपमा रहन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (पाण्डेय, सन् २००६ : १२४) । उनको मतमा प्रतिभा एउटा शक्ति हो जसको विकास जातीय चरित्रबाट सुदृढ बन्दछ भने शिक्षा र ऐतिहासिक घटनाले उसलाई थप शक्ति आर्जन गर्नमा सहयोग पुर्‍याउँछ तर जन्मजात पैदा भएको प्रतिभा नै सिर्जनाको मुख्य कारक हो ।

साहित्यकारले कृतिमा आफ्नो जातिगत विशेषता प्रस्तुत गरेका हुन्छन् । उनका विचारमा सम्पूर्ण साहित्यको लक्ष्य मानव जाति तथा जातजातिका बारेमा जान्नु हो । कुनै पनि साहित्यिक कृति कुनै समयका जातिहरूको छाया तथा खोल जस्तो हुन्छ (पाण्डेय, सन् २००६ : १२६) । जसरी प्राणीको अवशेष र खोलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ त्यसरी नै कृतिको अध्ययनबाट मानव जातिको अध्ययन गर्न सकिन्छ । प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तुहरू हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ । साहित्यका आलोचकले त्यही अस्तित्वको पहिचान गरेर त्यसको पुनर्निर्माण गर्नु पर्दछ ।

## ३.२.३ लिङ्ग

लिङ्गका आधारमा नारी र पुरुष हुन्छन् । सृष्टि संचालन गर्ने, सामाजिक, आर्थिक, राजनैतिक, भौतिक जस्ता विविध कार्य गर्न दुबै थरीको महत्त्वपूर्ण भूमिका हुन्छ । नारी र पुरुष विनाको यो सृष्टिको कलपना गर्न सकिदैन । अझ नारी र पुरुष भनेका एक रथका दुई पाङ्ग्रा हो पनि भनिन्छ । यसर्थ दुबै थरिको महत्त्वपूर्ण भूमिका हुँदा हुँदै हाम्रो समाजमा नारी र पुरुषलाई हेर्ने विभेदपूर्ण धारणा छ । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक व्यवस्थाको कारणबाट नारी र पुरुषमा उत्पन्न विभेदले नेपाली समाज धेरै प्रभावित भएको छ । पितृसत्तात्मक सामाजिक व्यवस्थाले सिर्जना गरेको विभेदजन्य परिस्थितिहरूको कारणबाट नारी मनमा उब्जिने पीडा, आक्रोश, मुक्तिको चाहना र परिवर्तनका आकाङ्क्षाहरू आधुनिक नारीहरू छ । परम्परागमान्यता मान्य नारी पुरुषले अहीले पनि पुरानै चलनलाई स्वीकार गर्दै आएको छ ।

नारी वर्ग चरम शोषण र उत्पीडनमा पर्नुको मुख्य कारण समाजका कुनै पनि क्षेत्रमा नारीहरूको भूमिका र अस्तित्वलाई स्वीकार नगरिनु नै हो । समाज सञ्चालन हुने प्रमुख पक्ष धर्म, रीति, परम्परा, चालचलन, दर्शन, साहित्य, नीति, नियमहरू कहीँ पनि नारीलाई सम्मानजनक अस्तित्व प्रदान नगरिनु र पराश्रित वर्गको रूपमा स्थापित गरिनुले पनि समाज निर्माणको ऐतिहासिक शृङ्खलामा उनीहरू पछि परेका छन् । विश्वका धेरैजसो दर्शन, धर्म र इतिहासले नारीलाई पुरुष वर्ग समान मान्यता प्रदान गरेको छैन । मनुदेखि अरस्तुसम्म, हिन्दु धर्मदेखि क्रिस्चियन धर्मसम्म, प्रसिद्ध साहित्यकार बाल्जाकदेखि मानवतावादी रुसोसम्मका विचारमा महिलामाथि न्यायपूर्ण दृष्टिकोण रहेको उति पाइँदैन । हिन्दु धर्ममा मनुले नारीलाई स्वतन्त्रता दिन नहुने कुरा बताएका छन् भने तुलसी रामायणमा नारीलाई ढोल, मूर्ख, शुद्र र पशुसँग तुलना गर्दै प्रताडनको अधिकारीका रूपमा प्रस्तुत गरिएको छ (त्रिपाठी, २०६९ : १५) । इसाइहरूको मत अनुसार महिला भनेको फोहोरी प्राणी हुन् भन्ने अर्थमा हेर्दछन् । नारीलाई हेर्ने गलत दृष्टिकोणले गर्दा नेपाली नारीहरूको चौतर्फिक विकास हुन सकेको छैन । लैङ्गिक दृष्टिकोण कृतिमा प्रस्तुत हुने हुँदा त्यसले समाजको प्रतिम्वित गर्छ ।

## ३.२.४ समानधर्मिता

कुनै वर्ग वा समूहको विश्वदृष्टिको संरचना र काल्पनिक कृतिमा रचित संसारको संरचना बीच समानधर्मिता हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनले कृति र समूहबीचको समानधर्मिताको खोजी गर्दछ । जुन कृतिमा वर्ग वा समूह तथा साहित्य बीच सुसङ्गत रूपमा समानधर्मिता प्रकट भएको हुन्छ, त्यही कृति नै विश्वदृष्टिका आधारमा सफल ठहर्दछ । महान् रचनामा यो सहधर्मिता सबभन्दा बढी हुन्छ । गोल्डमानले तिनै रचनालाई महान् मानेका छन् जुन रचनामा समानधर्मिता बढी भन्दा बढी सुसङ्गत रूपमा प्रकट हुन्छ । उच्चकोटिको साहित्यमा समाज या वर्गको विश्वदृष्टि र कृतिमा व्यक्त विश्वदृष्टिका बीच समानधर्मिता बढी हुन्छ किनकि जुन कृतिको बढी भन्दा बढी साधारणीकरण हुन्छ या धेरै पाठकहरूमा सहानुभाव हुन्छ, त्यही साहित्य महान् मानिन्छ । गोल्डमानका अनुसार राष्ट्र, पिँढी र परिवारको कुनै विश्वदृष्टि हुँदैन । विश्वदृष्टिको वर्ग,

समाज र इतिहाससँग सम्बन्ध हुन्छ, यसैले विश्वदृष्टिको सार्थकता घट्ने बढ्ने हुन्छ । सामान्य अनुभवबाट भिन्न विशुद्ध काल्पनिक परीकथाहरू भएका कृतिमा पनि संरचनाको स्तरमा एक वर्गको जीवनानुभवसँग समानधर्मिताको सम्भावना हुन सक्छ । गोल्डमानका अनुसार परस्पर भिन्न अन्तर्वस्तु भएको रचनामा पनि चेतनाको संरचनाको स्तर समानधर्मिता हुन सक्छ ।

एउटा समाजमा एकै समयमा लेखिएका विभिन्न लेखकका कृतिहरूमा अभिव्यक्त चेतनाको संरचनामा समानता वा समानधर्मिता पाइन्छ । कृतिमा व्यक्त विश्वदृष्टिका माध्यमबाट कृति तयार भएको समाज र त्यस समाजका वर्ग वा समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे जान्न सकिन्छ । गोल्डमानले साहित्यक कृति, इतिहास र राजनीतिक परिवेशका बीच समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे अध्ययन गरेका छन् । जसमा कृतिमा व्यक्त समाज र समाजका वर्ग वा समूहबाट प्रभावित कृतिको संरचनाको आधारको खोजी भएको छ । यसरी उनले कृतिमा व्यक्त काल्पनिक संसार र समाजका वर्ग वा समूहको विश्वदृष्टिको संरचना बीच समानधर्मिताको पहिचान गर्न सकेका छन् (पाण्डेय, सन् २००६ : १५३) । गोल्डमानले कुनै पनि साहित्यिक कृतिलाई व्यक्तिका प्रतिभाको उत्पादनको उत्पादन नभएर परावैयक्तिक मानसिक संरचनाबाट जन्मने विषय मानेका छन् (सेल्डन, सन् १९८९ : ३८ उदघृत क्षेत्री, २०६४ : ५०) । समूहक चेतनामा विश्वदृष्टि रहेको हुन्छ ।

गोल्डमानका अनुसार कुनै कलाकृतिको व्याख्या व्यक्तिगत भावको सन्दर्भमा नभएर केवल समूहचेतनाको संरचनाको सन्दर्भमा हुन्छ (जैन, १९८६:५५) । एउटा साहित्यकारले आफ्नो साहित्य तथा कलाको माध्यमबाट कुनै पनि वर्ग वा समूहको विश्वदृष्टिको विकास गरेको हुन्छ । समूहको चेतना नै विश्वदृष्टि हो । यो वर्गीय र जातीय रूपमा अभिव्यक्त भएको हुन्छ (घर्ती, २०११:२३५) । साहित्यमा पनि जाति र वर्गको उपस्थिति हुने भएकाले यसलाई साहित्य विश्लेषणको आधारका रूपमा स्वीकार गरिएको हो । गोल्डमान कृतिको विश्वदृष्टि अनि वर्गको विश्वदृष्टिको संरचनाको बिच समानधर्मिताको खोज गर्दछन् । त्यसका लागि उनले उत्पत्तिमूलक संरचनावादी पद्धतिको विकास गरेका छन् । साहित्यलाई सृर्जनात्मक प्रक्रिया मान्ने हुँदा उनको मान्यतालाई उत्पत्तिमूलक संरचनावाद भनिएको छ । प्रत्येक साहित्यिक रचना अन्तरङ्ग र बहिरङ्ग दुवै स्तरहरूमा लेखकका सामाजिक स्थिति र उसका समूह तथा वर्गका मूल्यहरूका सङ्गमद्वारा जन्म लिन्छ । लेखक साहित्यिक रचनाका माध्यमद्वारा आफ्नो समूहका महत्त्वपूर्ण संरचनाहरूलाई प्रस्तुत गर्दछ (घर्ती, २०७९:३५) । लेखकले लेख्ने समाजिक परिवेश र लेखकको मानसिक दुवै कुराले साहित्य लेखनमा प्रभाव परेको हुन्छ ।

एक समूहको आचरण आफ्ना सदस्यहरूका चेतनामा यस्तो मानसिक संरचनाहरूको जन्म दिन्छ । जसले व्यक्तिको गतिविधिलाई नियन्त्रित गर्दछ । मानसिक संरचनाहरू वैयक्तिक नभएर सामाजिक घटना हुन् । यी संरचनाहरूको जन्म सामाजिक गतिविधिहरूद्वारा हुन्छ । त्यसैले तिनको स्थिति व्यक्तिगत चेतनामा हुँदैन बरु परावैयक्तिक विषयहरूमा हुन्छ (घर्ती, २०७९:३५) । साहित्यिक कृति सामूहिक चेतना या परावैयक्तिक

चेतनाको अभिव्यक्ति हुन्छ किनकि उसको विश्वदृष्टिको संरचनाहरू लेखकको निजी निर्माण हुँदैनन्, बरु उसको वर्गका अरू व्यक्ति पनि त्यस विश्वदृष्टिको सहभागी हुन्छन् ।

कुनै कृतिको अन्तर्वस्तुको विश्लेषण नगरेर अन्तर्वस्तुको रूपको विश्लेषण गर्नुपर्ने मान्यता गोल्डमानको छ । प्रत्येक अन्तर्वस्तु एक निश्चित रूपमा प्रकट हुन्छ । अन्तर्वस्तुले रूपलाई अनुकूलित, नियमित र प्रभावित गर्दछ । अन्तर्वस्तुको रूप एउटा निश्चित संरचनामा र विन्यासमा व्यक्त हुन्छ र त्यसले नै विश्वदृष्टिलाई दर्शाउँदछ । विश्वदृष्टिको विश्लेषणका लागि साहित्यिक रचना कुन आवश्यकताको पूर्तिका लागि रचना गरिएको हो र त्यो कुन समुदायको आवश्यकता हो भन्ने थाहा पाउन जरुरी हुन्छ । तर समुदायको आवश्यकता असम्बद्ध र छरिएको पनि हुन सक्ने भएकाले यो सँधै स्पष्ट चाहिँ नहुन पनि सक्छ । कुनै वर्ग वा समूहको विश्वदृष्टिको संरचना र काल्पनिक कृतिमा रचित संसारको संरचना बीच समानधर्मिता हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनले कृति र समूहबीचको समानधर्मिताको खोजी गर्दछ । जुन कृतिमा वर्ग वा समूह तथा साहित्य बीच सुसङ्गत रूपमा समानधर्मिता प्रकट भएको हुन्छ, त्यही कृति नै विश्वदृष्टिका आधारमा सफल ठहर्दछ । महान् रचनामा यो सहधर्मिता सबभन्दा बढी हुन्छ । गोल्डमानले तिनै रचनालाई महान् मानेका छन् जुन रचनामा समानधर्मिता बढी भन्दा बढी सुसङ्गत रूपमा प्रकट हुन्छ । उच्चकोटिको साहित्यमा समाज या वर्गको विश्वदृष्टि र कृतिमा व्यक्त विश्वदृष्टिका बीच समानधर्मिता बढी हुन्छ किनकि जुन कृतिको बढी भन्दा बढी साधारणीकरण हुन्छ या धेरै पाठकहरूमा सहानुभाव हुन्छ, त्यही साहित्य महान् मानिन्छ (गौतम, २०७० : ३३७) । गोल्डमानका अनुसार राष्ट्र, पिँढी र परिवारको कुनै विश्वदृष्टि हुँदैन । विश्वदृष्टिको वर्ग, समाज र इतिहाससँग सम्बन्ध हुन्छ, यसैले विश्वदृष्टिको सार्थकता घट्ने बढ्ने हुन्छ । सामान्य अनुभवबाट भिन्न विशुद्ध काल्पनिक परीकथाहरू भएका कृतिमा पनि संरचनाको स्तरमा एक वर्गको जीवनानुभवसँग समानधर्मिताको सम्भावना हुन सक्छ । गोल्डमानका अनुसार परस्पर भिन्न अन्तर्वस्तु भएको रचनामा पनि चेतनाको संरचनाको स्तर समानधर्मिता हुन सक्छ ।

संरचनाको समानधर्मिता कुनै वर्ग वा समूहको विश्वदृष्टिको संरचना र काल्पनिक कृतिमा रचित संसारको संरचना बीच समानधर्मिता हुन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनले कृति र समूहबीचको समानधर्मिताको खोजी गर्दछ । जुन कृतिमा वर्ग वा समूह तथा साहित्य बीच सुसङ्गत रूपमा समानधर्मिता प्रकट भएको हुन्छ, त्यही कृति नै विश्वदृष्टिका आधारमा सफल ठहर्दछ । महान् रचनामा यो सहधर्मिता सबभन्दा बढी हुन्छ । गोल्डमानले तिनै रचनालाई महान् मानेका छन् जुन रचनामा समानधर्मिता बढी भन्दा बढी सुसङ्गत रूपमा प्रकट हुन्छ । गोल्डमानका अनुसार राष्ट्र, पिँढी र परिवारको कुनै विश्वदृष्टि हुँदैन । विश्वदृष्टिको वर्ग, समाज र इतिहाससँग सम्बन्ध हुन्छ, यसैले विश्वदृष्टिको सार्थकता घट्ने बढ्ने हुन्छ । सामान्य अनुभवबाट भिन्न विशुद्ध काल्पनिक परीकथाहरू भएका कृतिमा पनि संरचनाको स्तरमा एक वर्गको जीवनानुभवसँग समानधर्मिताको सम्भावना हुन सक्छ । गोल्डमानका अनुसार परस्पर भिन्न अन्तर्वस्तु भएको रचनामा पनि चेतनाको संरचनाको स्तर समानधर्मिता हुन सक्छ (गौतम, २०७० : ३३६) । उच्चकोटिको

साहित्यमा समाज या वर्गको विश्वदृष्टि र कृतिमा व्यक्त विश्वदृष्टिका बीच समानधर्मिता बढी हुन्छ किनकि जुन कृतिको बढी भन्दा बढी साधारणीकरण हुन्छ या धेरै पाठकहरूमा सहानुभाव हुन्छ, त्यही साहित्य महान् मानिन्छ ।

एउटा समाजमा एकै समयमा लेखिएका विभिन्न लेखकका कृतिहरूमा अभिव्यक्त चेतनाको संरचनामा समानता वा समानधर्मिता पाइन्छ । कृतिमा व्यक्त विश्वदृष्टिका माध्यमबाट कृति तयार भएको समाज र त्यस समाजका वर्ग वा समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे जान्न सकिन्छ । गोल्डमानले  साहित्यक कृति, इतिहास र राजनीतिक परिवेशका बीच समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे अध्ययन गरेका छन् । जसमा कृतिमा व्यक्त समाज र समाजका वर्ग वा समूहबाट प्रभावित कृतिको संरचनाको आधारको खोजी भएको छ । यसरी उनले कृतिमा व्यक्त काल्पनिक संसार र समाजका वर्ग वा समूहको विश्वदृष्टिको संरचना बीच समानधर्मिताको पहिचान गर्न सकेका छन् (पाण्डेय, २००६:१५३) । गोल्डमानले कुनै पनि साहित्यिक कृतिलाई व्यक्तिका प्रतिभाको उत्पादनको उत्पादन नभएर परावैयक्तिक मानसिक संरचनाबाट जन्मने विषय मानेका छन् (सेल्डन, सन् १९८९:३८ उदघृत क्षेत्री, २०६४ : ५०) । साहित्य कृतिमा प्रस्तुत समाजको चित्रण भावनाहरू अभिव्यत भएको हुन्छ ।

समाजमा विभिन्न प्रकारका व्यक्ति रहेतापनि ती व्यक्तिहरूलाई वर्ग तथा समूहको चेतनाले प्रभावित पारेको हुन्छ । यही वर्ग तथा समूहको सम्भावित चेतनालाई साहित्यकारले कृतिमा व्यक्त गरेको हुन्छन् । कृतिमा अभिव्यक्त चेतना तथा विश्वदृष्टिको माध्यमबाट कृति तयार भएको समाज र त्यस समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे बोध गर्न सकिन्छ । समाजका वर्ग वा समूहको मानसिक संरचनामा आन्तरिक एकता रहेजस्तै साहित्यकारका कृतिमा व्यक्त विश्वदृष्टि र समाजको विश्वदृष्टिमा एकात्मकता रहेको हुन्छ । कलपनामा माध्यबाट सिर्जना गरेको परिवेगत लेखकले कृतिमा राखेका दृष्टि र समाजका आम मानिसको दृष्टिमा समान हुनु समानधर्मिता हो ।

## ३.३ मुलुकबाहिर उपन्यासमा विश्वदृष्टि

महान् लेखकहरू आफ्ना कृतिहरूमा विश्वदृष्टि र पाठकका निम्ति निश्चित अनुभूतिको संरचना स्थापित गर्न सक्षम हुन्छन् । उपन्यासकार लैनसिंह बाङ्गदेलका उपन्यास विश्दृष्टिका दृष्टिकोणले उच्चकोटीको छ । मुलुक बाहिर लैनसिंह बाङ्देलको सर्वप्रथम प्रकाशित उपन्यास हो । यो उपन्यासको मुख्य कार्यस्थलका रूपमा नेपालको अरूण खोला वरिपरिदेखि दार्जिलिङ, खर्साङ, कालेङपोङ, सिक्किम रहेका छन् । यस उपन्यासको समयवधि प्रथम विश्वयुद्ध (सन् १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९३९) को लगभग करीब २५/२६ वर्षको अन्तरालभित्रमा युद्धको विभीषिका भोगेको नेपाली जनजीवनलाई मुख्य विषय बनाइएको विषयवस्तुमा आधारित छ । तत्कालीन समयको सामाजिक, आर्थिक परिवेश नेपालीहरूको मुगलान पस्नु पर्ने बाध्यताको यथार्थ चित्रण उपन्यासमा भएको छ । आफ्नो मुलुकबाट दैनिक जीवन धान्न नसकेर पहिले-पहिलेको समयमा मात्र नभएर अहिले पनि विदेशी भूमितिर भारतका विभिन्न सहरहरू र अन्य

मुलुकहरू आसाम, बर्मा, अफगानिस्तान, फ्रान्स लगायत खाडीराष्ट्र तथा अन्य राष्ट्र जाने गर्द थिए । मुलुक बाहिर उपन्यासका पात्रहरू पनि मुगलान गएका छन् । विदेशी भूमिमा पनि आफ्नो भाषा, धर्म, संस्कृति, रहनसहन, चालचलना नेपाली समाजकै झै अपनाएको पाइन्छ । नेपालमा जस्तै वर्ग, जात र लिङ्गका आधारमा छुट्याएको पाइन्छ । यिनै वर्ग, जात र लिङ्गका आधारमा तत्कालीन समयको अवस्था र कृतिमा वर्णन गरेको अवस्थालाई विश्वदृष्टिका आधारमा अध्ययन गरिएको छ । कृतिमा प्रतुस्त गरिका दृष्टिकोण परिवेशग आधारमा समानधर्मिताका आधारमा अध्ययन गरिएको छ ।

## ३.३.१ वर्ग

बाङ्गदेलको मुलुक बाहिर उपन्यासले निम्न र निम्न मध्यम वर्गीय सामाजिक जीवनका आर्थिक प्रश्न र समस्याहरूलाई प्रस्तुत गरेको छ । उपन्यासमा रोजगारीको खोजीमा भारततिर हानिएका र त्यहाँ गएर पनि अनेक हडर भोग्नु परेको घटनाको यथार्थमूलक चित्रण गरेको निम्न वर्गीय कारुणिकता प्रस्तुत गरिएको छ (लुइटेल, २०६९ : १२६) । काम गरेर वर्ष दिन खान नपुग्ने सधै दुःखका जीवन काट् पर्ने वाद्ययताले पनि नेपालीहरू विदेशिनी गर्द थिए । विदेशका भूमिमा पनि नेपालीलाई सुख थिएन उनीहरूलाई दास्रो दर्जाका नागरिका रूपमा व्यवहार गरिन्थ्यो । दाउराकाट्, बाटो बनाउने जस्ता कठोर परिश्रम पर्ने जस्ता काम गर्नु पर्ने हुन्थ्यो । ती काम पनि हिउँदका समयमा मात्र गर्ने वर्षा लागे पछि नेपाल पकिनुपर्ने नेपालीका बाध्यता थियो । केही पैसा कमाएर नेपालमै फकर्ने नेपालीका दुःखत अवस्था प्रस्तुत गरिएको छ । उपन्यासमा नेपालीहरूका प्रतिनिधि पात्र रने, म्याउची, मसिनी, माइला भुजेल, दलबहादुर, दलबहादुरकी परिवार तथा रूपा जस्ता पात्रहरूको मार्मिक जीवन भोगाइको सजीव चित्रण गरिएको छ ।

उपन्यसमा धनी र गरीब वर्ग भन्दा पनि पितृसत्तात्मक पारिवारिक सामाजिक संरचनाद्वारा उत्पीडित नारी पात्रहरूको कारुणिक परिस्थितिको सजीव चित्रण यस उपन्यासमा गरिएको छ । धनी वर्गका रूपमा तत्कालीन समयका शासक वर्ग र तिनका कारिनदा भएपनि उनीहरूका बारेमा चर्चा भन्दा पनि उनीहरूका कारण दुःख पाएका मध्य र निम्न मध्यम आर्थिक अवस्था भएका वर्गका चरित्र चित्रमा उपन्यास बढी केन्द्रीत छ । नेपालमा खानलाउन धैउधैउले गर्दा जीवन सहजका लागि भारतलगाएत अन्य मुलुकमा जीवन सहज छ र धन कमाइन्छ भन्ने तत्काली केही वर्गका विश्दृष्टिका रूपमा आएको छ ।

उपन्यासको प्रमुख पात्र हो । रने जति हँसिलो र फुर्तिलो गफी स्वभावको छ । गीत गाउने रमाइलो गर्ने उनको स्वभावले जोकोही पनि रनेका कुरा सुन्ने ऊबाट प्रभावित हुने गरको पाइन्छ । म्याउची रनेबाट प्रभावित भइन । उनीहरूको विवाहपनि भयो । उनीहरूको जीवन सहजरूपमा चलिरहेको थियो । रनेका बारेमा म्याउचीलाई साथीहरूले सोधा उनी भनछिन् “उई ता हो कान्छा - लोग्नेमान्छेका जात । पहिले पहिले पो माया गर्छ तर पछि ता, उई हो कुटाई खानु छ ।”(बाङ्गदेल, २०७७ : १६) म्याउचीको यस्तो अभिव्यक्तिबाट रनेका मार्फत् पुरुष-प्रधान समाजका लोग्नेमान्छेहरूको चरित्रगत कमजोरी उद्घाटन भएको थाहा पाइन्छ । यति मात्र नभई रने ईर्ष्या, शङ्का र रिसले व्याप्त भएको पात्र हो (प्रधान, २०७२ : १३७) । रनेका आफ्नो कमजोरीका कारण उसले जीवनमा दुःख पाएको छ ।

रनेले म्याउची विवाह गरेको थियो यो कुरा खालिङ बूढा, कान्छा राई मन पराउँदैन थिए । उनीहरूले कुरा लगाइ दिएकै भरमा रनेले म्याउचीलाई टिस्टा नदीमा खासाली सखाली हत्यासम्म गऱ्यो । पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामन्ती संस्कृतिका हुकेको रने अशिक्षित, चेतनास्तर कम हुनु, जवानीको रिस, बढी शङ्काका कारण म्याउचीको हत्या पुग्यो ।

माइला भुजेल र मसिनी उपन्यासका अर्का नायक नायिका पात्र हुन् । उनीहरू पनि नेपालमा राम्रा आर्थिक अवस्था नभएकाले नेपाल देश छोडेर एक हिउँदमा काम र अवसरका खोजीमा भारतका दार्जिलिङ र अन्य ठाउँमा जाने पात्र हुन् । रनेले उनीहरूलाई दलबहादुरकै घरमा बस्ने व्यवस्था मिलाउछ । उसले म्याउचीकी बाहिनी मसिनीलाई देखेर म्याउचीको यादले सताउँछ । म्याउचीको हत्याको घटना टिस्टा नदी र रनेबाहेक अरू संसारलाई थाहा थिएन, उसलाई अपराध बोध भयो र ऊ मानसिक पीडामा पऱ्यो । उसले आफूभित्रको पीडा  छटपटी रोक्न सक्दैन । ऊ मसिनीले दिएको मजेत्रोले घाटीमा बेरेर झुडिएर मोर्छ । नेपालीलाई नेपालमा मात्र नभइ बाहिरपनि सुख छैन । रने पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण मात्र खराब देखि पनि आफैमा खराव पात्र होइन । केवल नेपाली समाजको प्रतिनिधित्व गर्ने पात्र हो ।

रनेको झुडिएर मरे पनि मर्नुको कारण माइला भुजेल र मसिनीलाई थाहा हुदैन । असहज महशुस भएको थियो । उनीहरू नेपाल फर्कने कुरा दलबहादुर भने दलबहादुरलाई उनीहरू आफ्नै घरमा बसिरहुन जस्तो लागेको थियो । त्यसैले उनले उनीहरूलाई काम दिन गाई पाले र दुधको व्यापार गर्न व्यवस्था मिलाइ दियो । उनीहरूको जीवन सहज चलिरहेको थियो । उनीहरूको छोरी रूपाको जन्म हुन्छ (बाङ्देल, २०७७ : ८५) । नेपाली चालचलको जीवनशैलीमा अपनाएको पाइन्छ । नेपालको समाजमा असल र खराब दुवै चरित्रका मानिस हुन्छ । त्यहाँ पनि नेपाली मुलको शेर्पा बूढा खराब स्वभावका थिए । उनले माइला भुजेललाई मसिनी र कान्छा राईको नराम्रो सम्बन्ध भएको बताउँछन् । पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामन्ती संस्कृतिका हुर्केको माइला भुजेल मसिनीको कुरै नसुनी घर छोडेर जान्छन् ।

पितृसत्तात्मक विचारधाराको विश्दृष्टिले पुरुषलाई साहसी, शक्तिशाली, वीर, बलियो र नारीलाई कमजोर, डरपोक, रुन्चे तथा सहानुभूतिको पात्र बनाउने गर्दछ । यस कारण पुरुषको इच्छा, चाहना अनुसार नारी चल्नु पर्ने भन्ने नेपाली परम्परागत समाजामा मान्यत छ । यसै अनुसार उपन्यसको रेन आफूलाई पुरुष वर्ग भएका कै कारण म्याउचीमाथि दबाव र तनावमा राख्यो । अन्त्यमा उनलाई खोलामा खसाले र हत्या गऱ्यो । यो कुराको तत्काली समाजका अन्य सदस्यहरूले प्रतिकार गर्न सकेन्न । अर्को उपन्यासको पुरुष पात्र माइला भुजेलले मसिनीलाई अनेकौ दबाव र तनाव दियो । जसकाकारण मसिनीको जीवन बाच्नु की मर्नु जस्तो भयो । माइला भुजेल आफैमा सोझो गरिब पात्र भएपनि पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण मसिनीका लागि प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने परपीडक पुरुष वर्गका रूपमा विश्वदृष्टिमा आएका छन् । शेर्पा बूढा, खालिङ बूढा, कान्छा राई जस्ता खराब आचरण भएका पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामन्ती संस्कृतिका हुर्के गरिब वर्गमा पर्ने भएपनि नारीकालागि प्रभुत्वशाली वर्ग पर्दछन् । समाजमा उनीहरू जस्ता

खराब प्रवृत्तिका मानिस पनि हुन्छन् भन्ने विश्वदृष्टि रहेको छ । म्याउची, मसिनी, रूपा जस्ता नारी पात्र पीडा परेका वर्ग जसले कुनै प्रतिकार गरेका छैनन् । नारी सहनु पर्छ भन्ने विश्वदृष्टि प्रस्तुत भएको छ ।

## ३.३.२ जाति

*मुलुकबाहिर* उपन्यसाका प्रमुख पात्र रनबहादुर हुन् । उनी राई-किराँत मूलको प्रजाति पात्र हुन् (श्रेष्ठ, २०७२ : १३७) । उपन्यासमा रनबहादुरको चित्रण यसरी गरिएको छ रने चौबीस-पच्चीस वर्ष पुगेको, न अग्लो न पुड्के गहुँगोरो वर्णको थियो । त्यसका अघिल्तिर दुईटा दाँत भने खप्टिएका थिए–तर हाँस्दाखेरि भने त्यसका खप्टिएका सेता दाँत एकप्रकारले राम्रै देखिन्थे (बाङ्देल, २०७७ : ६) । यसरी रने भर्खरको तन्नेरी युवक, सोझो, लेखपढ नगरेको, रिस र आवेक नियन्त्रण गर्ने नसक्ने पात्रका रूपमा रहेका छ तर पछि आफूले गरेको गल्तीको पश्चत्याप गरेको छ । समग्रमा नेपाली जातिको गुण भाएको जाति हो ।

म्याउची उपन्यासकी नायिका हो । ऊ किराँत जातिकी सोझी पात्र हो । उसको बारेमा उपन्यासमा म्याउची भर्खर अठार वर्ष पुगेकी थिई । त्यसको लाम्चो अनुहार, भरिलो छाती, गम्भीर आँखा र राता-राता दुई चञ्चलओठले नारी-यौवनको सम्पूर्ण विकास भएको बुझाउँथे । त्यसको जिउडाल पनि खूब मिलेको थियो । औधि राम्री पनि थिई (बाङ्देल, २०७७ : ४) । उनको सिधासाधा, अपठित, निश्छल, निष्कलङ्क र पवित्र स्वभाव छ । यसरी एकातिर अपरिपक्व उमेर र अर्कातिर अशिक्षा तथा न्यून चेतनास्तरका भएकाले कुन सहि कुन गलत छुटाउन नसक्ने दुरगुण उनमा छ । उनको अटेरी र जिधिका कारण रनेको सन्काहा र आवेगीपनको सिकार बनेकी छिन । उनी सरल, सोझी, इमानदार, अशिक्षित, दृढ इच्छाशक्ति भएकी, आफ्नो प्रेममा विश्वास गर्ने निश्छल, निष्कपट, आत्मविश्वासी, साहसी स्वभाव र चरित्र भएकी नेपाली जातिकी नारी पात्रका रूपमा रहेकी छ ।

माइला भुजेल प्रजातीय दृष्टिमा घर्ती थरको पात्र भए पनि मूलतः नेपाली जातिको पात्र हो । उपन्यासमा उनको बारेमा यस्तो भनेको छ उमेर पुग-नपुग अठतीस वर्ष पुगेको हुँदो हो, तर अग्लो, सुगठित कद र भरिलो अनुहारले भने उत्तिकै वयस्क देखिँदैन । गाउँ-घरमा डुल्नु, जाँडरक्सी खानु, तास-जुवा खेल्नुयी संसर्गदेखि ऊ सधैँ टाढा बस्छ । अरू तल्लो श्रेणीका मानिसहरूझैँ मुखबाट छि : छि : फोहोरी कुरा झिक्दैन, अश्लील कुरा पनि गर्दैन–कसैलाई कुवाच्य पनि भन्दैन–ऊ अल्पभाषी, विचारशील, भावुक तथा स्थिर भावको छ (बाङ्देल, २०७७ : ८०) । ऊ सरल सोझो, अर्कोको कुरा सुनेर आफ्नो जीवन तहस नहस बनाउने अशिक्षित र अबुझ पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।

मसिनी यस उपन्यासकी अर्की प्रमुख नारी चरित्र हो । उपन्यासमा उसलाई म्याउचीकी बहिनी र माइला भुजेलकी एक विवाहिता पत्नीका रूपमा प्रस्तुत गरिएको छ । मसिनी पनि जनजातीय पृष्ठभूमिकै युवती हो, तर उसमा जनजातीय आवेगभन्दा संयमित विवेकको मात्रा बढी देखिएको छ (आचार्य, २०६७ : १३१) । उनी उच्च नैतिक चरित्र भएकी सोझी नेपाली जाति हुन् ।

दलबहादुर नेपाली मूलको जाति हो । उसका बाबुबाजे पूर्वी पहाडको दोलखा जिल्लाबाट दार्जिलिङको घूम पहाडमा बसाइँ सरेका थिए । दलबहादुर पनि रनेसँगै सन् १९१४ को प्रथम विश्वयुद्धमा सामेल भएको छ । ऊ गोर्खा राइफलको तर्फबाट बगदादको मोर्चामा लड्दा घाइते बन्छ । यस क्रममा उसलाई रनबहादुरले ठूलो सहयोग पुऱ्याएको छ । ऊ रनबहादुरले घाइते हुँदा गरेको सहयोगबाट कृतज्ञ भएर रने, माहिला भुजेल र मसिनीलाई आफ्नै घरमा सम्मानपूर्वक आश्रय दिएको छ । दलबहादुरले आपद् विपद्मा परेका नेपाली दाजुभाइहरूलाई मानवीय सहयोग गरेर आफ्नो परम्परागत प्रजातीय संस्कारलाई प्रस्तुत गरेको छ । उसले अत्यन्त उदार र महान् विचार बोकेको छ । उसले माइला भुजेल र मसिनीलाई आफ्नो घरमा आश्रय दिए । नेपाली जातिको गुण प्रस्तुत गरको छ । नेपाली जातिका असल गुण देखाउदै नेपाली जातिका चारीत्रिक विशेषताका रूपमा विश्वदृष्टि दलबहादुर मार्फत प्रस्तुत भएको छ ।

खालिङ बूढा, कान्छा राई, शेर्बा बूढा अवगुणले खल पात्रहरूको प्रयोग गरिएको जस्का कारण रने र म्याउचीको जीवन आर्को तर्फ माइला भुजेल र मसिनीको जीवन ध्वस्त पारेका छन् । नेपाली समाजमा यस्ता खराब जातिका मान्छे पनि हुन्छन् जस्का कारण अर्को जीवन ध्वस्त हुन्छ भन्ने विश्वदृष्टि रहेको छ ।

उपन्यासका यी प्रमुख भूमिकामा देखिएका पात्रहरू बाहेक रूपा, बूढी आमै, कर्णबहादुर, दलबहादुरकी स्वास्नी, दलबहादुरको छोरा लगायतका गौण भूमिकामा देखिएका पात्रहरू रहेका छन् । यी सबै जसो पात्रहरू नेपाली जातीय पृष्ठभूमिकै रहेका छन् । भारतका विभिन्न क्षेत्रहरूमा कर्मशील जीवन बिताइरहेका यी पात्रहरूले नेपाली परम्परा, रीतिरिवाज, वेषभूषा, बोलीचाली र संस्कारलाई कुनै न कुनै रूपले अवलम्बन गरिरहेका छन् । फरक परिवेशमा बाँचेका भए तापनि यिनीहरूले वंशानुक्रमका रूपमा प्राप्त गरेका नेपाली जातिका पुर्ख्यौली गुणहरू प्रदर्शन गरि रहेका छन् ।

रने र माइला भुजेल लगाएताक उपन्यमा प्रयोग भएका पात्रहरू धेरै जस्तो जनजाति, अशिक्षित, गरिब वर्गका पात्र छन् । नेपाली पुरुष प्रधान समाजमा नारीप्रति उनीहरूको व्यवहार प्रभुत्वशाली रहेको छ । नारी पुरुषको अन्याय, अत्याचार पनि सहनुपर्छ भन्ने नारी पात्रलाई कम्जोर बनाइएको छ । पुरुषलाई प्रभुत्वशालीका रूपमा हेर्ने र नारीलाई अधीनस्त जातिका रूपमा हेर्ने तत्कालीन समयको विश्वदृष्टिका रूपमा रहेको छ । दलबहादुर मिलनसार, सहयोगी, उदार र अस्थिर स्वभावको नेपाली जाति हुन्छन् भन्ने विश्वदृष्टि रहेको छ त्यस्तै शेर्बा बूढा, खालिङ बूढा, कान्छा राई जस्ता खराब पात्रहरू नेपाली समाजमा रहेका छन् । उनीहरू कतिका मिलेर बसेको घर-परिवार अनेकौं खराब कुरालाई विछोड बनाउँ छन् भन्ने विश्वदृष्टिका रूपमा रहेको छ ।

### ३.३.३ लिङ्ग

*मुलुकबाहिर* उपन्यास जनजीवनको वास्तविक चित्र प्रस्तुत गरिएको सामाजिक यथार्थवादी उपन्यास हो । नेपालीहरू आफ्नो आफ्नो खेतीमा फलेका खानेकुरा वर्ष दिन खान नपुग्ने भएपछि नेपालीहरू देश छोडेर मुलुकबाहिर जन बाध्य थिए । यसरी देश छोडेर

जाने नारी पुरुष दुवै थिए । उपन्यासमा रनबहादुर, माइला भुजेल, दलबहादुर, कान्छा राई, खालिङ बूढा जस्ता पुरुष पात्रहरू र म्याउची, मसिनी, दलबहादुरकी श्रीमती, रूपा, दलबहादुरकी आमा तथा रूपा जस्ता नारी पात्रहरूको जीवन भोगाइको सजीव चित्रण गरिएको छ ।

उपन्यसको प्रमुख नायक पात्र रनबहादुर हो । ऊ राई-किराँत मूलको प्रजाति हो (आचार्य, २०५८ : १०३) । उसको वास्तविक नाम रनबहादुर भए पनि उसलाई सबैले रने साहिँला भनेर चिन्थे । पितृसत्तात्मक विचार बोकेको श्रीमती म्याउचीलाई दबाव र तनावमा राखेको छ । उपन्यसको सर्न्दभमा रनेले म्याउची माथि गरेको व्यवहारका सन्दर्भमा थाकेर आएको बेलामा म्याउचीको मुखबाट यस्तो नमिठो बोली निस्केको रनेलाई साह्रै नराम्रो लाग्यो । त्यसलाई रनक्क रिस उठेर आयो – उठेर म्याउचीलाई गालामा एक लपेटा हिर्काइहाल्यो । म्याउची रुन थाली (बाङ्गदेल.२०७७ : १७) ।

प्रस्तुत उदाहरणमा पुरुषले नारीमाथि प्रभुत्व जमाएका हुन्छन् । जसलाई रनेलाई एक पात्रका रूपमा उपन्यासमा उभ्याएर आम नेपाली पुरुषहरूको स्वभावलाई चित्रण गरिएको छ । पितृसत्तात्मक विचारधाराका कारण रनेमा एक किसिमको अहम्ता रहेको पाइन्छ । र अन्त्यमा उनको मृत्युको कारण बनेको रने पुरुषका दृष्टिले प्रभुत्वशाली वर्गमा पर्दछ । तर सोझो, युवा, सानो कुरामा पनि रिस आवेगमा कारण हत्यारा भएको महशुस गरेको छ । उसले आत्मा ग्लयानी भई कटुसको बोटमा आफैं झुन्डिएर आत्महत्या गर्न पुगेको छ ।

उपन्यासको अर्को नायक पात्र माइला भुजेल ऊ पनि सरल सोझो छ । तर अर्कोको कुरा सुन्छ एक दिन मसिनी र कान्छा राई कुरा गरर बसि रहेका थिए । त्यो कुरा माहिला भुजेल देखे उनीले रिसको आवेगमा थाम्न सकेनन् भने – 'तँ ता कान्छा राईसित छिल्लिन्छेस् रे .... । म घरमा नभएको बखतमा ऊसित चल्छेस् रे .... यो के कुरा हो ?' त्यति भनेर उसले मसिनीको दुवै गालामा एक्कासि लपेटै लपेटा हिर्काउन थाल्यो (बाङ्गदेल, २०७७ : ११२) मसिनी जस्ती पतिब्रता माथि माहिला भुजेलले सेर्बा बूढाको लहलहैमा लागेर आशङ्काको दृष्टिले हेर्दछ । सत्यतथ्य नबुझिकनै माहिला भुजेल रिसले चुर भएर मसिनीको गालामा थप्पड हान्न पुग्दछ । पछि गल्तीको आत्मा बोध गर्दछन् । उनी घर छोडेर अन्यत्रै जान्छन् ।

म्याउची, मसिनी दुई दिदीबहिनी हुन् । दुवै जना अत्यन्त सिधासाधा, अपठित, निश्छल, निष्कलङ्क र पवित्र स्वभाव भएकी छन् । उसमा सोझोपना छ, छलकपट र कृत्रिमताको कुनै आभास छैन । दुवै ग्रामीण परिवेशमा हुकेका विदेशी भूमिमा सुख हुन्छ भन्ने सोचका साथ आका हुन्छन् । उनीहरू दुवै जना आआफ्नै श्रीमान्द्वारा उत्पीडित बन्न पुगेका छन् । श्रीमानले जति दुःख दिएपनि प्रतिकार गर्ने सकेका छैनन् । पारिवारिक दृष्टिले उनीहरूको जीवन कष्टपरक बनेको छ ।

पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामाजिक संरचनाको विश्वदृष्टका आधारमा सबै पुरूष पात्र प्रभुत्वशाली समुहमा पर्दछन् । नारीहरू पुरुष अन्याय अत्याचारमा परेका अधीनस्थ वर्गमा पर्दछन् । वर्गीय हिसाबले अत्यन्त पीडित, निम्न वर्गीय पात्र हो । दुई छाकटार्नका लागि मजदुर काम गर्नुपर्ने उसको बाध्यता गरिब पात्र हुन् ।

### ३.३.४ समानधर्मिता

*मुलुकबाहिर उपन्यास* जनजीवनको वास्तविक चित्र उतारिएको सामाजिक यथार्थवादी उपन्यास हो । नेपाली समाजका वास्तविक घटनालाई विषय बनाएर उपन्यास लेखिएको छ । पात्रहरू नेपाली जाति नै जुन हामीले देखे सुनेका पात्रहरूको प्रयोग गरिएको छ । सरल सहज भाषा र संवादले उपन्यास सजीव बनेको छ । नेपाली धर्म, संस्कृति, परम्परा, चाड, पर्व का विविध पक्षहरू उपन्यासमा आएको छ । जस्ले गर्दा नेपाली पाठक तथा स्रोताका लागि उनका उपन्यास दृश्यात्मक किसिमको मौलिक लाग्दछ ।

नेपालीहरू आफ्नो गरिबी र भौगोलिक विकटताका कारण जीविकोपार्जनका लागि मुग्लान जानुपर्ने बाध्यतालाई यस उपन्यासले आफ्नो विषयवस्तु बनाएको छ । उपन्यास २००५ सालमा लेखिए पनि यसमा १९६९ देखि लगभग १९९८ सम्मको समयावधिलाई समेटिएको छ । प्रथम विश्वयुद्ध तथा दोस्रो विश्वयुद्धबाट पिल्सिएका साथै २००७ साल पूर्वको राणाकालीन जर्जरताले आर्थिक अभावबाट थिचिएका नेपाली समाज तथा भारतेली समाजको चित्र प्रस्तुत छ ।

नेपालबाट भारतका बिभिन्न ठाउँ लगाएत अन्य देशमा काम गर्ने जाने गर्द थिए । यस प्रसङ्गमा उपन्यासमा अब बर्सेनि हिउँद लागेपछि रने साथीहरूसित मुगलान आउन थाल्यो । हिउँद लाग्यो । अब पहाड खण्डबाट मानिसहरू फेरि धमाधम गुगलान पस्न थाले । यसरी बर्सेनि उनीहरू मुगलान आउँछन् । मुगलानमा हिउँदभरि ठेकाको काम गऱ्यो- कहिले आरा काट्ने काम, कहिले तख्ता बोक्ने काम, त्यसपछि पहाड फर्कन्थ्यो (बाङ्गदेल.२०७७ : ३) ।

उपन्यास प्रस्तुत माथिको सन्र्दभमा काम, माम, रोजगारी, शिक्षा, स्वास्थ्यका लागि देशबाहिर जानु पर्छ भन्ने मान्यता प्रस्तुत भएको छ । जुन तत्काली नेपाली समाजको मान्यता र बाध्यता हो । आजका दिनमा पनि त्यही अवस्था भएकाले नेपालीहरू देश छोडेर विदेश जान प्रचलन छ । तर्सथ कृतिको सन्दर्भ र तत्काली समयको सन्र्दभमा समानधर्मिता रहेको छ ।

उपन्यासमा तत्कालीन समाजको रीतिरिवाज, परम्परा, अन्धविश्वास, धर्म, संस्कृतिको यथार्थ प्रस्तुति गरिएको छ । उपन्यसका सन्दर्भमा माहिला भुजेल केही नबोली मुसुमुसु हाँरिरह्यो । उसको आँखामा आज अलिकति लाज र सङ्कोचको भाव देखा पऱ्यो । मसिनीले छोरी पाइछ ! न्वारनका दिनमा माहिला भुजेलकी छोरी नाउँ 'रूपा' भने राखियो ( बाङ्गदेल.२०७७ : ८५) । हिन्दु धर्म संस्कृति अनुसार न्वारन गर्ने, आफसमा मिलेर रमाइलो गर्ने चलको प्रसङ्ग प्रस्तुत भएको छ ।

नेपालीहरूको ठूलो चाडपर्व दशैं, तिहारका सन्दर्भमा दसैं आयो । चारैतिर रमाइलो भयो । दसैं गएर तिहार पनि आयो । तिहारमा माहिला भुजेल र दलबहादुर सिलीगुडीसम्म डुल्न गए । चाड गएपछि दलबहादुरलाई एक दिन कुन्नि के मन आएछ मधेसतिर पसेर व्यापार गर्ने विचार गऱ्यो (बाङ्गदेल.२०७७ : ८७) । नेपाल बाहिर नेपालीहरूले दशैं, तिहार मानएको सन्दर्भ छ । सबै काम छोडेर आपसमा मिलेर यस्ता चार्ड पर्व मनाउँछन् । नेपालीलाई यस्ता चार्ड पर्व आफसमा बैमनस्यता हटाइ मिलेर बाढीचुडी खाने सम्बन्धको

विकास गरेको छ । कृतिमा उल्लेख चार्डपर्व मनाएको प्रसङ्ग र तत्कालीन नेपाली जातिले मनाउने चार्डपर्वमा समानधर्मिता रहेकोछ । जुन प्रचलन अहिले पनि नेपाली जातिमा रहेको छ ।

नेपाली जाति आफ्नो जातिलाई जस्तो सुकै सहयोग गर्द छन् । प्रदेशको ठाउँमा आफ्नो चिनजानको कोही नहुँपनि दलबहादुरले माइला भुजेल र मसिनीलाई सहयोग गरेका प्रशंगमा दलबहादुर अलि शान्त र गम्भीर कण्ठले भन्यो -'माहिला ! म एक जोर दुहुना गाई किनिदिउँला । तिमीले त्यही गाईको स्याहार गर्दै बस (बाङ्गदेल.२०७७ : ७८) । दलबहादुरले माहिला भुजेल र मसिनीलाई नेपाली जाति मिलेर बस्छन् भन्ने कुरालाई पृष्ट गरेको छ । कृतिको सन्दर्भ र नेपाली समाजको सन्दर्भमा समानधर्मिता रहेको छ ।

नेपाली जातिले आफ्नो रीतिरिवाज, परम्परा, अन्धविश्वास, धर्म, संस्कृति जस्ता कुराहरू जहाँ गएपनि छोड्दैनन् । यर्थाथबादी सामाजिक उपन्यासकार बाङ्गदेलका उपन्यासमा नेपाली जातिले आफ्नो रीतिरिवाज, परम्परा, अन्धविश्वास, धर्म, संस्कृति जस्ता कुरा आएका हुन्छन् । त्यसैले बाङ्गदेलका उपन्यासमा समानधर्मित प्रस्तत भेटन सकिन्छ ।

## ३.४ माइतघर उपन्यासमा विश्वदृष्टि

माइतघर लैनसिह बाङ्देलको दोस्रो उपन्यास हो । यो उपन्यास वि.सं. २००७ सालमा प्रकाशन भएको थियो । उनको अघिल्लो उपन्यास जस्तै यो उपन्यासको परिवेश पनि भारतको दार्जिलिङ क्षेत्रमा केन्द्रीत भएको छ । लैनसिंह बाङ्देलले राजबाडीको समाजलाई महत्त्ल दिए । बाङ्गदेलले राजबाडीको समाज देखेका थिए । उनीहरूका खेतीपाती, खानपिन र भाषालाई जानकारीमा लिएका थिए (दाहाल, २०५८ : १५५) । हरि र सानी प्रमुख पात्र बनाएर उपन्यासका सबै घटना र कार्यहरू व्यवस्थित तरिकाले प्रस्तुत भएको छ । तत्काली समयमा नेपालीहरू काम र मामको खोजिमा विभिन्न देशहरूमा जाने चलन थियो । खास गरी प्रथम र द्वितीय विश्वयुद्धमा नेपालीहरू विभिन्न देशको सेनामा आवर्द्ध भएर लडाइ लडेका पाइन्छ । यस उपन्यासमा पनि हरिका बाबु भारतीय सुबेदारसम्म भएका सेना हुन् । सानीका बाबु पनि भरतीय सेना हुन् । उनीहरूका दुवै परिवार दार्जिलिङ्को राजवाडी गाउँमा छिमेकीका रूपमा बसेका हुन्छन् । दुवै परिकार नेपाली र हिन्दू परम्परा, रीति, संस्कृति, चालचलन अपनाएका छन् । हरि र सानीका परिवार बाहेकपनि नेपाली जातिहरू नेपाली परम्परा अनुसार धर्म, सस्कृतिहरू मनाएको प्रसङ्ग उपन्यसमा प्रस्तुत भएको छ ।

### ३.४.१ वर्ग

*माइतघर* सामाजिक यथार्थवादी उपन्यास हो । यसमा नेपाली समाजको यथार्थता झल्केको छ । नेपाली समाजमा प्रचलित परम्परादेखि चलिआएको समग्र नेपाली रहनसहन, चालचलन, रीतिस्थिति, मानमर्यादा आदि माइतघरउपन्यासमा चित्रित संस्कृति हो । समाजमा पितृसत्ताले जमाएको एक्लौटी अस्तित्वले पुरुष जातिको उच्च वर्गका हुन् भन्ने भाष्य निर्माण भएको छ । उनीहरूले गरेको निर्णयहरू नारी जाति मानुपर्छ भन्ने मान्यता प्रस्तुत भएको छ ।

माइतघर उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक विचारधारालाई प्रतिनिधित्व गर्ने प्रमुख पुरुष पात्रहरू सुबेदार बलवीर खड्का र उनका छोरा हरि हुन् । उनीहरूकै माध्यमबाट नेपाली समाजमा पुरुषको स्थान कुन र कस्तो छ । पुरुषका कारण नारीले केकस्ता समस्याहरू भोलनु पऱ्यो भन्ने सन्दर्भहरू उल्लेख भएको छ । उपन्यसको सुरुकै प्रशंगमा पुरुषलाई घरको काम गर्नु पर्दैन । उनीहरू आफ्नो इच्छा अनुसारका काम गर्ने सुविधा पाउँछन् । भन्ने कुरा प्रस्तुत सर्न्दभमा सुविदार 'बिहानको कलिलो घाममा बाहिर गलैंचा ओछ्याएर सुबेदार बलवीर खड्का ढल्केर पल्टेर एउटा हिन्दीको उपन्यास पढ्न लागेका थिए (बाङ्गदेल, २०७६ : १) । उनलाई घरको काम धन्दा गर्न नपर्ने अभिजात वर्गका रूपमा प्रस्तुत भएका छन् ।

नेपाली समाजमा पुरुष जातिले दोस्रो विवाह गर्ने सहज रूपमा स्वीकार गर्द छ । आफ्नी श्रीमती परलोक भइसकेपछि आफ्नो वृद्धावस्थामा पनि सुबेदार बलवीर खड्काले आफ्नी श्रीमती परलोक भएको २६ वर्ष बितिसकेपछि पनि अर्को विवाह गरेका छ । सुबेदारको पहिलो सन्तान आमाको मृत्युपश्चात् आमाको मायाको अभावमा बरालिएर हिँडेको प्रसङ्गलाई तलको उदाहरणले प्रष्ट पार्दछ : सुबेदारकी अघिल्ली स्वास्नी परलोक भएको २६ वर्ष भइसकेको थियो । पहिलेको विवाहबाट जन्मेको छोरो थियो, त्यो नवौं श्रेणीसम्म पढेर पल्टनतिर भाग्यो । त्यसैले सुबेदारको हृदयमा कहिलेकाहीँ ठूलो शूल हुन्थ्यो, तैपनि अलि आफ्नो उमेर ढल्किसकेपछि जन्मेकाले हो कि छोरामाथि तिनले चाहिएको भन्दा अलि बढ्तै माया पोख्न खोज्थे । त्यसैले दस वर्षको हुँदा पनि हरि बाबुको गुडिया (पुतली) नै थियो (बाङ्गदेल, २०७६ : ८) जन्म दिने आमाको मृत्यु पश्चात् एउटा बालकले न त माया ममता पाउँछ न त कुनै संस्कार नै सिक्न सक्दछ । परम्परागत नेपाली समाजमा नारी पुरुषको चाहनामा चल्नुपर्छ मर्ने कुरा सुवेदारले सुवेदानीमाथि गरेका व्यवहारबाट बुझ्न सकिन्छ । यस उपन्यासमा सुवेदार पितृत्वसक्ताका प्रतिनिधि सुवेदार, सुवेदानीका लागि प्रभुत्वशाली वर्गअन्तर्ग पर्दछन् ।

उपन्यासका अर्का पुरुष पात्र हरि सुविदार बलदेव खत्रीका छोरा हुन् । उनी आफैमा खराब पात्र नभएपनि समय र परिस्थितिका कारण सानीका लागि प्रभुत्वशाली वर्गका रूपमा प्रस्तुत भएका छन् । सानीको विवाह भयो र उनीमाथि श्रीमानले सौता हाले उनको दुःखत अवस्था भयो । उनले घर नगएर हरिकै घरमा बस्छु भन्दा हरि भन्दछन् : "हो, अर्काकी भएपछि तिमीले लोग्नेको घरलाई आफ्नो सम्झनुपर्छ यो माइतघरलाई बिर्सिदिनुपर्छ....।"(बाङ्गदेल, २०७६ : ४७) प्रस्तुत सन्दर्भमा पुरुषसक्ताका कारण हरिले पनि आफ्नो प्रभुत्व देखाएर सानीलाई घर जान बाध्य बनाउँछन् ।

सानी आफू पुरुष भएर नजन्मेकाले यो पुरुषप्रधान समाजमा आफूले दुःख पाएको अनुभव गरि उनी भन्दछिन् - "हरि दाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस् ...।" (बाङ्देल २०७६: ४८) सानीलाई पुरुष भएर नजन्मेकोमा पछितो छ । हाम्रो समाजमा पुरुष निर्णयक हैकम भएको कुरा अभिव्यक्त भएको छ । नेपाली समाजमा पुरुष जातिको निर्णयका अगाडि महिलाहरूले केही गर्ने सकेका छैनन् । अर्थात् नेपाली समाज पितृसतात्मक समाजका रूपमा पहिचान भएको छ ।

उपन्यासका सबै पात्रहरू गरिबीको दुष्चक्रमा परेका छन् तरपनि परम्परागत नेपाली पितृसतात्मक समाजमा सुबेदार, हरि जस्ता पुरुष पात्रले प्रभुत्वशाली समुहको प्रतिनिधित्व गरेका छन् । नारी सुबिदार्नी, रत्ना, सानी लगाएत नारी पात्रहरू सबैको दयनीय अवस्था छ । उनीहरूले समाजको सामाजिक संरचना र आफूलाई परेको पीडामा कुनै प्रतिकार गर्ने सकेका छैनन् । उनीहरू सबै अधिनस्त समुहको प्रतिनिधित्व गर्दछन् । पुरुषले भनेको नारी वर्गले मान्नु पर्छ मन्न मान्यता अनुसार उपन्यासका पात्रहरूले मानेको सन्दर्भ विश्वदृष्टिका रूपमा प्रस्तुत भएको छ ।

## ३.४.२ जाति

*माइत* घर उपन्यासमा सीमित पात्रको प्रयोग गरिएको छ । उपन्यासमा हरि र सानी प्रमुख पात्रका रूपमा आएका छन् । उपन्यासमा सुबेदार, सुबेदार्नी, रत्ना लगायतका पात्रहरूको उपस्थिति रहेको छ । उपन्यसका सबै पात्रहरू क्षेत्र जातिकै बाहुल्यता रहेको छ । उनीहरू सबैले हिन्दु, धर्म, संस्कृतिक र परम्परा मानेको पाइन्छ ।

हरि उपन्यासको प्रमुख पात्र हो । ऊ सुबेदार बलवीर खड्काको छोरो क्षेत्री जातको पात्र हो । ऊ बाल्यावस्थामा अत्यन्त चकचके स्वभावको भए पनि उमेरको ढल्काइसँगै परिपक्व र कर्तव्यपरायण बनेको छ ऊ विद्यालय स्तरको औपचारिक शिक्षा प्राप्त गरेको शिक्षित हो । पछि उसको पढ्ने धोको भए पनि बाबुको अप्रत्यासित मृत्युका कारण उसको पढाइमा बाधा परेको छ । घरपरिवार  चलाउन उसले जागिर खानुपरेको छ ।

सानी र हरि एउटै घरमा बाल्यकाल देखि हुकर्दै यौवन अवस्थामा पुग्दा उनीहरू बीच प्रेम आकुराउँछ । हरि सामाजिक मर्यादाभित्र बस्ने एक आदर्श, नैतिकवान र कर्तव्यपरायण व्यक्तित्वका भएकाले सानीलाई प्रमीकाको रूपमा स्वीकार गर्ने सक्दैन । हरि प्रेम रोज्ने कि सामाजिक मर्यादा भन्नेमा द्वन्द्व छ । छोरीचेलीको सामाजिक इज्जत र प्रतिष्ठाप्रति ऊ सचेत देखिन्छ । सानीको विवाह गर्ने सहयोगी भूमिका खेलेको छ । सानी माइत आउँदा र उसले घर नजाने अडान राख्दा हरिले उसलाई जबर्जस्ती घर पठाउने भूमिका निर्वाह गरेको छ । यसरी उसको व्यक्तिगत इच्छा र सामाजिक मर्यादाका बीचको तीव्र द्वन्द्वले उपन्यासमा कारुणिकताको सिर्जना गरेको छ । सानी दुःख पाएर माइतै समझेर हरिकै घरमा बस्छु भन्दा हरिले "... सानू ! घर गएरपछि स्त्रीको धर्म हो पोइको सेवा गर्नु, नोकरचाकरलाई अराउनु-सिकाउनु । सासूले एक वचन लाएको बेला बुहारीहरूमाइत सम्झेर रुन्छन्, त्यासो नगर्नु । सासू-ससुरा रिझाउन सके आफ्नै छोराछोरीजस्तो गर्छन् ।" (बाङ्देल २०७६: ४४)

प्रस्तुत उदाहरण बाट पनि प्रस्ट हुन्छ कि हरि यस उपन्यासमा धर्म, संस्कार, रीतिस्थिति आदिका नाममा सीमान्तकृत बन्न पुगेको पुरुष पात्रको प्रतिनिधित्व गर्ने पात्र हो । हरि प्रभुत्वशाली संस्कृतिले गर्दा आफ्नो जीवनको बाध्यात्मक परिस्थितिमा पुगी कमजोर बनेको छ ।

सानी उपन्यासकी नायिका हो । ऊ क्षेत्री जतको पात्र हो । उपन्यासमा सानी रत्नाकी छोरीका रूपमा रहेकी छ । ऊ रत्नाकी छोरी भए तापनि हरिकै घरमा उसको जीवनको धेरै समय बितेको छ । उपन्यासमा सानीको शारीरिक विशेषताका बारेमा

सङ्क्षेपमा चर्चा गरिएको पाइन्छ । उपन्यासको एक प्रसङ्गमा भनिएको छ : "जीउमा साधारण चौबन्दी चोलो र छिटको फरिया लाएकी गोरो वर्णकी, हातभरि ताराबाई लाएकी, सहरिया होइन तर पहाड-बस्तीबाट भर्खर आएकी जस्ती थिई" (बाङदेल; २०७६ : १८) । यसरी उपन्यासमा सानी एक कर्तव्यपरायण र असल प्रेमिकाको भूमिकामा देखिएकीछे । उसको माइत घरमै बसेर हरिसँगको प्रेमलाई सफल बनाउने चाहना छ; तर त्यसमा सामाजिक मर्यादा र हरिले साहस गर्न नसक्दा अवरोध उत्पन्न भएको छ । अन्त्यमा अनेक प्रयास गर्दा पनि केही सीप नलागेपछि ऊ रुँदै पराइघर जान बाध्य भएकी छ ।सानी व्यक्ति इच्छाभन्दा समाजलाई ठूलो मान्ने परम्पराको सिकार बनेकी छ ।

सुबेदार्नी सुबेदार बलवीर खड्काकी श्रीमती, हरिकी आमा र एक क्षेत्री प्रजातिकी महिला पात्र हुन् । उनी  कोमल र संवेदनशील हृदय भएकी पात्र हुन् । उनले रत्ना र सानीलाई उदारतापूर्वक र सम्मानजनक रूपमा सहयोग गरेकी छन् । उनले सानीलाई आफ्नै छोरीजस्तो गर्छिन् । रत्ना उपन्यासका विभिन्न घटनाक्रम र प्रसङ्गका आधारमा उनी क्षेत्री प्रजातिकै पात्र भएको देखिन्छ । उनी सानीकी आमा हुन् ।

सुबेदार बलवीर खत्री क्षेत्री जातिका पात्र हुन् । उनलाई कतै बलवीर खत्री र कतै बलवीर खड्का भनेर उपन्यासमा प्रस्तुत गरिएको छ । उनी भारतीय सेनाका सेवानिवृत्त सैनिक हुन् । उनको व्यवहार र चरित्रमा उनको सैनिक पेसाको स्पष्ट प्रभाव देखिन्छ । उनी स्वभावमा कडाजस्ता देखिए पनि आवश्यकताअनुसार दयालु पनि छन् । उपन्यासमा उनी साधारण जीवनशैली भएका र केही शिक्षित व्यक्तित्वका रूपमा देखा परेका छन् । उनको फुर्सदका बेलामा पत्रपत्रिका पढ्ने आदत रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।
माइत घर उपन्यासमा ग्रार्मीण नेपाली समाजका विभिन्न जातिहरूलाई पात्रका रूपमा उपयोग गरिएको छ । भारतीय सेनामा भर्ती भएर सेवा निवृत्त भएका सुबेदार क्षेत्री थरको हिन्दु, धर्म, संस्कृतिमान्न परम्परावादी पात्र हो । हरि उपन्यासको नायक पात्र हुन् । सानीलाई प्रेम गरपनि उनी सामाजिक नैतिक मर्यादाको घेरालाई तोड्न नसक्दा जीवनसाथी बनाउन नसकेको असफल प्रेमी हो । सानीले पछि अर्कै पुरुषसित विवाह गरेपनि पतिले सौता हाले पछि सानी जीवनमा कहिल्यै सुख नपाइ दु:खै दु:खले घेरिएको कहालीलाग्दो सागरमा हेलिएकी असहाय, करुण र वेदनाले भरिएकी नेपाली जातीय पात्र हो ।

## ३.४.३ लिङ्ग

*माइतघर* सामाजिक यथार्थवादी उपन्यास हो । नेपाली समाजमा प्रचलित परम्परादेखि चलिआएको समग्र नेपाली रहनसहन, चालचलन, रीतिस्थिति, मानमर्यादा जस्ता कुराहरू विभिन्न पात्रहरूका माध्यमबाट प्रस्तुत गरिएको । उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाको प्रतिनिधित्व फौजबाट सेवा निवृत्त भएका सुबेदार बलवीर खड्का र सुबेदारको छोरा हरिले पुरुष पात्र हुन् भने अर्का पुरुष पात्र सानीका श्रीमान रहेका छन् ।

सानी, सानीका सासु, सुबेदार्नी तथा रत्ना पनि पितृसत्तात्मक सामाजिक संरचनाले रुढिवादी बनेका पात्रको प्रतिनिधित्व गर्ने नारी पात्रहरू हुन् ।

*माइतघर* उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक विचारधारालाई प्रतिनिधित्व गर्ने पुरुष पात्रहरूहरि र सुबेदार बलवीर खड्का हुन् । उनीहरूकै माध्यमबाट नेपाली समाजमा पुरुषको स्थान कुन र कस्तो छ भन्ने कुराको प्रतिनिधित्व गराइएको छ । समाजमा पुरुषको सदा सम्मान गरिन्छ । पुरुषलाई घरभित्रको कामकाजमा खट्नुपर्दैन । घरायसी कामकाजमा उनीहरूको प्रायः संलग्नता रहँदैन भन्ने कुरा तलको उदाहरणबाट प्रस्ट हुन्छ : 'बिहानको कलिलो घाममा बाहिर गलैंचा ओछ्याएर सुबेदार बलवीर खड्का ढल्केर पल्टेर एउटा हिन्दीको उपन्यास पढ्न लागेका थिए ।' (बाङदेल; २०७६ : १) ।

प्रस्तुत उपन्यासको सुरुआत नै माथिका हरफहरूबाट भएको छ । उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व गर्ने अर्को पात्र हरि हो । हरि यस उपन्यासको नायक हो । हरिले सानीलाई बहिनीका रूपमा विवाह गराई दिइको छ । तर सानीले विवाह गरेको घरमा दुःखएर हरिकै घरमा बस्छु भन्दा हरि -"हो, अर्काकी भएर गएपछि तिमीले लोग्नेको घरलाई आफ्नो सम्झनुपर्छ । यो माइतघरलाई बिर्सिदिनुपर्छ...।" प्रस्तुत सन्दर्भमा हरिले आफ्नो प्रभुत्वशाली पुरुषको बर्चसो सानीमाथि देखाएको छ । हरि प्रभुत्वशाली संस्कृतिले गर्दा आफ्नो जीवनको बाध्यात्मक परिस्थितिमा पुगी कमजोर बनेको छ । यसरी प्रस्तुत उपन्यासमा सुबेदार बलवीर खड्का, हरि सानीका ससुरा, सानीका श्रीमान् जस्ता पुरुष पात्रका प्रतिनिधित्व गरेका छन् । नारी पात्र सानी, सुबेदार्नी, सानीका आमा (रत्ना), सानीकी सासु, सानीका नन्दहरूले गरेका छन् ।

सानीले हरिलाई माइतघरमै बस्न गरेको याचनामा हरिले आफ्नो पुरुषत्व देखाएपछि सानीले भन्नि : "हरि दाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नसरोस् ... नारी हुनुको व्यदान अभिव्यक्त भएको छ । त्यसमा पनि कथाकी मुख्य पात्र सानीलाई केन्द्र बनाएर हेर्दा किशोरी युवतीको उपस्थिति छ । शैक्षिक दृष्टिले यो सिङ्गो समुदाय मुल धारभन्दा बाहिर र अवसरबाट वञ्चित रहेको छ । यस समुदायका महिलाहरू शिक्षाको अवसरबाट निकै टाढा रहेको कुरा उपन्यासमा चित्रित नारी पात्रहरूबाट स्पष्ट हुन सकिन्छ । उपन्यासमा चित्रित सम्पूर्ण नारी पात्रहरू शक्तिको केन्द्रबाट धेरै पर छन् । उत्तर संरचनावादी फुकोले शक्तिको मुल स्रोत ज्ञान हो भनेका थिए । वास्तवमा यी नारी पात्रहरू कतिमा ज्ञान हुँदाहुँदै पनि कहीँ न कहीँ कै न कतै सीमान्तकृत बनेकै छन् । फलस्वरूपउनीहरू आफ्ना इच्छा आकाङ्क्षाहरूलाई तिलाञ्जली दिँदै धर्म, संस्कार, संस्कृति, रीतिस्थिति, समाजको बनावटी खोक्रो आडम्बरबाट चेपिएकै छन् । यसरी यहाँ सीमान्तकृत समुदायका महिलाको शक्ति, हिंसा, विवशताको कारुणिक परिस्थितिलाई उपन्यासका केन्द्रमा प्रस्तुत गरेर बाङ्गदेलले शक्तिहीन र आवाजविहीनहरूलाई कलाका माध्यमबाट शक्ति र आवाज दिने कार्य गरेका छन् । सुबेदार्नी नेपाली समाजकी रुढिवादी परम्परा, धर्म, संस्कारले ग्रस्त भएकी नारी पात्र हुन् । उनको व्यवहारले नितान्त वैयक्तिक नभई आम नेपाली नारीहरूको प्रतिनिधित्व गरेको छ । त्यसैगरी प्रस्तुत उपन्यासमा अर्की नारी पात्रको प्रतिनिधित्व गर्ने पात्र सानी हो । ऊ यस उपन्यासकी नायिका पनि हो । सानीकै केन्द्रीयतामा उपन्यास अगाडि बढेको छ । सानीको

वास्तविक नामकै रूपमा सानी शब्द राखिनुमा नारीलाई उतारिएको पाउन सकिन्छ । बालपनदेखि युवावस्थासम्म एउटा पुरुषलाई साहसी, कठोर, बौद्धिक तथा उच्च तहमा राख्ने उपन्यासमा चित्रित समाजले एउटी नारीमाथि उसको जीवनकालसम्म सदैव एउटै सहानुभूतिकी पात्र बनाउने गर्दछ । नारीलाई रुन्चे, डरपोक, कोमल, अबौद्धिकका रूपमा समाजले हेरेको हुन्छ भन्ने कुरालाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

सुबेदार्नी सानीकै पक्ष लिएर बोलिन् – ओहो सानुको मात्रै दोष छ र ऊ त्यो उपद्रे बाठो भएर भित्र लुकिरहेको छ । हेर, त्यसले पो साफ कुटाइ खानुपर्ने, बरा, यस्ती रानीचरी जाति सानीलाई कुट्न सुहाउँदैन । कठै, यसले नाहकमा पो कुटाइ खाइछ । मेरी सानु । (बाङदेल; २०७६ : ४) ।

नेपाली समाजमा एउटी नारी सानैबाट माया, करुणा र सहानुभूतिकी पात्र बन्न पुगेकी हुन्छे । प्रस्तुत उपन्यासमा पनि यस उपन्यासकी नायिका सानीको बाल्यकालको व्यवहारको चित्रण गरिएको छ ।

## ३.४.४ समानधर्मिता

*माइतघर* उपन्यासमा सामाजिक मुल्यमान्यतालाई मान्ने हिन्दु धर्म संस्कृतिमाथि सबै पात्रका आस्था विश्वास रहेको सुबिदार्नीलाई छोरी जन्माउने ठूलो धोको हुन्छ । उनले महाकालबाबाको पूजा गरेको प्रशंगमा उपन्यासमा

"महाकाल बाबालाई छोरीका निम्ति भाकल गरिन्, सूर्य देवतालाई छोरीकै निम्ति भाकल गरी आइतबारे व्रत लिइन् । तर नारी-अन्तरभित्र लुकेको मातृत्वमा जुन ठूलो तृष्णा थियो । यो नमेटिँदा जिन्दगीको तहमा आकाङ्क्षा र तृष्णाले अझ झन् हाहाकार मच्चाए । दिन, महिना, वर्ष जति-जति बित्दै गयो, आशाको चर्खामा उमेरको डोरो पनि झन्-झन् खिरिलो बाटिँदै गयो, अनि झन् तृष्णाले अन्तर सुक्दै गयो ।" (बाङ्देल, २०७६:७) सुबिदानीले सन्तान प्रतिका लागि अनेकौ पाठ, पुजा, व्रत आदि गर्दा-गर्दा बल्ल विवाह भएको धेरै वर्षपछि हरि प्रसन्न भएछन् र हरिलाई सुबेदार्नीको कोखमा वास दिए । नेपाली हिन्दू संस्कार अनुसार छोरा छोरी जन्म छन् भन्ने विश्वास सुबिदानी मार्फत नेपालीको भगवान प्रति अपार श्रदा अभिव्यक्त भएको छ । नेपाली हिन्दु धर्म र संस्कृतिलाई जहाँ रहेपनि नेपालीहरूले छोडदैनन् । नेपाली समाज र कृतिमा प्रस्तुत मान्यता एकै किसिमको भएकाले प्रस्तुत सन्र्दभमा समानधर्मिता रहेको छ । आज पनि नेपालीहरूमा परम्परा, धर्म, संस्कृति, रीति, रिवाज, चालचल, नाता, सम्बन्ध मान्यतामा परिवर्तन आएको छैन ।

सानी र हरि सानै बेला देखि सँगै खेल्ने सँगै बस्ने गर्द थिए । उनीहरूको असल नेपाली छिमेकीको नाता थियो । नेपाल गएको १३ वर्षपछि पुनः राजवाडी गाउँ आई आर्थिक अभावका कारण हरिकै घरमा बस्न बाध्य हुन्छन् । हरि सानीलाई नेपाली समाजले दाजु र बहिनीको सम्बन्धका रूपमा हेर्छ । उनी कुनै नाता नपर्ने अलगअलग घरका सदस्य भएपनि तत्कालीन समाजको हेराइमा दाजु र बहिनी हो । एउटै घरमा बस्ने छोरी चेली दिदी या बहिनी हुन्छ भन्ने नेपाली समाजको दृष्टि अनुसारनै सानीलाई विवाह गर्ने चाहे पनि हरि र

सानीले विवाह गर्ने सकेको छैन । यसैले समाजको सम्बन्धगत मान्यता र कृतिको मान्यत मिल्छ ।

नेपाल समाजमा पुरुषको स्थान उच्च रहेको छ त्यही पुरुत्व हरिले देखादा सानी - "हरि दाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस् ...।" (बाङ्देल २०७६: ४८) सानीलाई पुरुष भएर नजन्मेकोमा पछितो छ । हाम्रो समाजमा पुरुष निर्णयक हैकम भएको कुरा अभिव्यत्त भएको छ । नेपाली समाजमा पुरुष जातिको निर्णयका अगाडि महिलाहरूले केही गर्ने सकेका छैनन् । अर्थात् नेपाली समाज पितृसतात्मक समाजका रूपमा पहिचान भएको छ । प्रस्तुत कृतिमा भनेका कुरा तत्कालीन समाजमा पनि पुरुषप्रतिको मान्यता रहेकाले कृतिमा प्रस्तुत विचार र समाजको विचारमा समानधर्मिता रहेको छ ।

माइतघर एक प्रकारको सङ्गठित समाज हो । उसको परम्परागत व्यवहारमा बाँधिएर त्यसको अनुदारतासमक्ष मानिसलाई घुडा टेक्न बाध्य हुनुपर्छ । अतः अन्धो सामाजिक रीतिरिवाजको यथार्थ चित्रण पनि यस उपन्यासले गरेको छ । श्रीमती हुँदाहुँदै अर्को विवाह गर्ने, सौता हालेपछि माइतमा आएर बस्ने, समाजले नानाथरिका कुरा काट्ने हुँदा चेलीबेटीलाई माइतमा बस्न दिनुहुँदैन भनी उसकै घरतिर फर्काउने आदि सामाजिक चालचलनको यथार्थलाई सानीको जीवनले प्रकट गरेको छ ।

घरमा सानी माथि सौता हाले पछि सानीले अनेकौं भौतिक तथा मानसिक दुःखकष्ट भोलेनु पर्छ । माइत घरमा पनि आमा रत्नाको पनि मृत्यु हुन्छ । उनी हरिको घरलाई आफ्नो माइत सम्झर आउँदा हरिले समाजले अनेक कुरा काटने भन्दै घर जान सल्लाह दिएपछि झन पीढामा पर्दछिन् । उनी माइतमा पनि स्थान नपाएकी एक मध्यरातमा आत्महत्या गर्न निस्कन्छे, उसको मानसिक दशालाई उपन्यासकारको यसरी चित्रण गरेका छन् ।

"आँखामा आँसु पनि थिएन, अनि अब अन्त्यमा कसैको माया पनि थिएन । आफू रातमा कहिल्यै नहिँडेकी, आज जुनेली रातमा यसरी हिँडिरहँदा सानीलाई कस्तो-कस्तो लागिरहेको थियो ।" (बाङ्देल, २०७६:८२) सानी पूनः घर फर्केर आउँ छिन् । उपन्यासमा नेपाली सामाजिक परिवेश विश्वदृष्टिका रूपमा प्रस्तुत भएको छ । आडम्बरी समाजको अर्थहीन शृङ्खलामा ऊ पिसिँदै गई, कुनै निश्चित गोरेटो उसले भेटिन । समाजका खोक्रा रीति र नीतिले उसलाई सुख होइन वेदना दियो, चैन छिनिदियो । अतः नारीको करुण वेदनालाई प्रस्तुत गर्नु र समाजको आडम्बरी रीतिरिवाजको विरोध गर्नु यस उपन्यासको लक्ष्य हो । उपन्यासका पात्रहरूले तत्कालीन समाजको विरोध गर्न सकेका छैनन् । उपन्यसमा प्रस्तुत जसरी पनि विवाहिता महिलाले पुरुषको घरमा जस्तै चोटपनि सहेर बस्नुपर्छ भन्ने नेपाली समाजको मान्यता र कृतिमा प्रस्तुत मान्यता समानधर्मिता छ ।

नेपालीहरू नेपालमा मात्र नभएर संसारका जहाँ सुकैभएपनि आफ्नो धर्म, संस्कृति, परम्पराहरूलाई छोडदैनन् भन्ने विश्वदृष्टि रहेको छ । नेपालीहरू काम र मामको खोजीमा संसारको विभिन्न ठाउँमा जान नेपालीहरू जान बाध्य छन् । उनीहरूको जीवन जहाँ भएपनि सुखद रहन सकेको छैन भने विश्वदृष्टिका प्रस्तुत भएको छ । नेपाल देश छोडेर प्रवासमा जीवन विताउन बाध्य भएका नेपालीहरूका जीवन अवस्था धर्म संस्कृति

चालचलन परम्पराका विभित पक्षको उद्घाटन भएको छ । उपन्यासकारका अनुभव र अनुभूति आम प्रवासी नेपालीको भएकाले उपन्यासमा प्रस्तुत त्यस बेलाको सामाजिक संरचना, धर्म, संस्कृति, रीतिथिति, चालचल र उपन्यसमा प्रस्तुत सामाजिक संरचनासँग समानधर्मिता राखेको देखिन्छ ।

## ३.५ लङ्गडाको साथी उपन्यासमा विश्वदृष्टि

लङ्गडाको साथी उपन्यास वि.सं. २००८ सालमा प्रकाशित बाङ्गदेलको तेस्रो उपन्यास हो । यस उपन्यासको नामकरण प्रसङ्गमा तत्कालीन समयमा दाजिलिङ्गको धीरधाम मन्दिरवरिपरि घिस्रेर हिँड्ने एक वास्तविक माग्ने र त्यसको पछिपछि हिँड्ने एउटा कुकुर भएको यथार्थता विषय बनाए लेखिएको उपन्यास हो (आचार्य, २०५८:.१८२) । यसैले यो यर्थाथमा आधारित उपन्यास हो । उपन्यासमा मुख्यपात्र लङ्गडो र मानववेतर पात्र कुकर रहेको छ । उपन्यसमा नेपाली समाजमा धनी र गरिब, शारीरिक रूपमा सशक्त र असक्तका बीचको गहिरो खाडल यस उपन्यासमा भेटिन्छ । सहरका मानिस शिक्षित भएर पनि असभ्य रहेका, आजका विद्यालयहरूमा सभ्यता र संस्कारहरू सिकाइनुपर्नेमा त्यसो हुन नसकेको शारीरिक रूपमा अपाङ्गतालाई पूर्वजुनीको फलका रूपमा लिइएको र उनीहरूलाई शिक्षित, अशिक्षित लगायत सिङ्गो राष्ट्रले नै कुनै बन्दोबस्त नमिलाई उपेक्षा गरेको साथै लङ्गडा जस्ता अपाङ्गता भएका मानिसलाई समाजले मानिस नै हुन् भन्ने नसोची दोस्रो दर्जामा झारेका जस्ता कारुणिक विषयवस्तुहरू यस उपन्यासमा चित्रित भएको छ । यस उपन्यासमा मानव र मानवेतर दुवै थरीका पात्रको प्रतिनिधित्व गराइएको छ ।

### ३.५.१ वर्ग

*लङ्गडाको साथी* उपन्यासमा लङ्गडा एक पुरुष पात्र हो । शारीरिक रूपमा अशक्त पात्रको प्रतिनिधित्व प्रस्तुत उपन्यासको मुख्य पात्र लङ्गडो रहेका छ । नेपालमा गरिबीका कारण काम र मामको खोजिमा भारत गएको एक पात्र हो । ऊ पहिले लङ्गडो नभएको साहूकोमा काम गर्दा पानी परेको बेलामा रूखमा स्याउला काट्ने क्रममा लडेर लङ्गडो भएको हो । लङ्गडो भएपछि कामबाट निकालीकाले पेटपाल्नका लागि मागि हिड्न बाध्य भएको प्रवासि नेपाली पात्र हो ।

नेपाली समाजमा धनी र गरिब, शारीरिक रूपमा सशक्त र असक्तका बीचको गहिरो खाडल यस उपन्यासमा भेटिन्छ । सहरका मानिस शिक्षित भएर पनि असभ्य रहेका, आजका विद्यालयहरूमा सभ्यता र संस्कारहरू सिकाइनुपर्नेमा त्यसो हुन नसकेको शारीरिक रूपमा अपाङ्गतालाई पूर्वजुनीको फलका रूपमा लिइएको र उनीहरूलाई शिक्षित, अशिक्षित लगायत सिङ्गो राष्ट्रले नै कुनै बन्दोबस्त नमिलाई उपेक्षा गरेको साथै लङ्गडा जस्ता अपाङ्गता भएका मानिसलाई समाजले मानिस नै हुन् भन्ने नसोची दोस्रो दर्जामा झारेका जस्ता कारुणिक विषयवस्तुहरू यस उपन्यासमा चित्रित भएको छ । यस उपन्यासमा मानव र मानवेतर दुवै थरीका पात्रको प्रतिनिधित्व गराइएको छ । लङ्गडा शारिरीक रूपमा असक्त

मात्र नभएर उसलाई एक गरिब पुरुष पात्रका रूपमा पनि प्रस्तुत उपन्यासमा प्रतिनिधित्व गराइएको छ जसलाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :'अरुबेला दिनभरि बजारमा गएर माग्थ्यो । सडकको छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो - 'हजुर, एक दुई पैसा दया होस न !' कहिलेकाहीँ कवित्व भाषामा माग्ने गर्थ्यो - 'हजुर, गरिब गुरुवालाई कहिले त दया होस् न । धर्म हुन्छ हजुर धर्म ।' अनि हात पसार्थ्यो । एकन्नी-दुवन्नी हातमा पर्दा ऊ मुसुक्क हाँस्थ्यो । (बाङ्गदेल, २०७६:९)

माथिको उदाहरणमा लङ्गडालाई एक अति गरिब, मागेर दैनिक गुजारा चलाउने सीमान्तकृत पुरुष पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । सडकको छेउमा बसेर दैनिक मागेर गुजारा चलाउने मगन्ते लङ्गडा सहयोगको हात पसारेर पैसा माग्दा एक दुई रूपैया पाउँदा अति खुसि भएर मुसुक्क हाँस्दै आफ्नो पेट भर्न पाएकोमा रमाएको प्रसङ्ग पनि उपन्यासमा चित्रित छ । लङ्गडा शारिरीक रूपमा असक्त मात्र नभएर उसलाई एक गरिब पुरुष पात्रका रूपमा पनि प्रस्तुत उपन्यासमा प्रतिनिधित्व गराइएको छ जसलाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :'अरुबेला दिनभरि बजारमा गएर माग्थ्यो । सडकको छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो - 'हजुर, एक दुई पैसा दया होस न !' कहिलेकाहीँ कवित्व भाषामा माग्ने गर्थ्यो - 'हजुर, गरिब गुरुवालाई कहिले त दया होस् न । धर्म हुन्छ हजुर धर्म ।' अनि हात पसार्थ्यो । एकन्नी-दुवन्नी हातमा पर्दा ऊ मुसुक्क हाँस्थ्यो । ( बाङ्गदेल, २०७६:९)

माथिको उदाहरणमा लङ्गडालाई एक अति गरिब, मागेर दैनिक गुजारा चलाउने सीमान्तकृत पुरुष पात्रका रूपमा प्रतिनिधित्व गराइएको छ । सडकको छेउमा बसेर दैनिक मागेर गुजारा चलाउने मगन्ते लङ्गडा सहयोगको हात पसारेर पैसा माग्दा एक दुई रूपैया पाउँदा अति खुसि भएर मुसुक्क हाँस्दै आफ्नो पेट भर्न पाएकोमा रमाएको प्रसङ्ग पनि उपन्यासमा चित्रित छ । यतिमात्र नभएर लङ्गडो आर्थिक तथा मानवीय दुवै सङ्कट भोग्न बाध्य भएको एक असाहाय पुरुष पात्र नै हो ।

सहरमा बस्ने जो लङ्गडो हुनुभन्दा अगाडि कामा राख्ने साहू, सहरमा बसी पढेलेखेका विद्यार्थी, पुलिस, एक दिन आफ्नो छाप्रोमा जनजसकेको बेला आश्रय लिएका घरमालिक सबै उच्च प्रभुत्वशाली वर्गमा पर्दछन् । ती सबै प्रभुत्वशाली वर्गका व्यक्तिहरूले लङ्गडा लगाएत अन्य दुःखी र गरिबलाई हेर्ने दृष्टिको हेपा र घृणित रहेको छ ।  भने विश्वदृष्टिका रूपमा कृतिमा प्रस्तुत भएको छ । सायद तत्कालीन समयका मानिसले सम्मानपूर्ण सहयोगि दृष्टिकोण उनीहरूप्रति भएको भए उनीहरू समाजका अभाव र घृणित जीवन बाध्य हुनु पदैन थियो ।

## ३.५.२ जाति

*लङ्गडाको साथी* उपन्यासमा मानव तथा मानवेतर दुवै पात्रहरूको प्रयोग गराएका छन् । मानव पात्रमा पुरुष पात्रको अधिक्यता रहेको छ । नारी पात्रहरू कहिँकतै देखिएता पनि उनीहरूको भूमिका उपन्यासमा कुनै खास किसिमको रहेको छैन । त्यसैगरी मानवेतर

पात्रका रूपमा लङ्गडाकै साथी कुकुरलाई प्रतिनिधित्व गराइएको छ । आधुनिक समाजमा मानवता हराउँदै गइरहेको, मानवमा भन्दा मानवेतर प्रणीमा मानवताको भाव पाइएको प्रसङ्ग उपन्यासमा मानवेतर प्राणी कुकुरका माध्यमबाट प्रस्तुत भएको छ ।

लङ्गडो उपन्यासको प्रमुख पात्र हो । लङ्गडो नेपालमा घर भएको काम र मामको खोजीमा प्रवासमा गर लङ्गडो भएको नेपाली क्षेत्री जाति हो । उपन्यासमा लङ्गडो गरिबी र दयनीय पात्रका रूपमा प्रस्तुत गरिएको छ । ऊ नेपालबाट दोरलिङ आएपछि ऊ एक जना मालिकको घरमा गोठालो बसेको छ । ऊ त्यहीँ मालिकको घाँस काट्न जाँदा रूखबाट खसेर अपाङ्ग भएको कुरा उपन्यासमा उल्लेख गरिएको छ :एक जना मान्छेको घरमा गोठालो भएर बसेको थिएँ....घाँस काट्थें । एक दिन पानीझरीको दिनमा ठूलो पहरानेर एउटा रूखमा चढी पात काट्न लाग्दा भन्नन रिंगटा लागेर खसें । मन्तिर खोलामा पुगेछु । के गर्नु, मरिहालेको भए त बेसै हुन्थ्यो हजुर.....नत्र यो पाप दुनियाँलाई देखाउनुपर्ने थिएन । (बाङ्गदेल, २०७६: २७-२८)

यसरी ऊ एकाएक अपाङ्ग बनेको छ । गरिबी र बेरोजगारीका कारण ऊ जन्मभूमि छाडेर विदेशिएको छ । गरिबी, अभाव र सङ्कटबाट मुक्ति पाउने सपना बोकेर प्रवासिए तापनि उसको त्यो सपना मुगलानमा पनि अधुरै र अलपत्र परेको छ । काम गरेर खाने खुट्टा गुमाएपछि उसको स्वाभिमान खण्डित भएको छ; सपनाहरू एकपछि अर्को तुहिँदै गएका छन् । उसले दार्जिलिङका सडक, गल्ली, चोक, बजारमा माग्ने लङ्गडाको परिचय बनाएको छ । उपन्यासमा उसका शारीरिक विशेषताहरू सीमित रूपमा खुलाइएको छ । उसका दुईवटै खुट्टा सुकेका छन् र काम नलाग्ने अवस्थामा छन् । ऊ हिँड्दा दुवै खुट्टा घिसार्छ र दुई हातमा काठको वैशाखी टेकेर पीङ खेलेजस्तो गरी डुल्दछ ।

लङ्गडो भाग्यमा विश्वास गर्ने प्रजाति हो । उसमा ईश्वर र भाग्यप्रति बलियो विश्वास रहेको छ । आफू लङ्गडो भएर सडकमा पुग्नु भाग्यकै खेल हो भन्ने उसको मान्यतारहेको छ । उसले भन्छ : "आफ्नो पूर्वजन्मको पापले मानिसलाई विधाताले लङ्गडा बनाई, अन्धा बनाई, कुंजे बनाई, शक्तिहीन बनाई संसारको यातना र कष्ट भोग्न पठाएको होला भनी ऊ विचार गर्थ्यो ।" (बाङ्गदेल, २०७६: १४)

उसले सधैँ भगवानलाई सम्झन्थ्यो । ऊ जीवनप्रति सधैँ आशावादी र सकारात्मक रहेको छ । ऊ कर्ममा विश्वास गर्ने कर्मवादी पात्रका रूपमा प्रस्तुत भएको छ । उसको धारणा छ : "सृष्टिकर्ताले बनाएको यो पृथ्वी सबै राम्रै छ–त्यहाँ त नराम्रा कुरा केही छैनन्, मरुन्ज्याल् मानिसले आफ्नो आफ्नो कर्तव्य गरिरहनुपर्छ भन्ने उसलाई लाग्थ्यो" (बाङ्गदेल, २०७६:१४)

यसबाट उसको आध्यात्मिक चेतना, आशावादी जीवनदृष्टि र कर्तव्यपरायण भावनाको पुष्टि हुन्छ । लङ्गडो अन्याय र अत्याचारबाट थकित बनेको देखिन्छ । नेपालबाट गरिबी र बेरोजगारीको चपेटामा फँसेर मुगलान भासिने हजारौँ नेपालीहरूकै पङ्क्तिमा ऊ पनि परेको छ तर ऊ दार्जिलिङमा पुगेर लङ्गडो नेपालीहरूको प्रतिनिधि पात्र हो ।

### ३.५.३ लिङ्ग

*लङ्गडाको साथी* उपन्यासमा लैङ्गिक प्रतिनिधित्वका दृष्टिले मुख्य रूपमा पुरुष पात्रकै प्रतिनिधित्व गराइएको छ । मुख्य पात्र लङ्गडा यस उपन्यासको केन्द्रीय पात्र हो । यसकैको केन्द्रीयतामा यस उपन्यास पूर्ण भएको छ । त्यसैगरी पुरुष पात्रहरूमै भलाद्मी, अल्लारे ठिटो, पुड्को मान्छे, एक युवक, पान पसले, अग्लो मानिस, बुढो ड्राइभर जस्ता पात्रहरूको प्रतिनिधित्व गराइएको भएता पनि यिनीहरूको भूमिका गौण रहेको छ । त्यसैगरी यस उपन्यासमा नारी पात्रहरूको अत्यन्त कम मात्रामा प्रतिनिधित्व गराइएको छ । एउटी आइमाई, तरुनी ठिटी, एकजना स्वास्नी मान्छे जस्ता नारी पात्रहरूको कहिँकतै नगण्य मात्रामा प्रतिनिधित्व गराइएको भए पनि त्यहाँ यिनीहरूको भूमिका पुरुषहरूसँग जोडेर उनीहरूकै मनोरञ्जनको साधन बनाएर प्रतिनिधित्व गराइएको छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले जकडिएको नेपाली समाजमा नारीहरू एक प्रकारले खेलौना नै बनाइएको कुरा उपन्यासकारले उल्लेख गरेका छन् ।

लैङ्गिक प्रतिनिधित्वका दृष्टिले लङ्गडा एक पुरुष पात्र हो । शारीरिक रूपमा अशक्त पात्रको प्रतिनिधित्व प्रस्तुत उपन्यासको मुख्य पात्र लङ्गडाले गरेको छ । ऊ एक अशक्त मात्र नभएर नेपाली जनजीवनमा गरिबले भोग्नु परेका पीडाहरू भोग्ने प्रतिनिधिमूलक पात्र पनि हो । लङ्गडा जन्मजात रूपमै अपाङ्ग नभएको भएता पनि आफैले‘म जन्मजात रूपमै लङ्गडा हुँ’ र ‘मैले यसरी अशक्त हुनुमा पूर्वजुनिको फल भोगिरहेको छु’ भनेर आधुनिक समाजमा उसले चित्त बुझाएको प्रसङ्ग उपन्यासमा चित्रित छ । यस उपन्यासमा उपन्यासकारले आफ्नो अभिष्ट पुरा गराउनका लागि मानव तथा मानवेतर दुवै पात्रको प्रतिनिधित्व गराएका छन् । मानव पात्रमा पुरुष पात्रको अधिक्यता रहेको छ । नारी पात्रहरू कहिँकतै देखिएता पनि उनीहरूको भूमिका उपन्यासमा कुनै खास किसिमको रहेको छैन । त्यसैगरी मानवेतर पात्रका रूपमा लङ्गडाकै साथी कुकुरलाई प्रतिनिधित्व गराइएको छ । आधुनिक समाजमा मानवता हराउँदै गइरहेको, मानवमा भन्दा मानवेतर प्रणीमा मानवताको भाव पाइएको प्रसङ्ग उपन्यासमा मानवेतर प्राणी कुकुरका माध्यमबाट प्रस्तुत भएको छ ।

यसरी लङ्गडाको साथी उपन्यासमा लैङ्गिक प्रतिनिधित्वका दृष्टिले मुख्य रूपमा पुरुष पात्रकै प्रतिनिधित्व गराइएको छ । मुख्य पात्र लङ्गडा यस उपन्यासको केन्द्रीय पात्र हो । यसकैको केन्द्रीयतामा यस उपन्यास पूर्ण भएको छ । त्यसैगरी पुरुष पात्रहरूमै भलाद्मी, अल्लारे ठिटो, पुड्को मान्छे, एक युवक, पान पसले, अग्लो मानिस, बुढो ड्राइभर जस्ता पात्रहरूको प्रतिनिधित्व गराइएको भएता पनि यिनीहरूको भूमिका गौण रहेको छ । त्यसैगरी यस उपन्यासमा नारी पात्रहरूको अत्यन्त कम मात्रामा प्रतिनिधित्व गराइएको छ । एउटी आइमाई, तरुनी ठिटी, एकजना स्वास्नी मान्छे जस्ता नारी पात्रहरूको कहिँकतै नगण्य मात्रामा प्रतिनिधित्व गराइएको भए पनि त्यहाँ यिनीहरूको भूमिका पुरुषहरूसँग जोडेर उनीहरूकै मनोरञ्जनको साधन बनाएर प्रतिनिधित्व गराइएको छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले जकडिएको नेपाली समाजमा नारीहरू एक प्रकारले खेलौना नै बनाइएको कुरा उपन्यासकारले उल्लेख गरेका छन् ।

## ३.५.४ समानधर्मिता

लङ्गडाको साथी उपन्यासमा सामाजिक विषयवस्तुमा आधारित निम्न वर्गको पात्रको प्रयोग गरेर उपन्यास हो (लुइटेल, २०६९:११२) । सामाजिक यर्थाथवादी उपन्यासकार लैनसिंह बाङ्गदेलले नेपालको खासगरी पहाडी इलाकामा बसोबास गर्ने नेपालीहरू काम र मामको खोजीमा भारतका विभिन्न सहर लगाएत वर्मा, भूटान, अफगानिस्ता, मलाउन आदि देशमा गएर वस्ने नेपालीहरूलाई विषय बनाएर उपन्यासहरू लेखेका छन् । यस उपन्यासमा पनि प्रमुख पात्र लङ्गडा नेपालीबाट काम र मामको खोजीमा भारतको दार्जिलिङ आएको हो । ऊ जन्मदै लङ्गडा भएको होइन । लङ्गडा भन्छ- "... एक जना ... मान्छेको घरमा गोठालो भएर बसेको थिएँ ... घाँस काट्थेँ ... एक दिन पानी झरीको दिनमा ठूलो पहरानेर एउटा रूखमा चढी पात काट्न लाग्दा भनन रिँगटा लागेर खसँ । मन्तिर खोलामा पुगेछु ! के गर्नु, मरिहालेको भए त बेसै हुन्थ्यो हजुर ...नत्र यो पाप दुनियाँलाई देखाउनु पर्ने थिएन ।" (बाङ्गदेल, २०७६:२४)
लङ्गडाले मलिनो अनुहार लगाएर हीनता, बोधले ऊ आफू लङ्गडा भएर बाच्नु परेको पीढा व्यक्त गर्छ ।

नेपालमा एकतन्त्रीय राणा शासन भएकाले देशले आर्थिक विकास गर्ने नसकेकोले स्वदेशमा स्वरोजगारीको अवसर नभएको काम र मामको खोजीमा नेपालीहरू नेपाल छोडेर अन्यत्र देशमा जानुपर्ने अवस्था थियो । प्रवासमा नेपालीहरूले गाह्रो र अप्ठयारा काम गर्नु पर्ने बाध्यता रहेको देखिन्छ । लङ्गडा पनि सक्षम १६ वर्षको युवा उमेरमा विदेश पस्न बाध्य नेपाली हो । ऊ लङ्गडा भएर मात्र होइन आम नेपाली देश तथा विदेशमा दुबै ठाउँमा उपेछित भएर बाच्न पर्ने बाध्यता छ । अझ विदेशमा त दोस्रो दर्जाको नागरिक बनेर बस्नु पर्ने अवस्था छ । यो अवस्था स्वयम लेखकले पनि भोगेको हुदा तत्कालीन समयको युगिन अवस्थाको सजिव चित्रण भएको छ ।

लङ्गडा अरूले जतिसुकै अमानवीय व्यवहार गरे पनि त्यसको प्रतिवाद गर्न नसक्ने अति कमजोर देखिन्छ । सारा संसारले उसलाई अवहेलना गरेर पनि निर्दयतापूर्वक अमानवीय व्यवहार गरे पनि ऊ केही भन्न सक्दैन थियो । दार्जिलिङ्को सामाजिक परिवेशमा कष्टकर जीवन विताउन बाध्य भएको लङ्गडाले तत्कालीन सभ्य समाजबाट अलिकतिसम्म पनि दया पाउन नसकेको, उल्टो उनीहरूबाट शारीरिक तथा मानसिक पीढाले खपी खानु अवस्थामा लङ्गडा पुगेको छ । सहरमा ठूला ठूला घरानियाँ भनाउँदाहरूबाट गरीबहरूले पसारेको हातमाथि कुनै वास्ता गरिएको छैन । उपन्यासकारले यस उपन्यासमा लङ्गडो र उसले भोग्नु परेको नियतिका माध्यमबाट सामाजिक न्याय, मानवीय न्याय, आर्थिक न्याय, विश्वमानवता र व्यापारिक सभ्यताप्रति तीखो व्यङ्ग्य गरेका छन् । मानवता हराउँदै गएको पशु भन्दा पनि मानिसको गरेको प्रसङ्ग उल्लेख गर्दै आधुनिक मानवप्रति व्यङ्ग्य गर्दै समाजबाट उपेक्षित लङ्गडाको कारूणीक अन्त्य देखाइको छ । लङ्गडा खुट्ट कुजो परेर समाजबाट उप्रेक्षि हुनुबाट तत्कालीन समयमा शारिरिक अपाङ्ग भएकालाई हेर्ने दृष्टिको कस्तो थियो भने कुरा प्रष्ट हुन्छ । सहरका सभ्य भन्ने मानिसहरूमा मानवीय भावना हराउदै गएको मानव सभ्य समाज भन्दा पनि स्वार्थी र यन्त्रीक समाजको चित्रण भएको छ । नेपालीहरू नेपालमा मात्र होइन विदेशमा पनि

जोखिकयुक्त, गाह्रा प्रभुत्वशालीले नगर्ने तुच्छे काम गर्न बाध्य छन् । कृतिमा उल्लेख विचार विदेशीले नेपालीलाई गरेको व्यावहारमा समानधर्मिता रहेको छ ।

दाजिलिङ सहरको बजारमा सडकको छेउमा बसेर बाटो हिँड्नेलाई भन्थ्यो -"हजुर, एकदुई पैसा दया होस् न ! हजुर गरिबगुरुवालाई कहिले त दया होस् न । धर्म हुन्छ हजुर धर्म !" (बाङ्गदेल, २०७६ : ९) लङ्गडा लगएत अन्य मानिसहरू पनि माग्न बस्थे । लङ्गडाले मागेर कति हिउँद, कति वर्षा उसले कटयो । कुनै वेला टन्टलापुर घाम लाग्द थियो । कुनै वेला पानीमा भिज्दै बडो कठिनले जीवन कटाएको थियो । सबैले केवल माग्नेका रूपमा मात्र हेरेका लङ्गडा लगाएत मागि हिड्न कसैका लागि तत्कालीन अवस्थामा कुनै व्यवस्था नभएको देखिन्छ । माग्नेहरूको जीवन अत्यन्त दुःखत भएको पाइन्छ । उपन्यसमा लङ्गडाप्रति व्यक्त विचार र तत्कालीन समाजमा लङ्गडाजस्ता गरिब र असाहयकप्रति गर्ने व्यवहार र विचारमा समानदृष्टिकोण रहेका हुँदा समानधर्मिता रहेको छ ।

एक रात हुरी बतास र मुसल्धारे पानी पर्दछ । लङ्गडा त्यसबाट बच्ने आश्रय खोज्दै एउटा घरको दलानमा पुग्दछ । उसले आफ्नो पोको राख्न खोज्दा टिन खसेर ठूलो आवाज निस्कन्छ । घरमालिक बाहिर आउँछ । लङ्गडालाई देखेपछि उसले रिसाउँदै पाखुराले समातेर घचेडेर सिँडीबाट तल मुन्ट्याइ दिन्छ । लङ्गडालाई मान्छेमा मानवता हराएकोमा दुःख लाग्छ, क्रोध जाग्छ । उसको निधार र कम्पटमा चोट लागेर रगत बग्दछ । निकै बेरपछि ऊ त्यहाँबाट घस्रँदै सडकतिर लाग्छ । भोलिपल्ट बिहान लङ्गडो विजुलीको खाँवानिर घोप्टो परेर पल्टिएको हुन्छ । त्यहाँ मानिसहरूको भीड जम्मा हुन्छ । उसको निधारमा रगतका टाटा हुन्छ । उसले टाउको उठाएर चारैतिर हेर्दा कुकुरलाई देख्दछ । उसको आँखा हर्षले उज्यालो हुन्छ । ऊ धेरै बेरसम्म कुकुरलाई हेरिरहन्छ, उठ्ने चेष्टा गर्छ तर सक्दैन । उसको चेतना शक्ति हराउँदै जान्छ र आकाशतिर हेर्दा सेतो भित्ता र गजुर देख्छ । त्यहाँ रमाइलो घार लागेको र मन्दिरको वरिपरि धेरै परेवाहरू गुडगुडाउँदै नाचिरहेको देख्छ । यस्तो दृश्यले उसको अनुहार उज्यालो हुन्छ । ऊ कष्टपूर्वक कुकुरलाई अङ्गालो हाल्दछ, चारपल्ट खोक्छ र भुईमा घोप्टिन्छ । उसको मृत्यु हुन्छ । काले कुकुर धेरै बेरसम्म त्यहीँ बसिरहन्छ ।

उपन्यासकारका अनुभव र अनुभूति आम प्रवासी नेपालीको भएकाले उपन्यासमा प्रस्तुत त्यस बेलाको धनीले गरिबलाई हेर्न ेदृष्टिको अझ लङ्गडा असायभएर बाँच्न कति गह्रो हुन्छ भन्ने कुरा उपन्यसमा प्रस्तुता गएिको छ । भारतमा स्वतन्त्रता आएपछि बढो सहरीकरणले दार्जिलिङमा बासोबास बाक्लो भएको थियो । बढ्दो सहरीकरण र मानिसलाई सुख-सुविधाका कारण मानिसलाई अब सधैं यसैं पुग्छ भन्ने भावना जागृत भाएको पाइन्छ । मानिस सभ्य र सहयोगि भावको हुनु पर्नेमा दिन दिनै झन एकलकाटे र कठो स्वभावको बन्न पुगेको देखिन्छ । मानिसले धनको पछि लागेर मानवता नै बिसेको पाइन्छ । बढ्दो यात्रीकरणले मानवीय गुणहरू हराएका सन्दर्भ कृति र तत्कालीन समाजिक परिवेशमा समानधर्मिता राखेको देखिन्छ ।

## ३.६ रेम्ब्रान्ट उपन्यासमा विश्वदृष्टि

लैनसिंह बङ्देल आफैंमा कलाप्रेमी कलाकार भएकाले कालप्रतिको सम्मान र आरधानाका लागि रेम्ब्रान्ट जीवनीपरक उपन्यास लेखेका हुन् । रेम्ब्रान्ट उपन्यासमार्फत कला र कलाकारका विभिन्न पक्षहरूका उद्घाटन गरिएको छ । कला केवल कलामात्र नभएर साधना पनि हो । साधनबिना कला हुदैन र कलाकार बन्न सकिदैन । रेम्ब्रान्ट उपन्यसमा रेम्ब्रान्टले जस्तोसुकै पारिवारिक, सामाजिक, आर्थिक, राजनैतिक व्यवस्था र अवस्था भएपनि उनी कला साधनामा लागि रहे । उनको त्यो कला साधनाले उनलाई अमर र प्रसिद्ध बनायो । यो उपन्यास हलेण्डका महान् कलाकार रेम्ब्रान्टको जीवनीमा आधारित भएर लेखिएको हो । सूच्य रूपमा दक्षिण अमेरिका, जर्मनी, स्पेनजस्ता स्थानको नाम आए पनि मूलतः यो उपन्यास हलेण्डको पश्चिमी भागमा रहेको लेइडन नगर र अम्सटरडाम नगरमै केन्द्रित रहेको छ (प्रधान, २०६४ : ३०५) । हलेण्ड स्पेनबाट भर्खरै स्वतन्त्र भएको मुलुक थियो । देशमा पूर्ण स्वतन्त्रता आइसकेको थिए । तत्काली समयमा कला र कलाकारलाई हेर्ने दृष्टिकोण परम्परावादी थियो । रेम्बान्ट परम्परागत धारण परिवर्तन गर्ने चाहन्थे । उनी कला क्षेत्रमा अमरकला सिर्जना गर्न चाहन्थे । उनी अरूको मतलब नगरि जस्तो सुकै जीवन सङ्कट आएपनि आफ्नो कामलाई छोड्न हुन् भन्ने मान्यता राख्द थिए ।

### ३.६.१ वर्ग

रेम्ब्रान्ट सत्रैं शताब्दीमा युरापीय देश हलेण्डले कला र संस्कृतिको क्षेत्रमा धेरै उन्नति गरेको थियो । यही हलेण्डको पश्चिमी भागको लेइडन सहरमा बाबू हर्मेन गेरिसजन म्यारीनटीन र आमा विल्टीन विलन म्यान स्वीडब्रुकका कान्छा छोरा रेम्ब्रान्ट जन्मेका थिए । स्कुलको शिक्षा प्राप्त गरेपछि विशेष अध्ययनका लागि रेम्ब्रान्ट एकेडेमी अफ लेइडनमा भर्ना भए तर रेम्ब्रान्टको बाल्यकालदेखि नै चित्रकलातर्फ अभिरूचि राख्दथे । छोराको कलाप्रतिको अभिरूचिलाई ध्यानमा राखेर उनका बाबुले लेइडन निवासी जबक म्यान स्वनेनबुर्गको चित्रशालामा अध्ययन गर्न लगाइदिए । रेम्ब्रान्टले स्वनेनवुर्गको यस चित्रशालामा तीन वर्ष अध्ययन गरे । उनका कलाप्रतिको निष्टा र समर्पणले छिटै कला क्षेत्रमा सफलता प्राप्त गर्ने सफल भए । रेम्ब्रान्ट आर्थिक अवस्था सम्पन्न भएकै घरमा जन्मेका थिए । उनलाई बुबाले पढ्न र उनको अवस्य पर्ने कुरा आवश्यक प्रबन्ध गरिदिएका थिए । उनको विवाह एउटा प्रसिद्ध वकिलको छोरी शस्कियासँग भयो । उनको परिवारिक अवस्था पनि सम्पन्न थियो । रेम्ब्रान्ट घरमा नोकर र सहयोगि राखेर जीवन आरम लेचलेको थियो । उनी उच्च प्रभुत्वशालीमा पर्छ । परिवारका सदस्यहरूको मृत्युका कारण एकलिदै गएका रेम्ब्रान्ट बुढौ लिउमेरमा दुःख भग्नु परेको थियो ।

शस्किया प्रसिद्ध वकिलकी छोरी थिइन । उनको विवाह रेम्ब्रान्टसँग भयो । उनको कारण रेम्ब्रान्टलाई कला क्षेत्रमा काम गर्न उनलाई हौसला र समय मिल्यो । शस्कियाको समाजमा रहेको पहिचनले उनको कलाकारीता प्रचार र प्रसिद्ध हुन् सहयोग गऱ्यो । शस्किया कलाप्रेमी, सामाजिक प्रतिष्टा भएको व्यत्तित्व र कुशल गृहणी थिइन । उनीबाट रेम्ब्रान्टको छोरो जन्म भयो । उनीहरूको दाम्पत्य जीवन सुखमय थियो ।

प्रभुत्वशाली वर्ग अन्तर्ग परेपनि उनले कसैलाई नराम्रो गरेको पाइन्दैन । आफ्नो व्यक्तिगत जीवन सुखपूर्ण विताएको पाइन्छ ।

डाक्टर भ्यान लुन अम्सटरडामका एक प्रसिद्ध डाक्टर हुन् । उनी प्रभुत्वशाली वर्गमा परेपनि आफू समामान्य नागरिकको जस्तो व्यवहार गर्द थिए । उनी अरूको सुख, दु:खमा साथ दिने मानवता भावना भएका डाक्टर थिए । उनले रेम्ब्रान्टलाई व्यक्तिगत रूपमा सहयोग गरेका थिए । उनी रेम्ब्रान्टको कला र कलासम्बन्ध विचारका सर्मथक थिए ।

रेम्ब्रान्ट नयाँ सोचर चिन्तनका थिए । उनी कला जगतमा केही नयाँ कुराको सिर्जना गर्न चाहन्थे । उनी क्षणिक चित्र लेखन भन्दा पनि भविष्यमा पनि महत्त्व हुने खालका चित्र सिर्जना गर्द थिए । स्वनेनबुर्गको चित्रशाला परम्परावादी थियो तर रेम्ब्रान्ट परम्पराको विरोधी थिए । तत्कालीन शासक वर्ग र समाजका मानिसहरूमा कलासम्बन्धमा नयाँ सोच र चिन्तको विकास भैसकेको थिएन । त्यसैले रेम्ब्रान्टको कलाको विरोध गर्द थिए । कला क्षेत्र आफ्नो अनुकुल बनाउन चाहन्थे । उनीहरूलाई प्रभुत्वशाली समुहका रूपमा हेर्न सकिन्छ ।

### ३.६.२ जाति

*रेम्ब्रान्ट* उपन्यासमा रेम्ब्रान्ट, शस्किया र हेन्ड्रिकीजस्ता प्रमुख जातीय चरित्रहरू छन् भने डा.भ्यानलुन र गिर्टीजस्ता सहायक चरित्रहरू छन् । यी बाहेक हर्मेन, जकबम्यान, स्वेननवर्ग, पीटर लास्टम्मन, जान लिभेन्स, केप्टेन बेनिङगकोक, टाइटस लगायतका गौण प्रजातीय चरित्रहरू पनि उपन्यासका विभिन्न प्रसङ्गमा उपस्थित भएका छन् । यीमध्ये प्रमुख चरित्रहरूको जातीय विशेषतालाई यहाँ उल्लेख गरिएको छ ।

रेम्ब्रान्ट होल्याण्ड निवासी जाति हुन् । ईशवीय सत्रौँ शताब्दीमा कलाकार रेम्ब्रान्ट हलेण्डको पश्चिमी भागको लेइडन सहरमा पिता हर्मेन गेरिसजन भ्यारीनटीन र माता विल्टीन विलिम भ्याने स्वीडब्रुकबाट कान्छा छोराका रूपमा जन्मेका हुन् । स्कुलको शिक्षापछि विशेष अध्ययनका लागि रेम्ब्रान्ट एकेडेमी अफ लेइडनमा भर्ना भए तर रेम्ब्रान्ट बाल्यकालदेखि नै चित्रकलामा अभिरुचि राख्दथे । छोराको कलाप्रतिको अभिरुचिलाई ध्यानमा राखेर उनका बाबुले लेइडन निवासी जकब म्यान स्वेननवुर्गको चित्रशालामा तीन वर्षको अध्ययन गरे । यस प्रसङ्गबाट हरेक प्रजातिमा विशेष प्रतिभा हुन्छ भन्ने कुरा प्रमाणित भएको छ । रेम्ब्रान्टमा चित्रकलाको अनुराग थियो; जसका कारण उनलाई साधारण विद्यालयको शिक्षाले सन्तुष्टि दिन सकेन । प्रतिभा जन्मजात पैदा हुने कुरा हो; जसलाई बाह्य वातावरणले थप सहयोग गर्दछ भन्ने मान्यतालाई रेम्ब्रान्टको जीवनीले पुष्टि गरेको छ । रेम्ब्रान्टमा चित्रकला सम्बन्धी विशेष जन्मजात प्रतिभा थियो; त्यसलाई पूर्णता दिन उपयुक्त वातावरण आवश्यक थियो ।

शस्किया रेम्ब्रान्टकी धर्मपत्नी हो । ऊ सुन्दर चेहरा र आकर्षक व्यक्तित्व भएकी प्रजाति हो । उसको शारीरिक बनावटप्रति उपन्यासमा यसरी टिप्पणी गरिएको छ : “उस बेला शस्किया भर्खर एक्काइस पुगेकी थिइन् । तिनमा भरिलो जवानी थियो । तिनमा रूप, माधुर्य र आकर्षण सबै थिए । युनानी मूर्तिमा पाइने यिनका बान्की परेको नाक र ओठथिए” (बाङ्देल; २०६९ : २५) । ऊ अत्यन्त सरल र सोझी चरित्रकी छ । ऊ कोमल हृदय भएकी

पात्र हो; जसको मुटु प्रेमले भरिपूर्ण रहेको छ । रेम्ब्रान्टसँग परिचय भएपछि ऊ रेम्ब्रान्टसँग आकर्षित भएकी छ । रेम्ब्रान्टसँगको कुराकानीमा उसले भन्छे : “कसरी थाहा पाउँ र मैले ? मेरो माया अलिकति पनि नभएको निष्ठुरी मानिस तपाईं । मलाई त के रातभर तपाईं कै सम्झना भइरहन्छ । कहाँ भेट होला, कसरी भेट होला भनेर दिन गन्ती गर्दै पर्खिरहन्छु” ( बाङ्देल; २०६९ : २८) । यसरी शस्कियाले प्रेमका साथ रेम्ब्रान्टलाई रोजेकी छ ।

डाक्टर भ्यान लुन अम्सटरडामका एक प्रसिद्ध डाक्टर हुन् । उनी शस्किया बिरामी परेपछि आफ्नै घरमा बसिरहेका बेलामा गिर्टीले ढोका ढकढक्याएपछि गिर्टीको पछि लागेर रेम्ब्रान्टको घरमा पुग्छन् र यहीँबाट यिनी रेम्ब्रान्ट परिवारसँग गहिरोसँग जोडिन पुगेका छन् । यसपछि उनी रेम्ब्रान्टका पारिवारिक डाक्टरका रूपमा रहन्छन् । डा. भ्यानको मनमा प्रथम भेटबाट नै रेम्ब्रान्टप्रति श्रद्धा र सम्मानको भाव पैदा भएको देखिन्छ । आफ्नो डाक्टरी पेसाबाट सन्तुलित र सम्मानित जीवन बिताएका स्वाभिमानी र कर्मशील भ्यान उदार, सहयोगी तथा मानवतावादी भावनाले भरिएका शालीन व्यक्तित्वका रूपमा उपन्यासमा चित्रित छन् । रेम्ब्रान्टको घर लिलाम भएपछि उनको परिवारलाई आश्रय दिने, अनाथालयमा बसेका रेम्ब्रान्टलाई कला साधनामा अप्ठ्यारो परेको देखेर आफैले सुत्ने कोठा दिएर मानवताको उच्च नमुना प्रस्तुत गरेका छन् । उपन्यासको अन्त्यतिर आफ्नै पैसाले रेम्ब्रान्टलाई घर किनिदिएर उनले रेम्ब्रान्टको अमर कलाको यात्रामा पुलको काम गरेका छन् यसरी रेम्ब्रान्ट उपन्यासमा हलेण्डको समाजका विभिन्न ⁄ जातिहरूबाट पात्रहरू लिइएको पाइन्छ । यस उपन्यासमा हलेण्डका विश्व प्रसिद्ध कलाकार रेम्ब्रान्टको जीवनीलाई केन्द्रबिन्दु बनाई तिनको बाल्यकालदेखिको मृत्युपर्यन्तसम्मको जीवन सङ्घर्ष, तिनको स्वभाव र रुचि, तिनका चारित्रिक विशेषता, प्रतिभा, मनोरचना लगायतका विभिन्न प्रजातीय विशेषताहरूको चित्रण गरिएको छ ।रेम्ब्रान्टको चरित्र अत्यन्त सोझो र सरल प्रकृतिको छ । रेम्ब्रान्टकी प्रथम श्रीमती शस्किया परम सुन्दरी, लज्जालु, सहयोगी व्यक्तित्वकी छ । ऊ पतिव्रता र आर्दश छ । हेन्ड्रिकी टाइटसलाई पाल्नका लागि रेम्ब्रान्टकी दोस्री श्रीमतीका रूपमा सोर वर्षको उमेरमा रेम्ब्रान्टको घरमा भित्रिएकी पात्र हो । गिर्टी मानसिक विक्षिप्तताको सिकार भएकी प्रजाति हो । डा. भ्यानलुन अम्सटरडामका एक मानवतावादी भावना भएका डाक्टर हुन् । यी सबै प्रजातीय चरित्रहरू निम्न वर्गीय स्थितिका, कर्तव्यशील, मिहिनेती, मानवतावादी विशेषता बोकेका छन् । प्रायः सबै ग्रामीण पृष्ठभूमिका प्रजातिहरूको उपस्थिति रहेको छ ।

### ३.६.३ लिङ्ग

रेम्बान्ट उपन्यासमा प्रमुख पुरुष पात्र रेम्ब्रान्ट, डा.भ्यानलुन छन् भने नारी पात्रमा शस्किया, हेन्ड्रिकी, गिटी प्रमुख छन् । अन्य सायक पात्रमा हर्मेन, जकबम्यान, स्वेननवर्ग, पीटर लास्टम्मन, जान लिभेन्स, केप्टेन बेनिङगकोक, टाइटस लगायतका पात्रहरू उपन्यासका विभिन्न प्रसङ्गमा उपस्थित भएका छन् ।

शस्किया रेम्ब्रान्टकी धर्मपत्नी हो । उनी असल सहयोगि स्वभावकी थिइन । उनले रेम्ब्रान्टलाई कला सिर्जना गर्न सहयोग गरेकी थिइन । उनको पारिवारी प्रसिद्धको अवस्था र

सम्पनाताले रेम्ब्रान्टलाई कला क्षेत्रमा लाग्न सहयोग गरेको थियो । शस्किया क्षयरोगका कारण उनको मृत्यु भएको थियो ।

हेन्ड्रिकी शस्कियाको मृत्यु भएको चार वर्ष पछि रेम्ब्रान्टको घरमा टाइटसलाइ स्याहान धाई आमाका रूपमा प्रवेश गरेकी पात्र हो । ऊ यस उपन्यासकी सहायक चरित्र हो । रेम्ब्रान्टका घरमा जाँदा ऊ जम्मा सोह्र वर्षकी थिई । शस्कियाको मृत्यु, गिर्टीको पागलपन तथा अर्थ सङ्कटका कारण भग्न बनेको रेम्ब्रान्टको घरलाई पुन व्यवस्थित बनाउने कार्यमा हेन्ड्रिकीले महत्त्वपूर्ण र प्रशंसनीय भूमिका निर्वाह गरेकी छ । गिर्जाघरका अधिकारीहरूले रेम्ब्रान्ट र हेन्ड्रिकीको सम्बन्धलाई धर्म विरोधी ठहऱ्याउँदै उनीहरूलाई गिर्जाघर प्रवेशमा रोक लगाउँछन् । यस्तो कठिन घडीमा पनि उसले रेम्ब्रान्टसँग सँगै बाँच्ने सँगै मर्ने कसम खाँदै जीवनयात्रामा एक सहयात्री बनेर रेम्ब्रान्टको कलायात्रालाई सफलतातिर पुऱ्याउन मरिमेटेर लागेकी छ ।

डाक्टर भ्यान लुन अम्सटरडामका एक प्रसिद्ध डाक्टर हुन् । उनी रेम्ब्रान्टका सुखदुखका असल मित्र बनेका छन् र रेम्ब्रान्टका अप्ठ्याराहरूलाई हल गर्न हरेक समयमा सहयोग गरेका छन् । रेम्ब्रान्टको अमर कलाको यात्रा सफलताको शिखरमा पुगोस् भन्ने उनको भित्री चाहना थियो ।  जसका लागि उनले रेम्ब्रान्टलाई आवश्यकताअनुसार नैतिक, भौतिक र आर्थिक सहयोग गरेका छन् । तत्कालीन स्वार्थी र संवेदनाहीन बन्दै गइरहेको हलेण्डको समाजका लागि भ्यान एक प्रेरणादायी र उदाहरणीय व्यक्तित्वका रूपमा प्रस्तुत भएका छन् । गिर्टी रेम्ब्रान्टको घरमा काम गर्ने एक नोकर्नीका रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । उसले टाइटसलाई स्याहार सम्भार गर्ने र अन्य घरायसी काम गर्ने भूमिका पाएकी छ । उसको विवाह भए तापनि पछि पतिबाट अलग भएर बसेकी छ । शस्कियाको मृत्यु भएपछि घर व्यवहारको सम्पूर्ण बागडोर गिर्टीको जिम्मामा आउँछ तर उसको मानसिक अवस्थाका कारण उसले त्यो भूमिका निर्वाह गर्न सक्दिन । उसलेएकैछिनमा हाँस्ने, एकैछिनमा रुने जस्ता अस्वभाविक कियाकलापहरू प्रस्तुत गर्दछे ।

## ३.६.४ समानधर्मिता

*रेम्ब्रान्ट* उपन्यास रेम्ब्रान्टको जीवनीमा आधारित उपन्यास हो । सत्रौँ शताब्दीको पूर्वाद्धको समयमा केन्द्रित रहेको छ । कलाकार रेम्ब्रान्ट त्यसै समयमा जन्मिएकाले र यो उपन्यास तिनै कलाकारको जीवनीमा आधारित भएकाले यस उपन्यासको मूल समयकाल सत्रौँ शताब्दी हो (प्रधान, २०६४ : ३०६) । यसरी हेर्दा सन् १६०७ मा जन्मिएका रेम्ब्रान्टको सन् १६६९ अक्टोबरमा मृत्यु भएपछि उपन्यास पनि टुङ्गिएकाले यस उपन्यासको युग समय सन् १६०७ देखि सन् १६६९ ६२ वर्षको अवधिको घटनाक्रको प्रस्तुति छ । यस उपन्यासमा तत्कालीन युगका कला, संस्कृति, रीतिरिवाज, परम्परा, आर्थिक, सामाजिक लगायतका सन्दर्भहरूलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । तत्कालीन हलेण्ड कला र संस्कृतिका क्षेत्रमा निकै अगाडि बढेको थियो । त्यसमा पनि अम्सटरडाम नगर कलाको केन्द्र नै बनेको थियो । विभिन्न ठाउँबाट कलाको अध्ययन गर्न मान्छेहरू यस ठाउँमा आउने गरेको कुरा उपन्यासमा उल्लेख गरिएको छ । यस उपन्यासमा तत्कालीन समयमा हलेण्डमा रेम्ब्रान्टजस्ता अमर कला रचना गर्ने प्रतिभाशाली कलाकारहरूले राज्यबाट उचित सम्मान

र संरक्षण पाउन नसकेको तीतो यथार्थलाई मार्मिक ढङ्गमा प्रस्तुत गरिएको छ । हलेण्डले कलाको क्षेत्रमा फड्को मारेको भए तापनि सच्चा कलाको महत्त्व र उपयोगितालाई चिन्न नसकेको युगीन सन्दर्भलाई देखाइएको छ । हलेण्ड स्पेनबाट स्वतन्त्र भएपछि आर्थिक संवृद्धिको दिशामा अगाडि बढेको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

“देश स्वतन्त्र हुनेबित्तिकै सारा हलेण्डमा एउटा यस्तो लहर आइदियो कि जीवनको हरेक क्षेत्रमा नयाँ जोस देखियो ... सामाजिक सुधारबाहेक वाणिज्य-व्यापारमा पनि हलेण्डले खुब उन्नति गऱ्यो । सामुन्द्रिक शक्तिमा पनि उनीहरू अगाडि बढे” (बाङ्देल, २०२३ : २) ।

माथिको सन्दर्भमा स्पेनबाट स्वतन्त्र भएको हलेण्ड कला, संस्कृति, रीतिरिवाज, परम्परा, आर्थिक, सामाजिक लगायतका सन्दर्भहरूलाई महत्त्वका विकास उन्नती हासिल गरेको थियो । कलामा नयाँ चिन्तन र मान्यता अनुसार अगाडि बढाउनु पर्छ भन्ने मान्यता अगाडि बढेको थियो । यस मान्यताको अग्रसरता रेम्ब्रान्टले गरेका थिए । उनी कलासम्बन्धि परम्परागत मान्यता भन्दा फरक किसिमले हेर्नु पर्छ भन्ने मान्यता राख्दथे । कृतिमा रेम्ब्रान्ट मार्फत राखेको विचारमा उपन्यासकार लैनसिंह बाङ्गदेल सहमात थिए । तत्काली हलेण्ड बासी पनि परिवर्तनका पक्षमा थिए । केवल शासक सत्ताका केही व्यक्तिहरूले यसकुराको विरोध गरेका थिए । यसरी कृतिमा व्यक्त कलासम्बन्धी विचार र तत्कालीन हलेण्डबासीको विचारमा समानत रहेको हुँदा  उपन्यसको विचारप्रति समानधर्मित रहेको छ ।

## ३.७ निष्कर्ष

यसरी रेम्ब्रान्टउपन्यासमा सत्रौँ शताब्दीतिरको युरोपेली समाजका युग सन्दर्भहरूलाई चित्रण गरिएको छ । यसमा जीवनभर अमर कला सिर्जनामा समर्पित रेम्ब्रान्टजस्ता महान् कलाकारले उचित सम्मान पाउन नसकेको विषयलाई मार्मिक ढङ्गमा चित्रण गरिएको छ । कला भविष्य हेरी बाँच्दछ भन्ने धारणा राख्ने उनी निकै प्रतिभाशाली हुँदाहुँदै पनि आजीवन दुःख, पीडा र अभावको कहालीलाग्दो जीवन बाँच्नु परेको छ । यसको विपरित साधना नगर्ने, प्रतिभा नभएका तर तडकभडक र आडम्बर देखाउन सक्नेका चित्रहरूले राम्रो मूल्य पाएका तर रेम्ब्रान्टका चित्रहरू जति राम्रा भए पनि उचित मूल्य पाउन नसकेका सन्दर्भहरूमार्फत् तत्कालीन हलेण्ड राज्यको युगीन चरित्रलाई प्रस्तुत गरिएको छ । जतिसुकै राम्रो प्रतिभा भए पनि पैसा र शक्तिको अभावमा तिनका कला रद्दीको टोकरीमा फालिन्छन् भन्ने कुरा तत्कालीन युग सन्दर्भको महत्त्वपूर्ण विचार बनेको छ । यसमा अमर कलाको रचना गर्ने महान् कलाकारहरू कुनै न कुनै समयमा सम्मानित हुन्छन् भन्ने रेम्ब्रान्टमार्फत् उपन्यासमा विचार व्यक्त भएको छ । जुन त्यहाँका देशबासीले कलालाई दिएको महत्त्वसँग समानधर्मिता रहेको छ ।

## चौथो परिच्छेद
# सारांश र निष्कर्ष

### ४.१ सारांश

लैनसिंह बाङ्देलका *मुलुकबाहिर* (२००५), *माइतघर* (२००६), *लङ्गडाको साथी* (२००८) र *रेम्ब्रान्ट* (२०२३) गरी चारवटा उपन्यासहरूमा समाजशास्त्री दृष्टिाकोणबाट प्रस्तुत शोध तयार गरिएको छ । प्रस्तुत शोधलाई व्यवस्थित गर्नेका लागि शोधलाई चार परिच्छेदमा विभिजन गरिएको छ । आवश्यक अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा पनि विभिजान गरी शोध व्यवस्थित गरिएको छ ।

"लैनसिंह बाङ्गदेलका उपन्यासमा समाजशास्त्र" शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ । यस क्रममा विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन विधि, विश्लेषण विधि, सैद्धान्तिक ढाँचा साथै शोधप्रबन्धको रूपरेखा उल्लेख गरिएको छ । समस्याको पहिचान गर्ने क्रममा शीर्षकसँग सम्बन्धित पूर्वकार्यहरू अध्ययन गरेर गरिएको छ । सोही शोध समस्याको पहिचानको आधारमा उद्देश्यहरूको निर्धारण, सीमाङ्कन, विश्लेषणको ढाँचा तथा शोधकार्यको औचित्य स्थापित गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छदेमा लैङ्गिक बाङ्गदेलका उपन्यासमा अनुभूतिको संरचनाको स्वरूप विवेचना गरिएको छ । यस क्रममा दोस्रो परिच्छदेमा अनुभूतिको संरचनाको सैद्धान्तिक मान्यतालाई आधारमा बाङ्गदेलका उपन्यासहरूमा समाजशास्त्रीय दृष्टि कोणले विवेचना गरिएको छ । बाङ्देलका चारओटै उपन्यासहरूमा अनुभूतिको संरचनाको विवेचना गराइएको छ । *मुलुक बाहिर* उपन्यसमा निम्न र निम्न मध्यम वर्गका पात्रहरूको प्रयाग भएको छ । नेपालमा काम र मामको उचित व्यवस्था नहुँदा मुलुक बाहिर जनु पर्ने बाध्यत नेपालीहरूका पात्रमा केन्द्रीत रहेको छ । विदेशी भूमि उपन्यसका पात्रहरूले शारीरिक र मानसीक दुवै किसिमले अनुभूत गरेका अनुभवजन्य पक्ष उल्लेख गरिएको छ । त्यसैगरी *माइतघर* नेपाली परम्परागत सामाजिक संरचनामा रुढीबादी संस्कृतिबाट हरि सानी जस्ता पात्रहरूले भोगेको दबाव र तनावबाट अनुभव भगरेको अनुभूत गरेको पीडा अभिव्यक्त भएको छ हो । *लङ्गडाको साथी* उपन्यासमा शारीरिक अपाङ्गाताका कारण सिङ्गो राष्ट्रबाट नै उपेक्षित बन्न पुगेको पात्रको प्रतिनिधित्व लङ्गडाको माध्यमबाट दोस्रो दर्जाको अमानवीय व्यवहार र लङ्गडाले गरेको अनुभूति जन्य पक्षको उल्लेख गरिएको छ । *रेम्ब्राट* उपन्यासमा रेम्ब्राटको जीवनका विविध पक्षहरूका चर्चा गर्ने सन्दर्भमा उनले तत्कालीन समाजका केही वर्ग र शासक वर्गबाट दिइको दबाव र तनावबाट उत्पन्न मानसीक अनुभूति अभिव्यक्त भएको छ ।

तेस्रो परिच्छेदमा लैनसिंह बाङ्गदेलका उपन्यासमा विश्वदृष्टि खोजीको छ । विश्वदृष्टिका सन्दर्भमा वर्ग, जाति, लिङ्ग र समानधर्मिताका आधारमा चारओटै उपन्यासमा विश्वदृष्टि खोजिएको छ ।

त्यसैगरी यस शोधप्रबन्धको चौथो परिच्छेदमा शोधमा उल्लेख गरिएका सम्पूर्ण परिच्छेदहरूको सारांश तथा निष्कर्ष उल्लेख गरिएको छ ।

## ४.२ निष्कर्ष

"लैनसिंह बाङ्गदेलका उपन्यासमा समाजशास्त्र" शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोध समस्यामा उल्लेख गरिएका दुई ओटा शोध प्रश्नहरूको विश्लेषण लागि दोस्रो, तेस्रो र चार ओटा परिच्छेदमा गरिएको छ । तिनै प्रश्नमा आधारितभई *मुलुक बाहिर, माइतघर, लङ्गडाको साथी र रेम्ब्रान्ट* उपन्यासको विश्लेषण गरी प्राप्त उत्तरहरूलाई तल निष्कर्ष स्वरूप प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा दोस्रो परिच्छदमा अनुभूतिको संरचनाका आधारमा लैनसिंह बाङ्गदेलका उपन्यासहरूको विवेचना गरिएको छ । काम र मामको खोजीमा विदेशीमा भूमिका जाने नेपालीहरूको जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक जस्ता विविध पक्षहरूको चर्चा गरेको छ । नेपालमा २००७ साल अगाडि एकतन्त्रीय राणा शासन भएको र देशमा कुनै आर्थिक क्रियाकला नभएकाले देशमा रोजगारी नभएको, आफ्नो खेतबारीको अन्नले बर्ष दिन खान नपुगेका कारण विदेश जानु पर्ने वाध्यता थियो । विदेशी भूमिमा पनि नेपाली सामाजिक बनोटका कारण पितृसतात्मक सामाजिक बनोटका कारण नारी पात्रहरूले थिचो र मिचोमा पर्नु पर्ने बाध्यता प्रस्तुत भएको छ ।

*मुलुकबाहिर* उपन्यासमा रनेको दबाब र तनाबका कारण म्याउची अनेकौं पीडा खप्नु परेको छ । रनेले नै उनलाई खोलामा खसाले र मारेको छ । आर्थिक विपन्नताले रने म्याउचीकालागि प्रभुत्वशाली वर्ग भएपनि सामाजिक, आर्थिक, संस्कृतिक कारण ऊ अधिनस्त वर्गमा पर्दछ । उपन्यासका सबै पात्रहरू कुनै न कुनै दबाब र तनबमा रहेका छन् । तत्काली शासक वर्ग र समाजका केही प्रभुत्व वर्ग बाहेक अरू सबै अधीनस्त वर्गमा पर्दछन् ।

बाङ्गदेलको *माइतघर* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजको प्रस्तुत चित्रण गरिएको तथ्य भेटिएको छ । हरि र हरिको बुबा नारीप्रति गरेका व्यवहारका आधारमा प्रभुत्वशाली वर्गमा पर्दछन् । आर्थिक सामाजिक कारणले उनीहरू पनि अधिनस्त वर्ग अन्तर्गत पर्दछन । सामाजिक संरचनाका कारण हरिले सानीलाई विवाह गर्ने सकेको छैन । भने घरमा श्रीमानले दुःख दिदा माइती सम्झेर हरिका घरमा आश्रय लिन आएकी सानीलाई आश्रय दिन हरिले सकेको छैन । सानीलाई श्रीमानले सौता हालेपछि अनेकौ दबाव र तनावमा बाच्नु परेको छ । सानीले पुरुषप्रधान समाजको बनोटका कारण अनेकौं दुःख भोग्न बाध्य हुन परेको छ ।

*लङ्गडाको साथी* उपन्यामसा लङगडालाई समाजले गरेको व्यवहार मनवीय भन्दा तुक्ष्य रहेको छ । लङ्गडालाई बरु कुकुरले साथ छोडेको छैन । मानिसले साथ नदिएको व्यङ्ग प्रस्तुत गरिएको छ । अरू नेपाली जस्तै लङ्गडो काम र मामको खोजीमा भारत गएको थियो । ऊ पहिले अपाङ्ग थिएन । कसैको घरमा काम गर्ने क्रममा रूखबाट लडेर

ऊ लङ्गडो भएको हो । ऊ लङ्गडो भएपछि साहूले नहेरेको र आफ्नो जीवन धान्नका लागि माग्ने गरेका कारुणी अवस्था चित्रण गरिएको छ । ऊ कति दिन भोक भोकै पर्नु पर्ने शिक्षित, साहू जस्ता सभ्यमानवबाट पनि अनेकौ दबाब र तनाब खेनु परेको छ । ऊ आफूलाई अभागि सम्झन्छ । कसैको प्रतिकार गर्दैन ऊ अधीनस्त वर्गमा पर्दछ । तत्कालीन समयका शासक, समाजका धनी वर्ग प्रभुत्व वर्गमा पर्दछन् ।

*रेम्ब्रान्ट* जीवनीपरक उपन्यास हो । हलेण्ड देश स्पेनबाट भरभरै स्वतन्त्र भएको थियो । स्तन्त्रतको लहरसंगै विभिन्न क्षेत्रमा नयाँ मान्यता स्थापना भएपनि कला क्षेत्रमा पुरानै मान्यता र धारणा थियो । रेम्ब्रान्ट कलासम्बन्धी पुरानो परम्परागत मान्यताको विरोध गर्द थिए । उनी कला अमर हुनुपर्छ । भविष्यका लागि हुनुपर्छ भन्ने उनको मान्यता थियो । उनका कला मान्यताको विराधमा समाजका केही धनी व्यक्ति र तत्कालीन शासक वर्ग थियो । ती प्रभुत्वशाली वर्गका कारण रेम्ब्रान्टले अनेकौ दबाब र तनाब सहन परेको विषय उपन्यासमा उठाइएको छ ।

परिच्छेद तेस्रोमा लैनसिंह बाङ्गदेलका उपन्यसमा विश्वदृष्टिका स्वरूपको चर्चा गरिएको छ । *मुलुकबाहिर* उपन्यसमा काम र मामको खोजीमा विदेश जानुपर्छ भन्ने मान्यता तत्कालीन समयमा र अहिलेको समयमा पनि रहेको मान्यता हो । कृतिमा सबै पात्रहरू देश छोडेर विदेशी भूमिमा काम गर्न जाने नेपालीहरू रहेकाले उपन्यसमा व्यक्त विचार र तत्काली समयको विचारमा समानधर्मिता रहेकोछ । विदेशी भूमिमा पनि दलबहादुरले माइला भुजेलालाई सहयोग गरेबाट नेपालीहरू सहयोगी र मिलनसार हुन्छन् भने विचार र उपन्यसमा दलबहादुरले गरेको व्यवहारमा समानधर्मिता रहेकोछ । नेपालमा मात्र होइन नेपाल देश छोडेर गएपनि नेपाली धर्म, संस्कृति, परम्परा मनाउनु पर्छ भने नेपालीमा रहेको हुन्छ । उत्त कुरा पात्रका माध्यमबाट उपन्यसमा प्रस्तुत भएकाले समानधर्मिता रहेको छ ।

उपन्यासमा प्रभुत्वशाली वर्ग भन्दा पनि अधीनस्त वर्गका पात्रहरूका बाहुल्यता रहेको छ । उपन्यसका नायक पात्र रने र माइला भुजेल श्रीमतीका लागि प्रभुत्वशाली वर्ग भएपनि आर्थिक, समाजिक कारणले ऊ अधिनस्त वर्गमा पर्दछ । उपन्यासमा प्रयोग भएका नारी पात्र म्याउची, मसिनी लगाएत सबै पात्रहरू अधीनस्त वर्गमा पर्दछन् ।

उपन्यासमा लिङ्गका आधारमा पुरुष पात्र रने, माइला भुजेल, दलबहादुर, सेर्पा बूढा, कान्छा राई आदि छन् । नारी पात्रका रूपमा म्याउची, मसिनी, रूपा ,लगाएतका छन् । उनीहरू हिन्दु समाजिक संस्कार अनुसार सामाजिक कार्य गरेका छन् ।

*माइतघर* उपन्यासमा पितृसतात्मक समाजिक बनोटका अनुसार पत्रहरू प्रस्तुत भएका छन् । हिन्दु परम्परा अनुसार दशैं, तिहार मनाउने कुरा उपन्यसमा प्रस्तुत गरिएको छ । जुन समाजको मान्यता र उसन्यासमा प्रस्तुत विचारमा समानधर्मिता छ । उपन्यासमा काम र मामको खोजीमा विदेश जानुपर्छ भन्ने मान्यता देखाइएको छ जुन सामाजिक विचारसँग मिल्ने भएकाल समानधर्मित छ । उपन्यास पुरुषलाई उच्च स्थान दिएको छ । अहिले पनि नेपाली समाजमा पुरुषको उच्च स्थान रहेको हुदा समानधर्मित रहेको छ ।

उपन्यासमा प्रयोग भएका सबै पात्रहरू निम्न र निम्न मध्यम आर्थिक अवस्था भएका छन् । खान लाउनकै लागि आफ्नो देश छोडेर विदेशमा काम गर्ने पात्रहरूको उपन्यासमा प्रयोग भएको छ ।

उपन्यासमा लिङ्गका आधारमा पुरुष पात्र हरि, हरिको बुबा, सानीका श्रीमान लगाएतका छन् । नरी पात्रका रूपमा सानी, सानी आमा रत्ना, सुबेदार्नी लगाएतक छन् । पितृसत्ताको विरोध गर्ने नसक्ने स्वपीडी पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएका छन् ।

*लङ्गडाको साथी* उपन्यासमा नेपालमा काम र मामको खोजीमा विदेश जानुपर्छ भन्ने सामाजिक मान्यताका आधारमा लङ्गडाको साथी उपन्यासमा लङ्गडो अपाङ्ग हुनुभन्दा अगाडि विदेश गएको थियो । सामाजिक मान्यता र उपन्यासमा प्रस्तुत विचारमा समानधर्मिता रहेको छ । साहूले गरिबप्रति गर्ने सामाजिक व्यवहार र उपन्यासमा लङ्गडा प्रति गरिएको व्यवहारमा समानधर्मिता रहेकोछ ।

उपन्यासमा कम पात्र प्रयोग गरिएको छ । पुरुष पात्र लङ्गडो, स्कुलका केटाकेटी, प्रहरी, साहू लगाएतका छन् । नारी पात्रको सूक्ष्य रूपमा मात्र प्रस्तुत गरिएको छ ।

वर्गका आधारमा लङ्गडा लगाएत अन्य माग्न बस्ने माग्ने पात्र गरिब अधीनस्त वर्गका रूपमा रहेका छन् । धनी प्रभुत्वशाली वर्गमा साहू, स्कुलका केटाकेटी, नगरबासीहरू रहेका छन् ।

उपन्यासमा पुरुष पात्र रेम्ब्रान्ट, डा. भ्यानलुन, हर्मेन लगाएत छन् भने नारी पात्र शस्किया, हेन्डिकी,  गिर्टी लगाएतका छन् । उपन्यासका सबै पात्रहरूको भूमिका सकारात्क जीवन दृष्टि रहेको छ । समाजका केही खराब धनी प्रभुत्वशाली वर्ग बाहेक सबै उपन्यासका पात्रहरू आ-आफ्नो काम गरेर खाने श्रमजीवी पात्रहरू रहेका छन् ।

*रेम्ब्रान्ट* उपन्यासमा कला भविष्यका लागि हुनुपर्छ । कला अमर पक्षलाई उपन्यासमा रेम्ब्रान्ट मार्फत व्यक्त भएको छ । जुन तत्काली सामाजिक मान्यतामा समानधर्मिता रहेको छ ।